"शुद्ध बुद्ध ऋषि मन, समृद्ध नगर सुखी नगरबासी हाम्रो अभियान"

# लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# प्रथम आवधिक योजना

(आर्थिक वर्ष २०७९।८०-२०८३।८४)

प्रस्तुतकर्ता

**इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.**

पुतलीसडक, काठमाडौं

# विषयसूची


**परिच्छेद १ - भूमिका** **1**

१.१ पृष्ठभूमि 1

१.२ आवधिक योजनाको उद्देश्य 2

१.३ आवधिक योजना निर्माणका आधारहरू 2

१.४ योजना तर्जुमाका सीमाहरू 14

१.५ योजना तर्जुमा विधि र प्रक्रिया 14

**परिच्छेद २ - नगरपालिकाको समष्टिगत परिचय** **16**

२.१ नगरपालिकाको संक्षिप्त परिचय 16

२.२ स्थानिक विश्लेषण (Spatial Analysis) 17

२.३ जनसांख्यिक विश्लेषण 31

२.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण 33

**परिच्छेद ३: समष्टिगत दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति** **37**

३.१ नगरपालिका समृद्धिका मुख्य संवाहकहरु (Lead Sectors) 38

३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरु 39

**परिच्छेद ४- आर्थिक क्षेत्र** **43**

४.१ भूमि व्यवस्थापन (भू-उपयोग) 43

४.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी 46

४.३ सहकारी 63

४.४ पर्यटन 67

४.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति 76

४.६ बैङ्क तथा वित्तीय क्षेत्र 84

४.७ गरीबी निवारण 88

**परिच्छेद ५: सामाजिक क्षेत्र** **97**

५.१ शिक्षा विज्ञान तथा प्रविधि 97

५.२ स्वास्थ्य 109

५.३ संस्कृति, भाषा, कला तथा साहित्य 116

५.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण 122

५.५ बालबालिका 134

५.६ युवा, मानव संसाधन श्रम तथा रोजगार 138

५.७ खेलकुद तथा मनोरञ्जन 142

५.८ सामाजिक सुरक्षा 147

५.९ शान्ति सुरक्षा 150

| | | |
|---|---|---|
| ५.१० | शवदाहस्थल तथा चिहान व्यवस्थापन | 154 |
| **परिच्छेद ६ : पूर्वाधार विकास** | | **168** |
| ६.१ | खानेपानी तथा सरसफाई | 168 |
| ६.२ | सिंचाई | 174 |
| ६.३ | ऊर्जा | 178 |
| ६.४ | सडक तथा यातायात | 182 |
| ६.५ | आवास, भवन तथा वस्ती विकास | 188 |
| ६.६ | सूचना तथा सञ्चार | 193 |
| **परिच्छेद ७: वातावरण तथा विपद व्यवस्थापन** | | **199** |
| ७.१ | वन तथा भू-संरक्षण | 199 |
| ७.२ | जलाधार व्यवस्थापन | 204 |
| ७.३ | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन | 207 |
| ७.४ | वातावरण संरक्षण | 212 |
| **परिच्छेद ८: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन** | | **217** |
| ८.१ | सुशासन तथा सेवा प्रवाह | 217 |
| ८.२ | मानव अधिकार तथा सामाजिक न्याय | 223 |
| ८.३ | तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन | 226 |
| **परिच्छेद ९: कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन** | | **232** |
| ९.१ | योजना प्राथमिकिकरण तथा कार्यान्वयन | 232 |
| ९.२ | अनुगमन तथा मूल्याङ्कन | 234 |
| **अनुसूचिहरु** | | **238** |
| अनुसूचि १- विश्वका केही विकास मोडलहरुको तुलनात्मक अध्ययन | | 238 |
| अनुसूचि २- नमूना नगरपालिका प्रस्तावित मानकहरु | | 253 |
| अनुसूची ३- लुम्बिनि साँस्कृतिक नगरपालिका वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरुको विवरण | | 257 |

# परिच्छेद १ - भूमिका

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा लामो समयसम्म निरङ्कुश शासनको रूपमा रहेको राणा शासनको अन्त भएर वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएको बिन्दुदेखि वि. सं. २०७२ सालमा संविधान सभाद्वारा जारी गरिएको जनता निर्मित नेपालको संविधानको घोषणासम्म आइपुग्दा नेपालले प्रजातन्त्रको स्थापना पश्चात् समेत ६५ वर्ष लामो राजनैतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको यथार्थ हाम्रो सामु छ। समग्र विकासको दृष्टिकोणबाट हेर्दा बितेका करिब ६५ वर्ष राजनैतिक अधिकार प्राप्तिका संघर्षमा मात्र केन्द्रित भएका छन्। हामी भन्दा पछि स्वतन्त्र भई आर्थिक विकासतर्फ पाइला चालेका पूर्वी तथा मध्य एसियाका धेरै मुलुकहरू विकासमा हामीभन्दा कैयौँ गुणा अगाडि लम्किसकेका छन्। कुनै समयमा नेपालले आर्थिक, भौतिक तथा सैन्य सहयोग गर्ने हाम्रा छिमेकी राष्ट्रहरू भारत र चीनले समेत विकासको नयाँ उचाई हासिल गरेका छन् तर नेपाल भने अविकासको एउटा दुश्चक्रमा फँसेको जस्तो प्रतित हुन्छ। नेपालको यस्तो अवस्था रहनुका विभिन्न कारणहरू हुन सक्दछन्। ती कारणहरूमध्ये प्रमुख कारणहरू हाम्रा विकास प्रयासहरू अवैज्ञानिक, आत्मगत, एकाङ्गी, अव्यवहारिक हुनु र पर्याप्त खोज तथा अनुसन्धानबिनै विकास योजना अगाडि बढाउनु समेत हो।

जनताको संविधान जारी भैसके पश्चात्को निर्वाचनबाट नयाँ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भएका कारण नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ। तीन तहका सरकारले जनतालाई सेवा तथा सुविधा प्रदान गरिरहेको यस ऐतिहासिक कालखण्डमा सम्पूर्ण राष्ट्र नै समग्र विकास र आर्थिक समृद्धिको मूलमन्त्र लिएर अगाडि बढी रहँदा वर्षौंदेखि व्याप्त अविकास, गरीबी, रोगव्याध, पछौटेपन, अशिक्षा, असुविधा र अन्यायको दुश्चक्रमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ परिवर्तन र राज्य व्यवस्थाले आशाको सञ्चार गराएको छ।

मूलतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ। ऐनको परिच्छेद -३ दफा ११ को उपदफा २ (छ) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस नगरपालिकाको समग्र नगरपालिका विकासको आवधिक योजना तयार पारिएको छ।

कुनै पनि स्थानको समग्र विकासको ढोका खोल्ने महत्वपूर्ण भूमिका भौतिक तथा आर्थिक विकासले खेल्ने भएकोले विकास योजना निर्माण गर्दा भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्नु एकदमै महत्वपूर्ण हुन्छ। यो योजनाले नगरपालिकाको वस्तुगत भौतिक अवस्थाको यकिन तथ्याङ्क सहितको आधार नक्सा तथा अन्य विषयगत तथ्यहरूको विवरण तयार पारी सोको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ। एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन। तसर्थ निर्दिष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दिष्ट उपलब्धीहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन्। तसर्थ यस नगरपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गरी निर्दिष्ट समय सीमाभित्र, निर्दिष्ट उद्देश्य हासिल गर्न यस प्रकारको आवधिक योजनाको आवश्यकता परेको हो।

## १.२ आवधिक योजनाको उद्देश्य

यस योजनाको मूल उद्देश्य नगरपालिकाका आवधिक योजना निर्माण गर्नु हुने छ, जस अन्तर्गतः

- लुम्बिनी साँस्कृतिक नगरपालीकाको पाँच वर्षे आवधिक योजना तयार गर्ने,
- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार पार्ने,
- सो कार्यका लागि नगरपालिकाको स्पष्ट आधार नक्सा तयार पार्ने,
- भौतिक पूर्वाधार विकास योजना तयार पार्ने,
- सामाजिक-साँस्कृतिक विकास योजना तयार पार्ने,
- आर्थिक विकास योजना तयार पार्ने,
- वातावरण तथा विपद् व्यवस्थापन योजना तयार पार्ने,
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने,
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने।

## १.३ आवधिक योजना निर्माणका आधारहरू

कुनै पनि आवधिक योजना निर्माण गर्नका लागि आधारहरू आवश्यक पर्दछन्। मुख्यतया कुनै पनि स्थान विशेषको योजना निर्माण गर्दा वैधानिक र नीतिगत आधारहरू स्पष्ट हुनु आवश्यक भएकोले यो नगरपालिका नेपालको सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरू रहेकोमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत तहको स्थानीय निकाय हो। नेपालको संविधानले स्थानीय तहहरूलाई एक प्रकारको पूर्ण स्थानीय सरकारको रूपमा स्थापित गरेकोले स्थानीय स्तरका विकास योजनाहरू तर्जुमा गर्ने र ती योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई नै प्राप्त भएको छ। मुलतः यसै वैधानिक आधारको पृष्ठभूमिमा रहेका थप निम्न आधारहरूमा रहेर यो आवधिक योजना तयार पारिएको छ।

## १.	विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू

### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(छ) बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्थाबमोजिम यो आवधिक योजना निर्माण गरिएको छ। साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप आवधिक योजनालाई अन्तिम रूप दिइएको छ।

### (ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

नेपालको संविधानको धारा ५९ बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व स्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ।

### (ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय स्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक स्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा स्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस आवधिक योजना निर्माणमा एक आधारको रूपमा लिएको छ।

## २.	विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ। यी मध्ये पनि स्थानीय तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ।

| | |
|---|---|
| राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति | विकाससम्बन्धी नीति |
| सामाजिक र साँस्कृतिक रूपान्तरणसम्बन्धी नीति | सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति |
| अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति | नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति |
| कृषि र भूमि सुधारसम्बन्धी नीति | श्रम र रोजगारसम्बन्धी नीति |
| प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति | |
| राष्ट्रिय भू-उपयोग नीति, २०६८ | पर्यटन नीति, २०६५ |
| वन नीति, २०७१/तथा वातारण संरक्षण, | राष्ट्रिय युवा नीति,२०७२/ राष्ट्रिय खेलकुद नीति,२०६७ |

| | |
|---|---|
| राष्ट्रिय कृषि नीति,२०६१ | लैङ्गिक समानता तथा सामाजिक समोवेशीकरण नीति, २०६३ |
| औद्योगिक नीति, २०६७ | सिंचाई नीति, २०७० |
| जलाधार नीति | राष्ट्रिय शिक्षा नीति |
| जलवायु परिवर्तन नीति, २०६७ | जैविक विविधता संरक्षण नीति,२०६३ |
| राष्ट्रिय सहकारी नीति, २०६९ | स्वास्थ्य नीति, २०४८ |
| वाणिज्य नीति, २०६५ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |
| श्रम तथा राष्ट्रिय रोजगार नीति,२०७१ | सूचना प्रविधि नीति, २०६७ |
| आपूर्ति नीति, २०६९ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ |
| जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | विकास सहायता परिचालन नीति |
| सार्वजनिक-निजी साझेदारी नीति, २०७२ | बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,२०७३ | राष्ट्रिय रोजगार नीति, २०७१ |
| नवीकरणीय उर्जा अनुदान नीति, २०६९/राष्ट्रिय यातायात नीति, २०५८ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम नीति | राष्ट्रिय बीउ विजन नीति,२०५६ |
| कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ | संस्कृति नीति, २०६८ |
| राष्ट्रिय शहरी नीति, २०६४ | जलविद्युत विकास नीति, २०५८ |

लगायत प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

## ३. सङ्घीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

### (क) दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि सं. २०८७ सम्मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको उल्लेख छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई “समृद्ध नेपाल सुखी नेपाली” तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धीमा “समुन्नत, स्वाधीन र समाजवाद

उन्मख अर्थतन्त्रसहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

### दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

### रूपान्तरणका प्रमुख संवाहक

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिने छ । आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिने छन् ।

१. गुणस्तरीय एकीकृत यातायात, प्रणाली सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,
२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,
४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,
७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

### सहयोगी क्षेत्र

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,
२. जनसांख्यिक लाभ र नागरिक सचेतना,
३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,
४. सामाजिक-साँस्कृतिक विविधता तथा मौलिक पहिचान,
५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,
६. स्वच्छ र नवीकरणीय ऊर्जा,
७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र

८. सङ्घीय शासन प्रणाली र वित्तीय सङ्घीयता ।

### दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने छ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ । वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने छ । वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुने छ ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको ।

२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको ।

३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको ।

४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने ।

५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको ।

७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने ।

८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने ।

९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने ।

१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने ।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४ | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Plamaratio) | अनुपात | १.३ | १.१ |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३,५०० |
| १६. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति | जना | ३९ | ८ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| | हजार जीवित जन्ममा) | | | |
| २४. | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |
| २५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |
| २९. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोतः १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६; २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८; ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; ४. राष्ट्रिय जनगणना, २०६८; ५. मानव विकास प्रतिवेदन २०१८

नोटः (i) दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ ।

(ii) शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ ।

(iii) आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिने छन् ।

### (ख) पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१)

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो ।

### (ग) लुम्बिनी प्रदेशको आवधिक योजना (२०७६/७७- २०८०/८१)

**प्रादेशिक दीर्घकालीन सोच**

"समृद्ध प्रदेशः खुशी जनता"

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता ।

**प्रादेशिक लक्ष्य**

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

**प्रादेशिक योजनाको औचित्य**

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन गरिबी निवारण गर्नु ।

**परिमाणात्मक लक्ष्य**

यस योजनामा ५ वर्षभित्र देहायबमोजिम उपलब्धि हासिल गर्नेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ जुन तलको तालिकामा देखाएको छ ।

**लुम्बिनी प्रदेशको आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू** (आ.व. २०८०/८१ सम्म)

| राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४ | ९.५ (५ वर्षको औसत) |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | ६.० (५ वर्षको औसत) |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १६०० |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.० |
| जन्मदाको अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ |
| बाल मृत्युदर (प्रति हजारमा) | ४५ | २५ |
| माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७ | ९३ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० |
| विद्युत सेवा पुगेका जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० |
| सडकको लम्बाइ (कि.मि.)८ | ११२३३ | १२५०० |

| | | |
|---|---|---|
| पक्की सडकको अंश प्रतिशत | १७ (१,९३८ कि.मि.) | २८ (३५००० कि.मि.) |
| इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ |

८ यस तथ्याङ्कमा स-साना शहरी तथा स्थानीय तहभित्रका सडकको तथ्याङ्क समावेश छैन ।

**अन्य केही लक्ष्यहरू**

१. प्रदेश भित्रै प्रादेशिक विश्वविद्यालय स्थापना हुनुका साथै प्राविधिक उच्च शिक्षाको सहज उपलब्धता भएको हुने ।

२. सबै नागरिकको स्वास्थ्य सेवा तथा बिमामा पहुँच भएको हुने । प्रदेशभित्र सबै किसिमको विशेषज्ञ सेवासहित स्तरीय सेवा उपलब्ध भएको हुने ।

३. नगर क्षेत्रहरूमा फोहोर संकलन तथा प्रशोधन केन्द्र स्थापना भएको हुने ।

४. सबै नागरिकलाई आधारभूत आवासको उपलब्धता भएको हुने ।

५. प्रदेशका रणनीतिक सडक र गाउँ तथा नागरपालिकाका केन्द्रमा पुग्ने सडक कालोपत्रे भएको हुने ।

६. सबै गाउँ तथा नगरपालिकामा खेल मैदान र बहुउद्देश्यीय भवन स्थापना भएको हुने ।

७. मुख्य शहरहरूमा आधुनिक यातायात प्रणाली (विद्युतीय बस सञ्चालन तथा रेल्वे निर्माण) शुरु भएको हुने ।

८.खाद्यान्न, माछामासु, दूध, फलफूल र तरकारी उत्पादनमा आत्मनिर्भर भई पूर्ण खाद्य सुरक्षा कायम गरी निर्यात गर्नसक्ने स्थिति बन्ने ।

९. बुटवल-भैरहवा-लुम्बिनी, घोराही-तुलसीपुर र कोहलपुर-नेपालगञ्ज गरी तीन शहरी कोरिडरमा व्यवस्थित शहरीकरण विकास भएको हुने ।

१०. कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान करिब २० प्रतिशत पुगेको हुने छ ।

११. मुख्य पर्यटन केन्द्रको रूपमा विकास भई वार्षिक न्यूनतम १५ लाख बाह्य पर्यटक आगमन भएको हुने ।

**योजनाको रणनीति**

योजनाको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न देहायका रणनीति अवलम्बन गरिने छ ।

**१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने ।**

कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलब्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर कायम गरिने छ । (दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२)

**२. आवश्यक भौतिक पूर्वधार निर्माण तथा विस्तार गर्ने ।**

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाई, खानेपानी, उर्जा र आवासजस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरिने छ। भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसँग आवद्ध गरिने छ। (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)

**३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।**

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधारका साथै प्राविधिक शिक्षामा सहज पहुँच बढाई जीवनोपयोगी, उद्यमशील र व्यावसायिक सिप विकास गरी मानव पूँजी निर्माण गरिने छ। (दिगो विकासका लक्ष्य ३, ४)

**४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।**

सामाजिक समावेशितामा जोड दिँदै भाषा कला धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्नुका साथै लैङ्गिक समता तथा महिला सशक्तीकरणमा जोड दिइने छ। (दिगो विकासका लक्ष्य १३, १५)

**५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने।**

वातावरण संक्षण गर्दै उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायु परिवर्तन अनुकूलित र सम्भावित विपद्प्रति सचेत रही सञ्चालन गरिने छ। (दिगो विकासका लक्ष्य १६, १७)

**६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने।**

विधिको शासन, सदाचार, पारदर्शिता तथा जबाफदेहिताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा-अनुकूल सुशासन प्रणाली प्रत्याभूत गरिने छ। (दिगो विकासका लक्ष्य १६, १७)

**केही मूल नीतिहरू**

१. भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढीमा दशवटा प्रादेशिक गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने। निर्माणाधीन र विभिन्न कारणबाट अधकल्चो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाई शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने।

२. सन्तुलित विकास गर्ने ध्येयअनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनोट गर्ने।

३. भू-उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको उपयुक्त उपयोग गर्ने।

४. युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रममार्फत क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आय आर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने।

५. प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ नयाँ सम्भावना, स्रोत र समस्याहरूको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव-प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने।

६. उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वास्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने ।

८. सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार सम्बर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने ।

९. प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने ।

१०. निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने ।

११. भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससँग तादाम्यता मिलाउँदै जनप्रतिनिधिहरूको संलग्नतासहित जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने ।

१२. यस आवधिक योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानीय तहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने ।

## ४. दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ। संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ। नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन्। तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ। कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन। यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस नगरपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ।

### दिगो विकासका लक्ष्यहरू

1. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
2. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
3. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।
4. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।
5. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

6. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
7. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
8. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
9. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
10. मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।
11. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।
12. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
13. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।
14. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।
15. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।
16. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।
17. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## ५. राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस नगरपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

## ६. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

## ७. स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यो आवधिक योजना निर्माणको दौरान यस नगरपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

## ८. नगरपालिकाको विद्यमान वस्तुगत अवस्था

नगरपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र संभावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा नगरपालका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा नगरपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो ।

## १.४ योजना तर्जुमाका सीमाहरू

सङ्घीय शासन प्रणालीअन्तर्गत स्थापना भएको स्थानीय सरकारको रूपमा रहेको यो नगरपालिका देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र सङ्घीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थः

- दिगो विकासलगायत नगरपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुनः निर्धारण गर्न सक्ने ।
- नगरपालिकाद्वारा गर्नु पर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको स्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५" र शहरी विकास विभागद्वारा प्रकाशित Planning Norms and Standards 2015 लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अबलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तयार गरिएको छ ।

### १. योजना तर्जुमा तयारी प्रारम्भिक छलफल

नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र आवधिक योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

### २. स्थानीयस्तरमा नगरपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना संकलन

यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य संभावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडाभेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

### ३. नगरपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू-सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू-संकेत र सूचना संकलन गरियो ।

### ४. वडाभेलामार्फत् प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको SWOT विलेषण गरी नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

### ५. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

### ६. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल

सम्पूर्ण सरोकारवाला तथा नगर कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरेपश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरी वितरण गरियो ।

### ७. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन

मस्यौदा उपर छलफल तथा सुझाव संकलनपश्चात् योजनालाई विषयक्षेत्रगत हिसाबले एकीकृत गरी अन्तिम रूप दिएर नगरसभा मार्फत् प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय नगर कार्यपालिकाले गऱ्यो ।

# परिच्छेद २ – नगरपालिकाको समष्टिगत परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशअर्न्तरगत रुपन्देही जिल्लामा पर्ने एक ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्व रहेको नगरपालिका हो जुन रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखी पश्चिम तर्फ १८ कि.मी को दुरीमा अवस्थित छ। नगरपालिकाको पूर्वमा कोटहीमाई मायादेवी गाउँपालिका, पश्चिममा कपिलबस्तु जिल्ला, उत्तरमा गैडहवा गाँउपालिका र दक्षिणमा समरीमाइ गाउँपालिका र भारतपर्दछन् ।नेपाल सरकारको २०७३ साल फागुन २२ गतेको निर्णय अनुसार साविकका लुम्बिनी साँस्कृतिक नगरपालिका २१ वटा वडाहरुलाई समावेश गरि १३ वटा वडा कायम गरि गठन भएको हो। भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशको र नेपालको मात्र नभएर विश्वकै एक अनुपम धार्मिक तथा पर्यटकीय गन्तबय हो । सन् १९९७ देखि लुम्बिनी लाई यूनेस्कोले विश्व सम्पदामा सुचिकृत गरेपश्चात् बुद्धको जन्मस्थलको कारण यो क्षेत्रको महत्व थप प्रमाणित भएको थियो । सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो ।समुद्र सतहबाट ९६ देखि १०० मिटर उचाईमा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल १२१.२१ वर्ग कि.मिफैलिएकोछ। केंद्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको २०७८ को प्रारम्भीक प्रतिवेदनको नतिजा अनुसार यहाको कुल जनसंख्या ८८०९० मध्ये ४३७०६ पुरुष र ४४३८४ महिला रहेका छन भने नगरपालिकाकोपरिवारसंख्या १३८५४ रहेको छ। भने घरधुरी संख्या १०७३६ रहेको छ।

नगरपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतियोग्य जमिनको उपलव्धता भएकोले सिंचाइको उचित प्रवन्ध हुनसके कृषिको वैज्ञानिकीकरण र व्यावसायिकरण मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। नगरपालिकामा उत्पादन हुने प्रमुख वालीहरुमा धान र गहुँ हुन भने नगदे वालीहरुमा तोरी, बदाम दलहन वालीमा मसुरो, केराउ, रहर, मास तरकारीमा प्रायसवै प्रकारका तरकारीहरु, फलफुलमा विशेषगरी आँप, कटहर, लिची, केरा, ,मेवा, कागती र अम्बा रहेका छन् ।यी वाहेक यस नगरपालिकामा जडिबुटीहरुमा निम, तुलसी, घिउकुमारी, पुदिना रहेका छन् ।नगरपालिकामा धेरै साना उद्योग, कल कारखानाहरु रहेपनि ठूला स्तरका उद्योगहरुको स्थापना हुन सकेको छैन। विषेशगरी कृषिमा आधारित प्रशोधन उद्योगहरुको राम्रो सम्भावना रहेको छ ।हालका वडा केन्द्रहरु रहेका र अन्य केही विकसित भैरहेका मुख्य व्यापारीक बजार केन्द्रहरु जस्तैवडा नं. १ मा खुनगाई, वडा नं. २ मुजाहाना, वडा नं.३ को पडरिया, वडा ४ को अमारी, वडा नं. ५ को मोगलाह चोक, वडा नं. ६ को पर्सा चोक, वडा नं. ७, ८, ९, १० को भैसहीया चोक, महजिदिया, वडा नं. ११ मोगलहवा चोक, वडा नं. १२ को बनजरही चोक, वडा नं. १३ का खुनगाई, गौतम बुद्ध नगरजस्ता ग्रामिण बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरुको विकास भने भएको छैन ।ग्लोबल आई.एम.इ बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, एन. सि. सि, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनानन्स, उत्थान लघुवित्त, सबैको लघुवित्त जस्ता बित्तिय संस्थाहरु, आई. एम. ई र थुप्रै वचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् ।

अर्कोतर्फ यस नगरपालिकामा पर्यटनको समेत राम्रो संम्भावना रहेको छ। विशेषगरी धार्मिक, साँस्कृतिक ,पुरातात्विक पर्यटनका साथै कृषि पर्यटन को प्रमुख संभावना रहेको पाइन्छ ।हाल विशेषगरी यहाको रैथाने प्रजातिका कृषि उत्पादनहरुमा काला निमक धान, बासमती, मन्सुली, अनदी, कनक जिरा, भृकुटी गृहधान, धनिया, लसुन, खुर्सानी, तोरी, आलु (लोकल) हुन् । त्यसैगरी वडा नं. १ मा धान बालीमा व्यवसायिक र्कषि उत्पादन केन्द्र, वडा नं. ९ मा स्मार्ट कृषि कार्यक्रम अर्न्तत तरकारी खेती र साँवा व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत तरकारी खेती, वडा नं. १० मा साना व्यवसायिक उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत धान पकेट कार्यक्रम, तरकारी (महिलवारी), केरा खेती (लक्ष्मी पुर), वडा नं. ११ मा तोरी, काला निमक उन्नत धान, आँप, केरा, तोरी,कृषि पकेट क्षेत्रहरु छन् । साथै मिश्रित र अन्तरबाली प्रणाली विकास भैरहेकोले नगरपालिकालाईनमुना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ ।यस नगरपालिकामा रहेको मायादेवीको मन्दिर, काली मन्दिर, रामजानकि मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनीक स्थल, खेलकुद मैदान, संग्राहलय तथा पर्यटकिय यस्ता थुप्रै धार्मिकस्थानहरू रहेकाकारण लुम्बिनी सँग जोडेर यस नगरपालिकामा धार्मिक पर्यटनको विस्तार गर्न सकिन्छ। यस्ता थुप्रै प्रर्यटकीय र धार्मिक स्थलहरु मात्र नभएर यहाँको लोकप्रिय संस्कृक्ति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होम स्टे जस्तो ठाँउहरु विद्यमान रहेको साथै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको तेश्रो मुख्य संवाहक हो। यसका अलावासबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन्। यहाँ दशै, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्रि, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व , आजमा को पूर्णिमा नुहाउने मेला ( कार्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ। सामुहिक मनोरञ्जनमा नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँकी प्रर्दशनी आदि प्रचलनमा छन्भने वाद्यवादन तथा बाजाहरुमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झ्याँज, डफला, बाँसुरी विशेष समय/ अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत, लोकगाथाहरु जोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।त्यसैगरी विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्ने योनगरपालिका बाढी, डुबान, कटान आदिको अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता, इन्जिनियर लगायत यहाँ बसोबास गर्ने जातजाति तथा संस्कृतिका बारेमा समाजशात्र तथा मानवशात्र अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई एक महत्वपूर्ण शैक्षिक गन्तव्य समेत हुन सक्दछ ।

## २.२ स्थानिक विश्लेषण (Spatial Analysis)

विशाल गंगा नदी प्रणालीले निर्माण गरेको समथर तराई क्षेत्रकोएक अंशकोरूपमा योनगरपालिकारहेको छ ।यसर्थ यो समथर भू-भाग पाँगो र बालुवा मिश्रित उर्वर भूमि अन्तर्गत पर्दछ ।यहाँधान, गहुँ मकै लगायतकाखाद्यान्न बालीहरु साथै केरा, आँप, कटहर, अम्बा, लिची, मेवा जस्ता फलफूल बाली तथा उष्ण

क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरुको राम्रो उत्पादन हुने गरेको छ ।यो नगरपालिकाका मुख्य नदीको रूपमा प्रमुख नदीहरु तेलार नदी, दानव नदि, कोठि आदि रहेका छन् ।

### २.२.१ पहुँच (Accesibility)

लुम्बिनी प्रदेशमा पर्ने रुपन्देही जिल्लाको यो नगरपालिका समथर तराई भूभागमा पर्ने हुँदा सडक तथा यातायात पूर्वाधार विकासको हिसाबले सन्तोषजनक अवस्थामा छ ।भैरहवा, लुम्बिनि, तौलिहवा लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिकाको केन्द्र, जिल्ला सदरमुकाम भैरहवाबाट करिव १८ किमी को सडक दुरिमा र बुद्ध जन्मस्थल लुम्बिनीको निकट अवस्थित छ ।त्यसैगरी नगरपालिकाभित्रको आन्तरिक सडक सञ्जाल केहि कालोपत्रे भएका भए तापनिसडकहरू साँघुरार स्तरोन्नति नगरिएको अवस्थामा छन् । विशेषगरी वर्षायाममा जीर्ण सडक तथा डुबानका कारण वस्तीहरूबीच सम्पर्क स्थापित हुन कठिन हुन्छ । हिउँदमा धुलाम्य भए पनि सडकसञ्चालन हुने भएकाले नगरपालिकाका भित्री सडकहरू (Fair Weather) सडकको रूपमा रहेका छन् ।लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्यटनको उच्च संभावना रहेको छ जसमध्ये सम्पदा पर्यटन, धार्मिक तथा साँस्कृतिक पर्यटन, कृषि पर्यटन र शैक्षिक पर्यटन विकासको प्रचुर सम्भावना रहेकोले सडक तथा अन्य भौतिक पूर्वाधार प्राथमिकताकासाथ स्तरोन्नति गर्नु आवस्यक छ ।

### २.२.२ भू-उपयोगका क्षेत्रहरु

#### (क) भू-उपयोगको वितरण

भूमि महत्वपूर्ण प्राकृतिक साधन हो । आर्थिक विकासको लागि यसको समुचित उपयोग गर्नु पर्दछ । भूमिलाई कृषि, आवास, सडक, पिउने पानी, सिँचाई, विद्युत तथा उर्जा, सूचना तथा संचार आदिको प्रवन्धको लागि प्रयोग गर्न सकिन्छ ।

#### (१) कृषि क्षेत्र

आधार नक्शाको विश्लेषणको आधारमा यस नगरपालिकामा कृषि क्षेत्र भन्नाले प्रत्येक वडामा रहेका उर्वर खेतीयोग्य भू-भागलाई जनाउँछ ।प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयूक्त उर्वर भूमिको धनी नगरपालिका हो । करिब ९०.६१ (२०६८) प्रतिशत जमिन खेतीपातीको लागि योग्य भएको देखिन्छ । नगरपालिका चुरे पर्वत श्रङखलाभन्दा दक्षिण तर्फ समथर तराई क्षेत्रमा रहेको छ । जलवायुको हिसाबले यस नगरपालिका उष्ण प्रकारको हावापानी रहेको छ । नगरपालिकाको प्रमुख नगदे तथा दलहन बालीहरुमा आलु,मुसुरो, अरहर, तोरी आदी हुन भनेअन्न बालिहरु धान, गहुँ, मकै हुन । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट भएकाले एकीकृतरूपमा जलवायु अनुकूल माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त देखिन्छ। यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ।विशेषगरीवडा नं. १ मा धान बालीमा व्यवसायिक र्कषि उत्पादन केन्द्र, र तोरीको पकेट क्षेत्र भगवानपुर, वडा नं. ९ मा स्मार्ट कृषि कार्यक्रम अर्न्तत तरकारी खेती र साँवा व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत तरकारी खेती, वडा नं. १० मा साना व्यवसायिक उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत धान पकेट कार्यक्रम, तरकारी (महिलवारी), केरा खेती (लक्ष्मीपुर), वडा नं. ११ मा काला निमक उन्नत धान, आँप, र साथैतोरी,कृषि पकेट क्षेत्रका रुपमा रहेकाछन ।यो नगरपालिकामा हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरू निम्नानुसार छन्-

| वडा नं. | कृषि योग्य क्षेत्र | वडा नं. | कृषि योग्य क्षेत्र |
|---|---|---|---|
| १ | सबै क्षेत्र | ८ | गाउँ वरपर सबै क्षेत्र |
| २ | गाउँ वरपर सबै क्षेत्र | ९ | गाउँ वरपर सबै क्षेत्र |
| ३ | गाउँ वरपर सबै क्षेत्र | १० | गाउँ वरपर सबै क्षेत्र |
| ४ | गाउँ वरपर सबै क्षेत्र | ११ | नौखनिया पोखरी फाँट, महादैवा फाँट, वडा कार्यालय फाँट, गद्धीडिह्वा फाँट, मोगलाह फाँट लगायतका सम्पूर्ण गाउँहरुका फाटहरु |
| ५ | गाउँ वरपर सबै क्षेत्र | १२ | गाउँ वरपर सबै क्षेत्र |
| ६ | गाउँ वरपर सबै क्षेत्र | १३ | गाउँ वरपर सबै क्षेत्र |
| ७ | गाउँ वरपर सबै क्षेत्र | | |

### (२) मिश्रित जनघनत्व भएका बसोबास क्षेत्र

यस प्रकारको क्षेत्रहरू सबै वडाहरूमा रहेका छन् । प्राचिन समयमा परम्परागत हिसाबले वस्ती बसाल्ने सन्दर्भमा पानीको सुविधा, खेती योग्य क्षेत्र, पशुपानलाई पायक र अन्न उत्पादनयुक्त उपयुक्त जमिन भएको स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले आ-आफ्नो पायकअनुसार सबै वडाहरूमा कुनै स्थानमा बाक्लो तथा कुनै स्थानमा पातलो हिसाबले यस प्रकारका वस्ती क्षेत्रहरू विकासित भएका छन् । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको वस्तीहरूमा पूर्वाधार र सेवा पुऱ्याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ । तसर्थ यस्ता क्षेत्रका वस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छन् र सेवा प्रवाह सहज हुन जान्छ । नगरपालिकामा मिश्रित जनघनत्व भएका वस्ती क्षेत्रहरू निम्नानुसार छन् :

| वडा नं. | मुख्य वस्तीहरुको विवरण |
|---|---|
| १ | खुनगाई, नन्दनगर, भगवानपुर, शिवलवा, किर्तिपुर |
| २ | मुजाहाना, भुजहिंया, लम्तीहवा, भर्थापुर, भगतपुरवा, कचरीहवा, केवटलिया सानो, केवटलिया ठूलो, अर्दौला ठूलो, अर्दौला सानो, अर्दौली |
| ३ | ठूलो पडरिया, सानो पडरिया , लंकापुर |
| ४ | मनौरी, मनौरा, खम्भे, अमारी, शिवलवा, ठुलो महुवारी, सानो महुवारी |
| ५ | तेनुहवा पूर्व गाँउ, तेनुहवा पश्चिम गाउँ, लाखेडिया चोक, हन्नामपुर, पिपराहवाँ, भोगलाह चोक, पूर्व र दक्षिण मोहम्मदनगर, मोहसड, बेलाहाडीह, ढोडहवाँ, मनोहरपुर |
| ६ | तेनुहवा विचको गाँउ, महजीदिया ढाला, तर्कुलाहा, पर्सा, रमवापुर, मोहम्मद नगर, पर्सा चमार टोल |
| ७ | पकरिहवा, बनरहवा ठुलो टोल, सानो बनरहवा, भैसहीया, कर्महवा, पाशीटोल, अँधियारी पासी टोल, अँधियारी, शिव गढीया, औरहिया, शिवगढीया ठूलो टोल, शेखुवा डाँडा |
| ८ | भगतपुरवा, एकला सानो, एकला ठूलो, पश्चिम भरवलिया, पूर्व भरवलिया, उत्तर भरवलिया |
| ९ | सोनवर्षा, रमवापुर, लकडीगढ, सोनबर्षा विचौवापुर, मल्लाहटोल, चैनपुखा, बेलभरिया, पिपरा, पिपर पतिया |
| १० | महजिदिया, मधुवनी, पिपरपतिया, वजिरगंज (चौकिडी), सानो टोल पिपर पतिया, बुधनीपुर, महिलवार, लुम्बिनी बजार, मुसेडी सेमरहना |

| | |
|---|---|
| ११ | जितवापुर, महादेवा, क्याम्प पछाडि सानो महादेवा, महादेवा चोक, ठूलो मोगलहवा, सानो मोगलहवा, मोगलहवा चोक, पण्डीतपुर, धुवाँधार, गढ्ीडीहवा, विचौवापुर, नौकडीहवा, कुकुर भुकवा, गन वरीया, चिरपुखा, सानो चिरपुखा, बेलहडी, धपही , घनश्यामपुर, समेरा, मनिकापुर, लोहरडी, मसिना, मोगलहवा चौक, महादेवा चौक, बिचौवापुर चौक |
| १२ | आमा, आमी, सोनवल, भभई, दक्षिण टोल, भभई बिच टोल, भभई उत्तर टोल, अमहवा, आजमा निपनिया, बनजरही, बभनी, बरगदवा |
| १३ | कालीदह, पैसिया, सुकरौली, मुडिला, ठूलो वडवलिया, सोनो वडवलिया, भरपुरवा |

### (३) वन जंगल क्षेत्र

नगरपालिकामा ठूलो वन जंगल नभए पनि साना बगैंचाहरु रहेका छन्। कुल भू-भागको करिब१.६६ प्रतिशत भू-भाग बगैंचाले ढाकिएको छ। यो क्षेत्रलाई बगैंचा क्षेत्र नै कायम राखी स्याहार संभार गरी पूर्णरूपमा उत्पादन र प्रतिफलमुखी बनाई नगरपालिकाको दिगो विकास र समृद्धिमा सदुपयोग गर्नु उपयुक्त हुन्छ।

### (४) व्यावसायिक क्षेत्र

उद्योग धन्दा र व्यापारिक तथा व्यावसायिक कृयाकलापहरू वृद्धि हुन सक्ने क्षेत्रमास्वयं नगरपालिका केन्द्र व्यापारिक केन्द्रको रूपमा पर्दछन्। त्यसबाहेक वडा केन्द्रलगायत आसपासका स्थानहरू समेत व्यापारिक केन्द्रको रूपमा क्रमशः विस्तार हुँदै गइरहेका छन्। नगरपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण निम्नानुसार रहेको छ :

| वडा नं. | बजार केन्द्रको नाम | मुख्य व्यापारिक क्रियाकलापहरु |
|---|---|---|
| १ | खुनगाई | किराना, खाद्यान्न, अन्य घरायसी सामान,होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, पेट्रोल पम्प, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, |
| २ | मुजहना, खुनगाई | किराना, खाद्यान्न, अन्य घरायसी सामान,होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, गहना पशल |
| ३ | पडरिया | किराना, खाद्यान्न, अन्य घरायसी सामान,होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, गहना पसल, पेट्रोल पम्प |
| ४ | खुनगाई, अमारी | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो,वर्कशप,पेट्रोलपम्प,स्टेशनरी,पार्लर,सैलुन,रेस्टुरेन्ट क्याफे,सिलाई बुनाई |
| ५ | मोगलाहा चोक, | व्यवसायिक फर्म, किराना, खाद्यान्न,रेस्टुरेन्ट, दैनिक घरायसी तथा व्यापारिक पसल, |
| ६ | पर्सा चोक, लोहखडिया चोक | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप,स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई,हार्डवेयर, कपडा फेन्सी, पम्प |
| ७ | भैंसहीया चोक, महजिदिया | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप,स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई,हार्डवेयर, कपडा फेन्सी, होटल लज, |
| ८ | भैंसहीया चोक, महजिदिया चोक | दैनिक घरायसी तथा व्यापारिक पसल, |

| वडा नं. | बजार केन्द्रको नाम | मुख्य व्यापारिक क्रियाकलापहरु |
|---|---|---|
| ९ | महजिदिया, वडा नं. १० | दैनिक घरायसी तथा व्यापारिक पसल, अटोमोवाइल शोरुम |
| १० | महिलवारचौक, महजिदिया चौक | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप, पेट्रोलपम्प, स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई, अटोमोवाइल शोरुम, पेट्रोल पम्प, कानुनी सेवा |
| ११ | मोगलहवा चौक, महादेवा चौक, बिचौवापुर चौक | दैनिक घरायसी तथा व्यापारिक पसल |
| १२ | बनजरही चोक | दैनिक घरायसी तथा व्यापारिक पसल, कानुनी सेवा |
| १३ | खुनगाई, गौतम बुद्ध नगर (बोर्डर) | दैनिक घरायसी तथा व्यापारिक पसल, कानुनी सेवा |

### (५) जल तथा नदी क्षेत्र

नगरपालीकामा प्रमुख नदीहरुतेलार नदी, दानव नदि, कोठि नदि, कोइलीहवा खोला र काली दह हुन। यी नदीले नगरपालिकाका केहि वडाहरूलाई छोएर बग्ने हुँदा खेतीयोग्य जमिनमा सिँचाई पुऱ्याउने क्षमता राखे तापनि सो अनुसारको सुविधा लिन सकिएको छैन। यसका साथै नगरपालिकाका बिभिन्न वडाहरुमा ताल , नाला र थुप्रै पोखरीहरुरहेकाछन्।

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १ | तेलार नदी | वडा नं. १ |
| २ | सोड्र्या नाला | ,, ,, |
| ३ | भगवानपुर पूर्वको नाला | ,, ,, |
| ४ | भगवानपुर पश्चिमको नाला | ,, ,, |
| ५ | भगवानपुरमा ९ पोखरी | ,, ,, |
| ६ | नन्दनगरमा २ पोखरी | ,, ,, |
| ७ | खुनगाइमा ५ पोखरी | ,, ,, |
| ८ | कर्तिपुरमा १ पोखरी | ,, ,, |
| ९ | शिवलवामा १ पोखरी र १ नाला | ,, ,, |
| १० | तेलार नदी, दानव नदी, नरौवा नाला, नौखनीया कुलो | वडा नं. २ |
| ११ | भर्थापुरको कुलौवा | ,, ,, |
| १२ | नौखनिया ताल | ,, ,, |
| १३ | चिकवी पोखरी, मुजहाना ३ पोखरी, भगतपुरवा २ पोखरी, भुजहिंया ३ पोखरी, अर्धौला -२ पोखरी, अर्धौला २ पोखरी, अर्धौली ३ पोखरी | ,, ,, |
| १४ | तेलार नदि | वडा नं. ३, लंकापुर-पडेरिया जोड्ने |
| १५ | घोडहवा नाला | ,, ,, ठूलो पडरिया उत्तर |
| १६ | हरनवा ताल | ,, ,, ,, |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १७ | भौरहिया पोखरी | ,, ,, ठूलो पडरिया पश्चिम |
| १८ | सौरहिया पोखरी | ,, ,, ठूलो पडरिया पूर्व सडक |
| १९ | कालि मन्दिर छेउको पोखरी | ,, ,, ,, |
| २० | राम जानकी मन्दिर अगाडी पोखरी | ,, ,, ,, |
| २१ | चमार टोल ताल | ,, ,, चमारटोल पश्चिम |
| २२ | कोठि नदी | वडा नं. ४ कपिलबस्तु, रुपन्देही सिमा नदी |
| २३ | तेलार नदी | ,, |
| २४ | आमारी बिच नाला | ,, ,, अमारी |
| २५ | भुताहा नाला | ,, ,, मनौरा |
| २६ | हग्नी नाला | ,, ,, मनौरा उत्तर |
| २७ | वेलाहाडिहको पोखरी, ढोढहवाको पोखरी, मनोहरपुरको पोखरी (ठूलो) र सानो मुरधैया पोखरी, पोतनी पोखरी ( ढोढहवाँमा), धोविया पोखरी (ढोढहवाँ), पडरिया ताल, धोविघाट-२ पोखरी मोहसड, खुखुडिहवा पोखरी (ताल), तर्कुलहिया ताल, करबलहिया ताल, चिकनी पोखरी | वडा नं. ५ |
| २८ | कोठी नदी, हडहवा नाला | |
| २९ | पुन्नीहवा ताल (डेड विगाह) | वडा नं. ६, पुन्नीहवा |
| ३० | महजिदिया ताल (१० कट्ठा | ,, महजिदिया |
| ३१ | बनरहवा पोखरी - ३ | वडा नं. ७ बनरहवा |
| ३२ | पोखरी सानो बनरहवा (विचौवापुर) १ | ,, ,, |
| ३३ | भैंसहिया पोखरी | ,, ,, |
| ३४ | अधिंयारीमा पोखरी -२ | ,, अधियारी |
| ३५ | पूर्व शिवगढीया -१, पश्चिम शिवगढीया - १ | |
| ३६ | तेलार नदी | वडा नं. ८ र ९ को सिमा |
| ३७ | एकता पोखरी | वडा नं. ८ एकला |
| ३८ | भगतपुर पोखरी | ,, भगतपुर |
| ३९ | तेलार नाला | वडा नं. ९ |
| ४० | सोइया नाला | ,, |
| ४१ | कोइलवा नाला | ,, |
| ४२ | मटखनवा ताल | ,, लकडीगढ |
| ४३ | कोरचहवा ताल | ,, बेलभरिया |
| ४४ | ५ ठीहवा ताल | ,, चैनपुरवा |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| ४५ | करबलव ताल | ,, लकडीगढ |
| ४६ | कोइलीहवा खोला | वडा नं. १० महजिदिय, मधुबनी |
| ४७ | मर्चहवा ताल | ,, ,, महिलवारी |
| ४८ | हथिहवा ताल | ,, ,, लक्ष्मीपुर |
| ४९ | थरुनिया ताल | ,, ,, महिलवारी |
| ५० | कोठि नदी | वडा नं. ११, सिमा नदी (रुपेन्देही कपिलबस्तु) |
| ५१ | छिरकहवा नाला | ,, ,, |
| ५२ | घनश्यामपुर नाला | ,, ,, घनश्यामपुर |
| ५३ | नौखनिया ताल | ,, ,, नौखनिया |
| ५४ | धुपही ताल | ,, ,, धपही |
| ५५ | तेलार नदी | वडा नं. १३ वडा भएर बग्छ |
| ५६ | कोठरी नदी | ,, ,, ,, |
| ५७ | पुन्नीहवा पोखरी, सिधरहवागडा पोखरी कालीदह | ,, ,, |
| ५८ | पैसिया मा रहेको कुस्मैया पोखरी | ,, ,, पैसिया |
| ५९ | मोहियार पोखरी करिब २ विगाह | ,, ,, पैसिया पूर्व पट्टी |

## (६) पर्यटकीय क्षेत्र

गौतम बुद्धको जन्मस्थल विश्वै सबैभन्दा अनुपम सम्पदा यसै नगरपालिकामा रहेको ले यहाँको पर्यटकिय महत्व समेत अनुपम नै रहेको छ । त्यस्तै नगरपालिकाका प्रत्येक वडाहरुमा विभिन्न पर्यटकीय आकर्षणका केन्द्रहरु समेतरहेका छन् ।नगरपालिकामा मठ मन्दिर, मस्जिद तथा सुन्दर प्राकृतिक बगैंचाहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ। नगरपालिकामा रहेका पर्यटकीय क्षेत्रहरूको विवरण निम्नानुसार छन्:

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी./घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 1 | मायाँदेवी मन्दिर | वडा नं. ५ | धार्मीक, पर्यटकीय | २ किमी | |
| 2 | दुर्गा मन्दिर - ३ | वडा नं. १, खुनगाई | धार्मिक | ,, | |
| 3 | कालि मन्दिर- १ | ,, | धार्मिक | ,, | |
| 4 | समय स्थान | ,, | धार्मीक | ,, | |
| 5 | शिव मन्दिर | ,, | धार्मीक | ,, | |
| 6 | ओवा थान | ,, | धार्मिक | | |
| 7 | मस्जिद - ३ | ,, | धार्मिक | | |
| 8 | शिव मन्दिर | वडा नं. १, नन्द नगर | धार्मिक | १.५ | |
| 9 | राम जानकी | ,, | धार्मिक | | |
| 10 | कालि मन्दिर | ,, | धार्मिक | | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी./घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 11 | रामजानकी हनुमान मन्दिर | वडा नं. १, भगवानपुर | हरेक मंगलबार विशेष पुजा, बडा दशैंमा मेला, शिव रात्री र माघि मा फि भोजन हुन्छ | २ | |
| 12 | कालि मन्दिर- २ | ,, | धार्मिक | | |
| 13 | शिव मन्दिर | ,, | धार्मिक | | |
| 14 | दिउहार बाबा | ,, | धार्मिक | | |
| 15 | मस्जिद - २ | ,, | धार्मिक | | |
| 16 | मस्जिद - १ | वडा नं. १, किर्तीपुर | धार्मिक | ५ | |
| 17 | दुर्गा मन्दिर - २ | | | | |
| 18 | कालिका मन्दिर | वडा नं. २, अर्दौला ठुलो | धार्मिक | २० मिनेट | |
| 19 | समय स्थान -५ | ,, अर्दौला ठुला, अर्दौला सानो, केवटलिया सानो, केवटलीया ठूलो | | | |
| 20 | कालि मन्दिर - | वडा नं. २, अर्दौला सानो | धार्मिक | | |
| 21 | शिव मन्दिर | अर्दौली | धार्मिक | २५ मिनेट | |
| 22 | कालि मन्दिर | ,, | धार्मिक | | |
| 23 | बगाह बाब स्थान | ,, | धार्मिक | | |
| 24 | पहारी बाबा | वडा नं. २ केवटलिया सानो | धार्मिक | ३० मिनेट | |
| 25 | कालि मन्दिर | ,, | धार्मिक | ३५ मिनेट | |
| 26 | शिव मन्दिर | ,, | धार्मिक | | |
| 27 | हनुमान मन्दिर | ,, | धार्मिक | | |
| 28 | मस्जिद | ,, | धार्मिक | | |
| 29 | कालि मन्दिर | ,, केवटलीया ठूलो | धार्मिक | ३५ मिनेट | |
| | राम जानकी मन्दिर | ,, भर्थापुर | धार्मिक | ३० मिनेट | |
| 30 | शिव मन्दिर | ,, ,, | धार्मिक | | |
| 31 | कालि मन्दिर | ,, ,, | धार्मिक | ३० मिनेट | |
| 32 | काली मन्दिर - ४ | ,, लम्तिहवा, मुजहाना, ,, भगतपुरवा, कचरीहवा | | | |
| 33 | दुर्गा मन्दिर- २ | ,, लम्तिहवा, भुजहिंया | | | |
| 34 | शिव मन्दिर -२ | ,, लम्तिहवा, भुजहिंया | | | |
| 35 | राम जानकी मन्दिर - २ | ,, मुजहाना, कचरीहवा | | | |
| 36 | लक्ष्मी मन्दिर | ,, कचरीहवा | | | |
| 37 | राम जानकी मन्दिर | वडा नं. ३ ठुलो पडरीया | धार्मिक | | |
| 38 | शिव मन्दिर | ,, | धार्मिक | | |
| 39 | कालि मन्दिर | ,, | धार्मिक | | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी. / घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 40 | दिउहार बाबा थान | ,, | धार्मिक | | |
| 41 | चमरईमाइ | ,, | धार्मिक | | |
| 42 | ब्रमदेव थान | ,, | धार्मिक | | |
| 43 | मस्जिद - ४ | ,, | धार्मिक | | |
| 44 | मस्जिद - ३ | | धार्मिक | | |
| 45 | इदगाहा - १ | ,, सानो पडरिया | धार्मिक | | |
| 46 | रामजानकी - १ | ,, लंकापुर | धार्मिक | | |
| 47 | शिव मन्दिर -२ | ,, ,, | धार्मिक | | |
| 48 | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | | |
| 49 | काली मन्दिर | ,, ,, | धार्मिक | | |
| 50 | शिव मन्दिर -२ | वडा नं. ४ अमारी | धार्मिक | | |
| 51 | कालि मन्दिर | | धार्मिक | | |
| 52 | दिउहार बाबा थान | | धार्मिक | | |
| 53 | मस्जिद | ,, शिवलहवा | धार्मिक | | |
| 54 | कालि मन्दिर | | धार्मिक | | |
| 55 | शिव मन्दिर | | धार्मिक | | |
| 56 | शिव मन्दिर | ,, खम्भे | धार्मिक | | |
| 57 | कालि मन्दिर | ,, खम्भे | धार्मिक | | |
| 58 | मस्जिद | ,, खम्भे | धार्मिक | | |
| 59 | वासुदेव थान | ,, खम्भे | धार्मिक | | |
| 60 | राम जानकी | ,, मनौरा | धार्मिक | | |
| 61 | शिव मन्दिर | ,, मनौरा | धार्मिक | | |
| 62 | कालि मन्दिर | ,, मनौरा | धार्मिक | | |
| 63 | कोटही माई | ,, मनौरा | धार्मिक | | |
| 64 | मस्जिद | ,, मनौरा | धार्मिक | | |
| 65 | हिउहार बाबा | ,, मनौरा | धार्मिक | | |
| 66 | ब्रम स्थान | ,, मनौरा | धार्मिक | | |
| 67 | सिद्धेश्वर महादेव | ,, मनौरा | धार्मिक | | |
| 68 | शिव मन्दिर | ,, मनौरा | धार्मिक | | |
| 69 | कालि मन्दिर | ,, मनौरा | धार्मिक | | |
| 70 | कालीथान | वडा नं. ५ ,तेनहवपूर्व गाउँ | धार्मिक | | |
| 71 | मस्जिद | ,, | धार्मिक | | |
| 72 | शिव मन्दिर | ,, मोहसङ | धार्मिक | | |
| 73 | कालि माइथान | ,, ,, | धार्मिक | | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी./घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 74 | मस्जिद | ,, लोखडिया | धार्मिक | | |
| 75 | मस्जिद | | धार्मिक | | |
| 76 | मस्जिद | ,, हन्नामपुर | धार्मिक | | |
| 77 | कालिथान | ,, तेनुहवा पश्चिम | धार्मिक | | |
| 78 | मस्जिद | ,, तेनुहवा पश्चिम, पिपराहवाँ, मोहम्मद नगर, भोगलाहा चौक पूर्व र दक्षिण | धार्मिक | | |
| 79 | | | धार्मिक | | |
| 80 | शिव मन्दिर | वडा नं. ५ , बेलाहाडिह | धार्मिक | | |
| 81 | रामजानकी शिव मन्दिर | ,, ढोडहवाँ | धार्मिक | | |
| 82 | शिव मन्दिर | ,, ,, | धार्मिक | | |
| 83 | कालि थान | ,, ,, | धार्मिक | | |
| 84 | मस्जिद | ,, ढोडहवाँ, मनोहरपुर | धार्मिक | | |
| 85 | शिव मन्दिर | ,, मनोहरपुर | धार्मिक | | |
| 86 | कालिथान | ,, ,, | धार्मिक | | |
| 87 | कालि मन्दिर | वडा नं. ६, तेनहवा बिचगाउँ, महिजिदिया ढाला, | धार्मिक | | |
| 88 | मस्जिद | वडा नं. ६, तेनहवा बिचगाउँ, महिजिदिया ढाला, तर्कुलाह, मोहम्मदपुर, रमवापुर, पर्सा | धार्मिक | | |
| 89 | दुर्गा मन्दिर | वडा नं. ६, तर्कुलाह, | धार्मिक | | |
| 90 | शिव मन्दिर | ,, ,, | धार्मिक | | |
| 91 | कृष्ण मन्दिर | ,, रमवापुर | | | |
| 92 | कालि थान | ,, रमवापुर, पर्सा | | | |
| 93 | समयमाइ थान | ,, ,, | | | |
| 94 | कारणमाइ थान | ,, ,, | | | |
| 95 | लक्ष्मी मन्दिर | वडा नं. ७ पकरीहवा | धार्मिक | २ कि.मी | |
| 96 | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | | |
| 97 | काली मन्दिर | ,, पकरीहवा, कर्महवा | धार्मिक | | |
| 98 | दुर्गा मन्दिर - २ | ,, बनरहवा, भैसहीया | धार्मिक | २ कि.मी | |
| 99 | शिव मन्दिर | ,, सानो बनरहवा , कर्महवा, भैसहीया | धार्मिक | २ कि.मी | |
| 100 | राम जानकी मन्दिर | ,, भैसहीया | धार्मिक | | |
| 101 | शिव मन्दिर | ,, अँधियारी पासी टोल, अँधियारी | धार्मिक | २.५ कि.मी | |
| 102 | कोटही माइ थान | ,, अँधियारी | धार्मिक | २.५ कि.मी | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी./घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 103 | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | | |
| 104 | समय स्थान | ,, शेखुवा | धार्मिक | ८ कि.मी | |
| 105 | शिव मन्दिर | ,, औरहिया | धार्मिक | ४ कि.मी | |
| 106 | मस्जिद - ४ | ,, बनरहवा, भैंसिहिया | धार्मिक | २ कि.मी | |
| 107 | मस्जिद | ,, कर्महवा, पश्चिम शिवगोडिया, पूर्व शिव गोडिया | धार्मिक | ३ कि.मी | |
| 108 | काली मन्दिर | वडा नं. ८, उत्तर भरवलिया | धार्मिक | ५०० मिटर | |
| 109 | मस्जिद | ,, ,, | धार्मिक | ५०० मिटर | |
| 110 | ब्रम बाबा थान | ,, ,, | | ५०० मिटर | |
| 111 | कालि मन्दिर | वडा नं. ८,पूर्व भरवलिया | धार्मिक | | |
| 112 | शिव मन्दिर | ,, ,, | धार्मिक | | |
| 113 | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | | |
| 114 | समय माई स्थान | ,, ,, | | | |
| 115 | मस्जिद | ,, ,, | | | |
| 116 | काली मन्दिर | ,, पश्चिम भरवलिया | | ५०० मिटर | |
| 117 | शिव मन्दिर - २ | ,, ,, | | | |
| 117 | काली मन्दिर | ,, ठूलो एकता | | १ कि.मी | |
| 118 | शिव मन्दिर - २ | ,, ,, | | | |
| 119 | मस्जिद - २ | ,, ,, | | | |
| 120 | समय माई | ,, सानो एकता | | १ कि.मी | |
| 121 | ओबही माई | ,, ,, | | | |
| 122 | दुर्गा मन्दिर | ,, ,, | | | |
| 123 | लक्ष्मी मन्दिर | ,, ,, | | | |
| 124 | दुर्गा मन्दिर | ,, भगतपुर | | २ कि.मी | |
| 125 | शिव मन्दिर -२ | ,, ,, | | | |
| 126 | कारडी माइ | ,, ,, | | | |
| 127 | काली मन्दिर | ,, ,, | | | |
| 128 | दुर्गा मन्दिर | वडा नं. ९, सोनबर्षा | | १०० मि | |
| 129 | शिव मन्दिर | ,, ,, | | | |
| 130 | दुर्गा मन्दिर | ,, सोनवर्षा | | २ किमी | |
| 131 | काली मन्दिर | ,, सोनवर्षा | | | |
| 132 | लक्ष्मी मन्दीर | ,, सोनवर्षा | | | |
| 133 | समय मन्दिर | ,, सोनवर्षा | | | |
| 134 | शिव मन्दिर | ,, लकडीगढ | | | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी. /घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| 135 | लक्ष्मी मन्दिर | ,, ,, | | १ कि.मी | |
| 136 | मस्जिद - २ | ,, पिपरा | | ३ कि.मी | |
| 137 | शिव मन्दिर | ,, ,, | | | |
| 138 | मस्जिद | ,, रमवापुर | | २ कि.मी | |
| 139 | दुर्गा मन्दिर | ,, ,, | | | |
| 140 | शिव मन्दिर | ,, बेलभरीया | | ४ कि.मी | |
| 141 | कालीका स्थान | ,, ,,, | | | |
| 142 | मस्जिद -२ | ,, सोनवर्षा | | २ कि.मी | |
| 143 | मस्जिद | ,, चैनपुरवा | | २ कि.मी | |
| 144 | पिपरपतिया मस्जिद | ,, पिपरपतिया | | ५ कि.मी | |
| 145 | रामजानकी मन्दिर | वडा नं. १०, पिपरपतिया | | २० मी. | |
| 146 | समय स्थान | ,, महिलवार | | २०मी. | |
| 147 | मस्जिद | ,, पिपरपतिया | | २० मी. | |
| 148 | दुर्गा मन्दिर | ,, महिलवार | | २० मी. | |
| 149 | हनुमान मन्दिर | ,, महिलबार | | २० मी. | |
| 150 | दुर्गा मन्दिर | ,, मधुबनी | | ५ मी. | |
| 151 | महजिदिया मस्जिद | ,, महजिदिया | | २० मी. | |
| 152 | दुर्गा मन्दिर | ,, लक्ष्मीपुर | | १ घण्टा | |
| 153 | कालि मन्दिर | ,, महिलवारी लगायत सबै गाउ | | | |
| 154 | दुर्गा मन्दिर | ,, बधुनीपुर | | २० मि | |
| 155 | समय स्थान | ,, ,, | | ,, | |
| 156 | महादेवा श्री नवदुर्गा मन्दिर | वडा नं. ११, महादेवा चोक | लुम्बिनी सॉं न पा मा सबै भन्दा पहिलो ठुलो मन्दिर | ३ कि मी | |
| 157 | महादेवा राम जानकी मन्दिर | वडा नं. ११ कोठी नदि किनार | | ३ कि.मी | |
| 158 | शिव मन्दिर | ,, मनिकपुर | | १ कि.मी | |
| 159 | नुरुलहोदा मस्जिद | ,, विचवापुर चोक | | १ कि.मी | |
| 160 | अनवारुलओ लुम मस्जिद | ,, गनवरिया | | २ कि.मी | |
| 161 | मस्जिद - ३ | ,, धनश्यामपुर, मनिकापुर, महादेवा | | | |
| 162 | शिव मन्दिर | ,, जितवापुर | | ४ कि.मी | |
| 163 | ब्रम्हदेव मन्दिर | ,, मसिना | | १ कि.मी | |
| 164 | दुर्गा मन्दिर- २ | ,, महादेवा, धपही | | | |
| 165 | शिव मन्दिर -३ | वडा नं. १२ आमा | | | |
| 166 | काली मन्दिर -१३ | ,, आमा, सुनवल, आमी, | | | |

| क.सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी. /घण्टा ) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| | | भभई दक्षिण, भभई उत्तर, भभई बिच टोल, अमहवा, बनजरही, बरगदवा, बभनी, आजमा, निपनिया | | | |
| 167 | मस्जिद | वडा नं. १२, आमा | | | |
| 168 | शिव मन्दिर | ,, सुनवल | | | |
| 169 | दुर्गा मन्दिर | ,, भभइ दक्षिण | | | |
| 170 | मस्जिद | ,, भभई उत्तर | | | |
| 171 | समय माईस्थान | ,, बरगदवा | | | |
| 172 | राम जानकी मन्दिर | ,, आजमा | | | |
| 173 | मस्जिद - ४ | वडा नं. १३ कालीदह | वडा कार्यलय | | |
| 174 | शिव मन्दिर | ,, कालिदह | वडा कार्यलय | | |
| 175 | दुर्गा मन्दिर - २ | ,, कालिदह | | | |
| 176 | मस्जिद | ,, पैसिया | | | |
| 177 | शिव मन्दिर | ,, ,, | | | |
| 178 | दुर्गा मन्दिर | ,, सानो वडवलिया | | | |
| 179 | नरसिंह | ,, ,, | | | |
| 180 | मस्जिद- २ | ,, ,, | | | |
| 181 | रामजानकि मन्दिर | ,, मुडिला | | | |
| 182 | समय माई | ,, सुकरौली | | | |
| 183 | शिव मन्दिर | ,, ,, | | | |

### (७) ल्याण्डफिल क्षेत्र

नदी किनारमा फोहोर फाल्नु वैज्ञानिक फोहरमैला व्यवस्थापन अन्तर्गत उपयुक्त नहुने हुँदा नगरपालिकाले पकरीहवा डम्पीङ्ग साइड पकरीहवामा करिब७ विगाह क्षेत्रफलको जग्गा प्रस्तावित ल्याण्डफिल साइटको रुपमा राखेको छ।

### (८) वर्षातको पानी निकास प्रणाली

तराईको समथर क्षेत्रमा भएकोले यो नगरपालिका भौगोलिक हिसाबले बढी डुवान र कटानको जोखिम भएको क्षेत्रमा पर्दछ। यस्तो सतहमा पानीको प्राकृतिक निकास सहज नहुने भएकाले व्यवस्थित गर्न नसके व्यापक रूपमा डुवान र कटानको जोखिम रहन्छ। त्यसमा पनि ट्र्याक खोलेर व्यवस्थित गर्न नसकेका सडकहरूले डुवान र कटानका हिसाबले थप जोखिमपूर्ण स्थिति श्रृजना भएको देखिन्छ। तसर्थ सडकको दायाँबाँया नाला निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणाअनुरूप अगाडि बढ्नु पर्ने देखिन्छ। यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोलाहरूमा निकास गर्ने प्रणाली विकास गर्नु पर्दछ। यसरी नालाको कामको थालनी

गर्दा सर्वप्रथम डुवान र कटानका क्षेत्रहरूलाई प्राथमिकतामा राख्नु पर्दछ ।त्यसो त समथर भूभागका कारण नदीहरुको उर्लदो भेलले पटकपटकवडा नं. १ खुनगाई को पूर्वी भाग, नन्दनगर पूर्वी, उत्तर, दक्षिण, पश्चिम, वडा नं. २ को दानव नदीको छेउ-छाउमा डुबान, वडा नं. ३ को ठूलो पडरियाको उत्तरतर्फ, वडा नं. ४ को धेरै बस्तीहरु, वडा नं. ५ को मोनोहरपुर पूर्व तर्फ, मोहसड गाउँको पश्चिम दक्षिण, ढोडहवा गाँउ पूर्व र दक्षिण,वडा नं. ९ को धेरै वस्तिहरु, वडा नं. १० यरुनिया ताल महिलवारी, महिलवारी पश्चिम/दक्षिण तर्फ, पिपरपतिया गाँउ को पूर्व तर्फ, महिलवार चौक बजार, महजिदिया बजार, वडा नं. ११ को केहि गाउँहरु, वडा नं. १२ भभई को पूर्व र दक्षिण तर्फ अमहवा को पूर्व, निपनिया पूर्व तर्फ, अजमा पूर्व-पश्चिम, बभनी उत्तर पश्चिम, आमाको दक्षिण तर्फ, बनजरहीको दक्षिण, वडा नं. १३ मा कालीदहको पश्चिम र उत्तर तर्फ, पैसियाको उत्तर र दक्षिण तर्फ, मुडिलाको उत्तर तर्फ, सानो वडवलियाको पश्चिमको भूभाग का साथै सम्पूर्ण वडाका विभिन्न स्थानहरु डुबानमा परी नगरपालिका बासीलाई बर्षायाम र ठूलो जोखिम हुने गरेकोले नदीमा तटबन्ध निर्माण गरी विपत्ती न्यूनीकरण गर्ने आवस्यकता रहेको छ ।

### २.२.३ माटोको बनावट (Soil Type)

नेपालको भौगर्भिक बनावट हिमालय पर्वत श्रृंखला निर्माण हुँदाताका भएको हो । हिमालय पर्वत श्रृंखलालाई सबैभन्दा कान्छो भौगर्भिक बनावट (New Fold Mountain) मानिन्छ। प्रकृतिमा लगातार घटिरहने प्रक्रियाहरूजस्तैः हुरीवतास, वर्षा, खडेरी, हावापानी परिवर्तन, पहिरो, वायुमण्डलीय चाप (Atmospheric Pressure), हिमपात, भुइँचालो आदिका कारण भूधरातलीय परिवर्तन भइरहेको हुन्छ ।यसप्रकार भू-धरातलमा भइरहने निरन्तर परिवर्तनको प्रभाव यस नगरपालिकाको भौगर्भिक संरचनामा पर्नु स्वभाविकै हो ।नदीनालाको प्रत्यक्ष प्रभाव क्षेत्रमा रहेको माटोमा बालुवाको मात्रा बढी छ भने केही भित्री भागको पाँगो माटोमा प्राङ्गारिक पदार्थको मात्रा पाइन्छ ।नगरपालीकाको माटोको प्रतिक्रीया समग्र रुपमा क्षारीय,नाइट्रजनको स्थिती कम, प्राङ्गारिक पदार्थको मात्र कम,फस्फोरस मध्यम र पोटासको स्थिती धेरै देखिन्छ । प्राङगारिक मल तथा जैविक मलको प्रयोग बृद्धि गरी रासायनिक मलको सन्तुतिल प्रयोग गर्न जरुरी रहेको छ । यो नगरपालिकाको प्राय क्षेत्र समथर हुँदा खेतीपातीको लागि अब्बल रहेकाले अन्न भण्डारको रुपमा विकसित गर्ने संम्भावना रहेको छ ।

### २.२.४ जमिनको भिरालोपन (Slope)

यो नगरपालिकासमथर क्षेत्रमा अवस्थित भएकोले यहाँको जमिनमा भिरालोको मात्रा कम रहेको छ। यसको अर्थ यहाँको जमिनमा खेतीपाती गर्न धेरै सहज रहेको छ। खेतीपाती मार्फत अन्नभण्डार बन्ने क्षमता नगरपालिकाले राख्दछ। नगरपालिकाको भिरालोपनको थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | भिरालोपन ( डिग्रीमा) | उपयोग |
|---|---|---|
| 1 | ० देखि १ | गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो, नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै कुराको असर नपर्ने हुँदा यस प्रकारको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ । तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय रोक्ने उपाय अपनाउनु पर्दछ । सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ । मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने |

| क्र.सं. | भिरालोपन (डिग्रीमा) | उपयोग |
|---|---|---|
| | | खालको माटो भएमा कृषि चरन वा बनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ। |
| 2 | १ देखि ५ | माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने, यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। |

### २.२.५ जमिनको उचाइ (Height)

नगरपालिकाको उचाईको अवस्थालाई विश्लेषण गर्दा यहाँको उचाइमा त्यत्ति विविधता पाइँदैन। उचाइका हिसाबले नगरपालिका समुद्र सतहबाट करिव ९६ मिटरदेखि १०० मिटरसम्म को मात्र अन्तर भएकोले विविधता भने छैन।

### २.२.६ जमिनको मोहडा (Aspect)

यो नगरपालिका तराईको समथर भूभागमा पर्ने तथा यहाँको उचाइको अवस्थामा विविधता नभएका कारण यहाँको मोहडामा पनि तात्विक अन्तर पाइँदैन। तसर्थ नगरपालिकाका विभिन्न स्थानमा पाइने जलवायुमा पनि विविधता पाईदैंन।नगरपालिकाको जमिनमा पाइने मोहडामा तात्विक विविधता नभएकोले यहाँको जमिनको मोहडासम्बन्धीसुक्ष्म विवरण उल्लेख गरिएको छैन।

## २.३ जनसांख्यिक विश्लेषण

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन्। यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ। कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यअनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ। केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1)मा समेत सन् १९९१-२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१-२०११ मा १.३५ प्रतिशत र २०११-२०२१मा ०.९३ प्रतिशत कायम हुनुका पछाडि जनसाङ्ख्यिक चरहरू जस्तै : ठूलो सङ्ख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको सङ्ख्यामा वृद्धि आदिलाई ठानेको छ। अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ। यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौँ उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसङ्ख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ। यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कुल ७,६२,१८१ हुँदा सन् २०११ को

तथ्याङ्कमा १९,२१, ४९४ देखिन्छ। यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गर्न सकिन्छ। साथै नेपालमा पछिल्ला वर्षहरुमा ग्रामिण क्षेत्रको तुलनामा शहरमा बस्ने जनसंख्यामा उल्लेख्य वृद्धि भएको छ राष्ट्रिय जनगणना २०७८ का अनुसार हाल कुल जनसंख्याको ६६.०८% जनसंख्या शहरी केन्द्रमा बसोबास गर्दछ। नेपालमा जनसङ्ख्या वृद्धिदरको प्रवृति विश्लेषण गर्दा विगतका वर्षहरूमा उच्च वृद्धिदर हुँदै हालका वर्षहरूमा केही घटिरहेको अवस्थामा छ।केन्द्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको २०७८ को प्रारम्भीक प्रतिवेदनको नतिजा अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको कुल जनसंख्या ८८०९० मध्ये ४३७०६ पुरुष र ४४३८४ महिला रहेका छन भने नगरपालिकाको परिवार संख्या १३८५४ रहेको छ।

नगरपालिकाद्धारा प्रकाशित पार्श्वचित्रले उधित राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकामा रहेका कुल ९९६४ घरपरिवारमा अक्सर बसोबास गर्ने ३६,१३७ पुरुष र ३६,३६० महिला गरी जनसंख्या ७२,४९७ रहेको थियो। नगरपालिकामा अनुपस्थित र अक्सर बसोबास गर्नेहरूको कुल जनसंख्या ४०२९७ रहेको देखिन्छ।सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९९.३९ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ६४६ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५०.९७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४१.३२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.७१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्।यस नगरपालिकामा प्रति परिवार औषत ७.२९ जना सदस्य रहेको देखिन्छ।


| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | 88090 |
| पुरुष | 43706 |
| महिला | 44384 |
| अनुपस्थित जनसंख्या | - |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | 98.5 |
| जम्मा घरधुरी संख्या | 10736 |
| औसत परिवार आकार | 6.36 |
| जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | 112.21 |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | 785 |
| ०-१४ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |
| १५-५९ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले सक्रिय जनसंख्या) | |
| ६० वर्षभन्दा बढी उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |

*स्रोत: राष्ट्रिय जनगणना२०७८ प्रारम्भिक नतिजा*

लुम्बिनी साँस्कृतिक नगरपालिकाको अगामी १५ वर्षको जनसंख्याको प्रवृत्ति विश्लेषण

| | यथार्थ जनसंख्या | | औसत वार्षिक वृद्धिदर | प्रक्षेपित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| वर्ष (वि.सं.) | 2068 | 2078 | | 2080 | 2081 | 2082 | 2083 |
| प्रक्षेपित जनसंख्या | **72479** | **88090** | 2.15 | 91926 | 93905 | 95928 | 97994 |

*स्रोत: राष्ट्रिय जनगणना२०६८ तथा रा.ज.ग. २०७८ प्रारम्भिक नतिजा*




विगतको जनसंख्याको वृद्धिदर विश्लेषण गर्दा आगामी दिनहरूमा यस नगरपालिकाको जनसंख्यामा उल्लेख्य वृद्धि हुने अवस्था देखिँदैन। वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल ७२,४९७ जनसंख्या रहेकोमा २०७८ सालको प्रारम्भिक नतिजाअनुसार कुल ८८०९० जनसंख्या रहेको छ।

यस हिसाबले जनसंख्या वृद्धिदर १.९७ प्रतिशत वृद्धिदरको प्रवृत्ति विश्लेषण गर्दा आगामी पाँच वर्षमा अर्थात् वि.सं. २०८२ सालमा हालका जनसाङ्ख्यिक चलहरू यथावत रहेमा जनसंख्या वृद्धि भई कुल ९७,९९४ जनसंख्या हुने अनुमान गरिएको छ। जनसंख्याको वृद्धिदर यही कायम रहेमा निकट भविष्यमा नै यस नगरपालिकाको जनसंख्या चाप अधिक हुने देखिन्छ।

## २.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण

राज्यद्वारा प्रवाह हुने सबै प्रकारको सेवाहरू नगरपालिकाको केन्द्र बाट भइरहेको छ भने थप सेवाहरू प्रत्येक १३ वटा वडाका वडा कार्यालयहरूबाट भइरहेका छन्। यसका साथै विषयगत शाखाहरूबाट कृषि, स्वास्थ्य, शिक्षा सहकारी, रोजगारी लगायतका सेवाहरू प्राप्त गर्न सकिन्छ।

सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ।नगरपालिकामा, निजी अस्पताल र नर्सिङ्गहोम -२, प्राथमिक स्वास्थ्य केन्द्र - १, स्वास्थ्य चौकी ७, सहरी स्वास्थ्य केन्द्र १ खोप क्लिनिक - ३५, गाँउघर क्लिनिक २४ टि. वी उपचार केन्द्र- ९, बर्थीङ सेन्टर- १ साथै केहि पोलि क्लिनिक , क्लिनिक , फार्मेसीरहेकाछन् । वडा नं. २,४,६, ७ र १३ मा आधारभुत स्वास्थ्य केन्द्र बन्दै गरेको छ । अति जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवा प्राप्त गर्न नगरवासीलाई अन्य सुविधायुक्त शहरहरुमा जानुपर्ने बाध्यता छ। आधारभूत स्वास्थ्य सेवाको प्रबन्ध गर्न प्रत्येक वडामा सुविधासम्पन्न स्वास्थ्य संस्थाहरू स्थापना गर्नुका साथै भइरहेका स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्नुपर्ने देखिन्छ। नगरपालिकाले स्वास्थ्य सेवामा सबै जनताको पहुँच पुऱ्याउने उद्देश्यकासाथ सबै स्वास्थ्य संस्थामा व्यवस्थापन समिति गठन गरी स्वास्थ्य बिमा कार्यक्रम शुरु गर्नुपर्ने हुन्छ।नेपाल सरकारको “एक स्थानीय तह एक अस्पताल निर्माण” अभियान अन्तर्गत नगरपालिकामा एक १५ शैया को

हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउने सन्दर्भमा शिल्यान्यासभईसकेो र सो सम्पन्न पश्चातस्वास्थ्य सेवा प्राप्तीमा केही राहत मिल्ने देखिन्छ।भौगोलिक हिसाबले सुगम भए पनि नगरपालिकामा एकातिर पर्याप्त मात्रामा सुविधासम्पन्न स्वास्थ्य संस्थाहरूको विकास गर्नु आवश्यक छ भने अर्कोतर्फ सञ्चालनमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरूको पनि स्तरोन्नती गर्नु आवश्यक छ ।

यस नगरपालिकामा शिक्षा सेवाको स्तर सामान्य रहेको छ। हाल नगरपालिकामा १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, ९वटा मा.वि, ८ वटा आधारभुत र प्रा.वि१४समेत गरी३२ वटा सामुदायिक तथा २९ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३५वटा मदरसा रहेका छन् ।सामुदायिक विद्यालयको स्तर वृद्धि गर्नुपर्ने ठूलो आवश्यकता रहेको छ भने उच्च अध्ययन र प्राविधिक शिक्षाका लागि थप लगानी गर्नु पर्ने देखिन्छ । कृषि, प्रर्यटन र उद्योग क्षेत्रको व्यापक विकासको सम्भावना बोकेको यो नगरपालिकामा बहुप्राविधिक शिक्षालयको पनि आवश्यकता रहेको छ ।

तराईको नगरपालिका भएकाले भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता छ। तर पानी शुद्धिकरणको प्रभावकारी उपाय अवलम्बन नभएको पाइन्छ। यसैले पिउने पानीको शुद्धताको सुनिश्चितता गरिनु जरुरी छ।हाल नगपालिकामा वडा न. १२ मा मात्र एउटा आमा खानेपानि आयोजना सञ्चालनमा रहेको छ। आयोजनाबाट १५३ घरधुरी लाभान्वित छन् । पडरिया खा.पा योजना, तेनहवा खा.पा योजना, डिपट्युबवेल, कर्महवा खा.पा योजना, समयमाई खा.पा योजना, समयमाई खा.पा योजना, महिलबार खा.पा योजना, मधुवनि खा. पा योजनाहरु निर्माणाधिन अवस्थामा रहेका खानेपानी आयोजनाहरु हुन् ।

नगरपालिकाको शान्ति सुरक्षाको अवस्था हेर्दा सामान्य रहेको देखिन्छ। वडा नं. ३ मा शसस्त्र बेस क्याम्प, वडा नं. ११ मा महादेव शसस्त्र प्रहरी विट, वडा नं.१२ मा प्रहरी चौकी, वडा नं. १३ मा प्रहरी चौकी, बयर घाट शसस्त्र प्रहरी चौकी रहेको छ । प्रत्येक वडामा शान्ति सुरक्षा र अमनचैन कायम गर्न प्रहरी चौकी सहित सुरक्षा निकायहरूलाई विस्तार गर्नुपर्ने देखिन्छ।

आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैङ्कबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ। यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरुको समेत बैङ्किङ सेवामा पहुँच पुऱ्याउन अपरिहार्य जस्तै भइसकेको छ।नगरपालिकामा ग्लोबल आई.एम.इ बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया,सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, एन. सि. सि, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनानन्स,उत्थान लघुवित्त, सबैको लघुवित्त, आई. एम. ई र थुप्रै वचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् ।

नगरपालिकामा ठूला उद्योगहरु सञ्चालनमा आउन नसके पनि उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी सञ्चालन हुने विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरु रहेका छन् जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ।नगरपालिकाको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल, आइसक्रिम उद्योग, ग्रील उद्योग, कष्ठ उद्योग,वडा नं. ७ मा काष्ठ उद्योग, राइस मिल, ग्रील उद्योग, वडा नं. १० मा हिरा इट्टा उद्योग , ग्रील उद्योग , लगायतका उद्योगहरू रहेका छन् ।

नगरपालिकामामनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि क्रिकेट तथा फुटबल मैदानहरू, खुल्ला जमिन, चौर, पोखरी, पार्कहरू, पिकनिक स्थलहरुमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरेको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भईसकेका छैनन् ।(प्राय सबै बिद्यालयहरुको आफ्नै चौर स्कुल कम्पाउण्ड भित्र) नगरपालिकाको वडा नं. १ मा भगवानपुर खाली जग्गा, नन्द नगर देखि पूर्वको मैदान (३ विघामा), वडा नं. ६ मा तेनुहवा मा.वि को खेल मैदान, तर्कुलाहको सार्वजनिक जग्गा ( ३ विगाह), तेनुहवाको स्कुल पछाडीको जमिन, स्वास्थ्य चौकि उत्तर-पूर्व तर्फको जमिन, पर्सा तेलार नदि किनारको जग्गा, जस्ता खेलमैदानहरु रहेका छन् ।

नगरपालिकामा रहेको कुल खेतीयोग्य जमिनमध्ये ८९.८७ प्रतिशतजमिनमा सिंचाई सुविधा पुगेको देखिन्छ भने १० % जमिन असिंचित अवस्थामा देखिन्छ। नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट, तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहेको छ । संचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरु आयात गर्नुपर्ने हुन्छ जसले गर्दा परनिर्भरता बढ्न जान्छ। तसर्थ नगरपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा गुइठा/ठोरहा सबैभन्दा बढी ८,२२२ (८२.८६ प्रतिशत) रहेको छ भने दोश्रोमा ९.८८ प्रतिशत घरपरिवारले खाना पकाउनको लागि गुइठा वा काठदाउराको प्रयोग गरेको तथ्याङ्कले देखाउछ। यसरी धेरै काठ दाउराको प्रयोगले एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समय समेत बढी खर्च हुने देखिन्छ। तसर्थ ग्रामीण भेगहरुमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्न सकिन्छ ।यस्तै नगरपालिकामा दैनिक वत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा जम्मा ५८.३२ प्रतिशत घरपरिवारले विद्युतको प्रयोग गरेको देखिन्छ। यस तथ्याङ्कलाई हेर्दा विद्युतिकरणमा व्यापक विस्तार र विकास गर्नपर्ने देखिन्छ ।

सामान्यतया वस्तीहरू बाक्लो भएका क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन्। मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएकोले यो नगरपालिकामा इन्टरनेट प्रविधिको पहुच पुगेको देखिन्छ ।वडा नं. ३, १० र ९ मा तारसहितको टेलिफोनकासुविधा छ । नगरपालिकामा यहाँ राष्ट्रिय दैनिकको सहज आपूर्ति नगरपालिका कार्यालयमा भए पनि स्थानीयहरू सूचनाको पहुँचबाट टाढै रहेका छन् ।

नगरपालिकामा दैनिकरुपमा बस, मिनिबस, माइक्रोबस, टेम्पो, भेन, जिप, जस्ता सार्वजनिक यातायातका साधनहरु नगरपालिकाभित्र तथा बाहिर विभिन्न रुटमा सञ्चालनमा आइरहेका छन्। नगरपालिकामा पडरिया (लुम्बिनी)- काठमाडौं, पडरिया - भैरहवा, पडरिया- ककरहवा सिमा जस्ता लामो रुट साथै छोटा

रुटमा विभिन्न किसिमका सवारी साधनहरु सञ्चालनमा आएका छन् । लुम्बिनी पडरिया बसपार्क १ विगाहमा फैलीएको छ।तथापि नगरपालिकामा यातायातका साधनहरुको अपर्याप्तता, रुटको कमी तथा व्यवस्थित बसपार्क तथा बस टर्मिनलहरु नहुँदा नगरवासीहरुले सास्ती भोग्नुपरेको छ ।तसर्थ सडक तथा यातायातको योजनाबद्ध एवं व्यवस्थित तवरले विकास गर्नु आवश्यकता रहेको छ ।

नगरपालिकाको सबै वडाहरुमा विभिन्न समुदायको आफ्नै शवदालस्थल, चिहानस्थल तथा कब्रस्थानहरु रहेका छन् ।यस नगरपालिकामा वडा नं. १ कोटलिया घाट (खुनगाई घाट), नन्दनगर घाट, भगवानपुर घाट, तेलार नदिमा हिन्दुहरुले, चिहान (आफ्नै जग्गामा) मुस्लिमहरुले, वडा नं. २ मा लम्तिहवा घाट (दानव नदी), तेलार घाट (केवटलिया), अर्धौली घाटमा हिन्दुहरुले, कबरीस्तान (बलरामपुर मा.वि नजिक) मुस्लिमहरुले,वडा नं. ३ मा पडरिया लंकापुर जोड्ने पुलघाट मा हिन्दुहरुले, सानो पडरिया को कवरीस्तान (गाँउ उत्तर), ठूलो पडरिया को कवरीस्तान (गाँउ पश्चिम) मुस्लिमहरुले,वडा नं. ४ राम जानकी मनोहरा घाट, महुवारी तेलार घाटमा ३५० घरधुरीले, अमारी कवरीस्तान मुस्लिमहरुले, वडा नं. ५ को कोठी नदी ढोडहवाँ गाउँ पश्चिमघाट, हडहवा नालाघाट मा हिन्दुहरुले, हन्नामपुर गाउँपश्चिम कबरीस्तान, तेनहवा स्कुल पूर्वको कवरीस्तान, मोहम्मद नगर पोखरीको उत्तरको कवरीस्तान मा मुस्लिमहरुले वडा नं ६ का लिखिहवा घाट (तेलार नदी), लिखिहवा घाट बड्की भुड, हडहवा नालाघाट मा हिन्दु समुदायले, आफ्नै जग्गा र कबरीस्तान मस्लिम समुदायले, वडा नं. ७सूर्यपुर घाट (कन्चन नदी), तेलार घाट (तेलार नदी), हिन्दुहरुले, वडा नं. ८ को तेलार घाट, शिवपुरा घाट मा हिन्दुहरुले, मुस्लिम समुदायले आफ्नै जग्गामा कबरीस्तान बनाउने चलन, वडा नं. ९ को समुदायले मायादेवी नदी घाट, काटही माइ दानो नदी घाट, पिपरा टोल कवरस्तान, वडा नं. १० मधुबनी घाट, बडौला घाट मा मधेशी समुदायले, महजिदिया शमसानघाट महजिदिया मुस्लिम समुदायले वडा नं. ११ कोठी नदी महादेवा घाट, महतिनिया घाट, भठ्ठा घाट कोठि नदिमा हिन्दुहरुले, मुस्लिमहरुले आफ्नै जग्गामा मा गाड्ने, वडा नं. १२ को आजमा घाट, अरदौली घाट, आमा बनबाटिका घाटमा हिन्दुहरुले र मुस्लिमहरुले आफ्नै जग्गामा, वडा नं. १३ को पैसियाघाट, काली दह घाट, वडवलिया घाट कोठरी नदीमा २०० घरधुरीले दाहसंस्कार गर्ने गरेका छन् ।परम्परागत रुपमा सञ्चालनमा रहेका शवदाहस्थल, कवरीस्तान, चिहानहरुलाई भविष्यमा सहज र व्यवस्थित बनाउनका लागि आश्रयस्थल, खानेपानी तथा काठ दाउराको व्यवस्थापन आदिमा भने ध्यान दिन पर्ने देखिन्छ ।

# परिच्छेद ३: समष्टिगत दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरुवात भए पश्चात देशको शासन तीन तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संबैधानिक व्यवस्था छ ।सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूका आ-आफ्ना अधिकार क्षेत्रहरु तोकिएका छन् । कतिपय अधिकार साझा छन् भने कतिपय एकल प्रकृतिका छन् । सविंधानको अनुसूचि-८ अन्तर्गतस्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोहि बमोजिम स्थानीय तहमा यो नगरपालिकाले पहिलो आवधिक विकास योजना तयार पारेको हो ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ विश्वकै अनुपम बुद्ध जन्मस्थल लुम्बिनी यसै नगरपालिका रहेको । |
| ▪ हालै सम्पन्न गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट निकट रहेको । |
| ▪ भूमिगत जलस्रोतका साथै प्रसस्त उर्वर र समथर जमिनको उपलब्धता रहेको । |
| ▪ धार्मिक पर्यटन, कृषि पर्यटन र शैक्षिक पर्यटनको प्रचुर संभावना रहेको । वडाका कृषि सघन क्षेत्रमा कृषि पर्यटन र बाढी, कटान, डुबान, आदिवासी, कृषि आदिका बारेमा अध्ययन र अनुसन्धान गर्न शैक्षिक पर्यटनको विकास गर्न सकिने । |
| ▪ लुम्बिनी बुद्धको जन्मस्थलको रुपमा प्रचार प्रसार गरी पर्यटक बढाउन सकिन्छ । |
| ▪ कृषि ग्रामको विकास गरी कृषिमा आधारित ठूला तथा मझौला उद्योग स्थापना गर्न सकिने । |
| ▪ राष्ट्रिय राजमार्ग प्रणाली अन्तर्गत पर्ने पूर्व - पश्चिम राजमार्ग, बुटवल - भैरहवा राजमार्ग र भारतीय सीमासँग जोडिएका ठूला शहरहरु साथै ठूला उपभोक्ता बजारहरूको सन्निकटता ( proximity and connectivity) रहेको । |
| ▪ युवा जनशक्ति अर्थात जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्न सकिने । |
| ▪ स्थानीय आवश्यकता र विशिष्टताको आधारमा आफ्ना योजना आफै निर्माण र कार्यान्वयन गर्ने गराउने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको । |
| ▪ तराइको समथर भू -धरातलको प्रधानता रहेकोले प्रत्येक वडा केन्द्रहरूसंगको सम्बन्ध सहज बनाउन सकिने र नगरपालिकालाई हरित क्षेत्र र विश्वकै उत्कृष्ट पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ प्रसस्त खेतियोग्य जमिन र समथर भू-धरातल भएपनि भूमिको वैज्ञानिक सदुपयोग मार्फत |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| कृषिमा व्यवसायिकताको पर्याप्त विकास हुन नसकेको । |
| ▪ सर्म्पूण खेति योग्य जमिनमा सिंचाई सुबिधा पुऱ्याउन नसकिएको । |
| ▪ पर्यटनको राम्रो संम्भावना भएपनि लुम्बिनी क्षेत्र बाहेक स्थानहरुमा आधारभूत पर्यटन पूर्वाधारको विकास हुन नसकेको । पर्यटनलाई व्यावसायिक बनाउने चुनौती रहेको । |
| ▪ कृषि तथा स्थानीय उपजमा आधारित ठूला उद्योगहरुको विकास हुन नसकेको । |
| ▪ शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नगरपालिकामै गुणस्तरीय र आधारभूत सेवा प्रदान गर्नसक्ने अवस्था नरहेको । |
| ▪ बाढी, डुबान र कटानको ठूलो समस्या रहेको । |
| ▪ विकास र समृद्धि तर्फको यात्रामा व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको । |
| ▪ युवा जनशक्तिलाई नगरपालिकाकै विकासमा केन्द्रित गरी यहि बस्ने वातावरण सृजना गर्नुपर्ने चुनौती रहेको । |
| ▪ विकासका भौतिक पूर्वाधारहरूको थप विकास र विस्तार गर्नुपर्ने अवस्था रहेको । |

## ३.१ नगरपालिका समृद्धिका मुख्य संवाहकहरु (Lead Sectors)

### ३.१.१ कृषिक्षेत्र (कृषि ग्राम)

१३ वटै वडाको माटोको नमुनाहरु परीक्षण रिपोर्ट हेर्दा धेरैजसो जग्गाको माटो क्षारिय देखिन्छ । तसर्थ पि.एच को हिसाबले यहाँको माटो लगभग सबैजसो बालीको लागि उपयुक्त देखिदैन । क्षारियमाटो सुधार गर्न प्राङ्गारिक मल बढी मात्रामा प्रयोग गर्नुको साथै हरियो मलको प्रयोग गर्न सकिन्छ । यसका लागि बाह्रै महिना सिंचाइको सुविधा पुग्ने क्षेत्रको विकास र विस्तार गरी वैज्ञानिक, व्यवसायिक र तीव्र उत्पादनमुखि कृषिको प्रवर्द्धन गरी समग्र नगरपालिकालाई एक नमुना कृषि ग्रमको रुपमा विकास गर्न सकिन्छ ।

### ३.१.२पर्यटन

यस नगरपालिकाको केन्द्रमा विश्वभरका बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र शाक्यमुनिगौतम बुद्धको जन्म भुमी र मायादेवि मन्दिर रहेको छ । बौद्ध धमार्वलम्बीको आस्थाको केन्द्र र अन्य पवित्र तिर्थ स्थलहरु पनि रहेको कारण यहा राष्ट्रिय र अन्तराष्ट्रिय बौद्ध धमार्वलम्बीकातथा आन्तरिक एव्म वाह्य पर्यटकहरुको अत्यधिक आगमन हुने गरेको छ । यस नगरपालिकामा रहेको मायादेवीको मन्दिर, कालि मन्दिर, रामजानकि मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनिक स्थल, खेलकुद मैदान, संग्रहालय, लगायतका प्र्यटकिय र धार्मिक स्थलहरु रहेका छन । यति मात्र नभएर यहाँको लोकप्रिय संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होम स्टे जस्तोठाँउहरु विद्यमान रहनुका साथै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले यस नगरलाई सम्पदा पर्यटकीय नगरका रुपमा विकास गर्न सकिने प्रशस्त आधार हरु रहेका छन ।

### ३.१.३ स्थानीयकच्चा पर्दाथमा आधारित उद्योगहरु

यस नगरपालिकाको प्रमुख विकास संवाहकको रुपमा रहेको कृषि क्षेत्रको समुचित विकास पश्चात कृषि उपजमा आधारित प्याकेजिङ, प्रशोधन र गुणस्तर कायम गरी त्यस्ता बस्तुहरूको ब्रान्डिङ गर्न, उद्योगहरु खोल्न सकिने दोस्रो ठूलोसंभावना रहेको छ ।

## ३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरु

### ३.२.१ गौतम बुद्ध अन्तर्राष्टिय विमानस्थलसँगको सन्निकटता

भैरहवा स्थित गौतम बुद्धको अन्तराष्ट्रिय विमास्थल सूचारु हुँदा अन्तराष्ट्रिय पर्यटन तथा व्यापारी, बिधार्थी लगायतको आवागमनको राष्ट्रिय केन्द्रकै रुपमा विकास हुने संम्भावनाका बीच जम्मा १८ कि.मी को दुरीमा रहेको यो विश्व सम्पदा स्थलमा उक्त विमानस्थलको सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ३.२.२ ठूला शहर र राजमार्ग प्रणालीसँगको सन्निकटता

भगवान गौतमक बुद्धको जन्मस्थल लुम्बिनी जस्तो पवित्र धार्मिक स्थल हुनु, रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखि १८ कि.मी.दूरीमा हुनु, कालोपत्रे समेत भएको सडकको सहज र छोटो दुरीको पहुँच राष्ट्रिय राजमार्ग प्रणालीमा हुनु र भारतको सुनौली भन्सारसँगको निकटताले यहाँको विकासलाई गति थप्ने निश्चित छ। यसका साथै बुटवल, भालुवाङ, नारायणगढ तथा नेपालगञ्ज जस्ता ठूला उपभोक्ता बजारहरु समेत निकट रहनु समेत नगरपालिकाको सबल पक्ष हो ।

### ३.२.३ अन्तर्राष्ट्रिय सीमा नाका

नगरपालिकाको तिन वटा वडाको दक्षिण सिमा भारतसंग जोडीएकोलेनगरपालिकाको विकासमा अन्तरदेशीय ब्यापार, पारवहन तथा द्धिपक्षिय सहयोगका क्षेत्रको प्रर्वद्धन मार्फत व्यापक आर्थिक विकासको सम्भावना रहेको छ ।

### ३.२.४ धार्मिक र सामाजिक सहिष्णुता

धार्मिक आस्थाका दृष्टिले नगरपालिका गौतमबुद्ध संग जोडिएका विविध धार्मिक स्थलहरू रहेका छन् ।गौतमबुद्ध को जन्म स्थल मायादेवीको मन्दिर,राष्ट्रिय अन्तराष्ट्रि बौद्ध धर्मालम्बी एंव आन्तरिक एव्म वाहय पर्यटकहरुको अत्यधिक आगमन साथै अन्य मन्दिर जस्तै कालि मन्दिर, रामजानकि मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, जस्ता पवित्र स्थलहरू यहाँका अमूल्य धरोहर हुन् । सबै जातजातिका वीच आपसी सहयोग र सहकार्य गरी सौर्हादतापूर्वकरहनु यहाँको विकासको अर्को महत्वपूर्ण तथा धर्म सम्प्रदायका सहयोगी तत्व हो ।

### ३.२.५ जनसांख्यिक लाभांश

नगरपालिका पार्श्वचित्र र के.त.वि. २०६८ को नतिजा अनुसार यस नगरपालिकामा १५ देखि ५९ वर्ष सम्मका सकृय जनसंख्या ५०.९७ प्रतिशत छ। जनसांख्यिक चक्रमा यसप्रकारको जनसांख्यिक लाभ प्राप्त हुने अवसर इतिहासमा दुर्लभ हुन्छ तर्सथ युवा र सक्रिय जनसंख्याको बाहुल्यता भएको हालको अवस्था नगरपालिकाको विकासको लागि अति महत्वपूर्ण कालखण्ड हो । यो नै विकासको महत्वपूर्ण सहयोगी तत्व हो ।

## ३.२.६ भू-धरातल र प्राकृतिक सम्पदाहरु

मलिलो उब्जाउ युक्त जमिन, पोखरी नै पोखरीले समेटेको जलाधर क्षेत्र, नदी, सार्वजनिक तथा निजी तवरमा लगाइएका बगैंचा तथा हरित क्षेत्र यहाँको मुख्य प्राकृतिक सम्पदाहरु हुन् ।यी सम्पदा नै विकासलाई गतिदिने आधारहरु हुन् ।

| दीर्घकालीन सोच |
|---|
| “समृद्ध, सुखी र खुशी नगरपालिका”<br>प्राकृतिक सम्पदाको उच्चतम सदुपयोग मार्फत तीव्र उत्पादनमुखी व्यवसायिक सम्पदा, पर्यटन, कृषि र उद्योगको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने । |
| **लक्ष्य** |
| भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यवसायिक पर्यटन र कृषिको विकास मार्फत कृषिमा आधारित उद्योगको स्थापना गरी आर्थिक क्रान्ति गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ कृषि, उद्योग, पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरुको विकास मार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु<br>✓ न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु ।<br>✓ विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।<br>✓ पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु ।<br>✓ सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु । |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ आर्थिक क्षेत्रका मूल स्तम्भहरु जस्तै कृषि, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरुलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने । |
| ▪ हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रुपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने । |
| ▪ सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने । |
| ▪ सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने । |
| ▪ विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने । |
| ▪ जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने । |

**नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८३/८४ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | | ९.५ |
| २. | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | | ४० |
| ३. | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | | ५ |
| ४ | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | | ३५ |
| ५ | कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | | २० |
| ६ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | | ५००० |
| ७ | गरिबीको रेखामुनि रहेको जनसंख्या ( निरपेक्ष गरिबी) | प्रतिशत | | ४.९ |
| ८ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | | ११ |
| ९ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | | ७० |
| १० | बेरोजगारी दर | प्रतिशत | | |
| ११ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | ३० |
| १२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | १०० |
| १३ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | १०० |
| १४ | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | १०० |
| १५ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | | ७८ |
| १६ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | | २० |
| १७ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | | १० |
| १८ | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | | ५ |
| १९ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | ९५ |
| २० | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | ९५ |
| २१ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | २० |
| २२ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | ९० |
| २३ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | | १०० |
| २४ | लैंगिक विकास सूचकांक | सूचकांक | | .९० |
| २५ | मानव विकास सूचकांक | सूचकांक | | .५९ |
| २६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका | प्रतिशत | | १०० |

| क.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८३/८४ को लक्ष्य |
|---|---|---|---|---|
| | घरपरिवार | | | |
| २७ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | १० |
| २८ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | ९० |
| २९ | सिंचित क्षेत्रफल | प्रतिशत | | ८१ |
| ३० | पक्की सडकमा पहुँच भएको घरपरिवारको | प्रतिशत | | ८७ |

# परिच्छेद ४- आर्थिक क्षेत्र

## ४.१ भूमि व्यवस्थापन (भू-उपयोग)

### पृष्ठभूमि

समुद्री सतहबाट ८७ मिटर देखि ११० मिटरकाउचाइमा रहेको यस नगरपालिकाको जमिन विशाल गंगा नदी प्रणालीले निर्माण गरेको समथर तराईको उर्वर क्षेत्र हो ।यसर्थ यो समथर भू-भाग पाँगो र बालुवा मिश्रित उर्वर भूमि अन्तर्गत पर्दछ । कुल ११२.२१ वर्ग कि.मी. क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । यसैगरी वस्ती क्षेत्रले ४.४९ प्रतिशत छभने पोखरी क्षेत्र १.२० प्रतिशत रहेको छ ।१.५३ प्रतिशत भू-भाग नदी/खोला किनार तथा बगर क्षेत्रले ओगटेको छ भने बगैचा क्षेत्रले१.४७प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीनसमृद्धि हासिल गर्न सकिन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ तराईको समथर र उर्वर जमिन रहेको । |
| ▪ उत्पादनशील क्षेत्रले करिब ९०प्रतिशतभू-भाग ओगटेको । |
| ▪ भूमिगत जलस्रोतको पर्याप्तता रहेको । |
| ▪ भूमिको वैज्ञानिक र दिगो सदुपयोग मार्फत दीर्घकालिन समृद्धि हासिल गर्न सकिने । |
| ▪ स्थानीय तहमा भूमि व्यवस्थापनसम्बन्धी अधिकार रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ नदीको कारण बाढी, डुवान तथा कटानको समस्या रहेको । |
| ▪ जमिन बाँझो हुने गरेको । |
| ▪ जमिनको पूर्ण र वैज्ञानिक रुपमा सदुपयोग नभएको । |
| ▪ जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने चुनौती रहेको । |
| ▪ भूमिको वैज्ञानिक रव्यावसायिक ढङ्गले पूर्ण सदुपयोग गर्ने चुनौती रहेको । |

| दीर्घकालीन सोच |
|---|
| भू स्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक समृद्धि हासिल गर्ने । |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

| उद्देश्य १: सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । | |
|---|---|
| **रणनिती** | **कार्य नीति** |
| १.१ राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने | १.१.१ नगरपालिकाको जमिनलाई भू-उपयोग योजना अनुरुप वर्गीकरण गरिने छ । |
| | १.१.२ नगरपालिका भित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरुपमा लगत संकलन गरी व्यक्ति सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार पारि भूमि प्रशासन प्रणालीमा आबद्ध गरिने छ । |
| | १.१.३ नगरपालिकामा उपलब्ध सिंचित र असिंचित जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक हुने संयन्त्र निर्माण गरिने छ । |
| १.२ खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्थागर्ने | १.२.१ भूमि बैङ्कको स्थापना गरिने छ । |
| | १.२.२ करारमा खेती गर्न इच्छुक कृषकलाईआवश्यक जमिन उपलब्ध गराइने छ । |
| | १.२.३ बगर वा नदी उकासको जमिनमा खेती प्रोत्साहन गर्न संभाव्यता अध्ययन तथा कृषक अभिमुखीकरण गरिने छ । |
| १.३ जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने | १.३.१ जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गरी बाँझो जमिन राख्ने जग्गा धनीले भूमिकरमा निश्चित प्रतिशतले बढी लिने नियम लागू गरिने छ । |
| १.४ जग्गा चक्लाबन्दी गर्ने | १.४.१ नगरपालिकाभर जग्गा चक्लाबन्दी गर्न चाहने कृषकहरुको विवरण संकलन गरिने छ |
| | १.४.२ सामूहिक खेती र चक्लाबन्दीका फाइदाका बारेमा कृषकअभिमुखीकरण गरिने छ । |
| | १.४.३ जग्गा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने कृषकहरु पहिचान गरी कृषक समूह गठन गरिने छ । |
| | १.४.४ यस्ता सामूहिक खेती गर्न चाहने कृषकलाई कृषि सहकारीसँग आबद्ध गरिने छ । |
| | १.४.५ चक्लाबन्दी गरी सामूहिक खेती गर्न चाहने कृषकलाई मापदण्डका आधारमा मल, वीउ, ज्ञान, सिप, प्रविधि र अन्य कृषि सामग्रीमा निश्चितप्रतिशत अनुदान दिई प्रोत्साहन गरिने छ । |

### भूमि व्यवस्थापन (भू-उपयोग) को विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| भूमि व्यवस्थापन (भू-उपयोग) | | | | | | | | | |
| १. | १.१ | १.१.१ | नगरपालिका भू-उपयोग योजना निर्माण | 1500 | | | | | |
| | | १.१.२ | भूमि अभिलेख प्रणाली निर्माण | | 1000 | | | | |
| | | १.१.३ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | | 500 | 500 | 400 | 300 | |
| | १.२ | १.२.१ | भूमि बैङ्क स्थापना | | | 1000 | 300 | 200 | |
| | | १.२.२ | करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | 650 | 260 | 260 | 260 | 260 | |
| | | १.२.३ | बगर खेती तालिम | | 200 | 200 | 100 | 100 | |
| | १.३ | १.३.१ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना तथा कार्यक्रम निर्माण | 500 | 260 | 260 | 260 | 260 | |
| | १.४ | १.४.१ | जग्गा चक्लाबन्दी गर्ने कृषकको लगत संकलन | | 650 | 130 | 130 | 130 | |
| | | १.४.२ | जग्गा चक्लाबन्दी सम्बन्धी कृषक अभिमुखीकरण | | | 50 | 60 | | |
| | | १.४.३ | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | 300 | 300 | 300 | 300 | 100 | |
| | | १.४.४ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तर्कृया | 100 | 100 | 100 | 100 | 100 | |
| | | १.४.५ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | | | 1500 | 1500 | **1500** | |

#### अपेक्षित उपलब्धीहरु

- नगरपालिकामा उपलव्ध खेतीयोग्य जमिनको वैज्ञानिक र पूर्ण सदुपयोग भएको हुने छ ।

## ४.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

### पृष्ठभूमि

तराइको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले नगरपालिकाको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो ।यो नगरपालिकासमुद्री सतहबाट ९६ मिटर देखि १०० मिटरको उचाइमा फैलिएको छ । कुल ११२.२१ वर्ग कि.मी क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । त्यसैगरी जल क्षेत्रको १.७१ प्रतिशत, वनजंगल (बगैचा) क्षेत्रले ४.९९प्रतिशत भू-भाग ओगटेको छ ।नगरपालिकाका १३ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरु छन् ।हाल खेतीपाती भैरहेको क्षेत्र मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।नगरपालिकाको कुल जनसंख्याको ६० प्रतिशत भन्दा बढी कृषि पेशामा संलग्न रहेकोले नगरपालिकाको दीर्घकालीनविकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ ।नगरपालिकाको प्रमुख नगदे बाली उखु, मास, मुसुरो, अरहर, तोरी र अन्न बालीहरु धान, गहुँ, मकै, आदी हुन । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट भएकाले एकीकृतरूपमा जलवायु अनुकूल माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । विशेषगरीवडा नं. १ मा धान पकेट (खुनगाई) र तोरीको पकेट क्षेत्र भगवानपुर, वडा नं. ९ मा स्मार्ट तरकारी खेती, स्मार्ट धान खेती, वडा नं. १० मा धान, तरकारी (महिलवारी) र केरा खेती (लक्ष्मीपुर), वडा नं. ११ मा तोरी, काला निमक उन्नत धान र तोरी,कृषि पकेट क्षेत्रका रुपमा रहेका छन । तथा उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरुको यहाँ प्रचुर संभावना रहेको छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ प्रसस्त मलिलो खेतीयोग्य जमिनको उपलब्धता हुनु । |
| ▪ भूमिगत जलस्रोतको उपलब्धता हुनु । |
| ▪ अधिकांश जनसंख्याको मुख्य पेशा कृषि रहनु । |
| ▪ कृषिसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरु अनुकूल हुनु । |
| ▪ वैदेशिक रोजगारीबाट फर्केको युवा जनशक्तिमा शिप हुनु तथा कृषि तर्फ आर्कषण बढ्नु । |
| ▪ स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु । |
| ▪ मुख्य खाद्यान्न बालीमा धान, मकै, गहुँ लगायत उष्ण क्षेत्रमा पाइने सबैखाले फलफूल तरकारी र नगदेबालीको उत्पादन हुनु । |
| ▪ नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायतका वस्तुहरूको बजारीकरण हुने गरेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरणर व्यवसायीकरण हुन नसक्नु । |
| ▪ सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग हुन नसक्नुले जमिन बाँझो रहनु । |
| ▪ बैज्ञानिक भू-उपयोग योजना लागू नहुनु । |
| ▪ बाढी, डुवान र कटानको समस्या हुनु । |
| ▪ बाह्रै महिना सिंचाइको सुविधा नहुनु तथा आकाशे खेतीमा भर पर्नु । |
| ▪ जमिन खण्डीकरण हुनु । |
| ▪ शीत भण्डारणको उपलब्धता नहुनु । |
| ▪ कृषि बिमालाई पूर्ण प्रभावकारी बनाउन नसक्नु । |
| ▪ यूवाशक्ति कृषि पेशामा आर्कषित हुन नसक्नु । |
| ▪ किसानको कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, ज्ञान र सिपको अपर्याप्तता र पहुँच कम हुनु । |
| ▪ खुल्ला सीमाका कारण भारतिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु । |
| ▪ बजारको साथै बिक्री मूल्यको सुनिश्चितता नहुनु । |
| ▪ विचौलियाको बिगबिगी हुनु । |
| ▪ परम्परागत खेतीप्रणाली हुनाले निर्वाहमुखी हुनु र उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरुलाई आकर्षण गर्ने ठोस योजना नहुनु । |

| दीर्घकालीन सोच |
|---|
| वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफल यूक्त निर्यातमुखी कृषि |
| लक्ष्य |
| नगरपालिकाको आर्थिक समृद्धिको मूल संवाहकको रुपमा कृषिको विकास गर्ने |
| उद्देश्यहरू |
| ✓ व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु ।<br>✓ नमूना कृषि ग्रामको रुपमा विकास गर्नु ।<br>✓ वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।<br>✓ व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु । |

| उद्देश्य १: व्यवसायिक र उच्च प्रतिफल मुखी उत्पादनमा केन्द्रित हुनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने | १.१.१ नगरपालिकाभर कृषक परिचय पत्र वितरण गर्न कृषकहरूको वर्गीकरण गर्ने नीति निर्माण गरिने छ । |
| | १.१.२ अगुवा कृषकहरूको पहिचान गरी विवरण संकलन गरिने छ । |
| | १.१.३ वर्षमा कम्तीमा एकपटक कृषिको व्यवसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिने छ । |
| | १.१.४ वडास्तरीय कृषक पाठशाला सञ्चालन गरिने छ । |
| १.२ उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने | १.२.१ असिंचित क्षेत्रलाई क्रमश सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकिकरण गरिने छ । |
| | १.२.२ प्रत्येक वडामाअत्यन्त उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरीसघन खेतीका लागि मिश्रित बाली पहिचान गरिने छ । |
| | १.२.३ प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिने छ । |
| | १.२.४ तेलार नदी, दानव नदीवरपरको नदी उकासको क्षेत्र रकिनारमा बगर खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिने छ । |
| १.३ कृषि पकेट क्षेत्रकोविकास गर्ने | १.३.१ वडास्तरमा उच्च मूल्यका फलफुल जस्तै आँप र केरा तथा नगदेबाली विशेष पकेट क्षेत्र घोषणा गर्न संभाव्यता अध्ययन गरिने छ । |
| | १.३.२ बाली विशेष पकेट क्षेत्रलाई केन्द्रित गरी गुणस्तरीय र उन्नत बीउ विजनका लागि स्रोत केन्द्र स्थापना गरिने छ । |
| १.४ अत्यावस्यकिय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने | १.४.१ आवश्यक रासायनिक मलकोआयतन आंकलन गरी समयमै आपूर्ति गर्न नगरपालिकास्तरीय संयन्त्र निर्माण गरिने छ । |
| | १.४.२ प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादनसम्बन्धी तालिमको आयोजना गरिने छ । |
| | १.४.३ वडास्तरमा उत्पादन हुने बालीविषेशका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा सामाग्री केन्द्रको विकास गरिने छ । |
| | १.४.४ कृषि यान्त्रिकीकरण अन्तर्गत किसानले खरिद गर्ने औजारमा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ । |
| | १.४.५ साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमश यान्त्रिकीकरण गर्न एक नगरपालिकास्तरीय Custom Hiring Centerको निर्माण गर्न प्रदेश र सङ्घीय सरकारसँगसमन्वय गरिने छ । |
| १.५ मल तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने | १.५.१ मलको प्रयोग र अनुपात समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिने छ । |
| | १.५.२ मल, विउ विजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न नगरपालिका स्तरीय Call center को स्थापना गरिने छ । |

| | |
|---|---|
| | १.५.३ वडास्तरीय कृषक पाठशालामा मल, विउविजन र विषादी प्रयोगसम्बन्धी सामाग्रीको विकास र सम्प्रेषण गरिने छ । |
| | १.५.४ वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिने छ । |
| | १.५.५ जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिने छ । |
| १.६ सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने | १.६.१ सङ्घीय र प्रदेश सरकार तथा नगरपालिकाको सहजीकरण तथा समन्वयमा व्यवसायिक योजना अनुरुप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिने छ । |
| | १.६.२ सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न कृषि सहकारी विशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.६.३ वैदेशिक रोजगारीमा कृषि पेशामा संलग्न भई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ । |
| १.७ कृषि बिमालाई प्रभावकारी बनाउने | १.७.१ नगरपालिकाको समन्वय र सहजिकरणमा कृषि बिमालाई अनिवार्य बनाई बिमा प्रदायक कम्पनीहरूसंगको सहकार्यमा कृषक मैत्री बनाइने छ । |
| | १.७.२ कृषकहरूलाई कृषि बिमाको आवश्यकता र महत्वका विषयमा सूसुचित गर्न बिमा कम्पनीहरूको सहयोगमा नियमित अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ । |
| | १.७.३ न्यून आय भएका साना किसानहरूलाई निश्चित मापदण्डका आधारमा कृषि बिमामा सहुलियत तथा अनुदानको व्यवस्था गरिने छ । |

| उद्देश्य २: नमूना कृषि ग्रामको रुपमा विकास गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने | २.१.१ कृषि शाखाको समन्वयमा नगरपालिकाका अगुवा र आकांक्षी कृषकहरूलाई देश तथा विदेशमा सघन कृषि क्षेत्र वा कृषि ग्रामको रुपमा विकास भैरहेका क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराइने छ । |
| | २.१.२ अवलोकनबाट प्राप्त अनुभवहरूलाई नगरपालिकाका अन्य कृषकहरूलाई सम्प्रेषण गर्न वर्षमा कम्तीमा १ पटक नगरपालिकास्तरीय कृषक अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |
| | २.१.३ वार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रर्वद्धन गरिने छ । |
| २.२ सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने | २.२.२ उर्वर र खेतीयोग्य क्षेत्रलाई वर्गीकरण गरी क्रमश सघन खेतीक्षेत्र घोषणा गरिने छ । |
| | २.२.३ सघन खेती क्षेत्रहरूलाई निश्चित मापदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय भू-उपयोग नीति अनुरुप खेतीपानी बाहेक अन्य कृयाकलापमा |

| | |
|---|---|
| | प्रयोग गर्न निरुत्साहन गर्ने नीति कार्यन्वयन गरिने छ । |
| २.३ कृषि ग्रामको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्ने | २.३.१ नगरपालिका भित्रका प्रमुख कृषि सडकहरूको पहिचान गरिने छ |
| | २.३.२ प्राथमिकताका आधारमा सघन क्षेत्रका कृषि सडकहरूको स्तरोन्नति गरिने छ । |
| | २.३.३ प्रत्येक वडामा सघन खेती क्षेत्रलाई उपयुक्त हुने स्थानमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिने छ । |
| | २.३.४ नगरपालिकास्तरीय एक चिस्यान केन्द्रको स्थापना गरिने छ । |

| उद्देश्य ३: वातावरणमैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने | ३.१.१ वातावरण र कृषिको अन्तरसम्बन्धका विषयमा विज्ञहरूद्वारा नगरपालिकाका सफल र अगुवा कृषकहरूलाई वर्षमा १ पटक अभिमुखीकरण गरिने छ । |
| | ३.१.२ दिगो कृषिको सैद्धान्तिक र व्यवहारिक पक्षका विषयमा विज्ञहरूद्वारा सम्प्रेषित ज्ञान अगुवा कृषकको अगुवाइमा अन्य कृषकलाई सम्प्रेषण गर्न वर्षमा १ पटक अन्तरक्रिया सञ्चालन गरिने छ । |
| ३.२ नगरपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने | ३.२.१ वडास्तरमा जलवायू र माटो अनुकूल उत्पादन हुने प्रमुख वालीका आधारमा जोन र सुपरजोनको पहिचान र घोषणा गरिने छ । |
| | ३.२.२ जोन र सुपरजोन स्तरीय उत्पादित प्रमुख उत्पादनको वार्षिक अध्ययन प्राप्त गर्न स्वचालित तथ्याङ्क प्रणालीको निर्माण गरिने छ । |
| ३.३निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा “एक वडा एक कृषि” मा आधारित उद्योगको निर्माण गर्ने | ३.३.१ बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थका आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिने छ । |
| | ३.३.२ पहिलो चरणमा “एक वडा एक कृषि” उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिने छ । |
| | ३.३.३ उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि नगरपालिकाद्वारा सहयोग प्रदान गरिने छ । |
| ३.४ कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने | ३.४.१ मौरीपालक कृषकको विवरण संकलन गरिने छ । |
| | ३.४.२ मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिने छ । |
| | ३.४.३ व्यवसायिक मौरीपालक कृषकलाई घारमा अनुदान प्रदान गरिने छ । |
| | ३.४.४ उत्पादित महलाई प्रशोधन र प्याकेजिङ्ग गरिने छ । |
| | ३.४.५ मह उपभोक्ता बजार तथा मागको अध्ययन गरिने छ । |

## जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरु पाइन्छन् । यस नगरपालिकामा पनि विशेषगरी जडिबुटीहरुमा निम, बकाइनो, बोजो, तुलसी, खयर,गुर्जो,पिपला,केमुन, रुदीलो,हर्रो, बर्रो, तेजपत्ता,अमला, लजावती झार, तितेपाती, असुरो, कुरीलो, वाबरीआदि जस्ता जडीबुटीहरु पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

| उद्देश्य ४ : व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ नगरपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने | ४.१.१ विज्ञको सहयोगमा नगरपालिकाभर पाइने जडीबुटीहरूको पहिचान गरी विवरण संकलन गरिने छ । |
| | ४.१.२ पहिचान भएका जडीबुटीको नमूना तथा तीनको गुण विशेषता र उपयोग समेटेर नगरपालिकामा एक Herbarium तयार पारिने छ । |
| | ४.१.३ आफ्नो वरपर रहेका बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्न जनस्तरमा जनचेचना फैलाउन स्थानीय संचार माध्यामहरूको सहयोग लिइने छ । |
| | ४.१.४ पूर्ण विवरण तयार पारी जडीबुटीको फाइदा र विशेषता सहित ब्रोसर तथा पुस्तक तयार पारिने छ । |
| | ४.१.५ स्थानीय स्तरमा प्राप्त हुने बहुमूल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माणगरी प्रसारण गरिने छ । |
| ४.२ कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गरिने छ । | ४.२.१ नगरपालिकामा जडीबुटी उत्पादनलाई पेशागत र व्यवसायिक बनाउन चाहने कृषकको विवरण संकलन गरिने छ । |
| | ४.२.२ इच्छुक कृषकहरूलाई नगरपालिकाकोतर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गरिने छ । |
| | ४.२.३ नगरपालिकाभर प्राकृतिक चिकित्सा, आयूर्वेद विज्ञान तथा योग साधनामा लागेका अग्रजहरूको सहयोगमा व्यवसायीक किसानको मनोबल बढाउन वर्षमा एक पटक जडीबुटीको व्यवसायीक उत्पादनसम्बन्धी अन्तरक्रिया गरिने छ । |
| ४.३ कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रर्वद्धन गरिने छ । | ४.३.१ कृषिसंगै जडीबुटी समेत उत्पादन गर्ने कृषकलाई जडीबुटी उत्पादनसम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याइने छ । |
| | ४.३.२ अन्तरवाली अन्तर्गत कृषि बाली संगसंगै जडीबुटी उत्पादन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिने छ । |

| | |
|---|---|
| | ४.३.३ नगरपालिकामा खेर गइरहेको जमिन र वनक्षेत्रलाई व्यवसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा दिन व्यवस्था मिलाइने छ। |
| | ४.३.४ कृषि उपज संकलन केन्द्रलाई जडीबुटी समेत संकलन केन्द्रका रुपमा विकास गरिने छ। |
| | ४.३.५ अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाई जडिबुटी उत्पादनमा आर्कषण गर्न व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ। |
| | ४.३.६ नगरपालिका स्तरीय एक जडिवुटी नर्सरी स्थापना गर्न संम्भाव्यता अध्ययन गरिने छ। |

## पशुपंक्षी विकास तथा मत्स्यपालन

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांशघरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन्। उष्ण क्षेत्रमा उपयूक्त हुने जातका गाई, भैंसी, बाखा, भेडा, बगुंर, कुखुरा, हाँस, ब्रोइलर कुखुरा, बट्टाई, मौरी लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ। पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ।अर्कोतर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएतापनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक माछापालन भने यो नगरपालिका रहेको छैन। माछा हरुमाविगहेडकार्प, कमन, ग्रासकाप, सिल्भरकार्प, प्रजाती र स्थानिय प्रजातीमा मङ्गुर, रोहु हुन। नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूल माछा पालन गर्न उपयूक्त देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ समथर भू-धरातल र उष्ण क्षेत्रमा उपयूक्त जातका पशुपन्छी र माछा उत्पादन गर्न सकिने। |
| ▪ दुध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने। |
| ▪ राष्ट्रिय राजमार्ग प्रणालीसंग जोडिएको र ठूला उपभोक्ता बजारहरू समेत नजिक भएको। |
| ▪ पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरु सञ्चालन गर्न सकिने। |
| ▪ व्यवसायीक उत्पादन बढाउन सके माछाको बजारको समेत राम्रो सम्भावना रहेको। |
| ▪ विभिन्न वडाहरुमा व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालनमा रहनुका साथै प्रधानमन्त्री कृषि कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालनमा रहेको। |
| ▪ वडा नं. २ को समुहलाई स्प्रे ट्याङ्की, पम्पिडसेट-१, उन्नत बिउ, कुखुरा पालन तालिम तथा कुखुरा वितरण, माछाका भुरा वितरण रु २०००० हजार (पुरै गाँउ) तरकारी खेती अनुदान ६५ जनाले पाएको। |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ धेरै पोखरी भएकोले माछापालन पकेट बनाउन सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ यस क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको । |
| ▪ कृषि पूर्वाधार विकासमा चुनौती रहेको । |
| ▪ युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरुलाई यस क्षेत्रमा आर्कषण गर्नुपर्ने । |
| ▪ पशुपन्छी तथा मत्स्य सेवा केन्द्र तथा प्राविधिकहरुको पर्याप्त व्यवस्था नभएको । |
| ▪ दुध, मासु, अण्डा, माछाको माग अनुसार आपूर्ति पर्याप्त गर्न नसकिएको । |
| ▪ भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपरेको । |

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।<br>✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।<br>✓ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु । |

| उद्देश्य १: पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने | १.१.१ वडास्तरमा उद्यमशिल सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिने छ । |
| | १.१.२ कृषि उद्यमीहरूको उत्प्रेरणाका लागि वडास्तरमा उनीहरूको सोच र योजनाबारे सूचना संकलन गरी Start-up का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालनसम्बन्धी असल अभ्यास तथा प्राविधिक |

| | |
|---|---|
| | पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ । |
| १.२ युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने | १.२.१ निश्चित मापदण्डका आधारमा एकल तथा सामुहिक रुपमा पशुपन्छी पालनमा व्यवसायिक रुपमा जान खोज्ने कृषक तथा कृषक समूहलाई ब्याजमा अनुदान दिइने छ । |
| | १.२.२ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ । |
| | १.२.३ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिने छ । |
| १.३ पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | १.३.१ पशुपालनलाई आवश्यक घाँसको उत्पादन, वीउ तथा बेर्ना वितरण गरिने छ । |
| | १.३.२ खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादनसम्बन्धी तालिम सञ्चालन गरिने छ । |
| | १.३.३ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवामार्फत विस्तार गरिने छ |
| | १.३.४ पशुबिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया गरिने छ । |
| | १.३.५ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Centerको व्यवस्था गरिने छ । |
| | १.३.६ कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिने छ । |
| | १.३.७ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिने छ । |
| | १.३.८ पशुशिक्षा प्रर्वद्धन गर्न वडास्तरमा कृषक पाठशाला सञ्चालन गरिने छ । |
| | १.३.९ व्यवसायिक पशुपालक कृषकलाई लागत सहभागिता माCow Mat वितरण गरिने छ । |

| उद्देश्य २: पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने | २.१.१ नगरपालिकाभर पालिने पशुपन्छीको विवरण अध्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिने छ । |
| | २.१.२ नगरपालिकामा हरेक वर्ष पशुपन्छी जन्य उत्पादनको माग आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाई निर्यातमुखी बनाइने छ । |

| | |
|---|---|
| | २.१.३ हरेक वर्ष नगरपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अध्यावधिक गरिने छ । |
| २.२ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने | २.२.१ नगरपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिने छ । |
| | २.२.२ पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा मागको अध्ययन गनिरेछ । |
| | २.२.३ ती उत्पादनहरूको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तरजाँच गर्ने व्यवस्था मिलाइने छ । |
| | २.२.४ उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिने छ । |

| उद्देश्य ३ : माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ माछापालनमा इच्छुक कृषक पहिचान गर्ने | ३.१.१ प्रत्येक वडामा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरिने छ । |
| | ३.१.२ माछापालन गर्न चाहने कृषकलाई प्राविधिक ज्ञान र सिपका लागि तालिमको व्यवस्था गरिने छ । |
| ३.२ माछाका भूरामा अनुदान दिने | ३.२.१ निश्चित मापदण्डका आधारमा माछापालककृषकलाई पहिलो पटक भूरामा अनुदान दिइने छ । |
| | ३.२.२ स्थानीय जलवायू अनुकूल उत्पादन हुनसक्ने माछाका बारेमा कृषकलाई जानकारी प्रदान गरिने छ । |
| | ३.२.३ माछा उत्पादनसम्बन्धी सल्लाह दिन प्राविधिक सहयोग प्रदान गरिने छ । |
| ३.३ माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने | ३.३.१ स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन गरिने छ । |
| | ३.३.२ माछाको निर्यातका लागि संकलन भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना गरिने छ । |
| ३.४ पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने | ३.४.१ स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडा स्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईने छ । |
| | ३.४.२ त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिने छ । |
| | ३.४.३ नगरपालिकामा पानीको उपलब्धता भएका सार्वजनिक तथा गुठी अन्तर्गतका पोखरीहरु ठेक्कामा लगाइने छ । |

कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी | | | | | | | | | |
| १. | १.१ | १.१.१ | पशुपंक्षी पालक कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | 1300 | | 650 | | | |
| | | १.१.२ | अगुवा कृषकको विवरण संकलन | | 650 | | | | |
| | | १.१.३ | व्यवसायीकरणसम्बन्धी अगुवा कृषक अभिमुखीकरण | | | 500 | 500 | 300 | |
| | | १.१.४ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | | 1000 | 500 | 500 | 500 | |
| | १.२ | १.२.१ | नगरपालिकाका प्रमुख सिंचाइ योजनाहरूको प्राथमिकिकरण | 200 | | | | | |
| | | १.२.२ | वडास्तरीय सघन कृषि क्षेत्र तथा खेती मिश्रित बाली/अन्तरबाली वर्गीकरणतथा पहिचान | 650 | 260 | 260 | 260 | | |
| | | १.२.३ | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | | 1300 | | | | |
| | | १.२.४ | बगर खेती क्षेत्र पहिचान र विवरण संकलन | | 300 | 400 | 400 | 200 | |
| | १.३ | १.३.१ | कृषि पकेट क्षेत्र संभाव्यता अध्ययन र घोषणा | | | 650 | | | |
| | | १.३.२ | पकेट क्षेत्रस्तरीय स्रोतकेन्द्र निर्माण | | | | 1000 | | |
| | १.४. | १.४.१ | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | 650 | 100 | 100 | 100 | 100 | |
| | | १.४.२ | वडास्तरीय प्राङ्गारीक तथा हरित मल उत्पादन तालिम | | | 260 | 260 | 260 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.४.३ | वडास्तरीय बीज बैङ्क (Seed Bank)निर्माण | | | | 1300 | | |
| | | १.४.४ | कृषि यन्त्र अनुदान | | 500 | 600 | 700 | | |
| | | १.४.५ | नगरपालिकास्तरीयCustom Hiring Center निर्माण | | | | 500 | 1000 | |
| | १.५ | १.५.१ | मल, बीउ, विषादी आदिको प्रयोगसम्बन्धी कृषि शिक्षा प्रसारण | | | 100 | | | |
| | | १.५.२ | नगरपालिकास्तरीय कृषि Call Center को स्थापना | | | | 500 | | |
| | | १.५.३ | कृषक पाठशालाका लागि पाठ्यक्रम निर्माण | | | 500 | | | |
| | | १.५.४ | घुम्ती माटो परीक्षण शिविर सञ्चालन | 100 | 100 | 100 | 100 | 100 | |
| | | १.५.५ | जैविक विषदी उत्पादन तालिम | | | 500 | 200 | 100 | |
| | १.६ | १.६.१ | व्यवसायिक कृषि योजना अनुदान तथा सहुलियत | 1000 | 1000 | 1000 | 1000 | 1000 | |
| | | १.६.२ | कृषक तथा सहकारी विशेष अन्तरक्रिया | | | 300 | | | |
| | | १.६.३ | वैदेशिक रोजगारीबाट फर्किएका युवालाई विशेष कृषक अभिमुखीकरण | | 200 | 200 | 200 | | |
| | | | युवा कृषक विशेष अनुदान तथा सहुलियत | | 300 | 400 | 500 | 600 | |
| | १.७ | १.७.१ | कृषक तथा बिमा कम्पनी बीच अन्तरक्रिया कार्यक्रम | | | | 150 | | |
| | | १.७.२ | विपन्न कृषक बिमा अनुदान | | 100 | 100 | 200 | 250 | |
| २. | २.१ | २.१.१ | कृषि ग्राम विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | | | 200 | | | |
| | | २.१.२ | अगुवा तथा साना किसान बीच अन्तरक्रिया कार्यक्रम | | 50 | | | | |
| | | २.१.३ | वार्षिक कृषि मेलाको आयोजना | | 500 | 500 | 500 | 500 | |
| | २.२ | २.२.१ | सघन कृषि क्षेत्र विशेष मापदण्ड निर्माण | 300 | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | २.२.२ | कृषि क्षेत्र विशेष मापदण्ड कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण | | 100 | | | | |
| | २.३ | २.३.१ | कृषि सडक (घोषणका लागि) पहिचान | | 250 | | | | |
| | | २.३.२ | कृषि सडक स्तरोन्नति | | 1500 | 2000 | 2500 | 3000 | |
| | | २.३.३. | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन केन्द्र निर्माण | | 500 | 500 | 300 | | |
| | | २.३.४ | नगरपालिकास्तरीय शीत भण्डार निर्माण | | | | 1500 | | |
| ३. | ३.१ | ३.१.१ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक अभिमुखीकरण | | | | 100 | | |
| | | ३.१.२ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक र साना किसान अभिमुखीकरण | | | | 200 | | |
| | ३.२ | ३.२.१ | कृषि जोन र सूपर जोन पहिचान | 650 | | | | | |
| | | ३.२.२ | जोन र सूपर जोन स्तरीय स्वचालित कृषि तथ्याङ्क प्रणालीको निर्माण | | | | 500 | | |
| | ३.३ | ३.३.१ | पकेट क्षेत्र वा जोन/ सूपर जोन स्तरीय कृषि उद्योगको सम्भाव्यता अध्ययन | | 500 | | | | |
| | | ३.३.२ | कृषि उद्यमी विशेष अन्तरक्रिया कार्यक्रम | | | | | 200 | |
| | | ३.३.३ | अगुवा कृषि उद्यमी विशेष अभिमुखीकरण तथा अन्तरक्रिया | | | | 200 | | |
| | ३.४ | ३.४.१ | मौरीपालक कृषकको विवरण संकलन | | 50 | | | | |
| | | ३.४.२ | मौरीपालन तालिम सञ्चालन | | | 500 | | 500 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | ३.४.३ | लागत सहभागितामा मौरीको घारमा अनुदान | | 300 | 500 | 800 | 1000 | |
| | | ३.४.४ | मह ब्रान्डिङसम्बन्धी तालिम सञ्चालन | | | 500 | | | |
| | | ३.४.५ | मह उपभोक्ता बजारको अध्ययन | | 300 | | | 500 | |
| ४. | ४.१ | ४.१.१ | नगरपालिकामा पाइने सबैप्रकारका जडीबुटीको Profile तयार | | | | 200 | | |
| | | ४.१.२ | नगरपालिका स्तरीय Herbarium निर्माण | | | 200 | | | |
| | | ४.१.३ | जडीबुटीसम्बन्धी जनचेतना सञ्चार | | | | 200 | | |
| | | ४.१.४ | जडीबुटीसम्बन्धी ब्रोसर तथा Profile प्रकाशन | | 100 | 100 | 100 | 100 | |
| | | ४.१.५ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना अभियान | | | 200 | | | |
| | ४.२ | ४.२.१ | जडीबुटी उत्पादन कृषकको विवरण संकलन | | 80 | | | | |
| | | ४.२.२ | जडीबुटी उत्पादनसम्बन्धी तालिम सञ्चालन | | | | 500 | | |
| | | ४.२.३ | आर्युवेद प्राकृतिक चिकित्सा, योग प्रशिक्षक तथा कृषक अन्तरक्रिया कार्यक्रम | | | 100 | | | |
| | ४.३ | ४.३.१ | जडीबुटी उत्पादन प्राविधिक सहयोग कक्ष निर्माण | | | 400 | | | |
| | | ४.३.२ | अन्तरबाली अन्तर्गतजडीबुटी उत्पादन तालिम सञ्चालन | | | | 500 | | |
| | | ४.३.३ | खेर गैरहेको जमिन र वन क्षेत्रलाई लिजमा दिन अभिलेखिकरण | | 150 | | | | |
| | | ४.३.४ | कृषि उपज संकलन केन्द्रमा जडीबुटी संकलन कक्ष | | | 1000 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | निर्माण | | | | | | |
| | | ४.३.५ | अति विपन्न कृषकलाई जडीबुटीको व्यवसायिक उत्पादनमा अनुदान | | | | 200 | 300 | |
| | | ४.३.६ | जडिवुटी नर्सरीको संम्भाव्यता अध्ययन | | | 400 | | | |
| पशुपन्छी तथा मत्स्यपालन | | | | | | | | | |
| १. | १.१ | १.१.१ | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | | 1000 | | | | |
| | | १.१.२ | व्यवसायिक पशुपन्छी पालनलाई Venture Capitalको प्रबन्ध | | | | 300 | | |
| | | १.१.३ | अगुवा तथा युवा कृषक विशेष अभिमुखीकरण तथा तालिम | | | 150 | | | |
| | १.२ | १.२.१ | व्यवसायिक पशुपन्छी पालक कृषकलाई व्याज अनुदान | | 100 | 130 | 180 | 200 | |
| | | १.२.२ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | | | 500 | 400 | 500 | |
| | | १.२.३ | सामुहिक व्यवसाय गर्ने समूहलाई व्याजमा सहुलियत | | 100 | 150 | 200 | 250 | |
| | १.३ | १.३.१ | घाँसको बीउ तथा बेर्ना वितरण | | | 500 | | 500 | |
| | | १.३.२ | घाँसको व्यवसायिक उत्पादनसम्बन्धी कृषक तालिम | | | | 400 | | |
| | | १.३.३ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | | 300 | | 350 | | |
| | | १.३.४ | पशुबिमा अनुदान तथा अन्तरक्रिया | | 200 | 250 | 300 | 350 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.३.५ | पशुखोप घुम्ती सेवा | | 800 | 850 | 950 | 1050 | |
| | | १.३.६ | कृत्रिम गर्भाधान सेवा सञ्चालन | | 200 | 200 | 200 | 200 | |
| | | १.३.७ | कृषिदाना उद्योग सहुलियत अनुदान | | | | 300 | | |
| | | १.३.८ | पशु कृषक पाठशाला सञ्चालन तथा शिक्षक प्रबन्ध | | 500 | | | | |
| | | १.३.९ | लागत सहभागितामा Cow Matवितरण | | 300 | 350 | 400 | 500 | |
| २ | २.१ | २.१.१ | पशुपन्छी तथ्याङ्क अद्यावधिक प्रणाली निमार्ण | | | 300 | | | |
| | | २.१.२ | वार्षिक पशुजन्य उत्पादन माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | | 2000 | | | | |
| | २.२ | २.२.१ | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण | | | | 800 | | |
| | | २.२.२ | सम्भाव्य बजार तथा मागको अध्ययन | | 300 | | | | |
| | | २.२.३ | प्रशोधन, लेबलिङ, गुणस्तर मापन तथा ब्रान्डीङसम्बन्धी तालिम | | | 500 | 400 | | |
| | | २.२.४ | मुख्य उपभोक्ता बजार स्थित व्यापारीहरूसँग माग संकलन | | | 100 | | | |
| ३. | ३.१ | ३.१.१ | माछा पालक कृषक विवरण संकलन | | 150 | | | | |
| | | ३.१.२ | माछापालन तालिम सञ्चालन | | 200 | 250 | 300 | 500 | |
| | ३.२ | ३.२.१ | भुरा वितरण | | 400 | 400 | 450 | 450 | |
| | | ३.२.२ | माछापालक कृषक प्राविधिक ज्ञान सम्प्रेषण | | 200 | | | | |
| | | ३.२.३ | माछा पालन प्राविधिक सहयोग कक्ष स्थापना | | | 500 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | ३.३ | ३.३.१ | स्थानीय तथा ठूला उपभोक्ता बजारमा मागको अध्ययन | | 200 | | | | |
| | | ३.३.२ | माछा संकलन, भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना | | | 500 | | | |
| | ३.४ | ३.४.१ | माछा पोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागितामा अनुदान | | 500 | 600 | 700 | 800 | |
| | | ३.४.२ | पोखरी निर्माणमा प्राविधिक सहयोग | | 50 | 50 | 50 | 50 | |
| | | ३.४.३ | नगरपालिकाको स्वामित्वमा रहेका पोखरी निर्माण तथा पुनर्उत्थान | | 2500 | 2500 | 2500 | 2500 | |

### अपेक्षित उपलब्धीहरू

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुने छ
- कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुने छ
- खाद्यान्न, मासु, अण्डा, दुधमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन हुने छ
- कृषिमा युवा कृषकहरूको आर्कषण बढेको हुने छ
- कृषि ग्रामकालागि आवश्यक पूर्वाधारहरूको विकास भएको हुने छ।
- व्यवसायीक जडीबुटी उत्पादनको सुरुवात भएको हुने छ।

## ४.३ सहकारी

### पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। यस नगरपालिकाको कार्यक्षेत्र रहनेगरी हालसम्म ९२ वटा सहकारी संस्थाहरु दर्ता भई कोपोमिसमा प्रविष्टि रहेका छन्। यी संस्थाहरुमा महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय गरी सबै प्रकारका छन् ।यी सहकारीहरू मुख्य गरी घना वस्ती भएका मुख्य बजार केन्द्रहरू जस्तै वडा नं. १ मा मकरध्वज कृषि सहकारी सस्था,न्यु स्टार कृषि सहकारी संस्था, वडा नं. ३ मा श्री कमलपोखरी कृषि सहकारी संस्था, वडा न १० मा ज्योति कृषि सहकारी संस्था ,वडा नं ६ मा योगदान कृषि सहकारी संस्था र बद्रीनाथ सहकारी संस्थाहरु बजारहरुमा केन्द्रित भएर रहेका छन्।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ सहकारी क्षेत्रतर्फ क्रमश: जनताको आर्कषण बढ्दै गैरहेको। |
| ▪ सानो रकम भए पनि बचत गर्नुपर्छ भन्ने चेतनाको क्रमश विकास भएको। |
| ▪ सामुहिकता र सहकार्यमार्फत आर्थिक विकासको सम्भावना रहेको। |
| ▪ सहकारीको परिचालन, नियमन, अनुगमन र खारेजीसम्बन्धी अधिकार स्थानीय सरकारलाई प्राप्त भएको। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ➢ सहकारीको संख्यामा वृद्धि भएतापनि गुणात्मक विकास हुन नसकेको। |
| ➢ आर्थिक अनुशासन कायम हुन नसक्दा आम नागरिकको बचत जोखिममा पर्ने गरेको। |
| ➢ सहकारीको मूल मर्म अनुसार विकास हुन नसकेको। |
| ➢ नियामक निकायको प्रभावकारीतामा कमी रहेको। |
| ➢ जनचेतनाको व्यापक विकास गर्नुपर्ने। |
| ➢ कृषि, उद्योग तथा व्यवसायिकता विकासमा यसको योगदान वृद्धि गर्नुपर्ने। |

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्यमार्फत सबल अर्थतन्त्र निर्माण। |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु |

| उद्देश्य १: सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि, कुशल व्यवस्थापन र विस्तार गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने | १.१.१ स्थानीय सञ्चार माध्यमको सहयोगमा सहकारीको महत्व सम्बन्धमा नियमित जनचेतना कार्यक्रम सञ्चालन गरिने छ र सहकारी सञ्चालकहरुलाई संस्थागत क्षमता विकास गर्न सङ्घीय तथा प्रदेश सरकारहरूको सहयोगमा क्षमता विकास अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| | १.१.२ सहकारी विकास तथा प्रवर्द्धनको लागि स्रोत सामग्रीहरूको निर्माण एवं प्रचार प्रसार गरिने छ । |
| | १.१.३ महिलाहरुलाई सहकारीतातर्फ आकर्षण गर्न महिला सहकारी विस्तार उत्प्रेरणा तालिम सञ्चालन गरिने छ । |
| १.२ उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन गर्ने | १.२.१ नगरपालिकाले सहकारीको अनुमति, खारेजी तथा विघटनको पूर्ण अभिलेखिकरण गर्ने संयन्त्र तथा स्थानीय नीति कानून, मापदण्डको निर्माण गर्नेछ । |
| | १.२.२ सहकारी संस्थाहरूको सुदृढीकरण र विकासको लागि नियमित अनुगमन र सुपरीवेक्षण गरीने छ । |
| | १.२.३ सहकारीले स्थानीय अर्थतन्त्रमा पार्ने र पारेको प्रभावहरुको वस्तुगत अध्ययन गरिने छ । |

| उद्देश्य २ : सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रका लाग्न उपयूक्त वातावरण निर्माण गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ सहकारी नीति परिमार्जन तथा निर्माण गरी नगर अर्थतन्त्र मैत्री बनाउने | २.१.१ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्र जस्तै कृषि, उद्योग तथा पर्यटनमा लगानी अभिवृद्धि गर्न स्थानीय सहकारी नीति र ऐनमा आवश्यक सूधार संशोधन र परिमार्जन गरिने छ । |
| | २.१.२ अति विपन्न नागरिक तथा मजदुरहरूलाई सामुहिक बचत गर्ने बानी बसाल्न उत्प्रेरणा अभिमुखीकरण गरिने छ । |
| | २.१.३ निश्चित मापदण्डका आधारमा बचत, लगानी तथा ऋण परिचालनमा अब्बल एक सहकारीलाई वार्षिक उचित पुरस्कारको व्यवस्था गरिने छ । |
| | २.१.४ सहकारीलाई उत्पादन तथा रोजगारीसँग जोडी नागरिकको जीवनस्तरमा सुधार ल्याईने छ । |
| २.२ सहकारीलाई व्यवसायिककरणका अभ्याससँग एकीकृत गर्ने | २.२.१ सहकारी खेतीलाई प्रोत्साहन गर्न कृषि सहकारी संस्थाको सहयोगमा व्यवसायिकता प्रबर्द्धन तालिम सञ्चालन गरिने छ । |
| | २.२.२ सहकारीसँग उद्योग र सेवा क्षेत्र विस्तार गर्ने नीति अनुरुप सहकारीमा आधारित स्थानीय उद्योग र सेवाक्षेत्रको सम्भाव्यता अध्ययन गरिने छ । |
| | २.२.३ सम्भाव्यता र लागत लाभका आधारमा सहकारी खेती वा उद्योग वा सेवा क्षेत्रमा लाग्न चाहने सहकारीका सरोकारवाला सदस्यहरुलाई व्यवसाय विशेष क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने छ । |

### सहकारीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७८/७९ | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | |
| सहकारीको विस्तृत कार्यक्रम | | | | | | | | | |
| १. | १.१ | १.१.१ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | 15 | 15 | 15 | 15 | 15 | |
| | | १.१.२ | स्रोत सामग्रीहरूको निर्माण एवं प्रचार प्रसार | 100 | 100 | 100 | 100 | 100 | |
| | | १.१.३ | महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम | 300 | 350 | 350 | 350 | 350 | |
| | १.२ | १.२.१ | क) कोपोमिसमा सहकारीहरु लाई आबद्धता गराई तथ्याँक प्रणाली निर्माण, कोपोमिस तालिम प्रदान गर्ने<br>ख) सहकारी व्यवस्थापन कार्यविधि प्याकेज,नीति, कानून तथा मापदण्ड निर्माण | 400 | 300 | 300 | 200 | 200 | |
| | | १.२.२ | सहकारी नियमन लाइ प्रभावकारी गराउन अनुगमन र सुपरीवेक्षण कार्यक्रम | 100 | 100 | 100 | 100 | 100 | |
| | | १.२.३ | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | | | | | 400 | |
| २. | २.१ | २.१.१ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | 400 | | | | | |
| | | २.१.२ | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | 130 | 260 | 260 | 260 | 260 | |
| | | २.१.३ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | 100 | 200 | 200 | 300 | 300 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७८/७९ | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | |
| | | २.१.४ | सहकारीमार्फत सुपथ मूल्यको पसल स्थापना गर्न प्रोत्साहन गर्ने | | 100 | | 200 | | |
| | २.२ | २.२.१ | सहकारी खेती प्रवर्द्धन तालिम | 400 | 400 | 300 | 300 | 300 | |
| | | २.२.२ | सहकारीमा आधारित कृषि लाई व्यवसायिकरण गर्न प्रविधिक सहयोग | 500 | 500 | 500 | 500 | 500 | |
| | | २.२.३ | सहकारी उद्योग तथा सेवा क्षेत्रमा जानचाहने उद्यमीलाई विशेष तालिम | 300 | 300 | 300 | 300 | 300ss | |

अपेक्षित उपलब्धीहरू

- ✓ सहकारी संस्थाहरूको संस्थागत र गुणात्मक विकास हुने छ ।
- ✓ सहकारी संस्थाहरूको क्षमता विकास र सेवा विस्तार हुने छ ।
- ✓ कृषि, उद्योग, पर्यटन तथा सेवा क्षेत्रको विकासमा सहकारीको भूमिका वृद्धि हुने छ ।
- ✓ महिलावर्गको सहकारी क्षेत्रमा सदस्यतामा संख्यामा उल्लेख्य वृद्धि हुने छ ।
- ✓ विपन्न वर्गलाई सहकारीमा आवद्ध गर्न सहयोग पुग्ने छ ।

## ४.४ पर्यटन

### पृष्ठभूमि

विश्व सम्पदा सूचीमा सूचीतकृत वृहत लुम्बिनी क्षेत्रका कारण यो नगरपालिका अत्यन्त महत्वपूर्ण छ । हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको विकास थोरै भएपनि नगरपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो । विशेष गरी यो नगरपालिकालाई कृषि पर्यटन, धार्मिक पर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । अत्यन्त उर्वर कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ । हाल विशेष गरी धान, तोरी, मौरी, मकै, तरकारी, माछा पकेट क्षेत्र साथै अन्तरबाली प्रणाली विकास भैरहेकोले सो हेर्न आउने गरी कृषि पर्यटनको विकास गर्न सकिन्छ । यो नगरपालिका शाक्यमुनि गौतम बुद्धको जन्म भुमी तथा मायादेवि मन्दिर रहेको र बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र हो । बौद्ध धर्मको आस्थाको केन्द्र रहेको पवित्र स्थल रहेको कारण नगर क्षेत्रमा राष्ट्रिय अन्तराष्ट्रिय बौद्ध धर्मालम्बी एंव आन्तरिक एव्म वाहय पर्यटकहरुको अत्यधिक आगमन हुने गरेको छ । यस नगरपालिकामा रहेको कालि मन्दिर, रामजानकि मन्दिर, आमा बन बाटिका, पून्यहवा र बगाहवा ताल, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान,श्री नवदुर्गा मन्दिर महादेवा, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनीक स्थल, खेलकुद मैदान, संग्रहालय, यस्ता जस्ता पर्यटकिय र धार्मिकस्थानहरू रहेकाकारण साँस्कृतिक विकास लुम्बिनी सँग जोडेर यस नगरपालिकामा सम्पदा र धार्मिक पर्यटनको विस्तार गर्न सकिन्छ ।यहाँको लोकप्रिय संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, प्रर्वद्धन गर्दै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको मुख्य संवाहक हो ।यसका अलावासबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन् । त्यस्तै यहाँ दशै, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्रि, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व , आजमा को पूर्णीमा नुहाउने मेला (कर्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँकी प्रर्दशनी आदि यहाँको परिवेशलाई जैविक तुल्याएका छन् भने वाद्यवादन तथा बाजाहरुमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष समय/ अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत यहाँको लोकगाथाहरु हुन् । डिकटी, घोङ्गी सेवई, बाखाको मासु, खिंचडी, पुडी, मिठाई जस्ता विषेश नगरवासीको खानपानमा यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संङ्ग्राहालय एवं ऐतिहासिक स्थलहरू (जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्रहालय आदिजोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्ने प्रचुर सम्भावना रहेको छ ।त्यसैगरी अन्तर्राष्ट्रिय सीमा स्तम्भ, बाढी, डुबान, कटान आदिको अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता, इन्जिनियर लगायत यहाँ बसोबास गर्ने जातजाति तथा संस्कृतिका बारेमा समाजशास्त्रिय तथा मानवशास्त्रिय अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई नगरपालिका एक महत्वपूर्ण शैक्षिक गन्तव्य समेत हुन सक्दछ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ बुद्धको जन्मस्थल लुम्बिनी यसै नगरपालिकामा रहेको |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिका क्षेत्रभित्र विभिन्न मन्दिर, मश्जिद तथा चर्च साथै विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका । |
| ▪ नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण गरी यस क्षेत्रलाई आकर्षक पर्यटकीय नगरको रूपमा विकास गर्ने नीति लिइएको । |
| ▪ नगरपालिकाका उपयुक्त स्थलमा निजीक्षेत्रलाई आकर्षित गरी गुणस्तरीय होमस्टे, होटेल तथा लजहरू खोल्न सकिने । |
| ▪ स्थानीय मौलिक कला र संस्कृतिमा तथा लोपोन्मुख जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने । |
| ▪ नगरपालिकामा रहेका आदिबासी, जनजाति तथा अन्य जातजातिको संस्कृति र धर्मको संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिने । |
| ▪ पर्यटनका विभिन्न आयामहरू जस्तै सम्पदा पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, शैक्षिक पर्यटनको विकास र विस्तार गर्न सकिने |
| ▪ विभिन्न जातजातिको मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमूर्त साँस्कृतिक सम्पदाले सम्पन्न रहेकाले साँस्कृतिक पर्यटनको विकास गर्न सकिने |
| ▪ नगरपालिकाले धार्मिक पार्क, पिकनिक पार्क, पर्यटक विश्रामस्थल, शौचालय, प्रवेशद्वार जस्ता पर्यटकीय सौन्दर्यकरणको निर्माण कार्य गर्दै जाने नीति लिएको |
| ▪ प्रत्येक वर्ष विविध जातजाति महोत्सव आयोजना गरी साँस्कृतिक झाँकी, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सिपहरूको प्रदर्शनी गर्न सकिने । |
| ▪ पोखरी, तलाउ तथा खोलानालामा माछापालन, कृषि, तरकारी र फलफूल फर्महरू र अरु साना उद्योगहरू स्थापना गरी कृषि पर्यटकहरू भित्र्याउन सकिने साथै पुरै नगरपालिकालाई नै नमूना कृषि पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने । |
| ▪ **धुपही ताल, प्राकिृतिक प्राचिन ताल, पुन्नोहवा ताल चैनपुरवाको संरक्षण तथा सौन्दर्यकरण गरी पर्यटन भित्राउन सकिने (कनफर्म गर्ने)** |
| ▪ **नौखनिया ताल, बोटिङ्ग, स्टीमा चलाउन सकिने, पार्क बनाउन सकिने** |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ समथर भूधरातल र पर्याप्त सडक सञ्जाल हुँदा हुँदै पनि पर्यटकीय हिसाबले सडक यातायात पर्याप्त र भरपर्दो नभएका तथा अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका |
| ▪ पर्यटक बस्न पर्याप्त होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको |
| ▪ पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको |
| ▪ पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको |
| ▪ आपतकालीन उद्धारको उचित व्यवस्था नभएको |
| ▪ एकीकृत पर्यटन विकासको योजना नबनेको |
| ▪ पर्यटनमैत्री कतिपय धार्मिक तथा पर्यटकीय स्थलहरूको जिर्णोद्धार नभएको |
| ▪ स्वास्थ्य उपचारको सेवा पर्याप्त नभएको |
| ▪ पर्यटक पथप्रर्दशक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू नभएको |

| |
|---|
| ▪ सीमित मात्रामा रहेका बैङ्कहरूको भरपर्दो ए.टि.एम.सुविधा नभएका |
| ▪ लुम्बिनी बाहेक नगरपालिकाका अन्य प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको । |
| ▪ नगरपालिकाको सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको |
| ▪ सुविधा सम्पन्न होटल, रेष्टुरेन्ट तथा लजहरू खोल्न खर्चिलो भएको |
| ▪ लुम्बिनी क्षेत्रमा ओइरिने पर्यटकहरूलाईआकर्षित गर्न व्यापक प्रचारप्रसार चुनौतीपूर्णरहेको |
| ▪ लुम्बिनी क्षेत्र बाहेक अन्य क्षेत्रमा पर्यटन विकासको ठोस कार्यक्रम नभएकोले सामान्यतया सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्नुपर्ने |
| ▪ निजी क्षेत्रलाई आर्कषण गर्नुपर्ने |
| ▪ बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुन सक्नेतर्फ सजग हुनुपर्ने |
| ▪ सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम रहेको |
| ▪ पर्यटन विकासको महत्व जनमानसलाई बुझाउन चुनौती रहेको |

| दीर्घकालीन सोच |
|---|
| आर्थिक सामाजिक र साँस्कृतिक समृद्धिको आधार पर्यटनको विकास |
| **लक्ष्य** |
| आर्थिक, सामाजिक र साँस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु<br>✓ सम्पदा पर्यटनको विकास गर्नु<br>✓ कृषि पर्यटनको आधार विकास गर्नु<br>✓ धार्मिक पर्यटनको विकास गर्नु<br>✓ शैक्षिक पर्यटनको विकास गर्नु |

| उद्देश्य १ : आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ प्रमुख पर्यटकिय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नति गर्ने | १.१.१ प्रमुख पर्यटकिय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरुको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरीने छ । |
| | १.१.२ सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा ती प्रमुख पर्यटकिय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिने छ । |
| १.२ पर्यटन सूचना केन्द्रको स्थापना गर्ने | १.२.१ नगरपालिकास्तरीय एक पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ । |
| | १.२.२ पर्यटकलाई आवश्यक सम्पूर्ण सूचना जस्तै जानकारी, |

| | |
|---|---|
| | सावधानी, नक्सा, हावापानी, परिकार मेनु, मूल्य सूची तथा बसोबास र सुरक्षासम्बन्धी विवरण संकलन गरी सूचना केन्द्रमा अध्यावधिक गरिने छ । |
| | १.२.३ पर्यटकीय क्षेत्र वरपर इन्टरनेट हटस्पटको प्रवन्ध गरिने छ । |
| | १.२.४ पर्यटन वेभसाइट निर्माण गरिने छ । |
| | १.२.५ पर्यटन क्यालेन्डरको विकास गरिने छ । |
| | १.२.६ पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन गरिने छ । |
| १.३ बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने | १.३.१ नगरपालिकामा आउने पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरी होटल, रिसोर्ट खोल्न सम्भाव्यता अध्ययन गरिने छ । |
| | १.३.२ ठूला होटल तथा रिसोर्टको तत्काल व्यवस्था गर्न नसक्ने स्थितिमा घरबास पर्यटन प्रर्वद्धन गरिने छ । |
| | १.३.३ नगरपालिकास्तरीय एक गेस्टहाउसको निर्माण गरिने छ । |
| | १.३.४ नगरपालिकास्तरीय आकस्मिक उद्धार संयन्त्रको व्यवस्था गरिने छ । |
| | १.३.५ पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रवन्ध गरिने छ । |
| १.४ पर्यटन क्षेत्र स्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने | १.४.१ पर्यटन क्षेत्र स्तरीय समितिका सदस्यहरुलाई पर्यटक व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिने छ । |
| | १.४.२ समिति मार्फत स्थानीय उत्पादन जस्तै रैथाने परिकार, चिनोको सामान, साँस्कृतिक गतिविधि, मेला सञ्चालनगर्न तालिम तथा अभिमुखीकरण गरिने छ । |
| | १.४.३ पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी अन्तरक्रिया गरिने छ । |
| | १.४.४ घरबास पर्यटन तथा अन्य पर्यटन प्रर्वद्धन गर्न पर्यटन व्यवसायिलाई लागत सहभागितामा Hospitality तालिम सञ्चालन गरिने छ । |
| | १.४.५ समग्र क्षेत्रलाई समेटेर एक पर्यटन विकास गुरुयोजना निर्माण गरिने छ । |
| | १.४.६ लुम्बीनीलाइ अन्तर्राष्ट्रिय पर्यटन केन्द्रको रुपमा विकाश गर्ने कार्ययोजना निर्माण गरि कार्यान्वयन गरिनेछ । |

| उद्देश्य २ : सम्पदा पर्यटनको विकास गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |

| | |
|---|---|
| २.१ विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी र यस सँग सम्बन्धी सम्पूर्ण सम्पदाको संरक्षण, सर्म्वदन र प्रचार प्रसार गर्ने | २.१.१ लुम्बिनी मूल क्षेत्र तथा त्यस सँग सम्बन्धित नगरपालिकाका अन्य क्षेत्रहरुको Inventory तयार गरीने छ । |
| | २.१.२ ती सम्पदा क्षेत्रहरुको विषेश संरक्षण योजना तयार गरी प्रदेश, संघ र यूनेस्को संग निरन्तर सहकार्य गरिनेछ ।<br>२.१.३ सम्पदा पर्यटन सम्बन्धी सम्पूर्ण आयामहरुको बारे जानकारी आदान प्रदान गर्न सम्पूर्ण सरोकारवाला संग नियमित अन्तकृया गरिनेछ । |

| उद्देश्य ३ : कृषि पर्यटनको आधार विकास गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ सघन कृषि क्षेत्रको विकास गर्ने | २.१.१ धान, गहुँ, खेती क्षेत्र तथा अन्तरबाली प्रणाली गरिएका क्षेत्रहरुको राष्ट्रिय र क्षेत्रिय स्तरका कृषकहरु वीच प्रचारप्रसार गरिने छ । |
| | २.१.२ कृषि विषय अध्ययनरत विद्यार्थीहरूलाई परियोजना कार्य तथा अध्ययनका लागि कृषि क्याम्पससँग समन्वय गरी नगरपालिकामा आर्कषण गरिने छ । |

| उद्देश्य ४ : धार्मिक पर्यटनको विकास गर्ने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने | ३.१.१ लुम्बिनी लगायत सम्पूर्ण धार्मिक स्थलहरुको विस्तृत विवरण सहित ब्रोसर तयार पारिने छ । |
| | ३.१.२ सम्पूर्ण मुख्य धार्मिक तथा पर्यटकिय स्थलहरुकोडि.पि.आर तथा गुरुयोजना तयार पारिने छ । |
| | ३.१.३लुम्बिनी बगैंचा तथा मायादेवि मन्दिरलाई वृहद लुम्बीनी विकास गुरुयोजना अर्थात्लुम्बीनी सर्किटमा एकाकार गरी प्रचार प्रसार गर्न निरन्तर अन्तरक्रिया गरिने छ । |
| | ३.१.४ प्राथमिकता प्राप्त धार्मिकस्थलको जिर्णोद्वार तथा निर्माण कार्य थालनी गरिने छ । |
| | ३.१.५ लुम्बिनी बृहततर क्षेत्रको एकीकृत गुरुयोजना अनुसार यसको ग्रामिण विकास गर्न सहजिकरण गरिनेछ । |
| ३.२ प्रचार प्रसार गर्ने | ३.२.१ लुम्बिनी आउने पर्यटकलाई लक्षित गरी यस क्षेत्रका सबै |

| | |
|---|---|
| | धार्मिक क्षेत्रहरुको प्रचार प्रसार गर्न एक संयन्त्र निर्माण गरिने छ । |
| | ३.२.२ पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना गरिने छ । |
| | ३.२.३ सबै धार्मिक र पर्यटकिय क्षेत्र समेटेर वृतचित्र निर्माण गरी सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गरिने छ । |

| उद्देश्य ५ : शैक्षिक पर्यटनको विकास गर्ने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ लुम्बीनी क्षेत्रबारे प्रचार गर्न शैक्षिक संघ संस्था, शिक्षण संस्थासंग सहकार्य गर्ने | ४.१.१ यस नगरपालिकाबाट अध्ययन गरी उच्च शिक्षा हासिल गरी बाहिरिएका महानुभावहरूसंग अन्तरक्रिया गरिने छ । |
| | ४.१.२ नगरपालिकाबाट निकट रहेका कृषि, विपद व्यवस्थापन, सम्बन्धित क्याम्पस, इन्जिनियरिङ्ग कलेज र अन्य कलेजसंग अन्तरक्रिया गरिने छ । |
| | ४.१.३ मानवशास्त्री, संस्कृति जस्ता विषयमा शोध अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई मापदण्डका आधारमा प्रोत्साहन छात्रवृतिको व्यवस्था गरिने छ । |
| | ४.१.४ नगरपालिकाबाट उच्च शिक्षाका लागि बाहिरिने विद्यार्थीहरूलाई पर्यटन स्वयंसेवा अन्तर्गत पर्यटन Ambassadorघोषणा गर्ने अभियान सञ्चालन गरिने छ । |
| | ४.१.५ शैक्षिक भ्रमणमा आउने विद्यार्थी तथा अनुसन्धानकर्ताको बसोबासको व्यवस्था मिलाउन पर्यटन क्षेत्र स्तरीय समितिलाई व्यवस्थापन तालिम दिइने छ । |
| | ४.१.६ शैक्षिक पर्यटन अन्तर्गत गर्न सकिने गतिविधिहरूको अध्ययन गरी विस्तृत विवरण तयार पारिने छ । |

## पर्यटन क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | पर्यटन Profile निर्माण | 500 | | | | | |
| | | १.१.२ | सडक विस्तार तथा स्तरोन्नती गर्ने | | 6500 | 7000 | 7500 | 8000 | |
| | १.२ | १.२.१ | पर्यटन सूचना केन्द्रको स्थापना | | | | 500 | | |
| | | १.२.२ | पर्यटनसम्बन्धी समग्र जानकारी समेट्ने ब्रोसर निर्माण | 150 | | 150 | | 150 | |
| | | १.२.३ | प्रमुख पर्यटकीय क्षेत्र लुम्बीनीमा Hotspot सेवाको प्रबन्ध | | 50 | | | | |
| | | १.२.४ | पर्यटन (Portal) वेबसाइट निर्माण | | 300 | | | | |
| | | १.२.५ | वार्षिक पर्यटन पात्रोको निर्माण | | 50 | 60 | 70 | 80 | |
| | | १.२.६ | पर्यटनसम्बन्धी पत्रकार सम्मेलन | | 30 | 50 | 55 | 60 | |
| | १.३ | १.३.१ | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्न निजी क्षेत्रसँग अन्तरक्रिया | | | 400 | | 400 | |
| | | १.३.२ | आदिवासी जनजाति सघन क्षेत्रमा होमस्टे सञ्चालन तालिम प्रदान | | | 200 | 200 | | |
| | | १.३.३ | पालिकास्तरीय गेष्ट हाउस निर्माण | | | | 2500 | 3000 | |
| | | १.३.४ | आकस्मिक उद्धार संयन्त्रको निर्माण | | | 200 | | | |
| | | १.३.५ | पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध | | | 100 | 100 | 100 | |
| | १.४ | १.४.१ | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण | | | | | | |
| | | १.४.२ | स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम | | 200 | 250 | | 500 | |
| | | १.४.३ | पर्यटन व्यवसायमा व्यवसायिक रुपमा लाग्न चाहने उद्यमीहरू संग अन्तरक्रिया | | | | 50 | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.४.४ | घरबास तथा अन्य पर्यटनसम्बन्धी आतिथ्य सत्कार तालिम | | 100 | | | | |
| | | १.४.५ | पर्यटन विकास गुरुयोजना निर्माण | | | | 1500 | | |
| २. | २.१ | २.१.१ | कृषि पकेट क्षेत्रको प्रचार प्रसार | | 100 | 120 | 130 | 140 | |
| | | २.१.२ | कृषि क्याम्पस तथा विद्यार्थीहरूसँग अन्तरक्रिया | | | | 50 | | |
| ३. | ३.१ | ३.१.१ | लुम्बिनी धार्मिक र अन्य पर्यटकीय क्षेत्र विशेष ब्रोसर निर्माण | | | 200 | | | |
| | | ३.१.२ | मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्रको डि.पि.आर. साथै विकास गुरुयोजना निर्माण | | 1500 | 2500 | 2500 | 3000 | |
| | | ३.१.३ | लुम्बिनी बगैंचा तथा मायादेवि मन्दिरलाई वृहद लुम्बीनी विकास गुरुयोजना तथा लुम्बीनी सर्किटमा आबद्ध गराउन सरोकारवालासँग अन्तरक्रिया | | | 50 | | | |
| | | ३.१.४ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | | 1000 | 1500 | 2500 | 3500 | |
| | | ३.१.५ | वृहद लुम्बिनी विकास सहजिकरण संयन्त्रण क्षमता अभिबृद्धि तालिम | | 50 | 50 | 50 | 50 | |
| | ३.२ | ३.२.१ | लुम्बिनी आउने पर्यटकलाई लक्षित गरी लुम्बीनीमा लुम्बीनी पर्यटन क्षेत्र भ्रमण बारे जानकारी दिने सूचना संयन्त्र निर्माण | | | 150 | | | |
| | | ३.२.२ | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना गर्ने | | 100 | 120 | 130 | 140 | |
| | | ३.२.३ | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर एक वृत्तचित्र निर्माण | | | 500 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| ४. | ४.१ | ४.१.१ | लुम्बिनी क्षेत्रभन्दा बाहिर उच्च शिक्षा तथा अन्य काममा रहेकाहरूसँग अन्तरक्रिया | | 80 | | | | |
| | | ४.१.२ | नगरपालिकाको नजिकको दुरीमा रहेका शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया | | | | 50 | | |
| | | ४.१.३ | नगरपालिकाको संस्कृती, जातजाति आदिका बारे शोध अध्ययन गर्ने विद्यार्थीलाई विशेष छात्रवृत्ति कोषको निर्माण | | | 500 | | | |
| | | ४.१.४ | पर्यटन स्वयंसेवक तथा Ambassador घोषणा तथा अभिमुखीकरण | | 50 | | | | |
| | | ४.१.५ | विद्यार्थी पर्यटक बसोबास व्यवस्थापनसम्बन्धी तालिम तथा अन्तरक्रिया | | | 300 | | | |
| | | ४.१.६ | शैक्षिक पर्यटन गतिविधि अन्तर्गत गर्ने गतिविधिको अध्ययन | | | | 200 | | |

अपेक्षित उपलब्धीहरू

- ✓ आधारभूत पर्यटन पूर्वाधारको विकास हुने छ ।
- ✓ कृषक पर्यटकहरूको आवागमन हुने छ ।
- ✓ लुम्बिनी सहितका धार्मिक क्षेत्रको एकीकृत विकास हुने छ ।
- ✓ शैक्षिक पर्यटकहरूको आवागमन सूरु हुने छ ।

## ४.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

### पृष्ठभूमि

मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ। यद्यपि कृषिमा आधारित केही उद्योगहरु भने हाल यहाँ सञ्चालनमा रहेका छन्। नगरपालिकामा धेरैजसो मिल, ग्रिल, डेरी जस्ता उद्योगहरु रहेका छन् ।नगरपालिकामा ठूला उद्योगहरु सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरु रहेका छन् जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।नगरपालिको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल उद्योग, आइसक्रिम उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, वडा नं. ७ मा काष्ठ उद्योग , राइस मिल, ग्रील उद्योग , वडा नं. १० मा हिरा इट्टा उद्योग , ग्रील उद्योग , लगायतका उद्योगहरू रहेका छन् ।नगरपालिकामा भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन। कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल उद्योग, आइसक्रिम उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, वडा नं. ७ मा काष्ठ उद्योग , राइस मिल, ग्रील उद्योग , आइस उद्योग, वडा नं. १० मा हिरा इट्टा उद्योग , न्यू अहमद फर्निचर, ग्रील उद्योग , लगायतका उद्योगहरू रहेका |
| ▪ कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको |
| ▪ स्थानीय जनशक्तिको सदुपयोग हुने कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने |
| ▪ नगरपालिकामा खुनगाई, मुजाहाना, पडरिया, लोखडीया , अमारी , महिलबार चोक जस्ता थुप्रै बजारकेन्द्रहरुको रूपमा रहेका |
| ▪ नगरपालिकाका विभिन्न वडाहरूमा साप्ताहिक तथा अर्धसाप्ताहिक हाटबजार लाग्ने गरेको |
| ▪ पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने |
| ▪ कपडा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने |
| ▪ नगरपालिकामा रहेका प्राकृतिक पोखरीहरू तथा कृत्रिम पोखरीमा व्यवसायिक माछापालन गर्न सकिने |
| ▪ स्थानीय सम्भाव्यताका आधारमा धान खेती, गहुँ खेती, मुँग खेती, केरा खेती, कुखुरापालन, पशुपालन र तरकारी खेती उत्पादनलाई प्रर्वद्धन गर्न सकिने |
| ▪ कृषि पर्यटन विकास गर्न सकिने |
| ▪ स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगहरूको स्थापना गर्न सकिने |
| ▪ औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके नगरपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिका भित्र सञ्चालित व्यवसायलाई दर्ता, नवीकरण तथा अन्य कानूनी प्रक्रियामा सरलता ल्याई प्रर्वद्धन र संरक्षण गर्न सकिने |
| ▪ डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने |
| ▪ प्रस्तावित औद्योगिक क्षेत्रहरू बिस्तार गरी नगरपालिकाभित्र रोजगारी सिर्जना गर्न सकिने |
| ▪ सिलाइ/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने |
| ▪ लुम्बिनी संग जोडिएकोले पर्यटन क्षेत्र संग सम्बन्धित उद्योग व्यवसाय र आपूर्तिलाई सुधार गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको |
| ▪ युवा जनशक्ति विदेश पलायन भइरहेको |
| ▪ औद्योगिक उत्पादनको सिप सिकाउने शिक्षा प्रणाली नभएको |
| ▪ स्थानीय जनताहरू बुटवल, भैरहवा, काठमाडौँ र अन्य सुविधासम्पन्न शहरहरूतिर बसाई सरी जाने प्रवृति रहेको |
| ▪ नगरपालिकाका बजारकेन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नभएका |
| ▪ निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिएको |
| ▪ बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा स्थापना गर्न बचतकर्ताको कमी रहेको |
| ▪ वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नभएको |
| ▪ स्थानीय पूँजी बजारको विकास आशातित रूपमा नभएको |
| ▪ उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता, अपराध आदिको वृद्धि हुन सक्ने |
| ▪ लगानी सुरक्षाको वातावरण आवश्यक पर्ने |
| ▪ औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले लाग्नु पर्ने |
| ▪ उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने |
| ▪ विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदूषण वृद्धि हुन सक्ने |
| ▪ ठूलो आकारको लगानीको व्यवस्था गर्नुपर्ने |
| ▪ पूँजीको अभाव, विकासका पूर्वाधारको भरपर्दो व्यवस्था नहुनु |

| दीर्घकालीन सोच |
|---|
| नगरपालिकाको आर्थिक वृद्धिदर कृषिमा आधारित उद्योगको भर |

| लक्ष्य |
|---|
| आगामी पाँच वर्षमा नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी श्रृजना गर्ने |
| **उद्देश्यहरू** |
| ✓ उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु<br>✓ नगरपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु<br>✓ खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु<br>✓ स्थानीय बजार प्रबर्द्धन र व्यवस्थापनमार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु |

**उद्देश्य १ : उद्योगका लागि आधारभूत पूर्वाधारको विकास गर्नु**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने | १.१.१ उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिने छ। |
| | १.१.२ उद्योगमा लगानी गर्न असहज र प्रतिकूल रहेका विद्यमान स्थानीय कानूनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिने छ र श्रमिकहरूको सुरक्षा, हक र हितका लागि कानूनको अधिनमा रही स्थानीय नीति र मापदण्ड श्रमिक, उद्योग र उद्यमी मैत्री बनाइने छ। |
| | १.१.३ महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न विशेष अनुदान र सहुलियतको प्रवन्ध गरिने छ। |
| | १.१.४ ठूलोस्तरको बाह्य लगानी भित्र्याउन सरकारी जमिनको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे अन्तरक्रिया गरिने छ। |
| | १.१.५ कम्तीमा ३ जनालाई रोजगारी दिनसक्ने उद्योगका लागि दशलाख पूँजी लगानीको प्रस्ताव सहित आउने स्थानीय उद्यमीलाई ५० प्रतिशत लगानीको व्याजमा अनुदान दिइने छ। |
| १.२ प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने | १.२.१ संघ तथा प्रदेश सरकारसंग नियमित अन्तरक्रियामार्फत एक नगरपालिका स्तरीय औद्योगिक ग्राम निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने |
| | १.२.२ औद्योगिक क्षेत्रको तय पश्चात औद्योगिक ग्रामको डि.पि.आर गरिने छ। |
| | १.२.३ मुख्य औद्योगिक क्षेत्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसंग एकीकृत गरी स्तरोन्नति गरिने छ। |

| | |
|---|---|
| | १.२.४ स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषक बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ। |
| | १.२.५ उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतिकरण विस्तार गरिने छ। |
| | १.२.६ औद्योगिक सूरक्षाका लागि सूरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिने छ। |
| | १.२.७ औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय रोजगार केन्द्रमा श्रम सूचना तथा तथ्याङ्क प्रणालीको निर्माण गरिने छ। |

| उद्देश्य २ : स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु | |
|---|---|
| २.१ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने | २.१.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिने छ। |
| | २.१.२ सङ्घीय तथा प्रादेशिक सरकारको सहयोगमा नगरपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिने छ। |
| | २.१.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिने छ। |
| | २.१.४ स्थानीय उपज उपभोग हुने उपभोक्ता बजारको मागको अध्ययन गरी वस्तुगत सूचना संकलन गरिने छ |
| | २.१.५ उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिने छ। |
| | २.१.६ गुणस्तर र ब्रान्ड कायम गर्न सक्ने बाली तथा उत्पादनको गुणस्तर प्रर्वद्धन गर्न जैविक प्रविधिको अवलम्बन गरिने छ। |
| | २.१.७ जैविक प्रविधिको अधिकतम प्रयोग गर्न गुणस्तरीय उत्पादन गर्न र कृषकहरूलाई नियमित तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गरिने छ। |
| | २.१.८ एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ। |

| उद्देश्य ३ : खानी तथा खानिज क्षेत्रको अन्वेषण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |

| | |
|---|---|
| ३.१ खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने | ३.१.१ संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गरिने छ । |
| | ३.१.२ नगरपालिकाभर रहेका वा हुनसक्ने खानी तथा खनिजको अन्वेषण गर्न खानी तथा भू-गर्भ विभागसंग समन्वय गरी विज्ञसंग परामर्श लिइने छ । |

| उद्देश्य ४ : स्थानीय बजार प्रर्वद्धन र व्यवस्थापनमार्फत वाणिज्य, बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने | ४.१.१ स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण गरिने छ । |
| | ४.१.२ नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिने छ । |
| | ४.१.३ समग्र व्यापार र वाणिज्यलाई समेटेर वार्षिक रुपमा हुने कारोबारका आधारमा माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण गरिने छ र नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास गरिने छ । |
| ४.२ स्थानीय बजार प्रबर्द्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने | ४.२.१ स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाइने छ । |
| | ४.२.२ मूख्य बजार केन्द्रलाई लक्षित गरी निजी क्षेत्रसंगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइने छ । |
| | ४.२.३ वार्षिक रुपमा मूख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गर्न वार्षिक पात्रो निर्माण गरिने छ । |
| | ४.२.४ परम्परागत रुपमा चलि आएका स्थानीय हाटबजारलाई व्यवस्थित र वैज्ञानिक बनाउन अध्ययन गरी पूर्वाधार विकास गरिने छ । |
| | ४.२.५ प्रत्येक वर्ष नियमित आम उपभोक्ता हित र अधिकार साथै खाद्य गुणस्तरसम्बन्धीजनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्तिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिनसकिने जग्गा पहिचान गर्न अध्ययन | | | 500 | | | |
| | | १.१.२ | श्रमिक, उद्योग र उद्यमी मैत्रीसम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परार्मश | 500 | | | | | |
| | | १.१.३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | | 100 | 120 | 130 | 140 | |
| | | १.१.४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | | | 2000 | | | |
| | | १.१.५ | दशलाखसम्मको उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान | | 100 | 120 | 130 | 140 | |
| | १.२ | १.२.१ | नगरपालिकास्तरीय औद्योगिक ग्राम निर्माण सम्भाव्यता अध्ययन | | 1000 | | | | |
| | | १.२.२ | औद्योगिक ग्रामको डि.पि.आर निर्माण | | | 1500 | | | |
| | | १.२.३ | औद्योगिक सडक पहिचान तथा स्तरोन्नति | | 1500 | 2000 | 2500 | 3000 | |
| | | १.२.४ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | | 100 | | | | |
| | | १.२.५ | औद्योगिक क्षेत्र विद्युतिकरण | | 100 | | | | |
| | | १.२.६ | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना तथा निर्माण | | | | 400s | | |
| | | १.२.७ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | | 500 | | | | |
| २ | २.१ | २.१.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङसम्बन्धी तालिम तथा अन्तरक्रिया | | | 300 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | २.१.२ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना | | | | 800 | | |
| | | २.१.३ | कृषि उपभोक्ता बजारको सम्भाव्यता अध्ययन | | 500 | | | | |
| | | २.१.४ | कृषिसम्बन्धी उपभोग्य वस्तुको बस्तुगत मागसम्बन्धी तथ्याङ्क संकलन | | 200 | | | | |
| | | २.१.५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | | | | 500 | | |
| | | २.१.६ | गुणस्तर र ब्राण्ड कायम गर्न सक्ने बाली नालीको सम्भाव्यता अध्ययन | | | 500 | | | |
| | | २.१.७ | जैविक प्रविधि र खेतीसम्बन्धी तालिम | | | | | 1000 | |
| | | २.१.८ | एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन | | | 500 | | | |
| ३ | ३.१ | ३.१.१ | खानी, खनिज, अन्वेषण, उत्खनन् र व्यवस्थापन मापदण्ड निर्माण | | 150 | | | | |
| | | ३.१.२ | खानी तथा खनिज सम्भाव्यता अध्ययन | 900 | | | | | |
| ४. | ४.१ | ४.१.१ | स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण | | 200 | | | | |
| | | ४.१.२ | नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण | | 400 | | | | |
| | | ४.१.३ | क) माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण<br>ख) नगरपालिकाबाट हुने निकासी तथा आयातको | | 500 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास | | | | | | |
| | ४.२ | ४.२.१ | बजार अनुगमन तथा निरीक्षण आन्तरिक पात्रो निर्माण | | 30 | 40 | 50 | 60 | |
| | | ४.२.२ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | | 50 | | | | |
| | | ४.२.३ | वार्षिक पात्रो अनुसार व्यापारिक मेला आयोजना | | 100 | 100 | 150 | 200 | |
| | | ४.२.४ | हाटबजार पूर्वाधार निर्माण | | | 500 | | | |
| | | ४.२.५ | उपभोक्ता हितसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | | 50 | 60 | 70 | 80 | |

**अपेक्षित उपलब्धीहरू**

- ✓ उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै सडक, उर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुने छ ।
- ✓ स्थानीय कच्चा पदार्थ विशेषगरी कृषिमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुने छ ।
- ✓ उद्योग क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १० प्रतिशत भन्दा माथि योगदान हुने छ ।
- ✓ स्थानीय बजार तथा आपूर्ति प्रणाली सुदृढ भएको हुने छ ।

## ४.६ बैङ्क तथा वित्तीय क्षेत्र

### पृष्ठभूमि

बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ। हाल यहाँ यस नगरपालिका मा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन्। नगरपालिकामा ग्लोबल आई.एम.इ बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, एन. सि. सि, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनान्स, उत्थान लघुवित्त, सबैको लघुवित्त, आई. एम. ई तथा थुप्रै बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् ।कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ। हाल नगरपालिकाका थोरै घरधुरी परिवारका सदस्यको बैङ्क खाता रहेकोमा त्यसको विस्तारको कार्यक्रम नगरपालिकाले अघि बढाइरहेको छ। यसले सबै नागरिकको वित्तिय पहुँच विस्तार हुने देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकालेनियमित सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरेको |
| ▪ नगरपालिकामा महिला बचत समुह तथा महिला सहकारीहरूको विकास तथा क्षमता अभिवृद्धि गर्न सकिने |
| ▪ अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने |
| ▪ नगरपालिकाभित्र रहेका सहकारीहरूको सञ्चालन, व्यवस्थापन र नियमन कार्यलाई प्रभावकारी गर्ने नीति लिइएको |
| ▪ नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका |
| ▪ उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने |
| ▪ सहकारीको विकासमार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने |
| ▪ अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने |
| ▪ स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने |
| ▪ सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीतिअनुरूप "नगरनगरमा सहकारी घर-घरमा रोजगारी" अभियान सञ्चालन गर्न सकिने |
| ▪ सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी नगरपालिकाको विकास गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|

| |
|---|
| ▪ “क” वर्गकाबैङ्क सीमित मात्रामा रहेका |
| ▪ सामाजिक सुरक्षा भत्ता वितरण गर्नेबैङ्कहरुमा लामो लाईन हुने हुँदा झन्झटिलो भएको जनगुनासो रहेको |
| ▪ बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसकेको |
| ▪ ईटा उद्योगहरु, ससाना राइस मिल्स तथा डेरी उद्योग बाहेक उद्योग तथा कलकारखानाहरूको स्थापना नभएको |
| ▪ वित्तीय संस्थाहरूमा सहज पहुँच नहुँदा तथा अर्थतन्त्र चलायमान नहुँदा स्थानीय पूँजीको विकास कमजोर रहेको |
| ▪ सहकारीको सङ्गठनात्मक विकास नभएका कारण लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको |
| ▪ औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने |
| ▪ बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतिको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने |
| ▪ सबल सहकारीहरूको संस्थागत विकास नहुँदा स्थानीय पूँजी वृद्धिमा बाधा हुन सक्ने |
| ▪ १ वडाको खुनगाई बजार रुपेन्देही कै पहिला जिल्ला सदरमुका भए पनि बैंक तथा वित्तिय संस्थाको अभाव, |

| दीर्घकालीन सोच |
|---|
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने |
| **उद्देश्यहरू** |
| ✓ बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु<br>✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु |

| उद्देश्य १: बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने | १.१.१ आफ्नो नाममा बैङ्क खाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिने छ । |
| | १.१.२ निजी क्षेत्रमा बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिने छ । |
| | १.१.३ बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैङ्कसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ । |

| उद्देश्य २: सहजकर्जा प्रवाह र वचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ व्यवसायिक, उत्पादनमूलकसाना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने | २.१.१ स्थानीय उद्यमी तथा बैङ्कहरू बीच ऋण प्रवाहमा सहजीकरण गर्न नगरपालिकाद्वारा अन्तकृया गरिने छ । |
| | २.१.२ स्थानीय रोजगारी श्रृजना गर्न युवा उद्यमी र महिलाले तयार गरेको व्यवसायिक योजना, मझौला उद्योग क्षेत्र, पर्यटन वा कृषिमा लगानीका लागि ऋण प्रवाह गर्न नगरपालिका जमानत बसी ब्याजमा निश्चित प्रतिशत अनुदान प्रदान गरिने छ । |

### बैङ्क तथा वित्तीय क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | | 300 | | | | |
| | | १.१.२ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | | 150 | 200 | 250 | 300 | |
| | | १.१.३ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम सन्चालन र प्रशारण | | 50 | 55 | 60 | 65 | |
| | २.१ | २.१.१ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | | | 50 | | 55 | |
| | | २.१.२ | युवा र महिला उद्यमीलाई मझौला उद्योग तर्फ विशेष व्याज अनुदान | | 50 | 55 | 60 | 70 | |

### अपेक्षित उपलब्धी

- ✓ आगामी ५ वर्षमा नगरपालिकाका ९० प्रतिशत भन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैङ्क खाता हुने छ ।
- ✓ व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुने छ ।
- ✓ उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुने छ ।

## ४.७ गरीबी निवारण

### पृष्ठभूमि

वि.स. २०१३ साल देखि हालसम्म आवाधिक विकास योजनाहरुमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रुपमा गरीबी निवारण रहेको छ । जति विकासका योजनाहरु बनेपनि गरीबी निवारण गर्न सकिएको छैन । दिगो विकास लक्ष्यको पहिलो नं लक्ष्य नै सन २०३० सम्म सबै प्रकारको गरीबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिएर पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ ।जिल्लाहरूको श्रेणीमारुपन्देहीमागरीबीको दर २३.१४ प्रतिशत रहेको छ ।वि.सं. २०६८ को जनगणना अनुसार, यस नगरपालिकामा मा करिव ९६ प्रतिशतले आफ्नो आम्दानीको पुरै साधारण दैनिक गुजारामा खर्चिने र थोरै प्रतिशतले मात्र आम्दानीको केही अंश लगानी तथा बचत गर्ने गरेका छन् । अर्कोतर्फ आफ्नो आम्दानीले ३ महिनामात्र खान पुग्ने घरधुरी संख्या समेत ठूलो हुनुले यो नगरपालिकामा निरपेक्ष गरीबीको रेखामुनि रहेको घरपरिवार समेत उल्लेख्य रहेको स्पष्ट हुन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गरीबी निवारणका कार्यक्रम तथा योजना तर्जुमा गर्ने अधिकार स्थानीय तहको सरकारलाई प्राप्त भएकोले बास्तविक गरीब पहिचान गरी त्यसको निराकरण गर्न सहज हुने । |
| ▪ खेतीयोग्य उर्वर जमिन पर्याप्त भएको, पर्यटन तथा उद्योगहरूको सम्भावना रहेकोले गरीबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्ने अवसरहरू रहेको |
| ▪ स्थानीय तहमै रोजगार केन्द्रको प्रबन्ध गरिएको |
| ▪ नगरपालिकाले गरीबी निवारणलाई प्राथमिक दिएको |
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता राष्ट्रिय नीतिहरू कार्यान्वयनमा आएको |
| ▪ युवा उमेरको जनसंख्या रहेको |
| ▪ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिपलाई गरीबी निवारणमा सदुपयोग गर्न सकिने |
| ▪ रोजगारी श्रृजना, सिपमूलक तालिम आदिमा नगरपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ वास्तवित गरीबको पहिचान हुन नसकेको |
| ▪ बाह्रै महिना खान नपुग्ने परिवार संख्या उल्लेख्य रहेको |
| ▪ सरकारको मूल कार्यक्रमहरूमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसकेको |
| ▪ कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखि हुने गरेको |
| ▪ शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको |
| ▪ युवाहरू अवसर नपाएर विदेश पलायन हुनुपरेको |
| ▪ विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रुपमा प्रभावकारी हुन नसकेको |
| ▪ श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको |
| ▪ रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको |

| दीर्घकालीन सोच |
|---|

ज्ञान,सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरीबी

**लक्ष्य**

आगामी पाँच वर्षमा हालको गरीबीलाई पचास प्रतिशतकम गर्ने

**उद्देश्यहरू**

✓ निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने ।

| उद्देश्य १: निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ गरीबीसम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने | १.१.१ नगरपालिकाभर गरीबीको परिभाषा भित्र पर्ने परिवार वा व्यक्तिको वास्तविक सूचना संकलन र अध्यावधि गरिने छ । |
| | १.१.२ बेरोजगारको तथ्याङ्क संकलन र अध्यावधि गरिने छ । |
| | १.१.३ गरीबीका प्रमुख कारण र गरीबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिने छ । |
| १.२ सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्ने | १.२.१ निरपेक्ष गरीबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सूरक्षा सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.२.२ नगरपालिकाको अनुदानमा लक्षित गरीब घरपरिवारको स्वास्थ्य बिमा गरिने छ । |
| | १.२.३ विपन्न वर्गका लागि गरीब आवास कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.२.४ नगरपालिकाभर रहेका असक्त, असहाय, फकिर तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिने छ । |
| | १.२.५ असक्त, असहाय तथा बेसहाराहरूलार्य आश्रय स्थल तथा पोषणको प्रवन्ध गरिने छ । |
| १.३ विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | १.३.१ रोजगार केन्द्रलाई सकृय बनाई नगरपालिकामा निरन्तर श्रृजना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिने छ । |
| | १.३.२ कृषि क्षेत्रको विकासमार्फत रोजगारी श्रृजना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिने छ । |
| | १.३.३ कृषि श्रमिकहरूलाई सिपमूलक तालिम प्रदान गरिने छ । |
| | १.३.४ बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुची र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिने छ । |
| | १.३.५ रोजगार केन्द्रको अगुवाइमा Job bank को स्थापना गर्न नियमित अध्ययन र अनुसन्धान गरिने छ । |
| | १.३.६ रोजगारीसम्बन्धी सम्पूर्ण जानकारी प्राप्त हुने सूचना प्रविधि संयन्त्रको निर्माण गरिने छ । |
| | १.३.७ विपन्न लक्षित करार खेती प्रणाली विकास गर्न नगरपालिकाले भूमि बैङ्क स्थापना गरिने छ । |
| | १.३.८ अति विपन्न परिवारका सदस्यहरूलाई घरेलु तथा कुटिर उद्योग सञ्चालन गर्न शुन्य प्रतिशत ब्याजमा मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ । |

### गरीबी निवारणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ |
| १. | १.१ | १.१.१ | गरीब परिवार पहिचान सूचना संकलन | 300 | | | | |
| | | १.१.२ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | | 200 | | | |
| | | १.१.३ | गरीबीका प्रमुख विशिष्टिकृत कारणहरूको अध्ययन गर्ने | | | 500 | | |
| | १.२ | १.२.१ | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | | 400 | 500 | 600 | 700 |
| | | १.२.२ | विपन्न परीवार स्वास्थ्य बिमा कार्यक्रम | | 100 | 200 | | |
| | | १.२.३ | विपन्न नागरीक आवास कार्यक्रम | | 1500 | 2000 | 3000 | 4000 |
| | | १.२.४ | अशक्त, असहाय, बेसहारा सडक मानव तथ्याङ्क संकलन | 300 | | | | |
| | | १.२.५ | बेसहारा आश्रयस्थान निर्माण | | | 1000 | 1500 | |
| | १.३ | १.३.१ | रोजगार केन्द्रद्वारा रोजगारीका क्षेत्र पहिचान गर्न सम्भाव्यता अध्ययन | 400 | | | | |
| | | १.३.२ | दक्ष कृषि श्रमिक स्रोतकेन्द्र स्थापना | | | 500 | | |
| | | १.३.३ | कृषि श्रमिक सिपमूलक तालिम | | 300 | 400 | 500 | 800sss |
| | | १.३.४ | बेरोजगारलाई रुची अनुसार तालिम सञ्चालन | | 300 | 350 | 400 | 500 |
| | | १.३.५ | Job Bank को स्थापना गर्न अध्ययन | | 300 | | | |
| | | १.३.६ | Job Information Software निर्माण | | | 600 | | |
| | | १.३.७ | विपन्न लक्षित विषेश भूमि बैकिङ्ग स्थापना | | | | 900 | |
| | | १.३.८ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | | 120 | 150 | 180 | 200 |

### अपेक्षित उपलब्धीहरू

- ✓ आफ्नो आम्दानीले बाह्र महिना खान नपुग्ने परिवार संख्या हालकोबाट ५० प्रतिशत कम हुने छ ।
- ✓ रोजगारीका अवसरहरू श्रृजना हुने छन् ।
- ✓ गरीब घरपरिवारको जीवनस्तर सुधार हुने छ ।

### नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **कृषि** | | | | |
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | | |
| | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | | | |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | | |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | | |
| | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | | |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | | |
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन (प.दि.वि.ल.(२.४.१) | प्रतिशतामा | | |
| | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन (प.दि.वि.ल.(२.४.३) | प्रतिशतामा | | |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | | |
| | असर | धान उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | मकै उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | गहुँ उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | केरा उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | मुँग उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | अन्य फलफुल | मे.टन/हेक्टर | | |
| | असर | आलु उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | अन्य तरकारी उत्पादन | मे.टन/हेक्टर | | |
| | असर | दुध उत्पादन | लिटर | | |
| | असर | तेलहन बाली | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | | |
| | प्रतिफल | एग्रोभेट | संख्या | | |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | | |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | | |
| | प्रतिफल | Custom Hiring Center | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | |
| | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | |
| | प्रतिफल | कृषक पाठशाला | संख्या | | |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | |
| | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | | |
| | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | |
| | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | | |
| | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल (२.५.२.४) | | | |
| | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | नगरपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | | १० |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | | १५ |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | ८० |
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | १० |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | १३ | २५ |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | १ | ४ |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | ६२०० | ९००० |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | २०० | ३०० |
| | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | १०० | १५० |
| | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | १ | ५ |
| | प्रतिफल | कृषक समूह | संख्या | ५७ | १०० |
| | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | १३ | २६ |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | ३ | १३ |
| | प्रतिफल | व्यवसायिक जाडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | ० | ५ |
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | ३००० | ५००० |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | ३० | ५० |
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | ७५ | २५ |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | ५ | २५ |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | ५ | १० |
| | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | हेक्टर | १० | २५ |
| | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | हेक्टर | ७५ | १०० |
| | प्रतिफल | खाद्यन्न गोदाम | संख्या | ० | २ |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | ६५ | ८० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | १५०० | २५०० |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र | संख्या | ० | २ |
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म | संख्या | ० | १ |
| | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | ३०० | ५०० |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | ० | १ |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | ० | ३ |
| | प्रतिफल | माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | १०० | १५० |
| | प्रतिफल | मौरी घार | संख्या | ३०० | १००० |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | १५००० | ३०००० |
| | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | २२५०० | २५०००० |
| २. | **पर्यटन** | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | ७००००० | १५००००० |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | २० | ३५ |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | २ | ५ |
| | असर | पर्यटक बसाइ अवधि | दिन | १२ | ३० |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च | डलर | ४५ | ८० |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | २ | ५ |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | ५२ | १०० |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | ७५ | १२५ |
| | प्रतिफल | होमस्टे | संख्या | ० | ४ |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | ० | ५ |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | ० | ५ |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | २७ | ५७ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | ० | ८ |
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | ३ | ५ |
| | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | ६०० | ९०० |
| ३. | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | ४ | १० |
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | २ | ७ |
| | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | ० | २ |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | ६ | १५ |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | ७ | १२ |
| | प्रतिफल | आयात मूल्य | रकममा | १.५ अरब | ५० करोड |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | ७० करोड | २ अरब |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकममा | २ अरब | ४ अरब |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | ८४ | १०० |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | १ | ४ |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | ११९ | ३०० |
| ४ | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | ५३४६ | ७००० |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | १२ | १८ |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका लघुवित्त | संख्या | ७ | १२ |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | ७५६ | १५०० |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | ४७६ परिवार | |
| | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | ३ | १५ |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्गिङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | ३२.९ | ५० |
| ५ | **गरीबी निवारण** | | | | |
| | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | २२ | ११ |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | २७ | ३ |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | |
| | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला (१.४.२.१) | प्रतिशत | २२.९४ | |

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ शिक्षा विज्ञान तथा प्रविधि

### पृष्ठभूमि

सभ्य र सुसंस्कृति समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। सक्षम मानव संशाधन नभइ कुनै पनि क्षेत्रको विकास सम्भव छैन। विश्वभर अति विकसित मुलुकहरुको समग्र विकासको कारण भनेकै ती मुलुकहरुको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको र विशेषगरी आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ। ग्रामीण परिवेशको क्षेत्र भएकोले यस नगरपालिकामा शिक्षाका आधारभूत पूर्वाधारहरूको समेत पर्याप्त विकास हुन नसकेको अवस्था छ भने उच्च शिक्षा सम्मको पहुँच भने छैन। हाल नगरपालिकामा १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, ९वटा मा.वि, ८ वटा आधारभुत र प्रा.वि १४ समेत गरी३२ वटा सामुदायिक तथा २९ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३५वटा मदरसा रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ५४.३० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ६७.०५ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ४१.७७ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २५.२८ प्रतिशतको फरक देखिन्छ। यस तथ्याङ्कलाई हेर्दा आधारभूत तहको साक्षरताको समेत पूर्णता हुन नसकेको अवस्था रहेकोले शिक्षामा प्रशस्त काम गर्नुपर्ने देखिन्छ। अर्कोतर्फ आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ्यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन्।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा १ वटा विश्वविद्यालय, १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, २ वटा मा.वि, ९ वटा आधारभुत, १४ वटा प्रा.वि गरी ३२ वटा सामुदायिक तथा ३० वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३६ वटा मदरसा रहेका |
| ▪ सबै आधारभुत सुविधा सडक, विद्युत, संचार, पानी, उपलब्ध गराई विद्यालयमा सुविधा थप गरी हाल संचालनमा रहेका तह थप गर्न सकिने |
| ▪ नगरपालिकाले संस्थागत विद्यालयको अनुमति, नियम र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने नीति लिएको |
| ▪ नगरपालिकाले सबै बालबालिकालाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराई सक्षम नगरपालिका बनाउने नीति अवलम्बन गरेको |
| ▪ नगरपालिकाले विपन्न तथा निम्न आय भएका अभिभावकका बालबच्चाहरुलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्यसामाग्रीको व्यवस्था गर्ने नीति लिएको |

### सबल पक्ष : मुख्य संभावना र अवसरहरू

- विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको
- आवश्यक मात्रामा शैक्षिक संस्थाहरू एकआपसमा गाभ्न (Merge) तथा नयाँ स्थापना गर्न सकिने
- नगरपालिकामा बहुप्राविधिक धारका शिक्षालयहरू स्थापना गर्न सकिने
- बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने
- निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी तथा स्तर वृद्धि गर्न सकिने
- विद्यमान शिक्षण संस्थाहरूको थप स्तरोन्नती गर्न सकिने
- माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा नगरपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरुपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने
- शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने
- दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने

### दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु

- बालविकास, आधारभूत, र सीमित माध्यमिक शिक्षाको सुविधा भए पनि स्नातक र स्नातकोत्तर वा सो भन्दा माथिको उच्च शिक्षालयको अभाव
- नगरपालिकामा प्राविधिक धारको विद्यालय नरहेका कारण प्राविधिक शिक्षाबाट नगरपालिका वञ्चित रहेको
- विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू नगरिएको
- विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान नगरिएको
- विद्यालयमा विषयगत शिक्षकको कमी
- विद्यालयहरूमा किताब-कापी-कलम, स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता वा अभाव
- नियमित हाजिरीमा कमजोर अवस्था रहेको
- विद्यालय तथा विद्यार्थीहरूमाझ स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको
- विद्यालय भवन कच्ची र असुरक्षित साथै आवश्यक पूर्वाधार नभएको र भूकम्प तथा प्राकृतिक विपत्तिले क्षति गर्न सक्ने
- अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको
- उपयुक्त खेल मैदानको व्यवस्था नभएको
- लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको
- छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको
- अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
| --- |
| प्रयोगशाला र इन्टरनेट सुविधा नभएको |
| ▪ विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको समयमै सम्बोधन नगर्ने हो भने राष्ट्रलाई आवश्यक सक्षम, दक्ष र कर्मठ नागरिक उत्पादन हुन नसक्ने |
| ▪ आदिवासी, जनजाति, दलित र तथा पिछडा वर्ग/समुदायका महिलाहरूको शैक्षिक स्तर अगाडि बढाउनु पर्ने |
| ▪ समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने |
| ▪ चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नुपर्ने |
| ▪ शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने |
| ▪ शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने |
| ▪ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाइ तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्नुपर्ने |
| ▪ अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने |
| ▪ हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउनु पर्ने |
| ▪ प्राविधिक तथा सिपमूलक शिक्षाको बढोत्तरी गरिनुपर्ने |
| ▪ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने |
| ▪ विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने |
| ▪ अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने |
| ▪ सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने |
| ▪ प्राविधिक कलेजहरू सञ्चालन गर्न लगानीको वातावरण बनाउनुपर्ने |
| ▪ दक्ष शिक्षकहरूको आवश्यकताअनुरूप आपूर्ति गर्नुपर्ने |
| ▪ जीर्ण भवनहरूलाई स्तरोन्नति गरी सुरक्षित वातावरणमा पठनपाठन गराउनुपर्ने |
| ▪ सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न प्रोत्साहन गर्नुपर्ने |

| दीर्घकालीन सोच |
| --- |
| राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |
| **लक्ष्य** |
| निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध गराउने |
| **उद्देश्यहरू** |
| ✓ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित<br>✓ निरक्षरता शुन्यमा झार्नु<br>✓ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूलयमा आधारित शिक्षा प्रदान गर्नु<br>✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु |

✓ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

| उद्देश्य १:न्यूनतम शैक्षिक पूर्वाधारको विकासमार्फत आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच स्थापित गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने | १.१.१ नगरपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिने छ । |
| | १.१.२ पहिलो चरणमा विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण र व्यवस्थापन गर्न रकम विनियोजन गरिने छ । |
| | १.१.३ भौतिक निर्माण पश्चात अत्यावश्यक शैक्षिक सामाग्रीको क्रमश प्रबन्ध गरिने छ । |
| | १.१.४ विद्यालयलाई आवश्यक खेलमैदानको उचित प्रबन्ध गरिने छ । |
| | १.१.५ हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रबन्ध गरिने छ । |
| १.२ अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने | १.२.१ विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी सोको विस्तृत अध्ययन प्रतिवेदन तयार पारिने छ । |
| | १.२.२ विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिने छ । |
| | १.२.३ विद्यार्थी संख्या अति न्यून भएका विद्यालयहरूको गाभ्ने प्रक्रियाका लागि सम्भाव्यता अध्ययन गरिने छ । |
| | १.२.४ कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरुप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिने छ । |
| | १.२.५ एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयन गरिने छ । |
| १.३ सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने | १.३.१ पूर्व प्राथमिक अथवा बालविकास, आधारभूत तथा माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षासम्बन्धी कानून र मापदण्ड निर्माण गरी लागू गरिने छ । |
| | १.३.२ समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिने छ । |
| | १.३.३ अति विपन्न समूदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिने छ । |
| | १.३.४ विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुऱ्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिने छ । |
| | १.३.५ विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । |
| | १.३.६ घुम्ती भर्ना अभियान सञ्चालन गरिने छ । |
| | १.३.७ विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट बञ्चित बालबालिकालाई बुहारी शिक्षा अन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरिने छ । |
| | १.३.८ एक वडा एक सामुदायिक वाचनालय तथा पुस्तकालय निर्माण गरिने छ । |

| उद्देश्य २: निरक्षरता शुन्यमा झार्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ अति विपन्न, दलित र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बस्यक केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने | २.१.१ अतिविपन्न र विद्यालय जानबाट वञ्चित सम्पूर्ण बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पुऱ्याउन विशेष छात्रवृत्तिकोषको व्यवस्था गरिने छ। |
| | २.१.२ हरेक वडामा निरक्षरहरूको विवरण तयार पारिने छ। |
| | २.१.३ प्रत्येक वडामा निरक्षर केन्द्रित अनौपचारिक प्रौढ शिक्षा कक्षालाई अभियानको रुपमा सञ्चालन गरिने छ। |
| | २.१.४ अनौपचारिक प्रौढ शिक्षाको उपलब्धी मापन गर्न कक्षा समापन पश्चात वार्षिक सर्वेक्षण गरिने छ। |
| | २.१.५ स्थानीय सञ्चार माध्याममार्फत तथा वडास्तरमा शिक्षाको महत्वका विषयमा निरक्षर केन्द्रित जनचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने छ। |
| | २.१.६ वडा स्तरीय एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिने छ। |

| उद्देश्य ३ : व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने | ३.१.१ "एक विद्यालय एक प्राविधिक विषय कार्यक्रम"को संम्भाव्यता अध्ययन गरिने छ। |
| | ३.१.२ मा.वि. सञ्चालनमा रहेका विद्यालयमा एक प्राविधिक विषय सञ्चालन गर्न आवश्यक शैक्षिक पूर्वाधारका लागि सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा रकम विनियोजन गरिने छ। |
| | ३.१.३ CTEVT को सम्बन्धनमा नगरपालिकास्तरीय एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ। |
| | ३.१.४ नगरपालिकामा एक कृषि प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ। |
| ३.२ नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने | ३.२.१ हरेक तह साथै औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन शीप (Life Skills) विकास गर्न पाठ्यक्रम तयार गरी लागू गर्न विज्ञसँग परामर्श लिइने छ। |
| | ३.२.२ हरेक तहको शिक्षामा, आध्यामिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रर्वद्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | ३.२.३ बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावक र स्वयं बालबालिकाहरूलाई सूसुचित गर्न विद्यालयस्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिने छ। |

| उद्देश्य ४: राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने | ४.१.१ हरेक विद्यालयमा नविनतम शिक्षण सिकाई प्रविधिको प्रयोगका बारेमा नियमित शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिने छ। |
| | ४.१.२ निर्धारित पाठ्यक्रमको उद्देश्य अनुरुप सिकाइ उपलब्धी मापन गर्न |

| | |
|---|---|
| | प्रत्येक विद्यार्थीको PIS (व्यक्तिगत सूचना प्रणाली) निर्माण गरिने छ । |
| | ४.१.३ शिक्षण सिकाई मापन गर्न प्रमाणिक तथा वैज्ञानिक ग्रेडिङ प्रणालीको प्रयोग गरिने छ । |
| ४.२ स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने | ४.२.१ राष्ट्रिय तथा प्रादेशिक शिक्षा नीति, ऐन र नियमको परिधिमा रही स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गर्न विज्ञसँग परामर्श लिइने छ । |
| | ४.२.२ विज्ञान प्रविधि, गणित, अंग्रेजी जस्ता विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी तयार पार्न सूचना प्रविधिको प्रयोगमार्फत विद्यार्थीहरूलाई तहगत हिसाबले सू-सूचित बनाउन विद्यालयमा इन्टरनेटको अनिवार्य व्यवस्था मिलाइने छ । |
| | ४.२.३ विद्यार्थीको व्यक्तिगत रुचि र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता कृयाकलाप सञ्चालन गर्न शिक्षकको प्रवन्ध गरिने छ । |
| ४.३ विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने कृयाकलाप नियमित गर्ने | ४.३.१ विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शैक्षिक भ्रमण गराइने छ । |
| | ४.३.२ विद्यार्थीहरूलाई सामाजिक, जीवनोपयोगी र व्यवहारिक ज्ञान दिलाउन नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराइने छ । |
| | ४.३.३ विद्यालय शैक्षिक पात्रोमा प्रबन्ध गरी नियमित रुपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराइने छ । |
| | ४.३.४ विद्यालयमै ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाइने छ । |
| | ४.३.५ हरेक विद्यालयमा नियमित पाठ्यक्रम अतिरिक्त बाल तथा अन्य पुस्तकहरू समेटेर एक पुस्तकालयको व्यवस्था गरिने छ । |
| | ४.३.६ विद्यार्थीहरूलाई ज्ञान सिपसम्बन्धी क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन पूर्व तयारी गरिने छ । |
| | ४.३.७ नगरपालिकास्तरीय एक बहुक्षेत्रिय सिप विकास तथा व्यवसायीक तालिम केन्द्रको स्थापना गरिने छ । |
| ४.४ पाठ्य सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने | ४.४.१ नियमित पठनपाठनका लागि आवश्यक पुस्तकालय र पाठ्य पुस्तकहरूको समयमै प्रबन्ध गर्न नगरपालिकास्तरीय एक संयन्त्रको निर्माण गरिने छ । |
| | ४.४.२ हरेक विद्यालयमा पुस्तकालय व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिने छ । |
| | ४.४.३ हरेक विद्यालयमा एक कम्प्युटर प्रयोगशाला निर्माण गरिने छ । |
| | ४.४.४ हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिने छ । |
| ४.५ नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने | ४.५.१ विद्यालयमा शिक्षकहरू नियमित उपस्थित भएको हाजिरी साथै सुनिश्चित गर्न वडा अध्यक्ष र प्रधानाध्यापकहरूसँग हरेक महिनामा अन्तरक्रिया गरी सूचना लिइने छ । |
| | ४.५.२ विद्यार्थीको नियमित उपस्थितिका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाई हरेक चौमासिक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात अभिभावक अन्तरक्रियालाई अनिवार्य गरिने छ । |
| | ४.५.३ शिक्षण सिकाइमा उत्कृष्ट विद्यालयलाई हरेक वर्ष पुरस्कृत गर्न एक |

| | |
|---|---|
| | कोषको निर्माण गरिने छ। |
| | ४.५.४ उत्कृष्ट निजी विद्यालय व्यवस्थापनका अनुभव साट्न वर्षमा एक पटक सामाजिक दायित्व अन्तर्गत निजी तथा सामुदायिक विद्यालयहरू बीच अन्तरक्रिया आयोजना गरिने छ। |
| | ४.५.५ हरेक कक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रा विद्यार्थीलाई पुरस्कृत गरिने छ। |
| | ४.५.६ हरेक विद्यालयमा उत्कृष्ट शिक्षकलाई पुरस्कार कोषको व्यवस्था गरिने छ। |
| | ४.५.७ उच्च शिक्षामा जान चाहने विशेष जेहेन्दार विद्यार्थीहरूलाई मापदण्डका आधारमा शैक्षिक ऋण प्रदान गर्न "जेहेन्दार विद्यार्थी उच्च शिक्षा कोष" निर्माण गरिने छ। |
| | ४.५.८ हरेक विद्यालयमा शिक्षकहरूलाई क.म.श (E) हाजिरीको प्रबन्ध गरिनेछ। |
| | ४.५.९ कोरोना महामारी जस्ता माहामारीका समयमा वैकल्पिक विधिवाट अध्यापन गराउन आवश्यक भौतिक पुर्वाधारको प्रबन्ध, विद्यार्थीको सर्वेक्षण सहित कार्ययोजना निर्माण गरी लागु गरिनेछ। |
| | ४.५.१० Early Childhood Developmentतथा शिशुकक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विषेश तालिम प्याकेज सञ्चालन गरिनेछ। |
| | ४.५.११ प्रधानअध्यापक तथा व्यवस्थापन समिती अध्यक्ष लक्षित शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास विशेष तालिम सञ्चालन गरिनेछ। |
| | ४.५.१२ नगरपालिका स्तरिय एक वैज्ञानिक तथा व्यवहारिक शैक्षिक पात्रोको निर्माण गरी लागु गरिनेछ। |

**उद्देश्य ५: विज्ञान, प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने | ५.१.१ हरेक मा.वि.मा अध्यापनरत विज्ञान शिक्षकको सहयोग र समन्वयमा विज्ञानमा विशेष रुची भएका विद्यार्थीहरू पहिचान गरी विवरण संकलन गरिने छ। |
| | ५.१.२ त्यस्ता विद्यार्थीहरू सम्मिलित गरी वर्षमा एक पटक एक नगरपालिका स्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिने छ। |
| | ५.१.३ विज्ञान प्रर्दशनीमा संलग्न विद्यार्थीहरूलाई वर्षमा एक पटक राष्ट्रियस्तरका बैज्ञानिक वा विज्ञानका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूबाट प्रशिक्षण सञ्चालन गरिने छ। |
| | ५.१.४ कृषि, उद्योग, पर्यटन आदिमा नगरपालिकामा भित्रिएको कुनैपनि नविन प्रविधिबारे विद्यार्थीहरूलाई जानकारी गराउन स्थलगत भ्रमण गराइने छ। |
| | ५.१.५ यस नगरपालिकाबाट राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूसँग विभिन्न उपयूक्त अवसर पारेर साक्षात्कार गराइने छ। |
| | ५.१.६ औपचारिक शिक्षाको परिधि भन्दा वाहिर रहेका तर विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिनेछ। |

शिक्षा विज्ञान तथा प्रविधिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १.१ | १.१.१ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | 300 | 300 | 300 | 300 | 300 | |
| | | १.१.२ | क) विद्यालय भवन निर्माण<br>ख) शौचालय निर्माण<br>ग) छात्रा मैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण | | 1500 | 2000 | 2500 | 3000 | |
| | | १.१.३ | शैक्षिक सामाग्री खरीद | | 600 | 700 | 800 | 900 | |
| | | १.१.४ | एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन | | 2000 | 2500 | 30003 | 500 | |
| | | १.१.५ | क) इन्टरनेट सेवा जडान<br>ख) विद्युत पहँच नपुगेका विद्यालयमा विद्युत जडान वा सोलारको प्रबन्ध | | 1500 | 1700 | 2000 | 2100 | |
| | १.२ | १.२.१ | शिक्षक विद्यार्थी अनुपात अध्ययन | | | 200 | | | |
| | | १.२.२ | नपुग शिक्षक दरबन्दी पूर्ति | 300 | 400 | 200 | 100 | 300 | |
| | | १.२.३ | विद्यालय गाभ्न सम्भाव्यता अध्ययन | 1000 | | | | | |
| | | १.२.४ | विषय शिक्षक तालिम | 300 | 300 | 300 | 400 | 500 | |
| | | १.२.५ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | | | 1000 | 1500 | 2000 | |
| | १.३ | १.३.१ | शिक्षा नीति, मापदण्ड तथा कानून निर्माण | | 200 | | | | |
| | | १.३.२ | शिक्षा गुरुयोजना निर्माण | | | 1500 | | | |
| | | १.३.३ | अति विपन्न, सीमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन | | 400 | | | | |
| | | १.३.४ | विद्यालय जाने बालबालिका नजानुका बस्तुगत कारणको | 400 | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | अध्ययन | | | | | | |
| | | १.३.५ | अभिभावक अभिमुखीकरण तथा शिक्षा कार्यक्रम सञ्चालन | | 650 | | | | |
| | | १.३.६ | घुम्ती भर्ना अभियान सञ्चालन | 400 | 300 | 500 | 550 | 500 | |
| | | १.३.७ | बुहारी शिक्षा अभियान सञ्चालन | | 50 | 100 | 150 | 200 | |
| | | १.३.८ | वडास्तरीय सामुदायिक वाचनालय तथा पुस्तकालय निर्माण | | | 1000 | | 1500 | |
| २. | २.१ | २.१.१ | अति विपन्न र सीमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | | 1000 | | | | |
| | | २.१.२ | निरक्षरको विस्तृत विवरण संकलन | | | 200 | | | |
| | | २.१.३ | अनौपचारीक प्रौढ शिक्षा सञ्चालन (प्रत्येक वडा) | | 2600 | | | | |
| | | २.१.४ | अनौपचारीक प्रौढ शिक्षा उपलब्धी मापन सर्वेक्षण | | | 500 | | | |
| | | २.१.५ | निरक्षर केन्द्रित शिक्षा सञ्चार तथा जनचेतनामूलक कार्यक्रम (स्थानीय सञ्चार माध्यमबाट) | | 100 | 150 | 200 | 250 | |
| | | २.१.६ | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना | 1500 | 1200 | 1000 | 2000 | | |
| ३. | ३.१ | ३.१.१ | "एक विद्यालय एक प्राविधिक विषय" सम्भाव्यता अध्ययन | | 1000 | | | | |
| | | ३.१.२ | "एक विद्यालय एक प्राविधिक विषय" पूर्वाधार विकास कोष | | | 1500 | | 2000 | |
| | | ३.१.३ | एक बहुप्राविधिक विद्यालय स्थापनार्थ सम्भाव्यता अध्ययन | | 800 | | | | |
| | | ३.१.४ | एक कृषि विद्यालय स्थापनार्थ सम्भाव्यता अध्ययन | | 600 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | ३.२ | ३.२.१ | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | | | 1500 | | | |
| | | ३.२.२ | नैतिकता, जीवनोपयोगी शीप, आत्मिक विकास, योग साधना अध्यापन गर्ने शिक्षक व्यवस्थापन | | | 1000 | 1500 | | |
| | | ३.२.३ | विद्यालय स्तरीय पोषण शिक्षा कार्यक्रम | | 1500 | 1700 | 1800 | 2000 | |
| ४. | ४.१ | ४.१.१ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | | | 500 | | 700 | |
| | | ४.१.२ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | | | 600 | | | |
| | | ४.१.३ | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण | | 500 | | | | |
| | ४.२ | ४.२.१ | स्थानीय माग अनुसारको पाठ्यक्रम निर्माणका लागि परामर्श सेवा | | | | 1100 | | |
| | | ४.२.२ | इन्टरनेटको व्यवस्था मिलाउने | | 200 | 300 | 400 | 450 | |
| | | ४.२.३ | अतिरिक्त कृयाकलाप सञ्चालन गर्न शिक्षक दरबन्दी | | 1000 | 1050 | 1100 | 1150 | |
| | ४.३ | ४.३.१ | विद्यार्थी शैक्षिक भ्रमण व्यवस्थापन खर्च | | 200 | 250 | 300 | 350 | |
| | | ४.३.२ | स्थलगत अवलोकन तथा परियोजना कार्य संचालन | | | 400 | | | |
| | | ४.३.३ | सफल व्यक्तित्व साक्षात्कार कार्यक्रम | | | | 300 | | |
| | | ४.३.४ | वृत्तचित्र तथा चलचित्र प्रदर्शनी व्यवस्थापन | | | | | 500 | |
| | | ४.३.५ | पुस्तकालयमा पुस्तक खरीद | 600 | 500 | 550 | 600 | | |
| | | ४.३.६ | विभिन्न राष्ट्रिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता पूर्व तयारी | | 350 | 400 | 450 | 500 | |
| | | ४.३.७ | बहुक्षेत्रिय सिप विकास तथा व्यवसायिक तालिम केन्द्र | | | 2000 | | | |
| | ४.४ | ४.४.१ | पाठ्यपुस्तक तथा शैक्षिक सामग्री आपूर्ति संयन्त्र निर्माण | | 3000 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | ४.४.२ | पुस्तकालय कोठा वा भवन निर्माण<br>मा.वि स्तरीयbook corner स्थापना | | 3500 | 4000 | 5000 | | |
| | | ४.४.३ | एक विद्यालय एक कम्प्यूटर प्रयोगशाला निर्माण | | 1000 | 1500 | 2000 | 2500 | |
| | | ४.४.४ | माध्यमिक स्तरको विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | | | 1500 | 2000 | | |
| | ४.५ | ४.५.१ | इ. हाजिरी व्यवस्थापन तथा वडा अध्यक्ष प्रधानाध्यापक अन्तरक्रिया | | 500 | | | | |
| | | ४.५.२ | शिक्षा अभिभावक अन्तरक्रिया कार्यक्रम | | | 500 | | | |
| | | ४.५.३ | उत्कृष्ट विद्यालय पुरस्कार कोष | | | | 500 | | |
| | | ४.५.४ | निजी सामुदायिक विद्यालय अन्तरक्रिया कार्यक्रम | | 300 | | | | |
| | | ४.५.५ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | | | 500 | | | |
| | | ४.५.६ | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | | 500 | | | | |
| | | ४.५.७ | जेहेन्दार विद्यार्थी उच्च अध्ययन कोष निर्माण | | | | 500 | | |
| | | ४.५.८ | शिक्षकहरूलाई विद्युतीय हाजिरी प्रवन्ध | 200 | 200 | 200 | 200 | 200 | |
| | | ४.५.९ | महामारी विशेष वैकल्पिक शिक्षा पूर्वाधार निर्माण | | | | | | |
| | | ४.५.१० | ECD विशेष शिक्षक शिक्षिका तालिम | | 500 | | 700 | | |
| | | ४.५.११ | प्रधानअध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | 500 | | 500 | | 400 | |
| | | ४.५.१२ | नगरपालिकास्तरिय शैक्षिक पात्रो निर्माण | 100 | 120 | 120 | 150 | 170 | |
| ५. | ५.१ | ५.१.१ | हरेक विद्यालयबाट विज्ञानमा विशेष रुची र क्षमता भएका विद्यार्थी पहिचान | | 200 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | ५.१.२ | नगरपालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना | | 200 | 250 | 300 | | |
| | | ५.१.३ | विशेष विज्ञानमा अभिरुची र क्षमता भएका विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | | | 100 | | | |
| | | ५.१.४ | नगरपालिकामा भित्रिएका नविनतम प्रविधिहरूको स्थलगत अवलोकन | | | | | 500 | |
| | | ५.१.५ | विज्ञान र प्रविधि सम्बन्ध वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | | 100 | | 100 | | |
| | | ५.१.६ | औपचारिक शिक्षा भन्दा वाहिर रहि विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरूपहिचान | | | 200 | | | |

### अपेक्षित उपलब्धीहरू

- ✓ निरक्षरता शुन्यमा झर्नेछ ।
- ✓ आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुने छ ।
- ✓ आधारभूत शिक्षा सबैका लागि अनिवार्य हुने छ ।
- ✓ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने छ ।
- ✓ राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुने छ ।
- ✓ नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुने छ ।
- ✓ विज्ञान र प्रविधिमा युवाहरूको आर्कषण बढ्ने छ ।

## ५.२ स्वास्थ्य

### पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ। यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुकोप्रबन्ध हुन अपरिहार्य छ। सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। नगरपालिकामानिजी अस्पताल र नर्सिङ्गहोम -२,स्वास्थ्य चौकी ७, सहरी स्वास्थ्य केन्द्र १ खोप केन्द्र - ३५,गाउँघर क्लिनीकहरु२४, टि. वी. उपचार केन्द्र- ९, बर्थीङ सेन्टर- १ साथै  केही पोलिक्लिनिक, क्लिनिक, फार्मेसी,सञ्चालनमा रहेका छन्। वडा नं. २, ४,६,७ र १३ मा आधारभुत स्वास्थ्य इकाई भवन बन्दै गरेको छ । यी संस्थाहरुबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ। नेपाल सरकारको “एक स्थानीय तह एक अस्पताल निर्माण” अभियानअन्तर्गत नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवा प्राप्तीमा केही राहत मिल्ने देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ नगरपालिकामा स्वास्थ्य चौकी, बर्थिङ सेन्टर र गाउँघर क्लिनिकहरु रहेका |
| ▪ नगरपालिकामा प्राइभेट स्तरबाट संचालित २ वटा अस्पताल र नर्सिङ्गहोमरहेका |
| ▪ नगरपालिकाका सबै वडाहरू पूर्ण खोप सुनिश्चितता घोषणा गरिएका |
| ▪ नगरपालिकाले पूर्ण खोप घोषणालाई दिगोपन तथा सुनिश्चितता गर्ने नीति लिएको |
| ▪ नगरपालिकाले सबैको पहुँचमा सर्वसुलभ तवरले स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडामा स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति र व्यवस्थापन प्रभावकारी गर्ने नीति लिएको |
| ▪ नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट निस्कने चिकित्साजन्य फोहोरमैलाको उचित बिसर्जन एवं व्यवस्थापन गर्ने नीति लिएको |
| ▪ नगरपालिकाले नगरका सरकारी स्वास्थ्य संस्थाहरुको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाउने नीति लिएको |
| ▪ प्रत्येक वडामा स्वास्थ्य स्वयम् सेविकाहरू रहेका |
| ▪ सबै स्वास्थ्य संस्था तथा नगरपालिकाबाट निस्कने फोहोरमैलाको प्रवन्ध गर्न कुहिने र नकुहिने फोहोर छुट्याई उचित व्यवस्थापनको प्रवन्ध भइरहेको |
| ▪ गुणस्तरीय आधारभूत स्वास्थ्यमा नागरिकको सरल र सहज पहुँच स्थापना गर्न सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइएको |
| ▪ निःशुल्क वितरण गरिने औषधीको आपूर्तिलाई सहज गराउन सकिने |
| ▪ वैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने |
| ▪ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने |
| ▪ खोप केन्द्रलाई चुस्त दुरुस्त बनाउन सकिने |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ लुम्बिनी क्षेत्र विकास कोष तथा प्राथमिक स्वास्थ्य केन्द्र लंकापुर संग नजिक रहने गरी प्याथोलोजी, परिवार नियोजन सम्वन्धि सेवा तथा बर्थिङ्ग सेन्टर बनाउन सकिने |
| ▪ एक सुविधासम्पन्न अस्पताल स्थापना गरी नगरपालिकाबासीलाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिने |
| ▪ प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गरी नगरपालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने |
| ▪ महिला स्वास्थ्य स्वयंसेवीलाई थप सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने |
| ▪ एम्बुलेन्स थप गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेला नगरपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ आपतकालीन उपचार सेवाको अभाव |
| ▪ शल्यक्रिया सेवा आदिको अभाव |
| ▪ रक्तसञ्चार सेवा उपलब्ध नभएको |
| ▪ सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव |
| ▪ २४ सै घण्टा आकस्मिक सेवाको अभाव |
| ▪ सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव |
| ▪ स्वास्थ्य चौकीमा कर्मचारीको उपस्थितिमा नियमितता नभएको |
| ▪ महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था नभएको |
| ▪ स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै मृत्यु हुन सक्ने |
| ▪ १५ शैय्याको अस्पतालका निर्माण भई आवश्यक जनशक्तिसहित पूर्ण रुपमा सेवा प्राप्त गर्न नगरपालिकाबासीले लामै समय कुर्नु पर्ने |
| ▪ स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने |
| ▪ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने |
| ▪ स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने |
| ▪ आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको |
| ▪ कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि नगरपालिकाले निगरानीगर्नुपर्ने |
| ▪ दरबन्दी अनुसारको जन शक्ति नहुनु,सर्प र कुकुरको टोकाइको औषधी अभाव |

| दीर्घकालीन सोच |
|---|
| घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| लक्ष्य |
| आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने |
| उद्देश्यहरू |

- ✓ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु
- ✓ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु

| उद्देश्य १ : आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने | १.१.१ प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीहरूको क्रमश स्तरोन्नति गरिने छ । |
| | १.१.२ सङ्घीय सरकारसँग समन्वय गरी नगरपालिकामा उपयुक्त स्थानमा १५ शैयाको हस्पिटल निर्माण गरिने छ । |
| | १.१.३ नगरपालिका स्तरीय एक प्रयोगशाला डाइनोष्टिक (Diagnostic) ल्यावको निर्माण गरिने छ |
| | १.१.४ १५ शैयाको हस्पिटल अन्तर्गत एक सुविधासम्पन्न आकस्मिक उपचार कक्षको निर्माण गरिने छ। |
| | १.१.५ १५ शैयाको हस्पिटल अन्तर्गत एक २४ मै घण्टा सेवा सञ्चालन हुने प्रसुती सेवा केन्द्र निर्माण गरिने छ । |
| | १.१.६ नगरपालिका स्तरीय एक बाल उपचार इकाइको स्थापना गरिने छ । |
| | १.१.७ नगरपालिका भर समेट्ने गरी एक २४ मै घण्टा सेवा उपलब्ध हुने एम्बुलेन्स सेवाको प्रवन्ध गरिने छ । |
| | १.१.८ नगरपालिकास्तरीय एक प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाईको निर्माण गरिने छ । |
| | १.१.९ नगरपालिकास्तरीय एक सर्पदंश उपचार केन्द्रको निर्माण गरिने छ । |
| | १.१.१० नगरपालिकास्तरीय एक मनोपरामर्श सेवा इकाई स्थापना गरिने छ । |
| | १.१.११ नगरपालिकास्तरीय एक दन्त उपचार इकाईको निर्माण गरिने छ । |
| | १.१.१२ नगरपालिकास्तरीय एक नाक, कान, घाँटी उपचार इकाई निर्माण गरिने छ । |
| | १.१.१३ नगरपालिकास्तरीय एक आँखा उपचार इकाई निर्माण गरिने छ । |
| | १.१.१४ नगरपालिकास्तरीय एक छाला तथा यौन रोग इकाई निर्माण गरिने छ । |
| | १.१.१५नगरपालिकास्तरीय सामान्य शल्यचिकित्सा इकाई निर्माण गरिने छ । |
| | १.१.१६ नगरपालिकास्तरीय एक रेडियोलोजी सेवा इकाई निर्माण गरिने छ । |
| | १.१.१७ नगरपालिकास्तरीय एक अल्ट्रासोनोग्राफी सेवा इकाई निर्माण गरिने छ । |
| | १.१.१८ नगरपालिकास्तरीय एक इ.सि.जी. सेवा इकाई निर्माण गरिने छ । |
| | १.१.१९ नगरपालिकास्तरीय एक अक्सिजन प्लान्ट निर्माण गरिने छ । |
| १.२ स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने | १.२.१ नगरपाीलकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन गरिने छ । |
| | १.२.२ महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ । |
| | १.२.३ सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकाससम्बन्धी नियमित तालिमको प्रबन्ध गरिने छ । |
| | १.२.४ एक विद्यालय एक स्वास्थ्य सहायकको व्यवस्थापन गर्न थालनी गरिने छ । |
| १.३ आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने | १.३.१ अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ । |
| | १.३.२ वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच शिविर सञ्चालन गरिने छ । |
| | १.३.३ निशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिने छ । |
| | १.३.४ अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन गरी |

| | |
|---|---|
| | अभिलेख तयार पारिने छ । |
| | १.३.५ गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने निशुल्क सेवाहरूलाइ सहजिकरण सिफारिस र प्रभावकारी बनाउन एक र्‍यापिड रेस्पोन्स इकाई (Rapid Response Unit)को व्यवस्था गरिने छ । |
| | १.३.६ बेला बेलामा आइपर्ने Covid-19जस्ता तथा अन्य माहामारीका लागि आधारभूत पूर्वाधारको बन्दोबस्ती गर्न एक महामारी विपद व्यवस्थापन योजना निर्माण गरिने छ । |
| | १.३.७ अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरिने छ । |

**उद्देश्य २ : स्वास्थ्य चेतना र आहर विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने | २.१.१ स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत नगरपालिकाको सकृयतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहारसम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिने छ । |
| | २.१.२ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिने छ । |
| | २.१.३ विद्यालय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिने छ । |
| | २.१.४ विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसंग नियमित अन्तरक्रिया गरिने छ । |
| | २.१.५ शारीरिक व्यायाम वा श्रमको स्वास्थ्यमा पर्ने सकारात्मक असर बारे नियमित जनचेतना फैलाउन सञ्चार माध्यामसँग सहकार्य गरिने छ । |
| | २.१.६ धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्री वितरण हुने व्यवस्था मिलाइ जनचेतना अभिवृद्धि गरिने छ । |
| | २.१.७ आफ्नै घरआगन र करेसाबारीमा उपलब्ध हुने सागसब्जी, फलफुल र खाद्यान्नहरूको पोषणको स्तर तथा सन्तुलित भोजनका बारेमा विद्यालयस्तरमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | २.१.८ आम नागरिकलाई नियमित सम्पूर्ण स्वास्थ्य जाँचका फाइदाबारे व्यापक प्रचार प्रसार गरिने छ । |
| २.२ वैकल्पिक चिकित्सा पद्धतिको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने | २.२.१ नगरपालिकास्तरीय एक आयुर्वेद उपचार केन्द्रको विकास गर्न पूर्वाधार तयार पारिने छ । |
| | २.२.२ नगरपालिकास्तरीय एक प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिने छ । |
| | २.२.३ स्थानीय स्तरमा रहेका लामा झाँक्री तथा बैद्यहरूलाई विज्ञान सिद्ध स्वास्थ्य चेतना फैलाउन विशेष तालिम प्याकेज निर्माण गरी कार्यान्वयन गरिने छ । |

## स्वास्थ्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | वडास्तरीय स्वास्थ्य चौकिहरूको स्तरोन्नती | | 1500 | 2000 | 2500 | 2500 | |
| | | १.१.२ | सङ्घीय सरकारसँग समन्वय गरी १५ शैयाको अस्पताल निर्माण | 10000 | 88600 | | | | |
| | | १.१.३ | नगरपालिकास्तरीय सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | | 2000 | 2000 | 1000 | | |
| | | १.१.४ | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | | | 2500 | | | |
| | | १.१.५ | प्रस्तुति सेवा कक्ष निर्माण | | | | 5000 | | |
| | | १.१.६ | बाल उपचार इकाई निर्माण | | | | 1000 | | |
| | | १.१.७ | एम्बुलेन्स व्यवस्थापन | 500 | 500 | 500 | 500 | 500 | |
| | | १.१.८ | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना | 2000 | 200 | 200 | 200 | 200 | |
| | | १.१.९ | सर्पदंश उपचार केन्द्र निर्माण | | 1500 | | | | |
| | | १.१.१० | मनोपरामर्श सेवा केन्द्र स्थापना | | 500 | 500 | | | |
| | | १.१.११ | दन्त उपचार इकाईको स्थापना | | | 1000 | | | |
| | | १.१.१२ | नाक, कान, घाँटी उपचार इकाईको निर्माण | | 1000 | | | | |
| | | १.१.१३ | आँखा उपचार इकाईको निर्माण | | 1000 | | | | |
| | | १.१.१४ | छाला तथा यौन रोग ईकाई निर्माण | | | 1000 | | | |
| | | १.१.१५ | नगरपालिकास्तरीय सामान्य शल्यचिकित्सा इकाई निर्माण गरिने छ। | | | | | 5000 | |
| | | १.१.१६ | नगरपालिकास्तरीय एक रेडियोलोजी सेवा इकाई निर्माण | | 1500 | | | | |
| | | १.१.१७ | नगरपालिकास्तरीय एक अल्ट्रासोनोग्राफी सेवा इकाई | | | 3000 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | निर्माण | | | | | | |
| | | १.१.१८ | नगरपालिकास्तरीय एक इ.सि.जी. सेवा इकाई निर्माण | | 500 | | | | |
| | | १.१.१९ | नगरपालिकास्तरीय एक अक्सिजन प्लान्ट निर्माण | | | 10000 | | | |
| | १.२ | १.२.१ | स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्था | | | | 5000 | 5000 | |
| | | १.२.२ | महिला स्वास्थ्य स्वयंसेविका तालिम | 500 | 400 | 400 | | | |
| | | १.२.३ | स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | 800 | 800 | 800 | 800 | 800 | |
| | | १.२.४ | एक विद्यालय एक स्वास्थ्य सहायक व्यवस्थापन | 3000 | 3000 | 3000 | 3000 | 3000 | |
| | १.३ | १.३.१ | विपन्न नागरिक स्वास्थ्य बिमा अनुदान | 2300 | 2300 | 2300 | 2300 | 2300 | |
| | | १.३.२ | वडास्तरीय स्वास्थ्य परीक्षण शिविर सञ्चालन | 500 | 500 | 500 | 500 | 500 | |
| | | १.३.३ | निःशुल्क वितरण हुने औषधि नियमित आपूर्ति | 2500 | 2500 | 2500 | 2500 | 3000 | |
| | | १.३.४ | अशक्त, अपाङ्ग, असहाय बेवारिसे तथा जेष्ठ नागरिक अभिलेख संकलन | 1300 | 500 | | | | |
| | | १.३.५ | गम्भिर प्रकृतिका रोग उपचार Rapid Response इकाई गठन | 200 | 200 | 200 | 200 | 300 | |
| | | १.३.६ | महामारी विपद व्यवस्थापन योजना निर्माण | 250 | | | | | |
| | | १.३.७ | विपन्न नागरिक सुनौला हजार दिन पोषण व्यवस्था | 1000 | 1000 | 1000 | 1000 | 1000 | |
| २. | २.१ | २.१.१ | स्वास्थ्य शिक्षा सञ्चार कार्यक्रम | | 50 | 60 | 70 | 75 | |
| | | २.१.२ | योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | 2500 | 2500 | 2500 | 2500 | 2500 | |
| | | २.१.३ | व्यक्तिगत र सामुदायिक स्वास्थ्यसम्बन्धी विद्यालय पाठ्यक्रम | | | 500 | | | |
| | | २.१.४ | जङ्क फुड उन्मूलन विद्यालय अभियान अन्तर्गत | 500 | 500 | 500 | 500 | 500 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | अभिभावक अन्तरक्रिया | | | | | | |
| | | २.१.५ | शारीरिक व्यायाम तथा श्रमको महत्व विषयक सूचना सञ्चार | | 50 | 60 | 70 | 80 | |
| | | २.१.६ | धुम्रपान र मध्यपान नियन्त्रण सचेतना अभियान | 150 | 150 | 200 | 150 | | |
| | | २.१.७ | "सन्तुलित र पोषिलो भोजन रोजौं, घर आंगन नै खोजौं" कार्यक्रम | 150 | 150 | 100 | 100 | | |
| | | २.१.८ | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम | | 150 | 150 | 100 | 100 | |
| | २.२ | २.२.१ | नगरपालिका स्तरीय एक आर्युवेद स्थास्थ्य केन्द्र व्यवस्थापन | 500 | 500 | 500 | 500 | 500 | |
| | | २.२.२ | नगरपालिका स्तरीय प्राकृतिक चिकित्सा केन्द्र स्थापना | 2000 | 700 | 700 | 800 | 800 | |
| | | २.२.३ | लामा, झाँकि, वैद्य लाई सचेतना सम्बन्धी तालिम | 200 | 200 | 200 | 200 | 250 | |

अपेक्षित उपलब्धीहरू

- ✓ आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई नगर मै स्वास्थ्य सेवा उपलब्ध हुने छ ।
- ✓ आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुने छ ।
- ✓ आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुने छ ।
- ✓ स्वास्थ्य चेतनामा व्यापक सुधार आउने छ ।
- ✓ वैकल्पिक चिकित्सा पद्धति तर्फ आम सर्वसाधारणको आर्कषण बढेको हुने छ ।

## ५.३ संस्कृति, भाषा, कला तथा साहित्य

### पृष्ठभूमि

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षणगर्नु जरुरी छ । लुम्बिनी साँस्कतिक नगरपालिका यस्ता मौलिक तथा साँस्कृतिक विविधतामा धनी नगरपालिका हो । यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । मुसलमान, यादव, लोध, मगर, ब्राम्हण, क्षेत्री, थारु/चौधरी, कामी, गुरुङ्ग, दमै, नेवार, लोध, चाई, चमार,श्रीवास्तव, कुर्मी, बढई धोवि, कहार, कोहाँर, भर, नाउ आदि जातिका मानिसहरूको बसोवास रहेको यो नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक इस्लाम, बौद्ध, किराँत र क्रिस्चियनलगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन् । दशै, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व, आजमा को पूर्णीमा नुहाउने मेला (कार्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच पचरा नाच, झाँकी प्रर्दशनी आदि नाचहरु नाचिन्छन् भने वाद्यवादन तथा बाजाहरुमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी  विशेष समय/अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत लोकगाथाहरुमा पर्दछन् । यहाँका बासिन्दाको भेषभुसामा कुर्ता पाइजामा, कमिज सुरुवाल, बुर्का, थारु भेष, लुङ्गी, कुर्ता सलवार, सारी ब्लाउज, चिवर (गेरु वस्त्र), आचला (सेतो धोती) हरु पर्दछ । डिकी, घोङ्गी, सेभई, खसीको मासु, खिंचडी, पुडी, मिठाई जस्ता परिकारहरु नगरवासीको विषेश खानपानमा पर्दछन् । यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संङ्ग्राहालय एवं ऐतिहासिक स्थलहरू (जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्राहालय आदि) रहेका छन् ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा मुसल्मान, यादव, लोध, मगर, ब्राम्हण, क्षेत्री, थारु/चौधरी, कामी, गुरुङ्ग, दमै, नेवार, लोध, चाई, चमार, धोवि, कहार, भर, नाउ आदि समुदायको बसोबास रहेको |
| ▪ विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसोबास गरेका |
| ▪ धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म, संस्कृति र परम्परा कायम राखिरहेको |
| ▪ दशै, दिपावली, छठ, बक्र इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमसजस्ता चाडपर्वहरू प्रचलनमा रहेका |
| ▪ नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच पचरा नाच, जस्ता नाचहरू प्रचलनमा रहेका |
| ▪ सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| कजरी गीत जस्ता लोक भाका तथा गाथाहरू प्रचलनमा रहेका |
| ▪ नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी ब्याण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी जस्ता साँस्कृतिक बाजाहरू प्रचलनमा रहेका |
| ▪ ढोढुवा भजन समिति, दुर्गा पुजा समिति, इद, बकर इद समति जस्ता साँस्कृतिक सङ्घ संस्थाहरुको रहेको |
| ▪ विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने |
| ▪ विभिन्न जाति तथा समुदायका आ-आफ्ना मठ, मन्दिर तथा धार्मिक स्थलहरू रहेका |
| ▪ आदिवासी जनजातिका विविध साँस्कृतिक सम्पदाहरू रहेकोले साँस्कृतिक सङ्ग्रहालय तथा साँस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्ने पहल भइरहेको |
| ▪ चाडपर्वको बेला नाचगान गर्दा धोती, कुर्ता, लेहंगा, ब्लाउज, दौरा सुरुवाल, चौवन्दी चोली कमिज सुरुवाल, बुर्का, थारु भेष, लुङ्गी, जस्ता साँस्कृतिक भेषभुषाबाट सँस्कृतिको जर्गेना गर्ने प्रयास भइरहेको |
| ▪ वडा नं. २ मा दुर्गा, लक्ष्मी र बुद्धको मूर्ति बनाउने गरेको |
| ▪ नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने |
| ▪ नगरपालिका क्षेत्रका सर्जक तथा कलाकारको उत्थान र वृत्ति विकास गर्न सकिने |
| ▪ आदिबासी, थारु तथा अन्य विभिन्न जातजातीको संस्कृति उजागर गर्न होमस्टे सञ्चालन गर्न सकिने |
| ▪ नगरपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा साँस्कृतिक स्थलहरूको विकास गर्न सकिने |
| ▪ लोपोन्मुख सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता लोकभाका तथा परम्परागत बाजागाजाको संरक्षण गरी लोक संस्कृतिको उत्थान गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
| --- |
| ▪ साँस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको |
| ▪ पश्चिमा संस्कृति तथा विदेशी सञ्चार माध्यमको प्रभावका कारण मौलिक संस्कृति लोप हुने जोखिम रहेको |
| ▪ विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुगेका |
| ▪ कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको |
| ▪ समुदाय र राज्य दुवैका उदासिनताका कारण स्थानीय र मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने |
| ▪ सम्बन्धित समुदाय र राज्यले मिलेर साँस्कृतिक संरक्षण प्रर्वद्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने |
| ▪ विभिन्न लोक भाकाको संरक्षण गर्नुपर्ने |

| |
|---|
| ▪ धार्मिक सहिष्णुता कायम राख्नुपर्ने |
| ▪ आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नुपर्ने |
| ▪ धार्मिक बाहेकका गतिविधिमा कम चासो |

## दीर्घकालीन सोच

सभ्य र सुसंस्कृति समाजको निर्माण

## लक्ष्य

संस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकासमार्फत सभ्य र सौहार्द समाजको स्थापना गर्ने

## उद्देश्यहरू

- ✓ स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु
- ✓ संस्कृति भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु ।

**उद्देश्य १ : स्थानीय पहिचान, कायम हुने भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने | १.१.१ नगरपालिकामा प्रचलनमा रहेका सबैप्रकारका अमूर्त साँस्कृतिक सम्पदा (Intangible cultural heritage) को वस्तुगत तथा विस्तृत पार्श्वचित्र तयार पारिने छ । |
| | १.१.२ सबै बौद्धिक सम्पदा (Intellectural Property) को विवरण प्रकाशन गरिने छ |
| | १.१.३ यस प्रकारका साँस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिने छ । |
| | १.१.४ नगरपालिकाको मौलिकता दर्शाउने सम्पदा समेटेर एक वृत्तचित्र निर्माण गरिने छ । |
| | १.१.५ नगरपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुऱ्याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार सँस्कृतिविद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिने छ । |
| १.२ भाषा संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने | १.२.१ वर्षभरी निरन्तर साँस्कृतिक र साहित्यिक गतिविधि सञ्चालन र त्यसको निरन्तरताका लागि एक वार्षिक भाषा, कला, साहित्य तथा संस्कृति पात्रो निर्माण गरी लागू गरिने छ । |
| | १.२.२ विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी अभिलेख तयार पारिने छ । |
| | १.२.३ त्यस्ता प्रतिभाहरूको प्रतिभा उजागर गर्न हरेक महिना विद्यालयस्तरीय र निश्चित समयको अन्तरालमा अन्तरविद्यालय |

| | |
|---|---|
| | साँस्कृतिक, साहित्यिक प्रतियोगिता आयोजना गरिने छ । |
| | १.२.४ राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगीतामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिने छ । |
| | १.२.५ वडा स्तरीय साँस्कृतिक समितिहरू गठन गरी वार्षिक साँस्कृतिक पात्रो कार्यान्वयनमा ल्याउन साँस्कृतिक अभ्यासहरू सञ्चालन गरिने छ । |
| | १.२.६ हरेक विशेष चाडपर्व मेला र साँस्कृतिक उत्सवलाई भव्य बनाउन साँस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि रकमहरूको व्यवस्था गरिने छ । |
| | १.२.७साँस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिने छ । |
| | १.२.८ मातृमाषामा आधारभूत शिक्षा दिन सकिने समुदायका बारेमा सम्भाव्यता अध्ययन गरिने छ । |
| | १.२.९ लोपोन्मुख साँस्कृतिक गाथाहरू संरक्षण गर्न विशेष समारोह आयोजना गरिने छ(जस्तै धान दिवसमा असारे मौलिक गीतहरू) । |

| उद्देश्य २: संस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने | २.१.१ कला, साहित्य, भाषा तथा संस्कृतिका सर्जकहरूलाई यी क्षेत्रको विकासका लागि आवश्यक मागहरूको संम्बोधन गर्न विशेष अन्तरक्रिया आयोजना गरिने छ । |
| | २.१.२ यसप्रकारका सर्जकहरूलाई सहयोग र प्रोत्साहन तथा पुरस्कृत गर्न एक नगरपालिकास्तरीय साँस्कृतिक कोषको निर्माण गरिने छ । |
| | २.१.३ विभिन्न राष्ट्रिय तथा नगरपालिका स्तरीय विशेष अवसरमा यस्ता सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिने छ । |
| | २.१.४ हरेक विद्यालयमा अतिरिक्त कृयाकलापहरूमा यी विषय समावेश गरी नियमित अभ्यास र पठनपाठन गर्न आंशिक शिक्षकको प्रवन्ध गरिने छ । |
| | २.१.५ वडास्तरीय झाँकीहरू प्रस्तुत गर्न साँस्कृतिक समितिमार्फत अभ्यास सञ्चालन गरिने छ । |
| २.२ साँस्कृतिक, साहित्यिक भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण | २.२.१ नगरपालिकास्तरीय एक साँस्कृतिक केन्द्रको स्थापना गरिने छ । |
| | २.२.२ साँस्कृतिक केन्द्रलाई चलायमान बनाउन नाटक, नृत्य, सांगितिक कार्यक्रम, साहित्यिक कार्यक्रम, चित्रकला प्रर्दशनीहरूको साँस्कृतिक पात्रो बमोजिम आयोजना गरिने छ । |
| | २.२.३ हरेक वर्षमा एक पटक साँस्कृतिक पर्व (Cultural Festival)को आयोजना गरिने छ । |
| | २.२.४ नगरपालिकास्तरीय एक कला संग्रहालयको निर्माण गरिने छ । |

## संस्कृति, भाषा, कला तथा साहित्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | अमूर्त साँस्कृतिक सम्पदाको Inventoryतयारी | | 2500 | | | | |
| | | १.१.२ | Intangible Cultural Heritage (ICH) तथा वौद्धिक सम्पदाको विवरण प्रकाशन | | | 200 | | | |
| | | १.१.३ | साँस्कृतिक सम्पदासम्बन्धी पाठ्यक्रम निर्माण | | | 500 | | | |
| | | १.१.४ | साँस्कृतिक वृत्त चित्र निर्माण | 800 | | | | | |
| | | १.१.५ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | | 200 | | | | |
| | १.२ | १.२.१ | साँस्कृतिक पात्रो निर्माण | 50 | 50 | 60 | 70 | 80 | |
| | | १.२.२ | विशेष कला भएका विद्यार्थी पहिचान | 100 | 50 | 50 | 50 | 50 | |
| | | १.२.३ | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता | 100 | 100 | 100 | 100 | 100 | |
| | | १.२.४ | राष्ट्रिय तथा प्रादेशिकस्तरको साँस्कृतिक प्रतियोगिता तयारी कोष | | | | | 1000 | |
| | | १.२.५ | वडास्तरीय साँस्कृतिक समितिहरूमार्फत अभ्यासका लागि प्रोत्साहन अनुदान | 100 | 100 | 120 | 130 | 140 | |
| | | १.२.६ | विशेष पर्व तथा उत्सव तयारी अनुदान | | 50 | 60 | 70 | 100 | |
| | | १.२.७ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | | 200 | | | | |
| | | १.२.८ | मातृभाषामा आधारभूत शिक्षाका लागि सम्भाव्यता अध्ययन | | 1000 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.२.९ | लोपोन्मुख साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | | | | 300 | | |
| २. | २.१ | २.१.१ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | | 150 | | | | |
| | | २.१.२ | नगरपालिकास्तरीय साँस्कृतिक कोषको निर्माण | | | 500 | | | |
| | | २.१.३ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | | | | | 100 | |
| | | २.१.४ | साँस्कृतिक गतिविधि तथा पठनपाठनका लागि आंशिक शिक्षक व्यवस्थापन | | 400 | | | | |
| | | २.१.५ | साँस्कृतिक झाँकी तयारी | | | 200 | | | |
| | २.२ | २.२.१ | साँस्कृतिक केन्द्र निर्माण | | | | | 500 | |
| | | २.२.२ | साँस्कृतिक पात्रो निर्माण | 50 | 50 | 50 | 60 | 70 | |
| | | २.२.३ | नियमित साँस्कृतिक गतिविधि, उत्सव (Cultural Festival)आयोजना | 150 | 150 | 200 | 300 | 400 | |
| | | २.२.४ | साँस्कृतिक केन्द्रमा रहने एक कला संग्रहालयको निर्माण | | | 1500 | 2500 | 1000 | |

## ५.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तमा नभएको, राजनैतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकारर कठिनाइहरुको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरु सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस नगरपालिकामा समेत यी सवालहरुको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरुलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको जनसंख्या २.५१ प्रतिशत (१८२० जना), ६५-६९ वर्षका जनसंख्या २.१९ प्रतिशत (१५८९ जना) र ७० भन्दा माथीको जनसंख्या ३ प्रतिशत (२१७७ जना) रहेको छ । त्यस्तै, कुल जनसंख्याको ०.६९ प्रतिशत (४९८ जना) अपाङ्गता रहेको छ । जसमा शरिरिक अपाङ्गता भएका ४२.३७ प्रतिशत, दृष्टि सम्बन्धी अपाङ्गता भएका १६.८७ प्रतिशत,श्रवण सम्बन्धी अपाङ्गता भएका ७.४३ प्रतिशत, स्वर बोलाई सम्बन्धी समस्या भएका ९.६४ प्रतिशतरहेका छन् । त्यस्तै, श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका १ प्रतिशत, बौद्धिक अपाङ्गता भएका २.६१ प्रतिशत रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता १०.८४ प्रतिशत र बहु अपाङ्गता ९.२४ प्रतिशत रहेका छन् । लैंगिक हिसाब हेर्ने हो भने यस नगरपालिकामा महिलाको तुलनामा पुरुष अपांङ्गता १३.२५ प्रतिशत बढि छ जसमा पुरुष ५६.६३ प्रतिशत छ भने महिलाको ४३.३७ प्रतिशत रहेको छ ।समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरुको सम्मापूर्वक जीवनयापन गर्नपाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाले वर्षेनी जेष्ठ नागरिक तथा महिला स्वयंसेवी सम्मान र सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण गर्ने गरेको |
| ▪ नगरपालिकाको सहयोगमा सिलाईबुनाई तालिम, मैनवत्ती बनाउने तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको |
| ▪ नगरपालिकाले टोल विकास संस्था, महिला समुह, आमा समुह लगायत समुदायमा आधारित संघ संस्थाहरुको गठन र परिचालन गर्ने नीति लिएको |
| ▪ विभिन्न संघ संस्थाले नगरपालिका भर बालबालिका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गरेको |
| ▪ महिला हिंसा विरुद्धको कार्यक्रम सञ्चालन गर्ने गरेको |
| ▪ नगरपालिकाले आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा नीति योजना तर्जुमा देखि कार्यान्वयन स्तर सम्म समावेशी अवधारण अनुरुप महिलाहरुको नेतृत्व र अर्थपूर्ण सहभागिता गराउन प्रोत्साहन गर्ने र महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउन क्षमता र सिपको विकास गरी रोजगार र स्वरोजगारमूलक आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ महिला हिंसा, शोषण, बेचबिखन, विभेद तथा दुर्व्यवारलाई शुन्य शहनशिलताको नीति अवलम्बन गरेको |
| ▪ विपन्न महिलालाई सिपमूलक तालिम दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको |
| ▪ दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, जेष्ठ नागरिक, फरक क्षमता भएका तथा अल्पसंख्यक, सीमान्तकृत र पिछडा वर्ग आदिको आर्थिक, सामाजिक, शैक्षिक, संस्कृति र परम्पराको विकास, संरक्षण तथा प्रवर्धन गर्ने नीति लिएको |
| ▪ दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गरिएको |
| ▪ अपाङ्गता परिचयपत्र वितरण व्यवस्थित गरी सहायता सामाग्री वितरणमा नगरपालिकाले जोड दिएको |
| ▪ नगरपालिकामा साँस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको |
| ▪ सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको |
| ▪ कतिपय महिलाहरू राजनीति, सामाजिक कार्यलगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेका |
| ▪ छोरा र छोरी एकै हुन् भन्ने सोचको क्रमश विकास हुँदै गएको |
| ▪ प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था गरेको हुँदा उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको |
| ▪ महिलाहरूले घरको मात्र काम नभई घर बाहिरको काम पनि गर्न सक्छन् भन्ने सन्देश दिएका |
| ▪ अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने |
| ▪ भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन सकिने |
| ▪ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने |
| ▪ सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा नगरपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने |
| ▪ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको |
| ▪ एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
| --- |
| ▪ नगरपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्राम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ नगरपालिकामा परम्परागत रूपमा रहेको लैङ्गिक विभेद पूर्ण रुपमा अन्त्य हुन नसकेको |
| ▪ समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको |
| ▪ जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको |
| ▪ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको |
| ▪ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका |
| ▪ लुकिछिपी बाल विवाह गर्ने प्रचलन हालसम्म कायम रहेको |
| ▪ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने |
| ▪ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने |
| ▪ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्नुपर्ने |
| ▪ व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने |
| ▪ प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने |
| ▪ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने |
| ▪ नगरपालिकाभित्र गठन भएका दर्जनौं आमा समूहहरूलाई जाँड रक्सीको विकृति विरुद्ध अभियान सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने |
| ▪ बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने |
| ▪ बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने |

| दीर्घकालीन सोच |
|---|
| नगरपालीकाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने |
| **उद्देश्यहरू** |
| लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु |

**उद्देश्य १: लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु**

| रणनीति | कार्य नीति |
|---|---|
| १.१ महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने | १.१.१ अनिवार्य नारी शिक्षासम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिने छ। |
| | १.१.२ छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितीसँग नियमित अन्तरक्रिया |

| | |
|---|---|
| | सञ्चालन गरिने छ । |
| | १.१.३ महिला अधिकार, महिला हिंसा, यौन शोषक, यौन हिंसा जस्ता विषयहरुको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिने छ । |
| | १.१.४ प्रत्येक वडामा रहेका महिला सेलहरुमार्फत हरेक महिना पुरुषहरुको समेत संलग्नतामा महिला जागरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.५ विद्यालय पाठ्यक्रम निर्धारण गर्दा छात्र तथा छात्रा दुवैलाई प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरु समेट्ने गरी निर्धारण गरिने छ र सो माध्यामिक शिक्षामा अनिवार्य लागू गरिने छ । |
| | १.१.६ स्थानीय सञ्चार माध्यामहरुबाट लैङ्गिकता तथा महिला जागरणसम्बन्धी सामाग्री नियमित प्रसारण गरिने छ । |
| | १.१.७ बुहारी शिक्षालाई अनिवार्य गरिने छ । |
| | १.१.८ दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ । |
| | १.१.९ विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरणसम्बन्धीअभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| १.२ महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने | १.२.१ नगरपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, सिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिने छ । |
| | १.२.२ नगरपालिकाभर रहेका महिला उद्यमीहरुको अभिलेख तयार गरिने छ । |
| | १.२.३ महिला उद्यमीहरुलाई नगरपालिका बाहिरका सफल महिला उद्यमीहरुसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ । |
| | १.२.४ मापदण्डका आधारमा महिला उद्यमीहरुलाई उनीहरुको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा व्याजमा अनुदान प्रदान गरिने छ । |
| | १.२.५ सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरुको अभिलेख तयार पारी निशुल्क तयारी कक्षा सञ्चालन गरिने छ । |
| | १.२.६ स्थानीय न्यायिक समितिलाई नियमित तालिम सञ्चालन गरिने छ । |
| | १.२.७ महिलाका नाममा रहेको अचल सम्पत्तिसम्बन्धी वस्तुगत विवरण संकलन गरिने छ र त्यसमा वृद्धि गर्न ऐन कानूनमा |

| | |
|---|---|
| | सहुलियतको प्रबन्ध गरिने छ। |
| | १.२.८ "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न व्याज अनुदान कोष निर्माण गरिने छ। |
| | १.२.९ महिला हिंसा पहरेदारी तथा कानूनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.२.१० नगरपालिकास्तरीय एक महिला सूरक्षा गृहको निर्माण गरिने छ। |
| | १.२.११ नगरपालिकास्तरीय एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिने छ। |
| | १.२.१२ नगरपालिकामा उच्च शिक्षामा छात्राको उपस्थिति वृद्धि गर्न बालिका बिमा कार्यक्रम लागु गरिने छ। |
| १.३ जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने | १.३.१ संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सूरक्षा अन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाउन नगरपालिकाभित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिने छ। |
| | १.३.२ वडास्तरीय जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ। |
| | १.३.३ एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिने छ। |
| | १.३.४ प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिने छ। |
| | १.३.५ स्थानीय सञ्चार माध्यामसँगको सहकार्यमा जेष्ठ नागरिकहरुका जीवन अनुभव साट्न र सुन्न "जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.३.६ वर्षमा १ पटक आन्तरिक पर्यटन प्रर्वद्धन तथा जेष्ठ नागरिक सम्मान स्वरुप निश्चित मापदण्डका आधारमा जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सञ्चालन गर्न परिवहन अनुदान प्रदान गरिने छ। |
| | १.३.७ वडास्तरमा आफ्ना रितीथिति, संस्कार, धर्म सम्प्रदाय अनुरुपका भजन किर्तन, गायन, बाद्यवाधन कार्यक्रम संचालन गर्न जेष्ठ नागरिक किर्तन मण्डली गठन गरी बाद्यवाधन यन्त्रमा मापदण्ड बनाई अनुदान प्रदान गरिने छ। |
| | १.३.८ ८० वर्ष नाघेका जेष्ठ नागरिकहरुलाई सु-आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रवन्ध गरिने छ। |
| | १.३.९ जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य उपचार सुनिश्चित गर्न अति विपन्न परिवारको स्वास्थ्य बिमामा अनुदान प्रदान गरिने छ। |
| १.४ अपाङ्गता भएका नागरिकहरुको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरी उनीहरुको आत्मबल बढाउने र | १.४.१ नगरपालिकाभर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरुको व्यक्तिगत विवरण संकलन गरिने छ। |
| | १.४.२ अपाङ्गता परिचय पत्र वितरण गरिने छ। |
| | १.४.३ अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरुको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष |

| | |
|---|---|
| आत्मसम्मान जगाउने । | अध्ययन पश्चात कार्ययोजना निर्माण गरिने छ । |
| | १.४.४ ह्वील चियर आवश्यक अपाङ्गहरुको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिने छ । |
| | १.४.५ विशेष क्षमता भएका अपाङ्गहरुको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिने छ । |
| | १.४.६ पूर्ण अपाङ्गता भई जीवन निर्वाह गर्न पूर्ण असक्तहरुको विवरण संकलन गरी सामाजिक सूरक्षा कार्यक्रम संचालन गरिने छ । |
| | १.४.७ नगरपालिकामा अब बन्ने सबैखाले सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिने छ । |
| | १.४.८ अपाङ्गता भएका नागरिकहरुको समस्या कठिनाई र आवाजहरु उजागर गर्न अपाङ्गता भएका नागरिकको नेतृत्वमा एक नगरपालिका स्तरीय अपाङ्गता नागरिक सहयोग तथा सरोकार मञ्च मठन गर्न नगरपालिकाले सहजिकरण गर्नेछ । |
| | १.४.९ अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइने छ । |
| १.५ जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम, थारु तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरुका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहिकरण कार्यनीति निर्माण गर्ने | १.५.१ लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत तथा राज्यको मूल प्रवाहिकरणभन्दा बाहिर रहेका वर्ग, व्यक्ति वा समुदायको यर्थाथ स्थितिका बारेमा अध्ययन गरी स्थितिपत्र प्रकाशन गरिने छ । |
| | १.५.२ अल्पसंख्यक, दलित, आदिवासी, तथा जनजाती का मौलिकता र पहिचान, रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ । |
| | १.५.३ आदिवासी लोक संस्कृति संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.५.४ अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुहरूको नाममा बैङ्क खाता खोल्न प्रोत्साहन अनुदान दिइनेछ । |
| | १.५.५ सकारात्मक विभेदको सिद्धान्त अनुरुप राज्यको आरक्षण कोटामा सरकारी सेवामा प्रवेश गर्न चाहने यो वर्गका आकांक्षीहरूलाई लक्षित गरी विशेष तयारीकक्षाहरू निःशुल्क सञ्चालन गरिने छ । |
| | १.५.६ यी वर्गका विद्यालय जाने बालबालिकाको शिक्षाको अवसर सुनिश्चित गर्न अभिभावक शिक्षा र शैक्षिक सामाग्रीमा अनुदान प्रदान गरिने छ । |
| | १.५.७ छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानूनको अधिनमा रही त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानून निर्माण गर्दै न्यायिक समितिलाई सक्रिय तुल्याइने छ । |
| | १.५.८ यी लक्षित वर्गलाई समेट्ने सिप विकास र व्यवसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | १.५.९ लोपोन्मुख भाषा तथा लिपिको संरक्षण गर्न परामर्श अध्ययन तथा अनुसन्धान गरिने छ । |
| | १.५.१० सामाजिक अन्तरघुलन कार्यक्रम अन्तर्गत वर्षमा एक पटक विशेष राष्ट्रिय दिवसको अवसरमा नगरपालिकाको आयोजनामा सबै जात वर्ग सम्प्रदाय दलित उत्पिडितहरू सम्मिलित चियापान तथा अनुभूति आदान प्रदान कार्यक्रम आयोजना गरिने छ । |
| | १.५.११ विपन्न र सीमान्तकृत समुदायले सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसायमा मापदण्डका आधारमा शुन्य प्रतिशत ब्याजका लागि अनुदान प्रदान गरिने छ । |
| | १.५.१२ दलित महिला सहकारी स्थापना गरिनेछ । |
| | १.५.१३ दलित नमूना बस्ती सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.५.१४ दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.५.१५ दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको निर्माण गरिनेछ । |

लैङ्गिक समानता, श्रेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | 150 | | | | | |
| | | १.१.२.१ | छात्रा मैत्री शौचालय निर्माण | | 1500 | 2000 | 2000 | | |
| | | १.१.२.२ | छात्राहरूलाई Sanitary Pad वितरण | | 3000 | | 1000 | 1000 | |
| | | १.१.३ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | | 100 | | | | |
| | | १.१.४ | महिला सेलमार्फत हरेक महिना जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | 100 | 100 | 100 | |
| | | १.१.५ | माध्यामिक शिक्षामा यौन, लैङ्गिकता तथा प्रजनन् शिक्षासम्बन्धी पाठ्यक्रम निर्धारण | | 150 | | | | |
| | | १.१.६ | लैङ्गिकता र महिला जागरण सञ्चार कार्यक्रम संचालन | | 50 | 100 | 100 | 100 | |
| | | १.१.७ | अनिवार्य बुहारी शिक्षा कार्यक्रम | | 50 | 60 | 70 | 80 | |
| | | १.१.८ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वार्षिक रुपमा सप्ताह व्यापी कार्यक्रम | | 100 | 120 | 125 | 130 | |
| | | १.१.९ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | | | 150 | | | |
| | १.२ | १.२.१ | महिला सिप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | | 300 | 350 | 400 | 500 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.२.२ | महिला उद्यमी अभिलेख निर्माण | 500 | | | | | |
| | | १.२.३ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | | | 100 | | | |
| | | १.२.४ | महिला लघु उद्यमी तथा व्यवसायीलाई व्याजमा अनुदान | | 100 | 120 | 100 | 120 | |
| | | १.२.५ | सरकारी सेवा प्रवेश निःशुल्क तयारी कक्षा सञ्चालन | | 200 | 250 | 300 | 340 | |
| | | १.२.६ | न्यायिक समिति लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | | 50 | | | | |
| | | १.२.७ | महिलाको स्वामित्वमा अचल सम्पत्ति वृद्धि गर्न स्थानीय ऐन कानून संशोधन | | | 100 | | | |
| | | १.२.८ | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | | 50 | 55 | 60 | 70 | |
| | | १.२.९ | महिला हिंसा पहरेदारी वडास्तरीय महिला सेल अभिमुखीकरण | | | 50 | | | |
| | | १.२.१० | महिला सुरक्षा गृहको निर्माण | | | | 1500 | | |
| | | १.२.११ | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना | | | 1500 | | | |
| | | १.२.१२ | उच्च शिक्षा बालिका बिमा कार्यक्रम | | 50 | 60 | 70 | 80 | |
| | १.३ | १.३.१ | नगरपालिकामा “जेष्ठ नागरिक सहयोग कक्ष” गठन | | | 100 | | | |
| | | १.३.२ | जेष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | | | | 150 | | |
| | | १.३.३ | वडास्तरीय जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण | | | | | 1500 | |
| | | १.३.४ | जेष्ठ नागरिक योग तथा ध्यान केन्द्र सञ्चालन | | | | 900 | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.३.५ | जेष्ठ नागरिक आवाज कार्यक्रम सञ्चालन | | 50 | 60 | 70 | 80 | |
| | | १.३.६ | जेष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान | | 50 | 80 | 90 | 100 | |
| | | १.३.७ | जेष्ठ नागरिक किर्तन तथा मनोरञ्जन मण्डली गठन तथा वाद्ययन्त्र अनुदान | | | 400 | | | |
| | | १.३.८ | ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु-आहारा कार्यक्रम | | 100 | 150 | 200 | 250 | |
| | | १.३.९ | जेष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रममा अति विपन्न अनुदान | | 80 | 90 | 100 | 120 | |
| | १.४ | १.४.१ | सम्पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन | | 50 | | | | |
| | | १.४.२ | अपाङ्गता परिचय पत्र वितरण | | 100 | | | | |
| | | १.४.३ | अपाङ्गता भएका विद्यालय जाने बालबालिकाका समस्या बुझ्न अध्ययन | | | 200 | | | |
| | | १.४.४ | ह्विलचेयर आवश्यक तर नपाएका अपाङ्गको लागि ह्विलचेयर खरिद | | | | 500 | | |
| | | १.४.५ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा सिप विकास तालिम | | | | | 200 | |
| | | १.४.६ | पूर्ण अपाङ्गहरूलाई जीवन निर्वाह भत्ता | | 100 | 120 | 130 | 140 | |
| | | १.४.७ | सार्वजनिक भौतिक निर्माणमा अपाङ्गमैत्री बनाउन मापदण्ड परिमार्जन | | 100 | | | | |
| | | १.४.८ | अपाङ्ग नागरिक सहयोग तथा सरोकार मञ्च गठन | 100 | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.४.९ | अपाङ्गता भएका कलाकारलाई विशेष प्रोत्साहन अनुदान | 60 | 50 | 60 | 70 | 100 | |
| | १.५ | १.५.१ | सीमान्तकृत तथा मूल प्रवाहिकरणमा छुटेका वर्गको स्थितिपत्र प्रकाशन | | | 80 | | | |
| | | १.५.२ | आदिवासी, जनजाती लगायतका वर्गको साँस्कृतिक पहिचान सम्बन्धी अध्ययन गरी पार्श्वचित्र प्रकाशन | | 500 | | | | |
| | | १.५.३ | आदिवासी लोक संस्कृति संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन | | 500 | | | | |
| | | १.५.४ | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुहरूको नाममा बैङ्कमा रु १००० को खाता सञ्चालन | | 300 | 500 | 700 | 900 | |
| | | १.५.५ | सरकारी सेवामा मूल प्रवाहिकरण लक्षित विशेष तयारी कक्षा सञ्चालन | 100 | | | | | |
| | | १.५.६ | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | | 300 | 350 | 500 | 550 | |
| | | १.५.७ | छुवाछुत र सामाजिक भेदभाव न्यूनिकरण विशेष न्यायिक समिति तालिम | | | | 200 | | |
| | | १.५.८ | लक्षित वर्ग विशेष आय आर्जन तालिम | | 50 | 60 | 70 | 80 | |
| | | १.५.९ | लोपोन्मुख भाषा तथा लिपि अध्ययन परामर्श | | 60 | 70 | 80 | 90 | |
| | | १.५.१० | सामाजिक अन्तरघुलन चियापान कार्यक्रम | | 25 | 25 | 30 | 30 | |
| | | १.५.११ | लक्षित वर्ग अति विपन्न उद्यमी व्याज अनुदान | | 100 | 125 | 150 | 175 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.५.१२ | दलित महिला सहकारी स्थापना अन्तरक्रिया | | 100 | | | | |
| | | १.५.१३ | दलित नमूना बस्ती सम्भाव्यता अध्ययन | 200 | | | | | |
| | | १.५.१४ | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम | | 25 | 25 | 30 | 30 | |
| | | १.५.१५ | दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको स्थापना | | 1000 | 200 | 200 | 200 | |

### अपेक्षित उपलब्धीहरु

- ✓ महिला सचेतनामा वृद्धि हुने छ ।
- ✓ सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्ने छ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुका कठिनाइहरु न्यूनिकरण हुने छ ।
- ✓ सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउने छ ।
- ✓ जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुने छ ।

## ५.५ बालबालिका

### पृष्ठभूमि

हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने छ भन्ने निर्धारण गर्दछ तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु बाल अधिकारका अर्थात नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने वृहद लगानीसँग गाँसिएका विषयहरु हुन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार, यस नगरपालिकामा ४१.३२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका रहेको छ । यो जनसंख्यिक हिसावले जनसंख्याको ठूलो हिस्सा मानिन्छ । बालबालिकाको संख्या धेरे हुनुले राज्यले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गनुपर्ने देखाउछ । हरेकविद्यालयहरुमा बाल क्लव र बाल संजाल गठन गरिएको छ जस्ले बालबालिकाको हितमा कार्य गर्ने गर्दछ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ बालबालिकाको मौलिक अधिकार संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई आएको । |
| ▪ नगरपालिकाको ठूलो हिस्सा बालबालिका भएकोले उनीहरुको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने । |
| ▪ संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको । |
| ▪ स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको । |
| ▪ आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानी पर्याप्त र प्रभावकारी नभएको |
| ▪ विपन्नताका कारण धेरै बालबालिकाहरु आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको । |
| ▪ बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको । |
| ▪ बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नुचुनौती र जिम्मेवारी रहेको |
| ▪ समयमै बालबालिका सवालहरुको सम्बोधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहेको । |

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |
| **लक्ष्य** |
| बालबालिकाको, अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने |
| **उद्देश्यहरू** |
| ✓ बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु |

| उद्देश्य १. बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ बाल अधिकारसम्बन्धी जनचेतना जागरण गर्ने | १.१.१ बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बन्धमा अभिभावकहरुलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने छ । |
| | १.१.२ बालबालिकाहरु स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.३ बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम कार्यान्वयन गर्ने हेतुले नगरपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिने छ । |
| | १.१.४ विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन गरिने छ । |
| १.२ अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | १.२.१ नगरपालिका वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिने छ । |
| | १.२.२ असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको प्रबन्ध गरिने छ । |
| | १.२.३ नगरपालिकास्तरीय एक असहाय बाल गृहको स्थापना गरिने छ । |
| १.३ बालअधिकार सम्बन्धी नीतिगत सूधार तथा व्यवस्था | १.३.१ नगरपालिकालाई बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिने छ । |
| | १.३.२ बालविवाह मूक्त नगरपालिका घोषणा गर्न गृहकार्य गरिने छ । |
| | १.३.३ सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्यम सामाजिक सञ्चालन तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइने छ । |
| | १.३.४ बालक्लब र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई Motivational तथा नेतृत्व विकास तालिम प्रदान गरिने छ । |
| | १.३.५ बालबालिका विरुद्ध हुने हिंसा तथा शोषणका कृयाकलाप नियन्त्रण गर्न एक बालहेल्पलाइन सेवा सञ्चालन गरिने छ । |
| | १.३.६नगरपालिकास्तरीय एक बाल उद्यान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ । |

## बालबालिकाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | बाल अधिकारसम्बन्धी अभिभावक सचेतना कार्यक्रम | | 100 | | | | |
| | | १.१.२ | स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम | | | 200 | 250 | | |
| | | १.१.३ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | | 150 | | | | |
| | | १.१.४ | विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन | | 100 | 150 | 200 | 250 | |
| | १.२ | १.२.१ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण तयारी | | 100 | | | | |
| | | १.२.२ | अति विपन्न तथा असहाय बालबालिकाको, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | | 150 | 200 | 250 | 300 | |
| | | १.२.३ | बालगृहको निर्माण | | | | 1500 | 2000 | |
| | १.३ | १.३.१ | बालश्रम मुक्त नगरपालिका घोषणा | | 400 | | | | |
| | | १.३.२ | बालविवाह मुक्त नगरपालिका घोषणा | | | 100 | | | |
| | | १.३.३ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | | 100 | 120 | 130 | 150 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.३.४ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | | 100 | | 150 | | |
| | | १.३.५ | बालहेल्पलाइन सञ्चालन | | | 100 | | | |
| | | १.३.६ | बाल उद्यान सम्भाव्यता अध्ययन | | | | 900 | | |

अपेक्षित उपलब्धीहरु

- ✓ बालमैत्री समाजको निर्माण हुने छ ।
- ✓ आधारभूत बाल अधिकारको सुनिश्चितता हुने छ ।
- ✓ अति विपन्न र असहाय बालबालिकाहरु सुरक्षित हुने छन् ।
- ✓ बालमैत्री स्थानीय शासनको अभ्यास सफल हुने छ ।

## ५.६ युवा, मानव संसाधन श्रम तथा रोजगार

### पृष्ठभूमि

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कुल युवा जनसंख्या ४०.३ प्रतिशत रहेको छ। काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५०.९७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका छन्। यो सक्रिय जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो। यस प्रकारको युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ।नगरपालिकाले सिलाइ कटाई, च्याउखेती, वेटर तालिम, प्लम्बर तालिम, तरकारी खेती, मोवाइल मर्मत, मोटर साइकल सर्विसिङ्ग, इलेक्ट्रिसीयन तालिम आदि संचालन गरेको छ। त्यसैगरीबेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नाला तथा सार्वजनिक स्थल सरसफाई कार्यक्रम, १०० दिने नाला र सार्वजनिक संस्था सरसफाई साथै मानव संसाधन विकास तालिम सम्बन्धी कार्यक्रम अन्तर्गत दुर्व्यसनी विरुद्ध जन चेतना अभियान, कम्प्यूटर तालिम आदि संचालन गर्दै आएको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा १५ देखि ३९ उमेर समूहको जनसंख्या ४०.३० प्रतिशत भएको। |
| ▪ नगरपालिकाले सिलाइ कटाई, च्याउखेती, वेटर तालिम, प्लम्बर तालिम, तरकारी खेती, मोवाइल मर्मत, मोटर साइकल सर्विसिङ्ग, इलेक्ट्रिसीयन तालिम आदि संचालन गर्ने गरेको। |
| ▪ नगरपालिकामा बेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नाला तथा सार्वजनिक स्थल सरसफाई कार्यक्रम, नहर सुधार कार्यक्रमसञ्चालन भएको। |
| ▪ नगरपालिकाले मानव संसाधन विकास तालिम सम्बन्धी कार्यक्रम अन्तर्गत दुर्व्यसनी विरुद्ध जन चेतना अभियान, कम्प्यूटर तालिम आदि संचालन गर्दै आएका |
| ▪ युवा शक्ति नगरपालिकाको मानव संसाधनको महत्वपूर्ण स्रोत भएको। |
| ▪ नगरपालिकाको भावी समृद्धि युवाको काँधमा रहेको। |
| ▪ युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा साँस्कृतिक टोलीहरू नगरपालिकामा रहेको। |
| ▪ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके नगरपालिकाको विकासमा कायापलट हुन सक्ने। |
| ▪ नियमित रुपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिबिधीहरुलाइ प्राथमिकतामा राखेर क्रमशः स्तरोन्नती गर्न सकिने। |
| ▪ नगरपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने। |
| ▪ गैरसरकारी तथा निजी क्षेत्र संग समन्वय गरी युवामैत्री तालिम,गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने। |
| ▪ नगरपालिकामा विभिन्न प्रयोगात्मक कार्यक्रमहरु आयोजना गरी युवाहरुलाइ प्रतिश्पर्धात्मक |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| तथा जागरुक वनाउन सकिने । |
| ▪ उच्च तथा प्राविधिक शिक्षाका अवसरहरु नगरपालिकामै सिर्जना गरी रोजगारीकाअवसरहरु सिर्जना गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
| --- |
| ▪ नगरपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको । |
| ▪ नगरपालिकाबाट स्वभाविक रूपमा ठूलो हिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको । |
| ▪ प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको । |
| ▪ युवा जनशक्तिलाई यथोचित अभिमुखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको । |
| ▪ नगरपालिकामा रहेका युवाहरूपनि निरास, निश्क्रिय भई मोबाइल लगायतका सूचना प्रविधिमा व्यस्त रहने लत बढ्दै गएको । |
| ▪ कतिपय युवाहरू गलत संगत, लागूपदार्थ सेवन, झैझगडा लगायतका कुलतमा फस्ने अवस्था रहेको । |
| ▪ नगरपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरुलाई स्वदेशमै रोजगार सृजना गर्ने चुनौती रहेको । |
| ▪ नगरपालिकामा सम्पूर्ण वेरोजगार युवाहरुलाइ थेग्न सक्ने गरी रोजगारीको सिर्जन गर्न चुनौती रहेको । |
| ▪ कोभिड १९ का कारण प्रभावित वैदेशिक रोजगारबाट फर्किएका तथा नगरपालिकाका वेरोजगार युवाहरुलाई यथोचित सम्वोधन गर्न नसकिएको । |
| ▪ पूर्वाधारको समुचित विकास गर्न नसकिएको कारण तोकिएका खेलकुद मैदानहरु, क्लव तथा मनोरञ्जनात्मक स्थलहरु स्तरोन्ती गर्ने कार्य चुनौतीपूर्ण रहेको । |
| ▪ कूलतमा फसेका वा फस्ने खतरमा रहेका युवाहरुलाइ रोक्ने कार्यक्रमा तत्काल संचालन गर्नु पर्ने चुनौती रहेको । |
| ▪ अधिकांस युवाहरु उच्च र प्रविधिक शिक्षा हासिल नगर्ने हुँदा स्थानिय रोजगारमा जोडिन नसकेकोले विदेश जाने गरेको । |
| ▪ युवाहरुको रोजगारमूलक तालिममा कम चासो, तालिम लिएर सदुपयोग गर्न नसकेको । |

| दीर्घकालीन सोच |
| --- |
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| लक्ष्य |

नगरपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने

## उद्देश्यहरू

✓ श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु

| उद्देश्य १. श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने | १.१.१ नगरपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिने छ । |
| | १.१.२ नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरुको पूर्ण विवरण तयार पारिने छ । |
| १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरुको रुचि र झुकाव अनुसार नियमित सिप विकास रोजगारीमूलक र Motivatonal तालिम सञ्चालन गरिने छ । |
| | १.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| | १.२.३ गायन, वाद्यवाधन, नृत्य , कला, अभिनय आदिमा विशेष रुची भएका युवाको पहिचान गरी वडास्तरीय साँस्कृतिक समितिमा आबद्ध गराई उनीहरुलाई विशेष तालिम प्रदान गरिने छ । |
| | १.२.४ कुनैपनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरुलाई समेटि गाउँघरमा आवश्यक अर्धदक्ष कामहरु जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिने छ । |

## युवा मानव संसाधन श्रम तथा रोजगारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | युवा स्थितिपत्र तयार पार्ने | 200 | | | | | |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | | 300 | | | | |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | | 100 | 200 | 300 | 400 | |
| | | १.२.२ | युवा स्वयंसेवा दस्ता तालिम | | | 200 | | | |
| | | १.२.३ | युवा कलाकारीता तालिम | 100 | | | 150 | | |
| | | १.२.४ | प्रधानमन्त्री रोजगार विशेष तालिम | | 100 | 120 | 130 | 130 | |

### अपेक्षित उपलब्धी

- ✓ सिपयुक्त अर्धदक्षा र दक्ष मानव संसाधनको विकास हुने छ।
- ✓ बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुने छ।

## ५.७ खेलकुद तथा मनोरञ्जन

### पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ। विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ। उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धनमार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन्। छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ। पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा प्राय सबै बिद्यालयहरुको आफ्नै चौर (स्कुल कम्पाउण्ड भित्र), वडा नं. १ मा भगवानपुर गौडहरु खाली जग्गा, नन्द नगर देखि पूर्वको मैदान (३ विघामा), वडा नं. ६ मा तेनुहवा मा.वि को खेल मैदान, तर्कुलाहको सार्वजनिक जग्गा ( ३ विगाह), तेनुहवाको स्कुल पछाडीको जग्गा, स्वास्थ्य चौकि उत्तर-पूर्व जग्गा, पर्सा तेलार नदि किनारको जग्गा, जस्ता खेलमैदानहरु रहेको |
| ▪ नगरपालिकाले नगर स्तरीय खेलकुद कार्यक्रमलाई आवश्यक प्रवर्धन र प्रोत्साहन गर्ने नीति लिएको (प्रत्येक वर्ष मेयर कप रनिंग क्रिकेट संचालन गर्ने साथै अन्य खेलकुदका अतिरिक्त क्रियाकलापहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरेको) |
| ▪ स्वास्थ्यका लागि मनोरञ्जन भन्ने तथ्यलाई मनन गर्दै निजी क्षेत्रको साझेदारीमा नगर भित्र विविध किसिमका मनोरञ्जन स्थान विकासका लागि आवश्यक प्रोत्साहन गर्ने नीति लिएको |
| ▪ तर्कुलाहा सार्वजनिक जग्गा (करिब ३ विगाहा) मा क्रिकेट रंगशाला, उधान, पार्क, संग्राहालय बनाउन सकिने, |
| ▪ तेनुहवा स्कुल पछाडीको सार्वजनिक जग्गा (१५ कट्ठा) मा बालबाटीका बनाउन सकिने |
| ▪ भगवानपुर गौडहरमा रहेको ऐलानी मा खेल मैदान बनाउने र ठूला खेल आयोजना गर्न सकिने |
| ▪ दानव नदीको लम्तीहवा घाटमा सम्पूर्ण सुविधा उपलब्ध गराई सौन्दर्यकरण गरी पर्यटकीय स्थल बनाउन सकिने |
| ▪ पर्सा चोक मटियारा नालामा सौन्दर्यकरण गरी पर्यटकीय क्षेत्र बनाउन सकिने ( मउच तयार भैसकेको छ), धोविघाट पोखरी करिब १ विगाहमा सौन्दर्यकरण गरी पर्यटकी स्थल बनाउन सकिने |
| ▪ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने |
| ▪ खेलपूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|

| |
|---|
| ▪ नगरपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु |
| ▪ नगरपालिका खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल प्राय पोखरीको किनार हुनाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले पर्यावरणलाई असर पार्नु |
| ▪ नगरपालिका भर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङपुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जनस्थलको अभावमा हुनु |
| ▪ नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु |
| ▪ सीमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु |
| ▪ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको |
| ▪ भौगौलिक अवस्थिति सहज हुँदाहुँदै पनि एकीकृत खेलकुद जागरण अभावका कारण खेलकुद पूर्वाधारको विकास गर्न चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको |
| ▪ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको |
| ▪ विभिन्न वडामा रहेका खुलाचौर तथा खेलमैदान स्तरउन्नति चुनौतीपूर्ण भएको . |
| ▪ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन |
| ▪ आवस्यक पूर्वाधार नहुनु, खेल सामाग्रीको अभाव हुनु र प्रतिस्पर्धात्मक खेलकुदको आयोजना नहुनु । |

| दीर्घकालीन सोच |
|---|
| शारीरिक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |
| शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु |

| उद्देश्य १ : खेलकुद र मनोरञ्जनका माध्यामले नागरिकको खुसि र स्वास्थ्य सुदृढ गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने | १.१.१ सम्पूर्ण विद्यालयहरुमा खेल मैदानको प्रबन्ध गरिने छ । |
| | १.१.२ सम्पूर्ण विद्यालयहरुमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिने छ । |
| | १.१.३ वडास्तरीय खेल मैदानको व्यवस्था गरिने छ । |
| | १.१.४ वडास्तरीय खेलकुद विकास समिति निर्माण गरिने छ । |
| | १.१.५ नगरपालिका स्तरीय रंगशाला निर्माण गरिने छ । |
| १.२ खेलाडी पहिचान तथा प्रशिक्षण | १.२.१ नगरपालिकास्तरीय सम्पूर्ण खेलाडीहरुको विवरण तयार पारिने छ । |
| | १.२.२ खेल अनुसार खेलाडी समूह छुट्याई वडास्तरीय खेलकुद समितिमार्फत प्रशिक्षण तालिम प्रदान गरिने छ । |
| | १.२.३ राष्ट्रिय खेलमा भाग लिने खेलाडीहरुलाई विशेष तयारी प्रशिक्षण सञ्चालन गर्न कोषको व्यवस्था गरिने छ । |
| | १.२.४ स्थानीय तह र प्रदेशस्तरमा आयोजना हुने खेलहरुमा सहभागि हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिने छ । |
| १.३ खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | १.३.१ मेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गरिने छ । |
| | १.३.२ अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ । |
| | १.३.३ वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ । |
| १.४ स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | १.४.१ स्थानीय जातजाति, धर्म, सम्प्रदायहरुमा प्रचलित कला, कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनीहरुको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिने छ । |
| | १.४.२ ठूलो संख्याका मानिसहरुलाई सामूहिक रुपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नौटङ्की, नाटक, गान, बजाना, नृत्य, जादु, कला, कौशल, आदिलाई संस्थागत गर्न सम्भावना अध्ययन गरिने छ । |
| | १.४.३ वनभोजस्थलहरुलाई व्यवस्थित गर्ने वडास्तरीय पार्क तथा मनोरञ्जन स्थल बारे सम्भाव्यता अध्ययन गर्ने |

खेलकुद तथा मनोरञ्जनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | विद्यालय स्तरीय खेल मैदान मर्मत सम्भार | | 1000 | | 1000 | | |
| | | १.१.२ | विद्यालय खेल सामाग्री खरिद | | 800 | 900 | 1000 | 1100 | |
| | | १.१.३ | वडास्तरीय खेल मैदान निर्माण | | 1500 | 2000 | 2500 | 3000 | |
| | | १.१.४ | वडास्तरीय खेलकुद विकास समिति निर्माण | | 100 | | | | |
| | | १.१.५ | नगरपालिका स्तरीय रंगशाला निर्माण | | | 1500 | 2000 | 3000 | |
| | १.२ | १.२.१ | खेलाडीको व्यक्तिगत विवरण तयारी | | 100 | | | | |
| | | १.२.२ | खेलाडी प्रशिक्षण वडास्तरीय (नियमित) | | 150 | 200 | 250 | 300 | |
| | | १.२.३ | खेलाडी प्रशिक्षण (राष्ट्रिय प्रतियोगितामा सहभागी हुन) | | 100 | 120 | 130 | 150 | |
| | | १.२.४ | खेलाडी प्रशिक्षण (प्रार्दशिक र स्थानीय तह) | | 100 | 150 | 200 | 250 | |
| | १.३ | १.३.१ | मेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन | | 150 | 200 | 250 | 300 | |
| | | १.३.२ | अन्तरविद्यालय वार्षिक खेलकुद Tournament | | 400 | 450 | 480 | 500 | |
| | | १.३.३ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | | 300 | 320 | 340 | 350 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | १.४ | १.४.१ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | | 100 | | | | |
| | | १.४.२ | परम्परागत मनोरञ्जनात्मक कृयाकलाप संस्थागत गर्ने कृयाकलाप | | | 200 | | | |
| | | १.४.३ | बनभोजस्थल व्यवस्थापन गर्न वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | | 1500 | | | | |

### अपेक्षित उपलब्धीहरु

- ✓ न्यूनतम खेलकुद पूर्वाधारको विकास हुने छ ।
- ✓ खेलाडीहरु पहिचान भई क्षमता विकास भएको हुने छ ।
- ✓ स्थानीयस्तरमा प्रचलनमा रहेका मनोरञ्जनात्मक कृयाकलापहरु संस्थागत हुने छन् ।

## ५.८ सामाजिक सुरक्षा

### पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। जसअनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी स्पष्ट पारिएको छ। अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वय सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ स्थानीय तहलाई सामाजिक सुरक्षाको अधिकार प्राप्त हुनु। |
| ▪ नेपाल सरकारले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकता प्रदान गर्नु। |
| ▪ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात हुनु। |
| ▪ सामाजिक सुरक्षासम्बन्धी जनचेतनामा समेत वृद्धि हुनु। |
| ▪ सामाजिक सुरक्षा मौलिक हकको रुपमा स्थापित हुनु। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ सामाजिक सुरक्षाका कार्यक्रमहरु लक्षित समूदायमा केन्द्रित भई पूर्ण प्रभावकारी र संस्थागत हुन नसक्नु |
| ▪ सामाजिक सूरक्षाले समेट्नु पर्ने वर्गलाई समेट्न एकीकृत सूचना प्रणालीको व्यवस्था नहुनु साथै त्यस्ता वर्ग छुट्नु जानु |
| ▪ जीवन निर्वाहमा लागि आवश्यक न्यूनतम सहयोग समेत नपुग्ने रकम भएकोले नाम मात्रको सामाजिकसुरक्षा रकम हुनु। |

| दीर्घकालीन सोच |
|---|
| असक्त अवस्थामा निस्चिन्तता सामाजिक सूरक्षा |
| **लक्ष्य** |
| असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभाकत्व दिने |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु |

| उद्देश्य १.सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सामाजिक सूरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने | १.१.१ सामाजिक सुरक्षा कार्यक्रममा समेटिने वर्गको परिभाषा र मापदण्ड सङ्घीय र प्रादेशिक सरकारको नीति र कानूनको अधिनमा रही निर्माण गर्ने र सो को आधारमा त्यस्ता व्यक्तिहरुको व्यक्तिगत विवरण तयार पारी सूचना प्रणालीमा आबद्ध गरिने छ । |
| | १.१.२ सामाजिक सुरक्षाका प्रकारहरू निश्चित गरी आवश्यकता र संवेदनशीलताका आधारमा तहहरु छुट्याइने छ । यसरी संवेदनशिलताको तह बमोजिम सुरक्षाको प्रकार, निश्चय गरिनुका साथै मापदण्ड र विद्यमान ऐन कानूनको परिधिमा रही सामाजिक सूरक्षाको दायरा वृद्धि गर्नस्रोतका आधारमा अध्ययन गरिने छ । |
| | १.१.३ योगदानमा आधारित सामाजिक सूरक्षा व्यवस्था लागू गर्न आवश्यक तयारी अध्ययन गरिने छ । |
| | १.१.४ निजी र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा अन्य जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिने छ । |
| | १.१.५ सामाजिक सूरक्षाका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

### सामाजिक सुरक्षाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | | 200 | | | | |
| | | १.१.२ | सामाजिक सुरक्षाका प्रकृति र तहहरुको निर्क्यौल गर्ने र दायरा वृद्धि गर्न अध्ययन | | | 200 | | | |
| | | १.१.३ | योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्थितगर्न तयारी | | 150 | | | | |
| | | १.१.४ | अनौपचारिक तथा निजी क्षेत्रमा जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा संलग्न गराउन तयारी तथा अन्तर्रकृया | | | | 100 | | |
| | | १.१.५ | जनचेतनामूलक कार्यक्रम संचालन | | | | | 200 | |

### अपेक्षित उपलब्धीहरु

- ✓ नागरिकहरुमा सामाजिक सूरक्षा पाउनु मौलिक हक हो र यसमा सक्रिय जीवनमा सहयोग गर्नुपर्छ भन्ने जनचेतनाको विकास हुने छ ।
- ✓ असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाई राज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेको हुने छ ।

## ५.९ शान्ति सुरक्षा

### पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ। यसर्थ नगरपालिकाले नगरमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ। यसका साथै समयमै नगरपालिका प्रहरीको गठन गरी शान्ति सूरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ।नगरपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. ३ मा शसस्त्र बेस क्याम्प, वडा नं. ११ मा महादेवा शसस्त्र प्रहरी क्याम्प, वडा नं.१२ मा प्रहरी चौकी, वडा नं. १३ मा प्रहरी चौकी, बयर घाट शसस्त्र प्रहरी चौकी रहेको छ। प्रत्येक वडामा शान्ति सुरक्षा र अमनचैन कायम गर्न प्रहरी चौकी सहित सुरक्षा निकायहरूलाई विस्तार गर्नुपर्ने देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. ३ मा शसस्त्र बेस क्याम्प, वडा नं. ११ मा महादेवा शसस्त्र प्रहरी क्याम्प, वडा नं.१२ मा प्रहरी चौकी, वडा नं. १३ मा प्रहरी चौकी, बयर घाट शसस्त्र प्रहरी चौकी रहेका । |
| ▪ आम नागरिकलाई स्वतन्त्रतापूर्वक हिंडडुल गर्न तथा दैनिक कार्य सञ्चालन गर्न सुरक्षा चुनौती नभएको । |
| ▪ कुनै पनि बेला हुन सक्ने दुर्घटनाको तत्काल सम्बोधन गर्न सकिने । |
| ▪ घटना वा दुर्घटनाका बेला उद्दार सामाग्रीको पर्याप्त आपूर्ति गर्न सकिने । |
| ▪ पर्यटकहरूको आवागमन पनि हुने नगरपालिका भएकोले उनीहरूको सुरक्षा प्रत्याभूति हुन सक्ने । |
| ▪ अमनचयन तथा शान्ति सुरक्षाको अवस्थालाई जुझारु राख्न उपयुक्त कदमहरू चाल्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ नगरपालिकामा छिटफुट रुपमा चोरी तथा बलात्कारका घटना हुने गरेका |
| ▪ नगरपालिकामा अत्यावश्यक समयमा पनि सुरक्षा निकायको उपस्थिति नहुने |
| ▪ सुरक्षा निकायमा दरबन्दी अनुसारको जनशक्ति नरहेको |
| ▪ नगरपालिकाका केही घरपरिवारले एक्लै हिडडुल गर्न सुरक्षित महसुस नगरेको |
| ▪ सुरक्षाकर्मीको मनोवल उच्च राख्न आधुनिक हतियार, यातायातका साधन आदिको पर्याप्त उपलब्धता नरहेको |
| ▪ नगरपालिकामा आत्महत्याको यकिन तथ्याङ्क उपलब्ध हुन नसकेको |
| ▪ प्रविधिको अभाव तथा सूचना प्रवाह कठिनाइका कारण अपराधका घटनाहरूको यथार्थ लगत राख्न कठिन भएको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ समन्वयात्मक रूपमा उद्दार सामाग्रीको उपलब्धता तथा समूचित प्रयोगमा कठिनाई |
| ▪ नगरपालिकाको सीमित बजेटका कारण सुरक्षा निकायको उपस्थिति सबै वडामा पुऱ्याउने कार्य चुनौतीपूर्ण |
| ▪ अपराधलाई लोकलाज अथवा डर त्रासकाकारण लुकाई अपराधीलाई थप प्रोत्साहित हुने सम्भावना रहेको |
| ▪ आत्महत्या नियन्त्रणका लागि मनोसामाजिक परामर्शदाता व्यवस्था गर्न तथा मनोरोगीको पहिचान र उपचार गर्ने कार्य चुनौतीपूर्ण रहेको |
| ▪ निमुखा तथा सोझा साझा नागरिकको सुरक्षा प्रत्याभूति गर्न चुनौतीपूर्ण |
| ▪ हत्या हिंसा बलात्कार लगायतका घटनाहरूको यकिन लगत राख्न सुरक्षा निकायको अभावमा अप्ठेरो |

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित नगरपालिका |
| लक्ष्य |
| नगरपालिकाबासिलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महसुस गराउने |
| उद्देश्यहरू |
| ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु |

| उद्देश्य १. समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ सुरक्षा पूर्वाधारको विकास गर्ने | १.१.१ सुरक्षाका लागि प्रहरी चौकि स्थापना गर्नुपर्ने आवश्यकता भएका स्थानहरुको अध्ययन गरी सुरक्षा निकायसँग समन्वय गरिने छ । |
| | १.१.२ आवश्यकताका आधारमा नगर प्रहरी गठन गरिने छ । |
| | १.१.३ सुरक्षा गस्तीलाई आवश्यकता अनुरुप नियमित र अपराध संवेदनशील क्षेत्रमा सघन बनाइने छ । |
| | १.१.४ मदिरापान, भिडभाड, होहल्ला झै झगडा हुने क्षेत्रमा सुरक्षा सर्तकता वृद्धि गरी सुरक्षा योजना निर्माण गरिने छ । |
| | १.१.५ Hot Lineसेवाको प्रवन्ध गरी तत्काल परिचालन हुने stand by force तयार पारिने छ । |
| | १.१.६ उद्धार विशेष टोली निर्माण गरी तयारी अवस्थामा राख्ने । |
| | १.१.७ व्यक्तिगत सुरक्षा र सूचना दिन प्रोत्साहन गर्ने हिसाबले विद्यार्थीसँग प्रहरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.८ सघन वस्ती रहेका बजार क्षेत्रहरुमा आवश्यकताका आधारमा cctv जडान गरिने छ । |
| १.२ संस्थागत क्षमता विकासका कृयाकलाप सञ्चालन गर्ने | १.२.१ अपराध हुनु अगावै सूचना प्राप्त गर्न सक्ने गुप्तचर सेवालाई प्रभावकारी बनाउन तालिम र कार्ययोजना निर्माण गरिने छ । |
| | १.२.२ नगर प्रहरीलाई सुरक्षा संवेदनशीलताका आधारमा क्षमता विकास |

| | |
|---|---|
| | तालिम प्रदान गरिने छ। |

## शान्ति सुरक्षाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | प्रहरी चौकि विस्तार गर्न आवश्यक स्थानको विवरण तयार पार्ने | | 500 | | | | |
| | | १.१.२ | नगर प्रहरीको दरवन्दी तय गर्ने | 100 | | | | | |
| | | १.१.३ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थान बारे अध्ययन गर्ने | | | 300 | | | |
| | | १.१.४ | समग्र नगरपालिका सुरक्षा योजना तयार गर्ने | | | | 400 | | |
| | | १.१.५ | Hot Line सेवा सञ्चालन | | 100 | | | | |
| | | १.१.६ | उद्धार संयन्त्र निर्माण | | | 150 | | | |
| | | १.१.७ | विद्यार्थीसँग प्रहरी विशेष कार्यक्रम | | | | | 100 | |
| | | १.१.८ | सघन बजार र वस्ती क्षेत्रमा CCTV जडान | | 500 | 550 | | 600 | |
| | १.२ | १.२.१ | गुप्तचर सेवा तालिम | | | | 20 | | |
| | | १.२.२ | नगर प्रहरी तालिम | | | 100 | | 100 | |

### अपेक्षित उपलब्धी

नगरपालिका बासिन्दाहरु सुरक्षाका हिसाबले ढुक्क छु भन्ने वातावरण श्रृजना भएको हुने छ ।

## ५.१० शवदाहस्थल तथा चिहान व्यवस्थापन

### पृष्ठभूमि

हरेक नगरपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृतिअनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता पनि हो। भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्वोधन गर्नुपर्दछ। परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ। यस नगरपालिकामा वडा नं. १ कोटलिया घाट (खुनगाई घाट), नन्दनगर घाट, भगवानपुर घाट, तेलार नदिमा हिन्दुहरुले, चिहान (आफ्नै जग्गामा) मुस्लिमहरुले, वडा नं. २ मा लम्तिहवा घाट (दानव नदी), तेलार घाट (केवटलिया), अर्धौली घाटमा हिन्दुहरुले, कबरीस्तान (बलरामपुर मा.वि नजिक) मुस्लिमहरुले, वडा नं. ३ मा पडरिया लंकापुर जोड्ने पुलघाट मा हिन्दुहरुले, सानो पडरिया को कवरीस्तान (गाँउ उत्तर), ठूलो पडरिया को कवरीस्तान ( गाँउ पश्चिम) मुस्लिमहरुले, वडा नं. ४ राम जानकी मनोहरा घाट, महुवारी तेलार घाटमा ३५० घरधुरीले, अमारी कवरीस्तान मुस्लिमहरुले, वडा नं. ५ को कोठी नदी ढोडहवाँ गाउँ पश्चिमघाट, हडहवा नालाघाट मा हिन्दुहरुले, हन्नामपुर गाउँपश्चिम कबरीस्तान, तेनहवा स्कुल पूर्वको कवरीस्तान, मोहम्मद नगर पोखरीको उत्तरको कवरीस्तान मा मुस्लिमहरुले वडा नं ६ का लिखिहवा घाट (तेलार नदी), लिखिहवा घाट बड्की भुड, हडहवा नालाघाट मा हिन्दु समुदायले, आफ्नै जग्गा र कबरीस्तान मस्लिम समुदायले, वडा नं. ७ सूर्यपुर घाट (कन्चन नदी), तेलार घाट (तेलार नदी), हिन्दुहरुले, वडा नं. ८ को तेलार घाट, शिवपुरा घाट मा हिन्दुहरुले, मुस्लिम समुदायले आफ्नै जग्गामा कबरीस्तान बनाउने चलन, वडा नं. ९ को समुदायले मायादेवी नदी घाट, काटही माइ दानो नदी घाट, पिपरा टोल कवरस्तान, वडा नं. १० मधुबनी घाट, बडौला घाट मा मधेशी समुदायले, महजिदिया शमसानघाट महजिदिया मुस्लिम समुदायले वडा नं. ११ कोठी नदी महादेवा घाट, महतिनिया घाट, भठ्ठा घाट कोठि नदिमा हिन्दुहरुले, मुस्लिमहरुले आफ्नै जग्गामा मा गाड्ने, वडा नं. १२ को आजमा घाट, अरदौली घाट, आमा बनबाटिका घाटमा हिन्दुहरुले र मुस्लिमहरुले आफ्नै जग्गामा, वडा नं. १३ को पैसियाघाट, काली दह घाट, वडवलिया घाट कोठरी नदीमा २०० घरधुरीले दाहसंस्कार गर्ने गरेका छन्। यद्यपि व्यवस्थित शवदहन तथा शव व्यवस्थापन भने नगरपालिकाले यथाशीघ्र गर्नु पर्ने देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ नगरपालिकामा हिन्दुहरुले सार्वजनिक जग्गा घाट, नदि, किनारमा र मुस्लिम समादायले आफ्नै जग्गामा दाहसंस्कार गर्ने गरेका |
| ▪ जातजाति अनुसारका दाहसंस्कार गर्न नगरपालिकामा सार्वजनिक जग्गा तथा दोभानहरू रहेका |
| ▪ नगरपालिकाले परम्परागत दाहसंस्कार विधिलाई सरल, सहज, सुविधाजनक बनाई वन जंगलको संरक्षण र वातावरण मैत्री बनाउन व्यवस्थित दाहसंस्कार गृहको स्थापनाको लागि निजी क्षेत्र र सङ्घीय सरकारसंग पहल गर्ने नीति लिएको |
| ▪ नगरपालिकामा रहेका विभिन्न समुदायका आ-आफ्ना धर्मसंस्कृतिअनुरूपका शवदाहस्थल तथा |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| चिहान व्यवस्थापनप्रति नगरपालिका सवंदेनशील भएको । |
| ▪ नगरपालिकाले एकीकृत रूपमा भएका शवदाहस्थल एवमं चिहानलाई व्यवस्थित गर्ने तथा नभएका स्थानहरूमा उपयुक्त स्थलहरू पहिचान गरी व्यवस्थापन गर्ने कार्यक्रम ल्याउन सक्ने । |
| ▪ शवदाहस्थल, चिहान तथा किरियापुत्री भवनको लागि आवश्यक सडक, विद्युत, सञ्चार लगायतका पूर्वाधारहरूको नगरपालिकाले विकास गर्न सक्ने । |
| ▪ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल तथा चिहानको वैज्ञानिक व्यवस्थापन गर्न सक्ने |
| ▪ वातावरणमैत्री विद्युतीय शवदाहस्थलको निर्माण गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
| --- |
| ▪ नगरपालिकामा व्यवस्थित तवरले शवदाह स्थल तथा चिहानहरूको व्यवस्थापन नभैसकेको |
| ▪ मुस्लिम समुदायले आफ्नै जग्गामा समेत शवव्यवस्थापन गर्नुपर्ने बाध्यता रहेका |
| ▪ अव्यवस्थित दाहसंस्कार गरिनुले नगरपालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौति थपिएको |
| ▪ गाडिएका शवहरूलाई जंगली जनावरहरूले खोस्रेर यत्रतन्त्र छरिदिने अवस्था रहेको |
| ▪ शवदाहस्थल तथा चिहान व्यवस्थापनका लागि सर्वस्वीकृति स्थलहरू किटान गर्ने चुनौती रहेको |
| ▪ अन्तिमसंस्कारका लागि सडक, विद्युत, बाटोघाटो, सञ्चार लगायतका पूर्वाधार विकास गर्न ठूलो आकारको बजेट चाहिने । |
| ▪ छरिएर रहेका बस्तीहरूका कारण शवदाहस्थल तथा चिहान व्यवस्थापनमा कठिनाइ तथा खर्चिलो हुने । |
| ▪ वातावरण मैत्री विद्युतीय शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्न संस्कारगत तथा बजेटका हिसाबले चुनौतीपूर्ण । |

| दीर्घकालीन सोच |
| --- |
| शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा चिहान व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने |
| **उद्देश्यहरू** |
| ✓ शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु |

| उद्देश्य १. शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु | |
| --- | --- |
| रणनीति | कार्यनीति |

| | |
|---|---|
| १.१ सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र चिहानको पूर्वाधार तयार गर्ने | १.१.१ प्रत्येक वडामा परम्परागत हिसाबले चलि आएका शवदाहस्थल र चिहानको व्यवस्थित नक्साङ्कन गरिने छ । |
| | १.१.२ जनसंख्याको चापको आधारमा क्रमश शवदाह स्थललाई व्यवस्थित बनाउन डि.पि.आर तयार पारिने छ । |
| | १.१.३ किरियापुत्री घर तथा चिहान क्षेत्र तारबार र शवदाहस्थल निर्माणको कार्य क्रमश अगाडि बढाइने छ । |
| | १.१.४ अतिविपन्न नागरिकहरुलाई किरिया खर्च प्रदान गरिने छ । |
| | १.१.५ महामारीका बेला हुने मृत्यु र शव व्यवस्थापना योजना निर्माण गरी कार्यान्वयन गरिने छ । |
| | १.१.६ प्रत्येक वडालाई समेट्ने गरी आवश्यकता का आधारमा शव बाहन सेवा सञ्चालन गरिने छ । |

### शवदाहस्थल तथा चिहान व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | शवदाहस्थल तथा चिहानहरुको नक्साङ्कन | | 500 | | | | |
| | | १.१.२ | शवदाहस्थल डि.पि.आर | | | 1500 | | | |
| | | १.१.३ | शवदाहस्थल तथा किरियापुत्रिघर निर्माण र चिहान क्षेत्र तारबार | | | | 1000 | | |
| | | १.१.४ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | 100 | 100 | 120 | 130 | 140 | |
| | | १.१.५ | माहामारी शव व्यवस्थापन योजना निर्माण | | | 200 | | | |
| | | १.१.६ | शव वाहन खरिद | | 2200 | | | | |

### अपेक्षित उपलब्धी

- नगरपालिकामा शवदाहस्थल तथा चिहानको उचित प्रबन्ध भएको हुने छ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | शिक्षा विज्ञान तथा प्रविधि | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | 95 | 100 |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | 98 | 100 |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | 80 | 95 |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | 90 | 90 |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथामिक) | | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | 99 | 100 |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | 90 | 100 |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | 90 | 100 |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | 1 | 1 |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | 247 | 257 |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा | प्रतिशत | 70 | 89 |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | कार्यरत शिक्षकहरु | | | |
| | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | 50 | 80 |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | 55 | 73 |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | 45 | 97 |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | 7 | 9 |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | 2 | 3 |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | 85 | 40 |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | 79 | 39 |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | 40 | 27 |
| | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | 15 | 12 |
| | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | 0 | 0 |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | 2 | 6 |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | 9 | 5 |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | 9 | 4 |
| | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | 18 | 14 |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | 12 | 15 |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | 32 | 24 |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | 0 | 0 |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | 0 | 0 |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | 2 | 3 |
| | | | | | |
| २. | **स्वास्थ्य** | | | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | 39 | 100 |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | 8 | 2 |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | 3 | 1 |
| | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | 5 | 1 |
| | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | 0 | 0 |
| | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | 0 | 0 |
| | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | 0 | 0 |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | 0 | 0 |
| | प्रतिफल | मुटुसम्बन्धीबिरामी वार्षिक | संख्या | 27 | 20 |
| | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | 22 | 15 |
| | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | 350 | 50 |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धीदीर्घ रोग दम आदिका बिरामी | संख्या | 933 | 150 |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | 10 | 45 |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | 74 | 95 |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | 39 | 80 |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | 100 | 100 |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | 3 | 1 |
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | 90 | 100 |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | 13 | 80 |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | 95 | 100 |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा) | 61 | 150 |
| | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | 4.5 | 10 |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | 0 | 13 |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | 4 | 1 |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | 0 | 3 |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | 1 | 5 |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | 1 | 5 |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | 1 | 5 |
| | प्रतिफल | योग केन्द्र | संख्या | 0 | 1 |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | 75 | 95 |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | 0 | 26 |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | 9 | 13 |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | 0 | 1 |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | 71 | 72 |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | 1 | 0 |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | 400 | 5000 |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | 0 | 0 |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | 695 | 150 |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | 0 | 2 |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | 3 | 13 |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | 1 | 15 |
| | | | | | |
| ३. | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | २० |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | १ | ५ |
| | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | १ | ५ |
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | २०० |
| | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | | ३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | ३ | ५ |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | 1 | २ |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | १ | ५ |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | ३ | ६ |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | २ | ४ |
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | ६ | २० |
| | प्रतिफल | साँस्कृतिक उत्सव (Art and Literature Festival) | संख्या | १० | २० |
| | प्रतिफल | कला संग्रहालय | संख्या | १ | ४ |
| | | | | | |
| ४. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | 2 | 6 |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | 600 | 200 |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | 120 | 400 |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | 0 | 1 |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | 0 | 1 |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | 0 | 1 |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | 6326 | 8000 |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको(प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | 47 | 20 |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) (प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात ( प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |
| | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) ( प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) ( प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | |
| | असर | नगरपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | |
| | असर | नगरपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व(Bodies)(प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | |
| | | | | | |
| ५. | **बालबालिका** | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | 1200 | 500 |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | 300 | 100 |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |
| | प्रतिफल | बालगृह संख्या | संख्या | 0 | 1 |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | 1 | 4 |
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | 4000 | 6000 |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | 41 | 10 |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ६. | युवा श्रम तथा रोजगार | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | 42 | 10 |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | 34 | 9 |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | 66 | 44 |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | 58 | 90 |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | 66 | 90 |
| | असर | महिला रोजगार युवा | प्रतिशत | 34 | 55 |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | 52 | 38 |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | 9 | 24 |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | 4 | 16 |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | 155 | 70 |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | 25 | 1 |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | 75 | 95 |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | 53 | 35 |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | 397 | 250 |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | | | |
| ७. | खेलकुद तथा मनोरञ्जन | | संख्या | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | 0 | 2 |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | 0 | 1 |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | 1 | 3 |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | 0 | 1 |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | 1 | 4 |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | 1 | 3 |
| | प्रतिफल | व्यवथित पिकनिक स्थलको संख्या | संख्या | 2 | 5 |
| | प्रतिफल | व्यावथित पौडी पोखरीको संख्या | संख्या | 0 | 3 |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | 0 | 1 |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | 0 | 2 |
| | | | | | |
| ८. | **शान्ति सुरक्षा** | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | | 5 | 7 |
| | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | 17 | 4 |
| | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | 800 | 600 |
| | प्रतिफल | नेपाल प्रहरी | संख्या | 56 | 100 |
| | प्रतिफल | नेपाली सेना | संख्या | 0 | 100 |
| | प्रतिफल | शसस्त्र प्रहरी | संख्या | 87 | 122 |
| | प्रतिफल | नगर प्रहरी | संख्या | 0 | 15 |
| | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत (प.दि.वि.ल. १६.१.४) | प्रतिशत | 78 | 95 |
| | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | 5 | 15 |
| | | | | | |
| ९. | **शवदाहस्थल तथा चिहान व्यवस्थापन** | | | | |
| | प्रतिफल | व्यवस्थित शवदाह स्थल/चिहानको संख्या | संख्या | 12 | 18 |
| | प्रतिफल | शववाहनको संख्या | संख्या | 0 | 4 |

# परिच्छेद ६ : पूर्वाधार विकास

## ६.१ खानेपानी तथा सरसफाई

### पिउने पानी तथा सरसफाईको वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना २०२० का अनसार, यस नगरपालिकामा रहेका करिब १०६५१ घरधुरी मध्ये ९७.५७ प्रतिशत परिवारले पिउने पानीको मुख्य स्रोतको रुपमा टयुबवेल/ हातेपम्प प्रयोग गरेको देखिन्छ भने इनारको पानीको प्रयोग गर्ने घरधुरी १.९१ प्रतिशत र ०.५२ प्रतिशत परिवारले पाइपधारा प्रयोग गरेको पाइन्छ। नगरपालिकामा उपलब्ध पिउने पानीको स्रोत मध्ये ०.७८ प्रतिशत मात्र पूर्णरुपले पिउन सुरक्षित रहेको पाइन्छ भने बाँकी स्रोतमा धमिलो फोहोर मिसिएको, गन्ध आउने, आइरनयुक्त, आर्सेनिक युक्त हुनाले पिउनका लागि पूर्ण रुपले सुरक्षित नरहेको पाइन्छ। साथै नगरपालिकाका अधिकांश घरपरिवारले पिउने पानीलाई कुनै शुद्धीकरण नगरी सिधैं पिउने गरेको देखिन्छ जुन जनस्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हो।

सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ। शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म ग्रामीण परिवेशमा रहेकाले यो नगरपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहोरमैला उत्सर्जन हुँदैन र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छैन। तथापि स्वच्छ पानी तथा सरसफाइ मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरु भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनालेस्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरु निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरुको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| • प्रचुरमात्रामा भूमिगत जलस्रोतको उपलब्धता भएको |
| • नगरपालिकाको वडा नं. ३ को पडरिया, वडा नं. ६ को तेनुहवा, र वडा नं. ७ को कर्महवा जस्ता खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेको |
| • स्वच्छ खानेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकीकरण गरिएको |
| • पिउने पानी अभावका कारण नगरपालिकाबासीले सास्ती भोग्न नपरेको |
| • नगरपालिकामा पानी संरक्षण गरी दिगो रुपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने |
| • घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने |
| • फोहरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउने नीति लिएको |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ● सहरी इलाकाहरुमा विकास नभई सकेकोले फोहोर व्यवस्थापन जटिल नभएको |
| ● घरबाट निस्कने फोहोरलाई असंगठित रुपमै भए पनि जैविक मलको रुपमा प्रयोग गर्ने गरिएको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ● प्रचुर मात्रामा भूमिगत जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको |
| ● सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको |
| ● टयुबवेलको पानीमा गन्ध आउने साथै आइरन, आर्सेनिक जस्ता तत्वहरु देखिएको |
| ● पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको |
| ● फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइनसकेको |
| ● अधिकांश घरहरुमा व्यवस्थित शौचालयको साथै नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको |
| ● विशेषगरी सघन वस्तीमा रहेका बजार केन्द्रहरुमा सडकहरुमा नाला व्यवस्थापन हुन नसकेको |
| ● वैज्ञानिक फोहोरमैला व्यवस्थापन हुन नसकेको |
| ● कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको |
| ● फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने |
| ● पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने |

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |
| **लक्ष्य** |
| नगरपालिका सम्पूर्ण वडाहरुमा/बस्तीहरुमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु<br>✓ नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुऱ्याउनु |

| उद्देश्य १ : नगरपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १.१.१. “एक घर एक धारा” को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरुमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिने छ । |
| | १.१.२ संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ । |
| | १.१.३. खानेपानी आयोजनाहरु समयमै निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फतसेवा सञ्चालनमा ल्याइने छ । |
| १.२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने । | १.२.१. खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण गरिने छ । |
| | १.२.२. खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिने छ । |
| | १.२.३. हरेक घरपरिवारमा पाइपमार्फत खानेपानी आपुर्ती प्रणाली निर्माण गरिने छ । |
| | १.२.४. खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिने छ । |

| उद्देश्य २ :नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुऱ्याउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने । | २.१.१. प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ । |
| | २.१.२. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गीकरण गर्न, कम्पोस्ट मल बनाउन र पुनर्प्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित तालिम सञ्चालन गरिने छ । |
| २.२. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | २.२.१. प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ । |
| | २.२.२. उल्लेखित स्थानहरुमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका |

| | |
|---|---|
| | लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिने छ । |
| | २.२.३. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साईट निर्माण गरिने छ । |
| | २.२.४. फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिने छ । |
| | २.२.५. मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिने छ । |
| | २.२.६. बजार केन्द्रहरुमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि व्यवस्था मिलाइने छ । सो वापत बजार क्षेत्रका घरधुरीहरुबाट सरसफाई शुल्क उठाइने छ । |
| | २.२.७. पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिने छ साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिने छ । |
| २.३. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.३.१. घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गैसस तथा सामुदायिक संस्थाहरुसँग सहकार्य गरी स्थानीय बासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईने छ । |
| | २.३.२. स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाईसम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

## खानेपानी तथा सरसफाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | एक घर एक धारा कार्यक्रम | 2000 | | 2500 | 3000 | 3500 | |
| | | १.१.२ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | 2000 | | | | | |
| | | १.१.३ | क) आयोजना निर्माण ठेकेदारलाई दण्ड तथा पुरस्कारको प्रबन्ध<br>ख) खानेपानी आयोजनाहरु निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फत सेवा सञ्चालनमा ल्याउने | | 200 | | | | |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | | 500 | | | | |
| | | १.२.२ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | | | 1000 | | | |
| | | १.२.३ | खानेपानी आपूर्ति पाइप लाईन विस्तार | 2000 | 1000 | 1500 | | 2500 | |
| | | १.२.४ | खानेपानी आपूर्ति व्यवस्थापन कोष तथा अनुगमन संयन्त्र निर्माण | | 800 | | | | |
| २ | २.१. | २.१.१. | शौचालय निर्माण गर्न अनुदान | 1000 | 700 | 800 | | 1200 | |
| | | २.१.२. | क) वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम<br>ख) फोहोर पुनर्प्रयोग गर्न तालिम | | | 500 | | | |
| | २.२. | २.२.१. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | | | 500 | 500 | 800 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | २.२.२. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहर फ्याक्ने कन्टेनरको व्यवस्था | | 500 | | | | |
| | | २.२.३. | नगरपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण | | | 2000 | 2500 | | |
| | | २.२.४. | सघन वस्ती क्षेत्रमा ढल निर्माण | | 1500 | 2000 | 2200 | 2500 | |
| | | २.२.५. | सरसफाइ कर्मचारीको व्यवस्था | | 400 | | | | |
| | | २.२.६. | फोहोर संकलन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न अन्तरक्रिया | | | 100 | | | |
| | | २.२.७. | पानीकोमुहान संरक्षण तथा संरचना मर्मत | | | 450 | 500 | 500 | |
| | २.३. | २.३.१. | विभिन्न संघ संस्थासंग समन्वय गरी सामुदायिक स्तरमा प्रत्येक हप्ताको शनिबार सरसफाई कार्यक्रम सञ्चालन | | 150 | 160 | 180 | 190 | |
| | | २.३.२. | स्थानीय सञ्चारमाध्यममा सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रसारण । | | 100 | 110 | 120 | 130 | |

### अपेक्षित उपलब्धि

- ✓ नगरपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने,
- ✓ सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने,
- ✓ सार्वजनिक स्थल तथा बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने
- ✓ सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुने छ ।

## ६.२ सिंचाई

### पृष्ठभूमि

तराईको समथर मैदानमा रहेको अवस्थितिका कारण यस नगरपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ। यहाँ धान, गहुँ, मकै, मुसुरो, तोरी, तरकारी, जस्ता कृषि उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ। नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट, तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहेको छ , तथापि अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन। सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ पर्याप्त भूमिगत जलस्रोतको भण्डार रहेकोले बोरिंग तथा डिप बोरिङमार्फतनगरपालिकाका सबै वडाहरुलाई सहजै सिंचित गर्न सकिने |
| ▪ नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट, तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहेको |
| ▪ नगरपालिकामा रहेका पानीका मुहानहरुलाई संरक्षण गरी उक्त क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी सिंचाई योजना निर्माण गरी कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने |
| ▪ प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने |
| ▪ कृषि विद्युतीकरणमार्फत सिंचाई सहजीकरण गर्न सकिने |
| ▪ एकीकृत सिंचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहु उपयोग गर्न सकिने |
| ▪ भौगोलिक अवस्थालाई हेर्दा कृत्रिम जलाशयहरु निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउन सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ उपलब्ध जलस्रोतको पूर्णरूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो हुने गरेको |
| ▪ परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत संभार नियमित हुन नसकेको |
| ▪ नदीजन्य प्रकोपका कारण कुलो तथा सिंचाइका आयोजनाहरुमा प्रत्येक वर्ष क्षति पुग्ने गरेको |
| ▪ पोखरी र परम्परागत तलाउहरुमा मानवीय क्रियाकलापका कारण अतिक्रमण बढ्दो |
| ▪ भूमिगत सिंचाई परियोजनाहरु खर्चिलो भएका कारण प्रभावकारी हुन नसकेको |
| ▪ कृषि विद्युतीकरणमार्फत खेतखेतमा बिजुलीको लाइन लगेर सिंचाइका मेसिन चलाउन खर्चिलो रहेको र सिंचाइका लागि उपयोग हुने मोटरहरुबाट उत्पन्न हुने धुवाले प्रदूषण बढाउने |

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिंचाईयुक्त नगरपालिका |
| लक्ष्य |

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुऱ्याउने

उद्देश्यहरू

- ✓ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याउनु
- ✓ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

| उद्देश्य १. सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याउनु | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउने | १.१.१. नगरपालिका भएर बग्ने नदी, खोला नाला, ताल पोखरीहरु, सिमसार क्षेत्रहरु लगायत पानीका मुख्य स्रोतहरु र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण (inventory profile) तयार गरिने छ । |
| | १.१.२. परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइने छ । |
| | १.१.३. सम्भाव्यता अध्ययन गरी भूमिगत तथा सतह सिंचाई संरचनाहरु क्रमशः निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिने छ । |
| | १.१.४. सतह सिंचाईको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिंचाई जस्तै थोपा सिंचाई, फोहरा सिंचाई, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरुमा कार्यान्वयनमा ल्याइने छ । |

| उद्देश्य २. सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१. उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने । | २.१.१. चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी ठूला कृषि फर्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिने छ । |
| | २.१.२. कृषि विद्युतीकरणमार्फत भूमिगत तथा सतहगत सिंचाई प्रणाली सुदृढिकरण गरिने छ । |
| २.२. कृत्रिम जलाशयहरु | २.२.१. प्रत्येक वडामा कृत्रिम जलाशयहरु निर्माण गरी माछापालन, |

| | |
|---|---|
| निर्माण गरी वैकल्पिक सिंचाई प्रर्वद्धन गर्ने | सिंचाई तथा पर्यटकलाई आकर्षित गर्नका लागि सम्भाव्यता अध्ययन गरिने छ । |
| २.३.संस्थागत संरचना सुदृढीकरण गर्ने । | २.३.१. मर्मत संभार कोष स्थापना गरी नियमित मर्मत संभार गर्ने व्यवस्था गरिने छ । |
| | २.३.२. पोखरी, खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरुको सहभागिता सुनिश्चित गरिने छ साथै सिंचाइ उपभोक्ता समितिको क्षमता विकास गरिने छ । |
| | २.३.३. मुहानहरु संरक्षण कार्य योजना जस्तै बायो इन्जिनियरिङ्ग, पोखरी तथा हरित क्षेत्र विकास कार्यक्रम प्रत्येक वडामा सम्भाव्य क्षेत्रमा संचालन गरिने छ । |
| | २.३.४. मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण जलस्रोत क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने कार्ययोजना निर्माण गरी लागू गरिने छ । |
| | २.३.५. सिंचाई आयोजना सञ्चालन र व्यवस्थापन प्रणालीलाई स्वचालित र आत्मनिर्भर बनाउनका लागि न्यूनतम उपभोगको मात्रा अनुसार सेवा शुल्क निर्धारण गरी संकलन गरिने छ । |
| | २.३.६. मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागितामा वडास्तरमा व्यापक जागरण कार्यक्रम संचालन गरिने छ । |

### सिंचाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | 200 | | | | | |
| | | १.१.२. | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | | 2000 | 2500 | 3500 | 4000 | |
| | | १.१.३. | भूमिगत तथा सतह सिंचाई सम्भाव्यता अध्ययन तथा निर्माण | | | 1500 | | | |
| | | १.१.४. | वैकल्पिक सिंचाईको व्यवस्था | 2000 | | 2200 | 2500 | 3500 | |
| २ | २.१. | २.१.१. | ठूला कृषि उत्पादन क्षेत्रमा सिंचाइको विशेष व्यवस्था | | 2500 | 3000 | 3500 | 4000 | |
| | | २.१.२. | विद्युतका पोल तथा लाइनको व्यवस्था | | | 1000 | 1500 | 2000 | |
| | २.२. | २.२.१. | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन | | | 500 | | | |
| | २.३. | २.३.१. | मर्मत संभार कोष स्थापना | | 1000 | | | | |
| | | २.३.२. | सिंचाई उपभोक्ता समितिलाई मूहान संरक्षण तथा दिगो सिंचाईसम्बन्धीतालिमको व्यवस्था | | | | 500 | | |
| | | २.३.३. | हरित क्षेत्र विकास कार्यक्रम संचालन | | | 1000 | | | |
| | | २.३.४. | वातावरण अन'क'लनका (Climate adaptation and mitigation) कार्यक्रम संचालन | | | 500 | | | |
| | | २.३.५. | सिंचाइ सेवा शुल्क निर्धारण तथा संकलन | | 100 | 120 | 130 | 140 | |
| | | २.३.६. | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन | | | 500 | | | |

### अपेक्षित उपलब्धि

- ✓ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुगेको हुने छ र उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुने छ।

## ६.३ ऊर्जा

### पृष्ठभूमि

राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार यस नगरपालिकामा दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। यस नगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ५८.३२ प्रतिशत रहेको छ । त्यस्तै ३९.०५ प्रतिशत घरधुरीले मट्टितेल, ०.३४ प्रतिशत ले सोलार र ०.१८ प्रतिशत घरधुरीले गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । त्यस्तै नगरपालिकामा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा कुइठा/ठोरहा सबैभन्दा बढी अर्थात ८२.८६ प्रतिशत रहेको छ। यसैगरी दोस्रोमा काठ दाउराको प्रयोग गर्ने ९.८८ प्रतिशत, एल.पी. ग्यासको प्रयोग गर्ने ४.४५ प्रतिशत, मट्टीतेलको प्रयोग गर्ने घरधुरी संख्या १.२७ प्रतिशत, गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ०.४१ प्रतिशत, रहेका छन् भने अन्य इन्धन प्रयोग गर्ने ०.२१ प्रतिशत र उल्लेख नगरिएको संख्या१.१० प्रतिशत रहेको देखिन्छ। वडागत रुपमा हेर्दा पनि सबैभन्दा बढी कुइठा/ठोरहाको प्रयोग गर्ने समग्र सबै वडाका घरधुरी संख्या बढी रहेको देखिन्छ।

कुनैपनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत् तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। माथिको तथ्याङ्कलाई हेर्दा नगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनक नै रहेको छ तथापी व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाइन जडान हुनसकेको छैन। नगरपालिकाका सबै वडाका वस्तिहरुमा विद्युत जडान तथा ट्रान्सफर्महरुको जडान गरीएको भएतापनि वडा नं. ८ को भरोडिया बस्तीमा विद्युत प्रशारण लाईन नपुगेको अवस्था छ।

त्यसैगरी घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत low voltageका कारण समस्या आउने गरेको पाइन्छ। तसर्थ नगरपालिकामा विद्युत् प्रसारण लाइनमा सुधार गर्नुपर्ने साथै low voltageहुने स्थानहरुमा ट्रान्सफर्मरको स्तरोन्नती तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ। विद्युत सेवा सुधार तथा विस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ। विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिंचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ। घरायसी खाना पकाउन प्रयोग गरीने इन्धनको स्रोतको रुपमा मूलतः काठ दाउरामा निर्भर यस नगरपालिकामा विद्युत, बायोग्याँस, एलपी ग्यासको प्रयोग सीमित मात्रामा मात्र गरेको पाइन्छ। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरु मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन्। अतः यस नगरपालिकामा अल्पकालीन रुपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलबिद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाका करिब ५८ भन्दा वढि घरहरुमा विद्युत तथा सोलार सेवा पुगेको |
| ▪ नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा विद्युत तथा इन्टरनेट सुविधा भएको |
| ▪ नगरपालिकाका राइसमिल्स, फर्निचर उद्योग, डेरी तथा अन्य व्यवसायिक क्रियाकलापहरुमा विद्युत उपयोग भएको |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने |
| ▪ समथर भूभाग भएको हुँदा विद्युतीय सवारी साधनहरु प्रयोगमा ल्याउन सकिने |
| ▪ नगरपालिकाबासीलाई विद्युतीय उपकरणको उपयोगमा प्रोत्साहन गरी काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ मुख्य प्रसारण लाइन बाहेक नगरपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरु जीर्ण तथा असुरक्षित रहेका |
| ▪ वडा नं. ८ को भरोडिया बस्तीमा विद्युत प्रशारण लाईन नपुगेको |
| ▪ सार्वजनिक सडक बत्तिहरुको पर्याप्त प्रबन्ध नभएको |
| ▪ निम्न जीवनस्तर तथा न्यून आय भएका घरधुरीहरुले विद्युत जडान गर्न नसक्ने अवस्था रहेको |
| ▪ छरिएर रहेका बस्तीको कारण प्रसारण लाइन विस्तार खर्चिलो तथा थप जटिलता |

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त नगरपालिका |
| **लक्ष्य** |
| नगरपालिकावासीहरुमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने |
| **उद्देश्यहरू** |
| ✓ ऊर्जामा सबै नगरपालिका बासीको पहुँच पुऱ्याउनु<br>✓ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु |

**उद्देश्य १. ऊर्जामा सबै नगरपालिका बासीको पहुँच पुऱ्याउनु**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने । | १.१.१. विद्युत् सेवा नपुगेका बस्तीहरुमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइने छ । |
| | १.१.२. तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरुपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा वायोग्यास प्रयोग गर्न प्रोत्साहन स्वरुप अनुदान प्रदान |

| | |
|---|---|
| | गरिने छ । |

| उद्देश्य २. ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विद्युत क्षमता वृद्धि गर्ने । | २.१.१. मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिने छ । |
| | २.१.२. विद्युत प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिने छ । |
| २.२. विद्युत् उपयोग बढाउने । | २.२.१. घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिने छ । |
| | २.२.२. विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने छ । |
| २.३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | २.३.१. नगरपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिने छ । |
| | २.३.२. बजार क्षेत्रहरुमा फोहोरको सदुपयोग गरी ऊर्जामा परिणत गर्ने प्रविधीको प्रयोग गरिने छ । |
| | २.३.३. उज्यालो नगरपालिका अभियान अन्तर्गत नगरपालिकाका सडकहरुमा तथा सार्वजनिक स्थानहरुमा सौर्यबत्ती जडान गरिने छ । |
| २.४. विद्युत चुहावट नियन्त्रण गर्ने | २.४.१. नगरपालिकामा हुनसक्ने विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था गरिने छ । |
| २.५.जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.५.१. दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा र गुइँठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ । |

उर्जाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | विद्युतका प्रशारण लाइन विस्तार | 2000 | | 2500 | 3000 | 3500 | |
| | | १.१.२. | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | | 1500 | 2000 | 2200 | 2500 | |
| २ | २.१. | २.१.१. | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | | 2000 | | 3000 | | |
| | | २.१.२. | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार गर्ने | | | 1500 | | 2000 | |
| | २.२. | २.२.१. | विद्युतीय उपकरण खरिदमा निश्चित मापदण्डका आधारमा छुटको व्यवस्था | 1500 | 1000 | | 1500 | 2000 | |
| | | २.२.२. | विद्युतीय सवारी साधन सञ्चालनमा सवारी कर छुटको व्यवस्था | | 1200 | 1500 | 1700 | 1900 | |
| | २.३. | २.३.१. | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | | | 50 | | | |
| | | २.३.२. | सघन वस्ती क्षेत्रमा प्रविधिको प्रयोग गरी फोहोरबाट उर्जा उत्पादन सम्भाव्यता अध्ययन | | | | 500 | | |
| | | २.३.३. | सडक तथा सार्वजनिक स्थानमा सौर्य बत्ती जडान | | 300 | 400 | 500 | | |
| | २.४. | २.४.१. | विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था | 50 | 50 | 60 | 70 | 80 | |
| | २.५. | २.५.१. | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन | | 50 | 50 | 80 | 100 | |

## ६.४ सडक तथा यातायात

### पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। भैरहवा र कपिलवस्तुको सदरमुकाम तौलिहवा जोडने सडकको लुम्बिनिबाट २२ कि.मी सडक दुरीमा अवस्थित यस नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको छ। यस नगरपालिका भित्रका सबै वडाहरुमा सडक संजाल पुगेको छ । नगरपालिकाको भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी लुम्बिनी तौलिहवा लोकमार्ग, हुलाकी लोकमार्ग र अन्य सहायक मार्गहरु रहेका छन् । नगरपालिका भित्रका अधिकांश मुख्य सडकहरु कालोपत्रे छन् भने भित्री सडकहरु विस्तार तथा स्तरोन्नती तीव्र रुपमा भइरहेको छ। नगरपालिका भित्रका सहायक सडकहरु कच्चि अवस्थामा रहेका हुनाले यस्ता सडकहरुमा बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने हुँदा तथा हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरु देखिएका कारण यस्ता भित्री सडकहरु पनि धमाधम ग्राभेल तथा स्तरोन्नतीका काम भइरहेका छन् । तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरु वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था कमजोर रहेको पाइन्छ। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धिगर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुऱ्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने हुदाँ यस नगरपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरी सोही अनुरुप योजनाबद्ध एवं व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिका भैरहवा र कपिलवस्तुको सदरमुकाम तौलिहवा जोडने सडकबाट २२ कि.मी सडक दुरीमा रहेको |
| ▪ सडकहरुको निर्माण, विस्तार तथा मर्मत हुँदै जाने तर पुल/कल्भर्टहरु क्रमशः साँधुरा र जिर्ण हुँदै गएको तथ्यलाई ध्यानमा राखी नगरपालिका क्षेत्रमा आर.सि.सि. बक्स सहितका कल्भर्टहरु निर्माण गर्ने नीतिलाई प्राथमिकिकरण गरेको |
| ▪ नगरभित्रका सम्पूर्ण बाटोहरुको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको आरम्भ गर्ने नीति लिएको |
| ▪ नगरपालिकाका सडकहरुलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नती कार्यलाई तीव्रता दिइएको हुनाले केही वर्षभित्रै गुणस्तरीय सडक सञ्जाल तयार हुने |
| ▪ नगरपालिकाले १३ वटै वडा केन्द्रमा सडकको पहुँच हुनाले नगरपालिकामा कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार नभएको |
| ▪ कच्ची सडक वर्षातको समयमा हिलाम्मे हुने र अन्य समयमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुनेगरेको |
| ▪ सडकहरुमा ढल तथा नाली व्यवस्थापन गर्नुपर्ने |

| |
|---|
| ▪ अधिकांश खोलाहरु तथा पर्याप्त पुल नभएको र भएका पुलहरू स्तरोन्नतिको पर्खाइमा रहेका |
| ▪ नगरपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको असुविधा भएकाले विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने |
| ▪ सडक वरपर प्रदुषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर कम गर्न पहल गर्नुपर्ने |
| ▪ सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरु चलायमान हुन नसकेको |
| ▪ सडकको स्तरउन्नती गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने |

| दीर्घकालीन सोच |
|---|
| सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता |
| **लक्ष्य** |
| नगरपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नति गरीयातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिका वासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु<br>✓ नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु |

| उद्देश्य १ :नगरपालिकावासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१.नगरपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने । | १.१.१. सम्पूर्ण वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरुलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा कालोपत्रे गरिने छ । |
| | १.१.२. निर्माण योजनामा रहेका सडकको यथाशीघ्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने छ । |
| | १.१.३ सडक विस्तार सँगसँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिने छ । |
| १.२. विद्यमान सडक पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने । | १.२.१. हाल सञ्चालनमा रहेका प्रमुख वस्ती र बजार केन्द्र जोड्ने प्रमुख सडकहरूको पहिलो प्राथमिकता तोकी स्तरोन्नति, विस्तार र कालोपत्रे वा पक्की गरिने छ । |
| | १.२.२. पहिचान भएका कृषि सडकहरूको स्तरोन्नति र विस्तार गरी नगरपालिकाका सडकसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गरिने छ । |

| | |
|---|---|
| | १.२.३. प्रस्तावित औद्योगिक व्यवसायिक तथा कृषि पकेट क्षेत्रहरूको यकिन गरी ती स्थानहरुलाई जोड्ने सडक क्रमिक रुपमा निर्माण गरिने छ । |
| | १.२.४. सघन यातायात सञ्चालन हुने मुख्य सडकहरुमा आवश्यकता अनुसारको रोड फर्निचर (Road Furniture)को व्यवस्था गरिने छ । |
| | १.२.५ नगरपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि अध्ययन गरिने छ । |
| | १.२.६ उच्च प्राथमिकता प्राप्त पुलहरूको डिपिआर सम्पन्न गरिने छ । |
| | १.२.७ उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेटका लागि समन्वय गरिने छ । |
| १.३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने । | १.३.१. यातायात व्यवसायी तथा सरोकारवाला संग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिने छ । |
| | १.३.२. रूटमा चल्ने सवारी साधनहरूको संख्या र प्रकार (जस्तै बस, मिनिबस, अटो रिक्सा माइक्रोबस आदि) आवश्यकता अनुसार तय गरिने छ । |
| | १.३.३. रूटको बीच-बीचमा बस स्टप, सार्वजनिक शौचालय, प्रतीक्षालयहरु स्थानीय आवश्यकता अनुसार निर्धारण गरी निर्माण गरिने छ । |
| | १.३.४.नगरपालिकाका सघन यातायात सञ्चालन हुने मुख्यरूटहरुमा आवश्यकताको आधारमा ट्राफिक युनिट स्थापना गरिने छ। |
| १.४. हेलिप्याड निर्माण गर्ने । | १.४.१. नगरपालिकाका प्रत्येक वडामा कम्तिमा एउटा हेलिप्याड निर्माण गरिने छ । |

| उद्देश्य २. नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१.सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने । | २.१.१. गुरु योजनामा आधारित सडक सञ्जालको विकास तथा यातायात रुटहरूको तय गरिने छ । |
| | २.१.२. रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी प्राथमिकताका आधारमा निर्माण गरिने छ । |

| | |
|---|---|
| २.२. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने । | २.२.१. सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइने छ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । |
| २.३. दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने । | २.३.१. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइने छ । |
| | २.३.२. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्युनीकरण गरिने छ । |
| | २.३.३. विद्युतीय सवारी साधन संचालन गर्नका लागि सङ्घीय तथा प्रादेशिक सरकारसँग समन्वय गरी प्रोत्साहन गर्न निजी क्षेत्रलाई आर्थिक सहुलियत दिने र चार्जिङ स्टेशन को सम्भाव्यता अध्ययन गरिने छ । |
| | २.३.४ नगरपालिकामा निर्माण हुने सडकहरु मध्ये २० प्रतिशत सडकहरुमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न सम्भावना अध्ययन गरिने छ । |

## सडक तथा यातायातको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे | 2500 | 2500 | 2500 | 3000 | 3500 | |
| | | १.१.२. | हाल निर्माणाधिन सडक निर्माण तथा संचालन | | 3000 | 3500 | 4000 | 4500 | |
| | | १.१.३. | वसपार्क तथा बस टर्मिनल निर्माण | 2500 | | | | | |
| | १.२. | १.२.१. | प्रमुख सडकहरूको स्तरोन्नति | | 2500 | 3000 | 3300 | 3500 | |
| | | १.२.२. | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नति | | 2000 | 2500 | 3500 | 4500 | |
| | | १.२.३. | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | | | 1500 | | 2500 | |
| | | १.२.४. | मुख्य सडकहरुमा रोड फर्निचरको व्यवस्था | | | | 100 | | |
| | | १.२.५ | उच्च प्राथमिकता प्राप्त पुलहरूको सर्वेक्षण अध्ययन | | 1500 | | | | |
| | | १.२.६ | उच्च प्राथमिकता प्राप्त पुलहरूको डिपिआर निर्माण | 3000 | | | | | |
| | | १.२.७ | उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय | | 200 | | | | |
| | १.३. | १.३.१. | सार्वजनिक सवारीसाधन चल्ने रुटहरु तय | | | | 150 | | |
| | | १.३.२. | रुट अनुसार सवारी साधनहरूको संख्या र प्रकार निर्धारण | | 50 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.३.३. | बस स्टप, सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण | | | 1500 | | 1800 | |
| | | १.३.४. | आवश्यकता अनुसार ट्राफिक युनिट स्थापना | | | | 300 | | |
| | १.४. | १.४.१. | प्रत्येक वडाका सम्भाव्यस्थलमा हेली प्याड निर्माण | | 500 | 600 | 700 | 900 | |
| २ | २.१. | २.१.१. | सडक तथा यातायात गुरुयोजना निर्माण | | | 1500 | | | |
| | | २.१.२. | रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण | | 1800 | | | | |
| | २.२. | २.२.१. | अनुगमनको व्यवस्था | | | | 300 | | |
| | २.३. | २.३.१. | आधुनिक उपकरण खरिद | | 1000 | 1200 | 1300 | 1500 | |
| | | २.३.२. | Bio-engineering प्रविधि अवलम्बन गर्ने | | | 1000 | | | |
| | | २.३.३. | विद्युतीय सवारी साधन खरिदमा सहुलियत | | 500 | 500 | 800 | 1000 | |

## ६.५ आवास, भवन तथा वस्ती विकास

### पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाका घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको इँटा/ढुङ्गाले बनेका घरधुरी सबैभन्दा धेरै संख्या ४५.५० प्रतिशत छ भने सबैभन्दा कम काठ/फल्याकका काँचो इँटाको बाहिरी गारो भएको घरधुरी संख्या ०.६६ प्रतिशत रहेको छ । यसैगरी सिमेन्टको जोडाइ भइको इँटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या ४०.३२ प्रतिशत, बाँस जन्य सामग्रीबाट बाहिरी गारो भएको घरधुरी संख्या ३.८८ प्रतिशत,माटोको जोडाई भएको इँटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या १.९९ प्रतिशत रहेको छ भने अन्य घरधुरी संख्या ६.०२ प्रतिशत घरधुरी संख्या रहेको देखिन्छ। तथ्यांकअनुसार नगरपालिकाका अधिकांश घरहरु कच्ची तथा विपन्न अवस्थामा रहनुले यस नगरपालिकाका घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ। अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधासम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ समथर भूमि भएकाले प्रत्येक वडामा रहेका खुला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी एकीकृत बस्ती विकास गर्न सजिलो । |
| ▪ स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरू जस्तै- गिट्टी बालुवा आदि उपलब्धता भएको र यथेष्ट मात्रामा सडक सञ्जालको विस्तारका कारण ढुवानीमा समस्या नरहेको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्न सकिने । |
| ▪ नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यवस्थित गर्न घर निर्माण सम्बन्धी मापदण्ड निर्माण गरी यही आ.व. देखि कार्यान्वयनमा ल्याउने नीति लिएको |
| ▪ भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधासम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ अधिकांश घरहरु कच्ची/ झुप्रोको रुपमा रहेकाले सुरक्षित नभएका |
| ▪ समथरभू-धरातलका कारण बस्तीमा डुबान तथा कटान हुने गरेको |
| ▪ छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने |
| ▪ मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको |
| ▪ भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको |
| ▪ सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको |
| ▪ भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको |

| |
|---|
| अभाव भएको |

| दीर्घकालीन सोच |
|---|
| सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति |
| **लक्ष्य** |
| सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु<br>✓ सुरक्षित आवास तथा भवनहरु निर्माण गर्ने |

**उद्देश्य १ : न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | १.१.१. बस्ती विकास योजना निर्माण गरिने छ । |
| | १.१.२. विपतको जोखिममा परेका बस्तीहरु पहिचान तथा नक्साङ्कन गरिने छ । |
| | १.१.३. एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरु पहिचान गरी आवास क्षेत्र विकास गरिने छ । |
| | १.१.४. छरिएर रहेका तथा विपतको जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभूत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिने छ । |
| | १.१.५. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइने छ । |
| | १.१.६. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |
| १.२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने । | १.२.१. नगरपालिकाको भू-उपयोग नीति अनुरुप वस्ती विकास तथा योजना निर्माण गरिने छ । |
| | १.२.२. हाल घनावस्ती रहेका स्थानमा भौतिक पूर्वाधार विकास गरी बस्ती वरपर थप आवास विस्तार कार्यक्रम संचालन गरिने छ । |
| | १.२.३. अनधिकृत रुपले बसोबास गरिरहेका घरपरिवार पहिचान गरी सो स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । |
| | १.२.४. भवन आचार संहिता तर्जुमा गरी लागु गरिने छ । |

| उद्देश्य २ : सुरक्षित आवास तथा भवनहरु निर्माण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने । | २.२.१. सरकारी भवनहरु निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिने छ । |
| | २.२.२. सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइने छ । |
| २.२ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने । | २.२.१. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिने छ । |
| | २.२.२. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरुका लागि नियमित तालिम संचालन गरिने छ । |

## आवास, भवन तथा वस्ती विकासको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | बस्ती विकास गुरुयोजना तयार गर्ने | 1500 | | | | | |
| | | १.१.२. | विपदको जोखिममा परेका बस्तीहरुको पहिचान गरी नक्सांकन गर्ने | | 300 | | | | |
| | | १.१.३. | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान गर्ने | | | 800 | | | |
| | | १.१.४. | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | | | | 2500 | 4000 | |
| | | १.१.५. | आर्थिक रूपले पिछडिएका वर्गको लागि आवास निर्माण गर्न उपयुक्त संयन्त्र निर्माण | | | 200 | | | |
| | | १.१.६. | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान | | | | 500 | | |
| | १.२. | १.२.१. | बस्ती विकास कार्यक्रम सञ्चालन | | | 3000 | | 5000 | |
| | | १.२.२. | अनुगमन संयन्त्र निर्माण/मापदण्ड निर्माण | | 200 | | | | |
| | | १.२.३. | भवन आचार संहिता तर्जुमा तथा लागू | | | | 500 | | |
| | २.१. | २.१.१. | सामूहिक सार्वजनिक तथा सरकारी भवन निर्माण | | 1000 | 1500 | 2000 | 2500 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | २.१.२. | अपाङ्ग मैत्री भवन निर्माण | | | 1500 | | 2000 | |
| | २.२. | २.२ .२ | भवन निर्माणमा स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न प्रोत्साहन | | | | 100 | | |
| | | २.२.३. | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धिसम्बन्धी तालिम | | | 300 | | | |

अपेक्षित उपलब्धि

- ✓ न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुने
- ✓ भवन आचारसंहिता निर्माण भई कार्यान्वयन भएको हुने
- ✓ विपन्न वर्गको लागि आवास योजना कार्यान्वयनमा आएको हुने ।
- ✓ नगरपालिकाका भूकम्पबाट क्षतिग्रस्त सम्पूर्ण घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण भएको हुने ।

## ६.६ सूचना तथा सञ्चार

### पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । यस नगरपालिकामा वस्तीहरु बाक्लो भएका स्थानहरुमा नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन् । नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावरहरु भएकाले network coverage को हिसाबले स्थिति सन्तोषजनक नै भएतापनि गुणस्तर सुधार गर्नु जरुरी छ । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएकोले यो नगरपालिकामा इन्टरनेट प्रविधिको पहुच पुगेको देखिन्छ । वडा नं. ३, १० र ९ मा तारसहितको टेलिफोनको सुविधा छ । यस नगरपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुरआदिको सहजै आपूर्ति भए तापनि स्थानीयहरू सूचनाको पहुँचबाट टाढै रहेका छन् । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावर रहेका |
| ▪ वडा नं. ३, १० र ९ मा तारसहितको टेलिफोनको सेवा तथा नगरपालिकाका केही स्थानहरुमाइन्टरनेट सेवा पुगेको |
| ▪ मोवाइल डाटाको प्रयोगबाटै भएपनि नगरपालिकावासीहरुमा Facebook, Youtubeजस्ता सामाजिक सञ्जालको प्रयोगमा वृद्धि हुँदै गएको |
| ▪ विभिन्न राष्ट्रिय दैनिकहरु गोरखापत्र, कान्तिपुर तथा स्थानीय पत्रिकाहरु लुम्बिनी साँस्कृतिक बुलेटिन आदिको नगरपालिका तथा अन्य सरकारी कार्यालयहरुमा पहुँच भएको |
| ▪ उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरुलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ ल्याण्डलाइन टेलिफोन तथा इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको |
| ▪ विद्यालय तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क वाईफाईको व्यवस्था गर्नुपर्ने |
| ▪ नगरपालिकाभित्र रेडियो तथा टेलिभिजन प्रसारण केन्द्र नभएको |
| ▪ सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने |
| ▪ नगरपालिकावासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने |

| दीर्घकालीन सोच |
|---|
| सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त नगरपालिका |
| लक्ष्य |

| नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |
|---|
| उद्देश्यहरू |
| ✓ नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |

| उद्देश्य १. नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | १.१.१. मोबाइल नेटवर्क कभरेज प्रभावकारितामा ल्याउन आवश्यकतानुसार मोबाइल टावरहरुको थप र विस्तार तथागुणस्तर सुधार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिने छ । |
| | १.१.२. इन्टरनेट प्रदायक निजी कम्पनीहरुलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिने छ । |
| | १.१.३. स्थानीय एफएम रेडियोसञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । |
| | १.१.४. मोबाइल टावरहरुमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइने छ । |
| १.२. नगरपालिकावासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने । | १.२.१. नगरपालिकाको वेबसाइटमार्फत सूचना सम्प्रेषण गरिने छ । |
| | १.२.२. नगरपालिका केन्द्र, वडा कार्यालय तथा सार्वजनिक स्थलहरुमा फ्री वाइफाईको व्यवस्था गरिने छ । |
| | १.२.३. वडा कार्यालयहरु सूचना प्रविधि मैत्री बनाइने छ । |
| | १.२.४. नगरपालिकास्तरीय सूचना केन्द्रको साथै e-library को स्थापना गरिने छ । |
| | १.२.५. एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गरेर बजाइने छ । |
| | १.२.६. नगरपालिका भित्रका स्थानीय खबर तथा देश र विदेशका खबरबाट सुसूचित गर्नका लागि अतिविपन्न वर्गलाई मापदण्डका आधारमा मोबाइल वितरण गरिने छ । |
| १.३. क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने । | १.३.१. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिममार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिने छ । |
| | १.३.२. नगरपालिकावासीमा साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ । |

### सूचना तथा संचारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | नेपाल टेलिकम र एनसेलको सँग समन्वय गरी आवश्यक स्थानमा टावरहरु निर्माण गर्ने तथागुणस्तर सुधार गर्ने | 500 | | | | | |
| | | १.१.२. | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण गर्ने | | | | 800 | 1000 | |
| | | १.१.३. | सामुदायिक एफएम र स्थानीय पत्रिका प्रकाशनमा सहजीकरण | | 50 | 55 | 60 | 70 | |
| | | १.१.४. | विद्युत प्राधिकरणसँग सहकार्य | | | 500 | | | |
| | १.२. | १.२.१. | नगरपालिकाको वेबसाइट अपडेट गर्ने | | 100 | | | | |
| | | १.२.२. | सञ्चारसँग सम्बन्धित निजी क्षेत्रसँग सहकार्य | | | 100 | | 150 | |
| | | १.२.३. | विद्युतीय सूचना पूर्वाधार निर्माण | | 150 | | | | |
| | | १.२.४. | e-libraryस्थापना गर्ने | | | 700 | | | |
| | | १.२.५. | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | 100 | | | 200 | | |
| | | १.२.६. | अति विपन्न परिवारलाइ मोबाइल वितरण कार्यक्रम | | 300 | 400 | | 500 | |
| | १.३. | १.३.१. | सूचना प्रविधि तालिम संचालन | | | | 200 | | |
| | १.३. | १.३.२. | जनचेतनामूलक कार्यक्रम सञ्चालन | | 100 | 120 | 130 | 140 | |

### अपेक्षित उपलब्धि

नगरपालिका तथा वडाहरुमा सूचना प्रबिधिका पूर्वाधारहरु निर्माण भएको हुने छ र नगरपालिकावासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुने छ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | ०.४८ | १० |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | ९७२ | १०० |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ७० | ९५ |
| | असर | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | ३० | ७० |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | ८५ | ९६ |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | ० | १५ |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | ११ | २६ |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | ० | ० |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २५ | ५५ |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | १०१२ | ५००० |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | १४ | २६ |
| २. | **सिंचाई** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | २१ | ४५ |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | १८ | ४० |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | २१४२ | ५००० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| ३. | उर्जा | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या(प.दि.वि.ल. ७.१.१) | प्रतिशत | ९८ | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.८ | ७ |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | २० | २५ |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.२) | | ७८ | ९२ |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | .८ | ४ |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १२ | ३६ |
| ४. | सडक तथा यातायात | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | ४८ | ६७ |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | ३३ | ७० |
| | असर | सडक घनत्व | कि.मि. | १४२ | १०० |
| | प्रतिफल | नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | ७० | ११० |
| | प्रतिफल | नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | २०० | ४०० |
| | प्रतिफल | नगरपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | ९० | १५० |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | ५० | ७० |
| | प्रतिफल | सडकहरुमा व्यावस्थित नाला निर्माण | कि.मि | १० | २१ |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | २० | ५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | ९३ | १०० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | ६७ | ७९ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | १.८९ | ५ |
| ५. | **भवन, आवास तथा वस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | १८ | ४ |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ५ | १ |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | ४७ | ४७ |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | ० | ० |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार संख्या | प्रतिशत | ४ | १० |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार संख्या | प्रतिशत | ० | ० |
| ६. | **सूचना तथा सञ्चार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | ९६ | १०० |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ४८ | ७८ |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | २८ | ४५ |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ८२ | ९५ |

# परिच्छेद ७: वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन तथा भू-संरक्षण

### पृष्ठभूमी

नगरपालिकामा ठूला वन जंगल नभए तापनि नगरपालिकाको कुल भ-भूाग मध्ये करीब ५.६ प्रतिशत भुभाग (२०६८) बनजंगलले ओगटेको छ। दिगो विकास लक्ष्यको लक्ष नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस नगरपालिकामा बाँझो जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी तराइको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाको कुल भू-भाग मध्ये ५.६ प्रतिशत बनजंगलले ओगटेको |
| ▪ नगरपालिकाकाको शहरी क्षेत्रमा रहेका चोक, चौबाटो र बाटोको बिचमा रहेको क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गर्न सकिने |
| ▪ खेर गएका तथा खालीरहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ नगरपालिकामा ठूला वन जंगल नभएको |
| ▪ वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रुपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने |
| ▪ दिगो वन व्यवस्थापन तथा भू-संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने |
| ▪ लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने |

| दीर्घकालीन सोच |
|---|

| जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास हासिल गर्ने |
| --- |
| लक्ष्य |
| नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने |
| उद्देश्यहरू |
| ✓ वन तथा हरित क्षेत्रको विस्तार गर्नु<br>✓ वन तथा हरित क्षेत्रको दिगो विकास सुनिश्चित गर्नु<br>✓ कटानग्रस्त क्षेत्रको संरक्षण गर्नु । |

| उद्देश्य १:वन तथा हरित क्षेत्रको विस्तार गर्नु | |
| --- | --- |
| रणनीति | कार्यनीति |
| १.१. हरित क्षेत्रको विस्तार गर्ने । | १.१.१. हरित क्षेत्रको विस्तारका लागि विशेष गरी निजी वन प्रवर्द्धन कार्यक्रमको सम्भाव्यता अध्ययन गरिने छ । |
| | १.१.२ उच्च प्रतिफल मुखी फलफूल बगैंचा विस्तार गर्ने घरधुरीलाई विरुवामा अनुदान प्रदान गरिने छ । |
| | १.१.३ नगरपालिकास्तरीय वन नर्सरी स्थापना गरिने छ । |
| १.२. हरित क्षेत्र विस्तारलाई कृषि तथा आय आर्जनसँग विस्तार गर्ने | १.२.१. खाली रहेका सार्वजनिक जग्गा, नदी उकासको क्षेत्र, खेर गैरहेको जमिन र बगर क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गरी आय आर्जनसँग आवद्ध गर्ने अभियान सञ्चालन गरिने छ । |
| | १.२.२. कुरिलो, अमला, बेल, तुलसी, घ्युकुमारी, गुर्जो, वयर इत्यादि जडीबुटीको व्यावसायिक उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी बृक्षारोपण गरिने छ । |
| | १.२.३. Agro forestryको नीति अबलम्बन गरी हरित क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाइने छ । |

| उद्देश्य २:वन तथा हरित क्षेत्रको दिगो विकास सुनिश्चित गर्नु | |
| --- | --- |
| रणनीति | कार्यनीति |
| २.१. वनको क्षेत्रफल बढाइने । | २.१.१. नगरपालिकामा खेर गइरहेका तथा सडक किनार उपयुक्त स्थानको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिने छ । |
| | २.१.२. निजी वन सरोकारवालाहरुलाई एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ । |
| २.२ जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.२.१. हरित क्षेत्र विस्तार तथा भू-संरक्षण सचेतना कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिने छ । |

| उद्देश्य ३: कटानग्रस्त क्षेत्रको संरक्षण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१. सम्पूर्ण कटानग्रस्त क्षेत्रको अभिलेख संकलन गर्ने | ३.१.१. कटानका हिसाबले संवेदनसिल क्षेत्रहरूको नक्शाङ्कन गरी विवरण संकलन गर्ने । |
| | ३.१.२ अति जोखिमयुक्त कटानग्रस्त क्षेत्रलाई अति संवेदनसिल क्षेत्र घोषणा गर्ने । |
| ३.२. कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुशरण गर्दै कटान नियन्त्रण गर्ने | ३.२.१. कटानग्रस्त क्षेत्रमा हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिने छ । |
| | ३.२.२. कटानग्रस्त क्षेत्रहरुमा बायो इञ्जिनियरिङ प्रविधिको प्रयोग गरी नियन्त्रण गर्न विज्ञहरूको परामर्श लिनुका साथै त्यस्ता क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमण गरिने छ । |
| | ३.२.३. नगरपालिकामा एक नमुना कटान नियन्त्रण क्षेत्र निर्माण गरी घोषणा गरिने छ । |
| | ३.२.४ भू-संरक्षण तथा कटान नियन्त्रणका लागि आवश्यक पूर्वाधार जस्तै- तारजालीको उत्पादन नगरपालिकामै गर्न निजी क्षेत्रसँग समन्वय गरिने छ । |
| | ३.२.५ भू-संरक्षण तथा कटान नियन्त्रणका लागि तालिम प्राप्त जनशक्तिको प्रबन्ध गर्न तालिम सञ्चालन गरिने छ । |

वन तथा भू-संरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | निजी वन प्रवर्द्धन सम्भाव्यता अध्ययन | 500 | | | | | |
| | | १.१.२ | फलफूल तथा अन्य विरुवाहरूमा अनुदान | | 300 | 400 | 500 | 600 | |
| | | १.२.३. | नगरपालिकास्तरीय नर्सरी स्थापना | | 400 | | 700 | | |
| | | | फलफुलका बिरुवाहरु उत्पादन तथा वितरण | | | 500 | | 500 | |
| | १.२. | १.२.१ | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन | | 400 | | | | |
| | | १.२.२. | जडीबुटीको उत्पादनको सम्भाव्यता अध्ययन गरी बृक्षारोपण | | | 1100 | | | |
| | | १.२.३. | Agro forestryका सम्बन्धमा विज्ञसँग परामर्श | | | | 300 | | |
| २ | २.१. | २.१.१. | खेर गईरहेको स्थान पहिचान गरी वृक्षारोपण | | 800 | | | | |
| | | २.१.२. | निजी वन क्षमता अभिवृद्धि तालिम | | | | | 300 | |
| | २.२. | २.२.१. | हरित क्षेत्र विस्तार सचेतना कार्यक्रम | | | 200 | | | |
| ३ | ३.१ | ३.१.१ | कटान संवेदनसिल क्षेत्रको नक्शाङ्कन तथा विवरण संकलन | | 400 | | | | |
| | | ३.१.२ | कटान संवेदनसिल क्षेत्र घोषणा | | 50 | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | ३.२ | ३.२.१ | कटानग्रस्त क्षेत्रमा हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम | | | 100 | | | |
| | | ३.२.२ | बायो इञ्जिनियरिङ परामर्श सेवा | | | | 300 | | |
| | | | बायो इञ्जिनियरिङ नमुना क्षेत्र अध्ययन भ्रमण | | 300 | | | | |
| | | ३.२.३ | नमुना कटान नियन्त्रण क्षेत्र निर्माण | | | | 400 | | |
| | | ३.२.४ | तारजाली उत्पादनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया | 100 | | 100 | | | |
| | | ३.२.५ | भू-संरक्षण तथा कटान नियन्त्रण तालिम | | 50 | | 200 | | |

**अपेक्षित उपलब्धि**

- ✓ दिगो वन व्यवस्थापन सुनिश्चित हनेछ ।
- ✓ जैविक विविधताको संरक्षण भएको हुनेछ ।
- ✓ भू संरक्षणका नमुना क्षेत्रहरुको संख्यामा उल्लेख्य वृद्धि हुनेछ ।
- ✓ हरित क्षेत्र विस्तार हुनेछ ।

## ७.२ जलाधार व्यवस्थापन

### पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ। यस नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ। नगरपालिकामा कोइलीहवा खोला, तेलार नदी, गर्तहवा नाला, सोइया नाला, कोठी खोला, धुपही ताल, नौखनीया ताल, हाथिहवा ताल, थरुनीया ताल, अमारी बिच नाला, भुताहा नाला नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन्। तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ। समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो। तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाको कुल क्षेत्रफल मध्ये १.७१प्रतिशत जलक्षेत्रले ओगटेको |
| ▪ नगरपालिकामा कोइलीहवा खोला, तेलार नदी, गर्तहवा नाला, सोइया नाला, कोठी खोला, धुपही ताल, नौखनीया ताल, हाथिहवा ताल, थरुनीया ताल, अमारी बिच नाला, भुताहा नाला नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका |
| ▪ जलाधार क्षेत्रमा कछुवा, भ्यागुता, सर्प, माछा, विच्छी, गंगटो जस्ता जलचरहरु पाइने |
| ▪ जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ बर्षेनी कटान, बाढी र डुबानको समस्या आउने गरेको साथै जलाधार क्षेत्र वरिपरिका मानव बस्ती उच्च जोखिममा रहेको |
| ▪ वन, जलाधार र भू-संरक्षणका लागि दिगो रुपमा दीर्घकालीन कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने |
| ▪ जलाधार क्षेत्र संरक्षणको महत्व आममानिसमा बुझाउन नसकिएको |
| ▪ जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरु सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने |
| ▪ वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने |

| दीर्घकालीन सोच |
|---|
| नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने |
| **उद्देश्यहरू** |
| ✓ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने |

| उद्देश्य १ : जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने । | १.१.१. नगरपालिकामा भएका पानीका मुहानहरु, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान गरी नक्साङ्कन गरी विस्तृत विवरण तयार गरिने छ । |
| | १.१.२. जलाधार क्षेत्रहरूको विनासमा सहयोग पुऱ्याउने क्रियाकलापहरु गर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गरिने छ । |
| १.२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने । | १.२.१. नगरपालिकाका प्रमुख जलाधार क्षेत्रहरुलाई “बिशेष जलाधार क्षेत्र” घोषणा गरी ती क्षेत्रहरुमा संरक्षणका कार्यक्रमहरू लागू गरिने छ । |
| | १.२.२. प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जल पर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रवर्धन गर्नका लागि नमूना पोखरीहरु निर्माण गरिने छ। उक्त पोखरीहरुमा वर्षातको पानी संकलन गर्ने व्यवस्था गरिने छ । |
| | १.२.३. जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिने छ । |
| | १.२.४. जलस्रोत तथा जलाधार क्षेत्रको प्रयोग गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास गरिने छ । |
| १.३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १.३.१. जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागिजनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

जलाधार व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | | | 500 | | | |
| | | १.१.२. | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार गर्ने | | 50 | | | | |
| | १.२. | १.२.१. | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | | | | 500 | | |
| | | १.२.२. | पोखरीहरु निर्माण र संरक्षण | | 200 | 300 | 400 | 500 | |
| | | १.२.३. | वृक्षारोपण | 400 | 350 | 400 | 450 | 500 | |
| | | १.२.४. | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रकाकार्यक्रम संचालन गर्न अन्तरक्रिया | | | 50 | | | |
| | १.३. | १.३.१. | जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | 100 | | | 50 | 50 | |

**अपेक्षित उपलब्धि**

- ✓ जलाधार क्षेत्रको पहिचान, नक्साङ्कन र दिगो संरक्षण भएको हुनेछ
- ✓ जलाधार क्षेत्रमा आत्मनिर्भर भई दिगो सदुपयोग सुनिश्चित हुनेछ ।

## ७.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### पृष्ठभूमी

औद्योगिक राष्ट्रहरुले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन (CFCs) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामीसामु छ ।यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरु नै विकाससम्बन्धी मानवीय गतिविधिहरु हुन् ।विकाससम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कमभन्दा कम कार्वन उत्सर्जन गर्ने र बढीभन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस नगरपालिकामा पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस नगरपालिकामा विशेषगरी डुवान, बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेकाछन् ।यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसकालागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकामा विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन सकिने |
| ▪ भुकम्प, कोभिड-१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि नगरपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना गर्न सकिने |
| ▪ विपत पीडितलाई रेडक्रस तथा अन्य सहयोगी संस्थाबाट सहयोग प्राप्त हुने गरेको |
| ▪ विपद्का बेलामा जम्मा हुने खुल्ला स्थान, सूचना दिने संयन्त्र, आकस्मिक स्वास्थ्य सेवा आदिको व्यवस्था गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ नगरपालिकामा भएका बस्ती वर्षायाममा बाढी र डुबानको जोखिममा रहेको |
| ▪ बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुनेगरेको |
| ▪ जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको |
| ▪ जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरण का लागि ठोस योजना बनाई लागू गर्नुपर्ने |
| ▪ कोभिड-१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि नगरपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना गर्नुपर्ने |
| ▪ वृक्षारोपणका कार्यक्रमहरु प्रभावकारी बनाउनुपर्ने |

| दीर्घकालीन सोच |
|---|
| विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने |
| **लक्ष्य** |
| विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने |
| **उद्देश्यहरू** |
| ✓ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने<br>✓ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने |

| उद्देश्य १ : प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | १.१.१. नगरपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरु राखिने छ । |
| | १.१.२. नगरपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिने छ । |
| १.२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | १.२.१. बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिने छ । |
| | १.२.२. प्रकोप सम्भाव्य स्थलहरुमा विपद् पूर्व संकेत दिने उपकरणहरु जडान गरिने छ । |
| | १.२.३.नियमित रुपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिने छ । |
| | १.२.४. विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चारमार्फत सम्प्रेषण गरिने छ । |
| १.३. बिमा योजना लागू गर्ने । | १.३.१. विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागु गरिने छ र अति विपन्न परिवारको बिमा नगरपालिकाले गरिदिने छ । |

| उद्देश्य २ : विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विपद् व्यवस्थापन योजना निर्माण गर्ने । | २.१.१. नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ । |
| २.२. विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने । | २.२.१. विपद्को बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिने छ । |
| | २.२.२. विपद्का बेला भेला हुने खुल्ला स्थानहरु तय गरी पूर्वाधार निर्माण गरिने छ । |
| | २.२.३. स्वास्थ्य कर्मीहरु सम्मिलित नगरपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिने छ । |
| | २.२.४. बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरु संचालन गरिने छ । |
| | २.२.५. वडास्तरमा युवाहरु सम्मिलित विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिने छ । |
| | २.२.६. विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ । |
| २.३. विपद् व्यवस्थापन कोष स्थापना गर्ने । | २.३.१. नगरपालिकामा कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्न, भूकम्प, असीना, आगलागी, बाढी, सर्पको टोकाइ, चट्याङ जस्ता महामारीबाट प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष स्थापना गरी व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिने छ । |
| २.४. स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने । | २.४.१. घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिने छ । |
| २.५. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने । | २.५.१. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइने छ । |
| | २.५.२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरु सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरु संचालन गरिने छ । |
| | २.५.३. स्थानीयस्तरमा तथा बिद्यालयहरुमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |
| २.६. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.६.१. विपद्बाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिने छ । |

विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | 400 | | | | | |
| | | १.१.२. | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गर्ने | | | | 2000 | 3000 | |
| | १.२. | १.२.१. | विपद् पूर्वानुमान तथा चेतावनी सूचनाप्रणालीको विकास र सञ्चालन | | 200 | | | | |
| | | १.२.२. | विपद् पूर्व संकेत दिने उपकरण जडान | | | | 800 | | |
| | | १.२.३. | प्रकोप पात्रो तयार | 70 | 70 | 80 | 80 | 80 | |
| | | १.२.४. | विपद्सम्बन्धी पूर्व सूचना सम्प्रेषण | | | 200 | | | |
| | १.३. | १.३.१. | बिमा योजनामा अनुदान | | 120 | 140 | 150 | 180 | |
| २ | २.१. | २.१.१. | एकीकृत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | | 300 | | | | |
| | २.२. | २.२.१. | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | | 130 | | | | |
| | | २.२.२. | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | | | 1500 | | 2000 | |
| | | २.२.३. | क) संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन<br>ख) माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण | | | | 1800 | | |
| | | २.२.४. | उद्धार सम्बन्धित पूर्वाभ्यास सञ्चालन | | | 200 | | | |
| | | २.२.५. | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | | 150 | | | | |
| | | २.२.६. | विभिन्न संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य | 100 | | 100 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | २.३. | २.३.१. | विपद् व्यवस्थापन कोष स्थापना | 1000 | 1000 | 1000 | 1000 | 1000 | |
| | २.४. | २.४.१. | विपद् प्रतिरोधी संरचनाहरु निर्माण मापदण्ड लागू | | 50 | | | | |
| | २.५. | २.५.१. | विज्ञसँग परामर्श सेवा लिने | | 200 | | | 300 | |
| | | २.५.२. | तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | | 50 | 60 | 70 | 80 | |
| | | २.५.३. | अन्तरक्रिया कार्यक्रम संचालन | | | 100 | | | |
| | २.६. | २.६.१. | सचेतना अभियान सञ्चालन | | | | 100 | | |

अपेक्षित उपलब्धि

- ✓ विपद् जोखिम नक्साङ्कन भएको हुने ।
- ✓ भौतिक संरचनाहरु मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने, विपद् पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भएको हुने
- ✓ विपद्सम्बन्धी नीति तथा योजना बनेको हुने
- ✓ विपदबाट हुने क्षतिमा न्युनिकरण भएको हुने छ
- ✓ जलवायु परिवर्तनका असरहरुको अनुकूलन तथा न्यूनीकरण भएको हुने छ ।

## ७.४ वातावरण संरक्षण

### पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ ।वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ ।वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ ।तसर्थ यस नगरपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ पार्क तथा हरित क्षेत्र विस्तार गर्न नगरपालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको |
| ▪ नगरपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको |
| ▪ यातायातका साधन र कलकारखानाहरू न्युन रहेका तथा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रुपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको |
| ▪ नगरपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरु निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको |
| ▪ काठ दाउरालाई घरायसी इन्धनको रुपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको |
| ▪ समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पोखरीहरू सुक्ने खतरा रहेको |
| ▪ वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको |
| ▪ आमनागरिकमा वातावरण सचेतनाका कार्यक्रमहरु प्रभावकारी ढंगले ल्याउनुपर्ने |
| ▪ पर्यावरणीय असन्तुलन तथा प्रदुषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने |

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सफा, हराभरा हाम्रो लुम्बिनी साँस्कृतिक |

| लक्ष्य |
|---|
| नगरपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने |

| उद्देश्यहरू |
|---|
| ✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने |
| ✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने । |

**उद्देश्य १. जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | १.१.१. प्रदूषण नियन्त्रण गर्न क्रमशः सबै सडकहरु कालोपत्र गर्दै लगिने छ । |

| | |
|---|---|
| | १.१.२. प्लाष्टिक तथा टायर ट्युब जगाउने परिपाटीलाई पूर्णतः बन्देज गरिने छ । |
| | १.१.३. पानीका मुहानहरु सफा राख्न त्यस्ता स्थानहरुमा मानवीय गतिविधि र छाडा पशुहरु नियन्त्रण गरिने छ । |
| | १.१.४. मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरु तोकिने छ । |
| | १.१.५. प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य ईन्धन काठ दाउरा तथा गोबर गुइँठालाई विस्तापित गर्न वैकल्पिक ऊर्जा जस्तै गोवरग्याँस, बायोग्याँस सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ । |
| | १.१.६. इट्टा भट्टा जस्ता प्रदुषण बढाउने उद्योगलाई घना मानव बस्ती भएको इलाकामा स्थापना गर्न निषेध गरिने छ। यस्ता उद्योगलाई वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तरगत शोधभर्ना स्वरुप लगानी गर्नुपर्ने प्रावधान बनाइने छ । |
| | १.१.७. नगरपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू-क्षय संवेदनशील क्षेत्रमा भू-क्षय, नदी कटान नियन्त्रण गर्ने योजना कार्यान्वयन गरिने छ ।यसो गर्दा जैविक इन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकता दिइने छ । |
| १.२. समुदाय वा टोल स्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने । | १.२.१. घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिने छ । |
| | १.२.२. प्रत्येक वडाका मानवीय गतिविधिहरु बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिन छ । |

| उद्देश्य २. सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विकास निर्माणको काम विकास निर्माणका कार्यक्रम गर्दाIEEकार्यन्वयन गर्ने । | २.१.१. विकास निर्माणका ठूला कार्यक्रमहरु, खानी उत्खनन्, ढुंगा, गिटी, वालुवा तथा माटो उत्खनन् आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिने छ । |
| २.२. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने । | २.२.१. ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थानहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गरिने छ । |
| | २.२.२. प्रत्येक वडामा एक एकवटा वडागत नमुना पार्कहरु को निर्माण गरिने छ । |

### वातावरण संरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १ | १.१. | १.१.१. | प्राथमिकताका आधारमा सडकहरु कालोपत्र गर्ने | 5000 | | 400 | | | |
| | | १.१.२. | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध | | 150 | | | | |
| | | १.१.३. | अनुगमनको व्यवस्था | | | 200 | | | |
| | | १.१.४. | मरेका चौपायाहरु व्यवस्थापन गर्ने स्थान निर्माण | | 1000 | | | | |
| | | १.१.५. | बैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | | 500 | 700 | 800 | 1000 | |
| | | १.१.६. | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | | 100 | | | | |
| | | १.१.७. | भूसंरक्षण योजना कार्यान्वयन | | | 300 | | | |
| | १.२. | १.२.१. | सरसफाई अभियान सञ्चालन | | 100 | 120 | 130 | 140 | |
| | | १.२.२. | सार्वजनिक शौचालय निर्माण (बहिरी चोक, खडका टोल, नवटोली पोखरी हाटबजार, बंगला बजार, बलुवाह, धोवियानी पुल प्रतिक्षालय, खिर्खिरिया चोक, बजवा टोल सामुदायिक भवन) | | 1100 | 1300 | 1500 | 1800 | |
| २ | २.१. | २.१.१. | अनुगमन | 100 | 50 | 60 | 70 | 80 | |
| | २.२. | २.२.१. | एकीकृत संरक्षण योजना निर्माण | | | 300 | | | |
| | | २.२.२. | क) एक वडा एक हरित पार्कहरुको निर्माण | | | 2000 | 2500 | 2500 | |

### अपेक्षित उपलब्धि

- ✓ प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणका स्थानीय नीतिगत व्यवस्था भएको हुने
- ✓ नगरपालिका नमुना हरित क्षेत्रका रूपमा स्थापित भएको हुने
- ✓ वातावरणमा स्वच्छता कायम भएको हुने ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | ० | ३ |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | ० | २ |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | | ० | १ हेक्टर |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | १ | २ |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | ० | १ |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | ० | १ |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | ० | ० |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | ० | १ |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | ० | १ |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | ० | ४ |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | २ | ३ |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | ० | ० |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | प्रतिशत | १ | ३ |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | १५३ | १६० |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | २ | ० |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | ० | ० |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | ० | ० |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा | संख्या | ० | ० |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | रहेका नदीहरूको संख्या | | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | १ | ० |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ४ | १० |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | १ | ० |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | १० | २ |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | ६० | ६ |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको | संख्या | १३ | २६ |
| | प्रतिफल | दमकल संख्या | संख्या | १ | २ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | ० | १ |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | १ | ६ |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | ५ | ४० |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | ४ | १० |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | ६ | १५ |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | ३२ | ३२ |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | ७ | ४२ |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | १ | ४ |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | १ | ० |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | ०.८ | ४ |

# परिच्छेद ८: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ८.१ सुशासन तथा सेवा प्रवाह

### पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ। राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ।नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउने जस्ता कार्य गरिरहेको छ। आगामी दिनमा यी कार्यहरूलाई अझ सुदृढ गर्ने नगरपालिकाको योजना पनि रहेको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको |
| ▪ नगरपालिकाले नगरको समग्र विकासका लागि विभिन्न विषयगत विज्ञहरुको रोष्टर तयार पार्ने साथै विज्ञ परिचालन सम्बन्धी कार्यविधि बनाई प्रयोगमा ल्याउने नीति लिएको |
| ▪ जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको |
| ▪ सेवा प्रवाहमा उच्चतम प्रविधिको प्रयोग गरी कागजविहिन (Paperless Office)को रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिएको |
| ▪ न्यायिक समितिको व्यवस्था भएको |
| ▪ सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युतीय शासन (E-Governance) लाई तीव्रता दिने नीति लिएको |
| ▪ लेखा र प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको |
| ▪ नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो पारदर्शी, गुणस्तरीय र प्रविधि मैत्री बनाउदै भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरेको |
| ▪ आवश्यक नगरपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको |
| ▪ व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लैजाने योजना भएको |
| ▪ ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, सीमान्तकृत र विपन्न वर्गका बासिन्दाका लागि विशेष सहयोगको व्यवस्था भएको |
| ▪ कर्मचारीको सेवाग्राहीसँगको व्यवहार सुमधुर रहेको |
| ▪ नगरपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने |
| ▪ कार्यपालिकाको निर्णय ४८ घण्टाभित्र सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| विकास गर्न सकिने |
| ▪ नगरपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने |
| ▪ सबल पक्षमा उल्लेखित सम्पूर्ण आयामको आधारभूत तहबाट विकास गर्न सकिने |
| ▪ न्यायिक समितिलाई पूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने |
| ▪ स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने |
| ▪ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने |
| ▪ जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताको मन जित्न सकिने |
| ▪ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने |
| ▪ आवश्यकताअनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने |
| ▪ सञ्चार माध्यम मार्फत् नगरपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने |
| ▪ बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्न सकिने |
| ▪ वडा कार्यालयहरू तथा नगरपालिकाको भवन निर्माण गर्न जग्गा व्यवस्थापन र निर्माण कार्य अगाडि बढाउन सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको |
| ▪ सङ्घीयताको अभ्यास तथा अनुभव नभएको |
| ▪ स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको |
| ▪ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको |
| ▪ नगरपालिका केन्द्र/वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री (फर्निचर, कन्प्युटर, ल्यापटप आदि) उपलब्ध नभएको |
| ▪ सबै वडाकेन्द्रमा समान रुपले बहुउद्देश्यीय सेवाहलको व्यवस्था हुन नसकेको |
| ▪ जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई सङ्घीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने |
| ▪ भ्रष्टाचार वृद्धि हुन सक्ने |
| ▪ पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने |
| ▪ राजश्व अपचलन हुन सक्ने |
| ▪ जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाइ हुन सक्ने |
| ▪ जनउत्तरदायी शासन प्रणालीको विकास गर्नुपर्ने |
| ▪ सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठूलो बजेटको आवश्यकता पर्ने |

| दीर्घकालीन सोच |
|---|
| ल'म्बीनी साँस्कृतिक नगरपालिकाको सरोकार, जनमुखी सरकार |
| लक्ष्य |
| सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने |
| उद्देश्यहरू |
| ✓ भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु |

| उद्देश्य १ः भ्रष्टाचारमुक्त, असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ जनचासोमा केन्द्रित जनमुखी सरकार महशुस हुने सेवा प्रणाली प्रर्वद्धन गर्ने | १.१.१ नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिने छ। |
| | १.१.२ राज्यको कानूनको परिधिमा रही सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.१.३ वडास्तरमा आवश्यकता अनुसार “घुम्ती स्थानीय सरकार” कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.१.४ सेवा प्रवाहलाई दुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रुपान्तरण गर्न आवश्यक Software हरूको प्रवन्ध गरिने छ। |
| | १.१.५ कर्मचारहिरुलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिने छ। |
| | १.१.६ जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिने छ। |
| | १.१.७ सूचना प्रविधिमा वडाका कृयाकलापलाई समेट्न आवश्यक पूर्वाधार खरिद गरिने छ। |
| | १.१.८ इन्टरनेट सुविधाको स्तर वृद्धि गरी प्रत्येक वडामा सुनिश्चित गरिने छ। |
| | १.१.९ भौतिक पूर्वाधार अन्तर्गत भवन निर्माणका लागि जमिन, डि.पि.आर तयार पारिने छ। |
| | १.१.१० सार्वजनिक अभिलेख प्रणाली र पञ्जिकरणलाई प्रविधि मैत्री र पूर्ण अध्यावधिक हुने संयन्त्र निर्माण गरिने छ। |
| | १.१.११ स्थानीय न्यायिक समितिलाई स्रोत साधन युक्त बनाइने छ। |
| | १.१.१२ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिने छ। |
| | १.१.१३ स्थानीय सञ्चार माध्याममार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.१.१४ उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिने छ। |

| | |
|---|---|
| | १.१.१५ सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिने छ । |
| | १.१.१६ विकासमा निजी क्षेत्रको सहयोग लिन नियमित अन्तरक्रिया आयोजना गरिने छ । |
| | १.१.१७ संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी व्यवस्थापन गरिने छ । |
| | १.१.१८ जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचारसम्बन्धी तालिम तथा अभिमुखीकरण गरिने छ । |
| | १.१.१९ पूँजीगत खर्चको पात्रो तयार गरी सार्वजनिक खर्च अन्तर्गत पूँजीगत खर्च क्षमता विकास गरिने छ |
| | १.१.२० विकास निर्माणमा प्रगति विवरणलाई जनतासामू नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ । |
| | १.१.२१ आयोजना तथा निर्माणस्थलमा आयोजनाको विस्तृत विवरणसम्बन्धी बोर्ड अनिवार्य राखिने छ । |
| | १.१.२२ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिने छ । |
| | १.१.२३ सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिने छ । |

## सुशासन तथा सेवा प्रवाहको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | | 80 | 100 | 120 | 150 | |
| | | १.१.२ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधिअभिमुखीकरण | | | 200 | 300 | | |
| | | १.१.३ | घुम्ती स्थानीय सरकार कार्यक्रम | | 300 | 400 | 500 | | |
| | | १.१.४ | Governance Software खरिद | | | | | 500 | |
| | | १.१.५ | IT तालिम (कर्मचारी) | | | 100 | | | |
| | | १.१.६ | गुनासो सम्बोधन पूर्वाधार खरिद | | 200 | | | | |
| | | १.१.७ | सूचना प्रविधि पूर्वाधार खरिद | | | 500 | | 500 | |
| | | १.१.८ | इन्टरनेट स्तरवृद्धि र सेवा विस्तार | | 100 | 120 | 130 | 140 | |
| | | १.१.९ | वडा तथा नगरपालिका भवन डिपिआर तयारी | | | 2000 | 2500 | 3000 | |
| | | १.१.१० | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | | 150 | | | | |
| | | १.१.११ | न्यायिक समिति क्षमता विकास | | | 100 | | | |
| | | १.१.१२ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | | | 500 | | | |
| | | १.१.१३ | स्थानीय सरकार रेडियो कार्यक्रम | | 50 | 60 | 70 | 80 | |
| | | १.१.१४ | उत्कृष्ट कर्मचारी पुरस्कार | | 80 | 100 | 120 | 150 | |
| | | १.१.१५ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | | | | 500 | | |
| | | १.१.१६ | निजी क्षेत्र अन्तरक्रिया | | | 80 | | | |
| | | १.१.१७ | O and M Survey | | 500 | | | | |
| | | १.१.१८ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | | | | 500 | | |
| | | १.१.१९ | पूँजीगत खर्च पात्रो निर्माण | | 20 | 30 | 40 | 50 | |
| | | १.१.२० | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | | | 400 | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | १.१.२१ | आयोजना स्थल विवरण प्रकाशन | | | | 500 | | |
| | | १.१.२२ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | | | 400 | | | |
| | | १.१.२३ | सार्वजनिक सुनुवाइ संचालन | | 50 | 60 | 70 | 80 | |

### अपेक्षित उपलब्धी

जनचासोमा केन्द्रित जनमुखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुने छ।

## ८.२ मानव अधिकार तथा सामाजिक न्याय

### पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका नीम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ। आधारभूत तहमा मौलिक हकको रुपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरु जस्तै प्रशासन, प्रहरी र राज्यका संबैधानिक अंगहरु जस्तै न्यायालय मानव अधिकार आयोग स्थानीय न्यायिक समिति आदि हुन्। स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यी विषयको सम्बोधन गरिएको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ मानव अधिकारको विश्वव्यापि घोषणापत्रका प्रमुख मूल्य र मान्यतालाई नेपालको संविधानले आत्मसाथ गरी मौलिक हकमा व्यवस्था गरेको। |
| ▪ स्थानीय सरकारलाई मानवअधिकार रक्षा गर्ने अधिकार प्राप्त हुनु। |
| ▪ स्थानीय न्यायिक समितिको प्रबन्ध हुनु। |
| ▪ स्वतन्त्र न्यापालिकाको परिकल्पना गरी न्याय सम्पादन संयन्त्र निर्माण हुनु। |
| ▪ स्थानीयस्तरमा मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना वृद्धि हुँदै जानु। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| ▪ समाजमा सामाजिक जागरणको अवस्था कमजोर हुनु। |
| ▪ परम्परागत रुपमा रहेका अन्धविश्वास, कुरिति, कुसंस्कार र भेदभावपूर्ण सामाजिक प्रणालीमा कारण सामाजिक न्याय संकटमा पर्नु। |
| ▪ अशिक्षा, अज्ञानता र पछौटेपन कायमै रहनु। |
| ▪ गरीबी र विपन्नता कायमै रहनु। |
| ▪ मानव अधिकारयुक्त पूर्ण सामाजिक न्याय स्थापित गर्ने चुनौती हुनु। |

| दीर्घकालीन सोच |
|---|
| सामाजिक न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङघनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु |

| उद्देश्य १: मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने | १.१.१ मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको शुक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिने छ। |
| | १.१.२ मानवअधिकार उल्लङघन तथा मानवबेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्याम, सामाजिक सञ्जाल र पत्रकारहरुको सहयोग लिइने छ। |
| | १.१.३ यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्युनिकरण गर्न कानूनी उपचार खोज्न र दोषिलाईकानूनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मी तथा समाजसेवी, राजनैतिक नेतृहरुको अगुवाइमा एक शसक्त मानव अधिकार सेलको गठन गरिने छ। |
| | १.१.४ वेपत्ता पारिएका, द्वन्द पिडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरुको शसक्तिकरणका तथा सामाजिक पुन स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकिकरणलाई सहज बनाइने छ। |
| | १.१.५ मानव अधिकार उल्लङघनका घटनाहरु न्यायिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेललाई सकृय तुल्याउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |
| | १.१.६ माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ। |
| | १.१.७ न्यायमा पहुँच नभएका विपन्न वर्गहरुलाई निशुल्क कानूनी परामर्श सेवा दिन संस्थागत व्यवस्था गर्ने |
| | १.१.८ संविधान प्रदप्त सबै मौलिक हकहरुको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न एक अध्ययन गरी आवश्यक स्थानीय कानून र राज्यका यन्त्रको प्रबन्ध गर्ने |

## मानव अधिकार तथा सामाजिक न्यायको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | जोखिम समूह र व्यक्तिको पहिचान गर्ने | 50 | | | | | |
| | | १.१.२ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्याममार्फत जनचेतनामूलक कार्यक्रम | | 50 | 60 | 70 | 80 | |
| | | १.१.३ | वडास्तरीय मानव अधिकार सेल गठन | | 120 | | | | |
| | | १.१.४ | आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | | | 500 | | | |
| | | १.१.५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | | | | 150 | | |
| | | १.१.६ | मानवअधिकार विद्यालय घुम्ती कक्षा संचालन | | 50 | 60 | 70 | 80 | |
| | | १.१.७ | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | | | 500 | | | |
| | | १.१.८ | मौलिक हक कार्यान्वयन स्थिति बारे अध्ययन | | | | 150 | | |

### अपेक्षित उपलब्धी

मानवअधिकार उल्लङघन, मानव बेचविखन, यौन हिंसा र शोषण लगायतका सामाजिक अपराधका घटनाहरुमा महशुस हुनेगरी कमी आएका हुने छन्।

## ८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ। नगरपालिकामा गरिने हरेक विकासका क्रियाकलापहरु र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ। तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा नगरपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ। यसका लागि हरेक सूचनालाई अध्यावधिक गर्ने सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ। अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ। यी पक्षहरुलाई ध्यानमा राखी तथ्यांक व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ।

| दीर्घकालीन सोच |
| --- |
| चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको महत्तम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्तर दुरुस्त राख्ने |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु |

| उद्देश्य १:स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | १.१.१. सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिने छ। |
| | १.१.२ सबै प्रकारका सूचनाहरु अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी software हरु खरिद गरिने छ। |
| | १.१.३ अभिलेख इकाइमा अवाश्यक दरबन्दीको प्रबन्ध गरिने छ। |
| १.२ आर्थिक प्रशासनसम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १.२.१ सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिने छ। |
| | १.२.२ अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिने छ। |
| | १.२.३ राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोहि अनुसारको प्रणाली विकास गरिने छ। |
| | १.२.४ सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिने छ। |
| | १.२.५ राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्द भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिने छ। |
| | १.२.६ राजश्वका स्रोतहरुको पहिचान गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागू गरिने छ। |
| | १.२.७नगरपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिने छ। |
| | १.२.८ सीमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिने छ। |
| | १.२.९ नगरपालिकाको आयव्ययको विवरण नियमित रुपमा प्रकाशन गर्ने प्रबन्ध मिलाइने छ। |

## तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| १. | १.१ | १.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन | 50 | | | 60 | | |
| | | १.१.२ | सूचना अभिलेखाङ्कन Software खरिद | | 500 | | | | |
| | | १.१.३ | अभिलेख इकाइमा दरवन्दी व्यवस्थापन | | | 400 | | | |
| | १.२ | १.२.१ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | | 200 | | | | |
| | | १.२.२ | अनुगमन संयन्त्र क्षमता विकास | | | 100 | | | |
| | | १.२.३ | अनुगमन वार्षिक कार्ययोजना तयारी | | 150 | | | | |
| | | १.२.४ | करदातामैत्री राजश्व संकलन प्रणाली निर्माण अध्ययन | | 300 | | | | |
| | | १.२.५ | करदाता शिक्षा कार्यक्रम | | | 200 | | | |
| | | १.२.६ | राजश्व सुधार कार्ययोजना निर्माण | 250 | | | | | |
| | | १.२.७ | ठूला करदाता सम्मान | | | 200 | | | |
| | | १.२.८ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | | 60 | 70 | 80 | 100 | |
| | | १.२.९ | नगरपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली | 100 | 50 | 60 | 70 | 80 | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. ०७९/८० | आ. व. ०८०/८१ | आ. व. ०८१/८२ | आ. व. ०८२/८३ | आ. व. ०८३/८४ | |
| | | | निर्माण | | | | | | |

## नतिजा सूचकहरु

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | ० | ३ |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | १ | १५ |
| | प्रतिफल | अनुगमन | संख्या | १४५ | २०० |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | ५६।२ | ८५ |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | ६२ | ८७ |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | २३ | ३५ |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | ६८ | १२ |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | ६० | ९० |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | २ | ५ |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | ६ | २३ |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | ३ | २५ |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | १ | ६ |
| | | | | | |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | संख्या | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | ५० | १० |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | १ | ३ |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | ६ | १५ |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका संख्या | संख्या | ० | ० |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | १ | ३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | | ० | ५० |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | | ० | ० |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | | ० | ० |
| | | | | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | | ५ | १० |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | | २ | ५ |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा (प्रतिशत) | | २.३ | ७ |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | | ५६.८ | ८५ |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | | १४५४ | २००० |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | | १६ | २० |

# परिच्छेद ९: कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

## ९.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन

### विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि पालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

#### १. "अति उत्तम"- ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

#### २. "उत्तम"- २ अंक

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ । यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

#### ३. "सामान्य"- १ अंक

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

#### ४. "न्यून"- ० अंक

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ । अर्थात् उदाहरणको लागि भौतिक

पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

## वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

–s_ वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका /नगरपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ। यसरी बस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरि वडा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्रअनुसार समूहकृत गरिन्छ। स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ। वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँस्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ। यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ नगरपालिकामा पठाउनुपर्ने हुन्छ ।

## ९.२ अनुगमन तथा मूल्याङ्कन

### क) अनुगमन

विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो। कुनैपनि कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ। यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकताअनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

**अनुगमन २ प्रकारले गर्न सकिने छ :**

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्काले आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ ।

- स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिकाअनुसार भए नभएको
- अपेक्षित प्रतिफलहरूसमयमै र लागत प्रभावकारी रूपमा हाँसिल भए नभएको
- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरूसङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ। यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ। अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ।

## अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame)का आधारमा स्थापित गर्न सकिन्छ। स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन्। यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रबर्द्धित **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा** हेर्न सकिन्छ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन्। साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरूस्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ।

## अनुगमन तह

आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ।

## आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवद्यिक योजनाको अन्त्यमा<br>• कार्यपालिकाद्वारा आवद्यिक योजनाको मध्यकालमा | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • संघ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |
| परिणाम | देखिने असर<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पहुँच आदि | • कार्यपालिका र गाउँ/नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाकाअनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| योजना | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन<br>• उत्पादन परिमाण<br>• सडक विस्तार<br>• स्वास्थ्य केन्द्र भवन निर्माण | • गाउँ र नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरूर प्रमुख प्रशासकीय अधिकृत।<br>• चौमासिक/वार्षिक | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाकाअनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |

## लक्ष्य तह

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| “शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।”<br>“उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा गाउँ सूरक्षा व्यवस्था सुदृढ बनाउने । ” | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी<br>• भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ<br>• लगानीका योजना संख्यामा आएको सकारात्मक परिवर्तन | | |

**योजना तह**

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| सहरी शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा वृद्धि<br>• फोहरमैला वर्गीकरण लागु<br>• निर्वाचनमा बदर मतको सङ्ख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग वृद्धि योजना | • तरकार, अन्डा र मासुको स्थानीय बजारमा बिक्री वृद्धि<br>• कुखुरा व्यवसाय सङ्ख्या वृद्धि<br>• मासुजन्य जीव आयात वृद्धि | | |

## ख) मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो पाएन भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ। आवधिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो । यस मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९४ अनुसार गाउँपालिका तथा नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ ।

योजनाको मध्यमकालीन अवधिमा मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको
- लगानी योजनाअनुरूप वार्षिक लगानीहरूनिर्देशित रहे/नरहेको
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।


योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमा रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ। अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको **अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन**लाई पनि उपयोग गर्न सकिने छ ।

# अनुसूचीहरू

## अनुसूची १- विश्वका केही विकास मोडलहरुको तुलनात्मक अध्ययन

विश्वका विभिन्न राष्ट्रहरूको तुलनात्मक अध्ययन गर्दा दोस्रो विश्वयुद्धपछि मात्र धेरै देशले एउटै पुस्तामा नाटकीय आर्थिक उपलब्धि हासिल गरेको पाइन्छ। माइकल स्पेंस नामका नोबेल पुरस्कार विजेताको अध्यक्षतामा गठित एउटा चर्चित (Growth Commission Report)ग्रोथ कमिसन रिपोर्टमा १३ देशलाई उच्च सफलताको कोटीमा राखिएको छ। ती देशहरू – जापान, कोरिया, थाइल्यान्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, ताइवान, चीन, हंगकंग, ब्राजिल, ओमान, माल्टा र बोस्टसवाना हुन्। यी मध्ये ९ देश एसियामै छन्। ती मुलुकले २५ वर्षसम्म ७ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धि दर हासिल गरे। दिगो र उच्च आर्थिक वृद्धिदरले यी राष्ट्रहरूलाई आर्थिक रूपले निकै माथि उठायो। यी राष्ट्रहरूको अनुभवले के देखाउँछ भने, विकासको उच्च स्तर प्राप्तिका लागि ७ प्रतिशत आर्थिक वृद्धिदरले करिब १० वर्षसम्म निरन्तरता पाउने हो भने जीडीपी दुई गुना हुन्छ र यो २५ वर्ष सम्म निरन्तर गर्यो भने एक पुस्तामै आर्थिक कायापलट हुन जान्छ। सफल यी १३ देशका पछाडि ५ साझा कुरा छन् र त्यहाँको नेतृत्व र प्रशासन विकासप्रति प्रतिबद्ध थियो, निजी क्षेत्रलाई विश्व आर्थिक मञ्चमै व्यापार गर्न उतारियो, समस्टिगत आर्थिक स्थिरता कायम गरियो, उत्पादनशील साधन र स्रोतको बाँडफाँडको जिम्मा बजार अर्थतन्त्रलाई दिइयो र आन्तरिक लगानीका लागी नागरिक तहमा ठूलो बचत गराइयो (वाग्ले, २०१५)। संघीय शासन प्रणालीको शुरुआत पछि नेपालले द्रुततर आर्थिक विकासमा जोड दिएको छ। नेपालको नव निर्माण र द्रुततर विकासका लागि यी राष्ट्रहरूको अनुभव उपयोगि हुने भएकोले छोटो अवधिमा उच्चतम विकास हासिल गरेका केहि राष्ट्रको विकासको अनुभवलाई यहाँ उल्लेख गरिएको छ।

### (क) एसियन टाइगर्स (Asian Tigers)




सन् १९६० को दशकको सुरुसम्म दक्षिण कोरिया, सिङ्गापुर, ताइवान र हङ्कङ अविकसित क्षेत्रको रूपमा थिए। यी मध्ये दक्षिण कोरिया र सिङ्गापुर सार्वभौम राष्ट्र हुन्। हङ्कङ पहिले बेलायतको र हाल चीनको शासन अन्तर्गत रहेको छ तर यस भूभागलाई केही हदसम्म राजनीतिक स्वायत्तता प्राप्त छ। ताइवान भने चीनमा सन् १९४९ मा सकिएको कम्युनिस्ट र कोमिन्ताङ पार्टीबीचको गृहयुद्धमा पराजित भएर भागेको पक्षले शासन गर्न थालेपछि तत्कालीन चीनको नियन्त्रणबाट अलग भएको भूभाग हो। बेइजिङ र ताइवानमा रहेका सरकार दुवैले आफूमा १९४९ अघिको चीनको स्वामित्व रहेको दाबी गर्छन्। तर यी चार देशहरूले लगभग पचास वर्ष भित्र इतिहासमा कमै देखिने एकै पुस्तामा तेस्रो विश्वबाट पहिलो विश्वमा आर्थिक विकासको लामो फड्को मारेको इतिहास छ।

यी चार एसियाली टाइगर्सको विकासलाई बुझाउन माथिको चित्र उपयोगि हुन सक्छ जस्ले यो क्षेत्रको आर्थिक विकासको चरित्रलाई वुझ्न र यिनीहरूले अवलम्वन गरेको विकास मोडेलको सामान्य जानकारी लिन केही हदसम्म सघाउ पुयाउँदछ। भनिन्छ, आर्थिक विकासको मोडेलका प्रकारहरू विकास अर्थशास्त्रीहरूको सङ्ख्या जति नै छन् तर पनि यसलाई मूलतः रूपमा निम्न तीन समुहमा वर्गीकरण गरि विभाजन गर्न सकिन्छ ः बजार निदर्नेशित, हस्तक्षेपकारी र राज्य नियन्त्रित विकास मोडेल। विभिन्न राष्ट्रहरूले यी तिन मोडल वा आफ्नो देशको विशिष्ट परिस्थिति अनुकूल फरक प्रकारको विकास मोडेलको निर्माण गरि अघि वढिरहेका छन्।

## (ख) दक्षिण कोरिया

दोस्रो विश्व युद्द पछि सन् १९४५ मा दक्षिण कोरिया जापानको शासनबाट स्वतन्त्र भयो। तर केही समयपछि नै ऊ अमेरिकाको नियन्त्रणमा आयो। त्यही समयमा भएको कोरियाली गृहयुद्धले यसको अवस्था अत्यन्त दयनीय अवस्थामा पुऱ्यायो। तीन वर्ष सम्म चलेको उक्त गृहयुद्धले दक्षिण कोरियाको तत्कालीन उत्पादन क्षेत्रको दुई तिहाइ हिस्सा नष्ट गराएको थियो। त्यो अवस्थादेखि हालको जी २० सम्मको दक्षिण कोरियाको उदय र विकासलाई मुख्यतः चार चरणमा वर्गीकरण गर्न सकिन्छ।

दक्षिण कोरियाको विकासको सुरुवात त्यहाको प्रथम राष्ट्रपतिको कार्यकालबाट सुरु भएर पार्कको शासनको प्रारम्भसम्म भएको मान्न सकिन्छ। विकासको पहिलो चरणमा युद्धको विनासबाट उठ्नका लागि केहि विशेष कार्यक्रमहरूको छनौट गरिएको थियो। त्यो समयमा यहाको कुल राष्ट्रिय उत्पादनको १५.९५ प्रतिशत हिस्सा अमेरिकी सहायताले ओगट्ने गर्दथ्यो। यो हिस्सा सबैभन्दा उच्च सन् १९५७ मा २२.९५ प्रतिशत सम्म पुगेको थियो। यो समयमा कोरियाको विकास एकदमै धेरै मात्रामा अमेरिकी सहायतामा निर्भर थियो। यो अवधिमा सरकारले मजदुर सङ्गठनमाथि निषेध गर्नुका साथै उग्र कम्युनिस्ट विरोधी कार्यक्रमहरू सञ्चालन गर्दै मजदुरहरूको ज्यालादर सस्तो बनाउने निति अख्तियार गर्यो जसले औद्योगिक लगानीकर्तालाई प्रोत्साहित गऱ्यो र तिव्रतर आर्थिक वृद्धिमा सहयोग पुऱ्यायो।

पार्क चुङ्ग हीले सन् १९६१ मा कू गरे पछिको अवधिलाई दोस्रो चरणको सीमा मान्न सकिन्छ। यो चरण सामान्य खालको उद्योगको विस्तार र निर्यात केन्द्रित उद्योगको विकासमा केन्द्रित थियो। युद्धबाट तङ्ग्रिएको र अमेरिकी सहायता माथिको निर्भरता निक्कै कम भइसकेको यस अवस्थामा कोरियाली अर्थतन्त्रले आफ्नो सस्तो श्रमको उपभोग गरेर हल्का औद्योगिक सामग्री उत्पादन गर्न थाल्यो। यही अवधिमा दक्षिण कोरियाले बजार निर्देशित र अझ हस्तक्षेपकारी आर्थिक मोडेल छाडेर राज्य नियन्त्रित विकास मोडेल प्रयोग गर्न थालेको थियो। सन् १९६२ मा कोरिया सरकारले पहिलो पञ्च वर्षिय आर्थिक विकास योजना अगाडि सार्‍यो जसले लगानी बढाउने, औद्योगिक संरचना निर्माण गर्ने र व्यापार सन्तुलन कायम गर्ने जस्ता स्पष्ट रूपमा बृहत अर्थशास्त्रीय विकास लक्ष्यहरू अगाडि सारियो जसले त्यहाँको अर्थतन्त्रमा आमुल सुधार ल्याउनुका साथै विकास प्रक्रियामा तिव्रता लियो।

राष्ट्रपती पार्कका विभिन्न आर्थिक रणनीतिहरू मध्ये 'सेमाउल उन्दोङ' एक अत्यन्त सफल कार्यक्रम हो। गाउँको विकास भए मात्र देशको विकास हुन्छ भन्ने मान्यता राख्ने यो अभियानको मुख्य लक्ष्य गरीब जनतालाई धनी बनाउनु र गाउँको समग्र विकास गर्नु थियो। कोरियन भाषामा 'से' 'नयाँ', 'माउल' 'गाउँ' र 'उन्दोङ' भन्नाले 'अभियान' भन्ने बुझिन्छ। अथवा 'सेमाउल उन्दोङ भन्नाले नयाँ सामुदायिक अभियान भन्ने बुझिन्छ। यो अभियानको प्रर्वतक समाज सुधारक किम योङ की हुन्। उनले सन् १९६२ देखि यो अभियान संचालन गर्दै आएका थिए। किमले **'काम नगर्ने भए खाना नै नखाउ'** भन्ने नाराका साथ यो अभियान सञ्चालन गरेका थिए। सेमाउल उन्दोङ सुख एवम् सम्वृद्धिका लागि सञ्चालन गरिएको एक अभियान हो जस्ले गरिबी निवारण गर्ने, सबैले राम्रो शिक्षा, खाना र लुगा लगाउन पाउने र सुरक्षित तथा सुविधाजनक घरमा बस्न पाउन भन्ने उद्देश्य राखेको थियो।

किमको यो अभियानले 'ग्रामीण जनतालाई आत्मनिर्भर बनाउने र देशको बिकासमा टेवा पुर्याउँछ' भन्ने बुझेका दूरदर्शी सैनिक शासक पार्कजुङ हीले सबै जनतालाई यो अभियानमा सामेल हुन अव्हान गरे । उनले सन् १९७० अप्रिल २२ मा यो अभियानलाई सरकारी रणनीतिको रूपमा मान्यता दिए । सरकारी कार्यक्रमको मान्यता पाए पछि यो कार्यक्रमले नयाँ सामुदायिक अभियान सहित सहयोग र आत्मनिर्भरताको भावनाका साथ हाम्रो गाउँको सुधार र आधुनिकीकरण हामी आफैं गर्न सक्छौ भन्ने भावनालाई आत्मसात गर्दछ । कोरियालि सरकारले अभियानलाई कार्यान्वयनमा ल्याउदैं उन्नत गाउँ निर्माणको निम्ति 'दश परियोजना'को कार्यसम्पादन निर्देशिका जारी गरेर ३३ हजार २ सय ६७ गाउँमा लागु गर्दै सामुदायिक विकासका लागि जिन्सी सहायता दिन शुरु गरेको थियो । जसअन्तर्गत, सरकारले हरेक गाउँमा ३ सय ५५ बोरा सिमेन्ट र ५ सय केजी रड बाँड्न शुरु गऱ्यो । अर्कोतिर सरकारी कर्मचारी, विचारक, सामुदायिक अभियानका र निजी क्षेत्रका अगुवालाई तालिमको व्यवस्था गऱ्यो । कर्मचारीलाई भ्रष्टाचारी भावनाबाट टाढा रहन **'सुनलाई ढुंगा जस्तै देख'** लेखिएको 'हरियो टाई' वितरण गरिएको थियो । यो अभियानले नागरिकलाई समाजप्रति समर्पित हुने अगुवा नेतृत्व तयार पाऱ्यो । यसैको शिक्षाले सदस्यहरूलाई स्वतःस्फूर्त जग्गादान, श्रमदान, सामग्री दान गर्ने उत्प्रेरणा प्रदान गऱ्यो । नयाँ सामुदायिक अभियान लागु भएका गाउँले जनताको आय विस्तारै बढ्न थाल्यो । यो क्रम ४ वर्ष पुग्दा ग्रामीण जनताको आय बढेर शहरी परिवारको आयभन्दा बढी हुन पुग्यो । यो कार्यक्रमले गाउको विकास र स्वाधिन अर्थतन्त्रको निर्माणमा कोशे ढुगा सावित भयो (सम्बाहाम्फे, २०७४) ।

सन् १९७४ मा आइ पुग्दा शहरी भन्दा ग्रामीण जनाताको आय बढ्यो जस्को कारण के थियो भने सेमाउल उन्दोङ लागु भएको हरेक गाउँ वा इकाईमा कृषिमा आधारित एक सेमाउल उद्योग अनिवार्य खोल्नुपर्ने शर्त थियो । यस्ता उद्योगले गाउँको आय बढाउने काम गर्यो भने रोजगारीको अवसरहरूपनि प्रशस्तै सिर्जना गर्यो । उक्त अभियान शहरमा पनि लागु गरि औद्योगिक क्षेत्रहरूको विकास तीब्ररूपमा हुन गयो । शहर केन्द्रित उद्योगहरूको विकास हुँदा पनि सरकारले उद्योगको (Semi-product)सेमी प्रोडक्ट सम्बन्धी कम्पनीहरूबढी गाउँमै स्थापना गर्ने नीति लियो । यो नीतिले गाउँ र शहरलाई जोड्ने र गाउँको विकास र रोजगारीमा टेवा पुर्याउने काम गर्यो । सन् १९७० मा ८३ करोड डलर निर्यात गरेको कोरियाले यो अभियानको सफलताकै कारण सन् १९८० सम्म आइ पुग्दा कोरिया एक औद्योगिक राष्ट्रका रूपमा दर्ज हुन पुग्यो । त्यस्तै गरि १९८० मा १७ अर्ब डलरको उत्पादन निर्यात गर्यो । यो अभियान शतप्रतिशत सफल हुनको कारण, यसमा गाउँलाई ४० र ५० घरको सानो भन्दा सानो इकाइमा विभाजन गरियो र प्रत्येक निर्णायक कार्यक्रममा सबै घरका प्रतिनिधिलाई राय व्यक्त गर्ने सुविधा दिइयो । यो इकाइले जे चाहन्छ, त्यसैमा परियोजना सञ्चालन गर्ने गरियो । यस्तो इकाईले एकातिर समुदायमा भावनात्मक एकताको बिकास गर्यो भने अर्कोतिर निर्णय गरिएका योजनाहरूमा असन्तुष्टि र असहमति भन्ने प्रश्न नै उठ्न पाएन । यो अभियान सफल हुँदै गएपछि गाउँ ईकाईहरूले तर्जुमा गरेका परियोजनामा सरकारले ५० प्रतिशत ऋण, ३० प्रतिशत अनुदान र २० प्रतिशत समुदायको लगानी हुने व्यवस्था गर्यो । यो मोडेललाई केही वर्षमै राष्ट्रव्यापी गरियो । त्यस्तै अर्को महत्वपूर्ण कुरा, सरकारले समय सापेक्ष कृषीमा आधुनिकिकरण गर्यो । यसका लागि कृषी विज्ञलाई देशभर परिचालन गरेर कृषी तालिम प्रदान गरियो । यसले कृषिमा व्यापक आधुनिकीकरण गऱ्यो जसको कारण अहिले कोरिया २ देखि ३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ। यो अभियान कुनै समय भोक, रोग र बेरोजगारीले तड्पिएका

कोरियाली किसानका लागि सफलताको मन्त्र बन्यो (सम्बाहाम्फे, २०७४)। यो अभियानवाट नेपालले प्रशस्त शिक्षा लिन जरुरी देखिन्छ ।

त्यस्तै गरि उनले निर्यातबाट कमाइ भएको लगानी उच्च प्रविधिहरू र मेसिनहरूमा लगानी गरे । यी सामग्री अर्को चरणको विकासका लागि आवश्यक हुन्थ्यो । त्यस अतिरिक्त त्यो समयमा पार्कको सरकारले विदेशी सामग्रीहरूमा भन्सार कर बढाएर स्वदेशी उद्योगहरूलाई अनुदान दिएर ठूला उद्योग विकास गर्न सहयोग गरेको थियो । यसले दक्षिण कोरियालाई तेस्रो चरणमा ल्याइपुऱ्यायो । पार्कको दोस्रो पञ्च वर्षीय योजनामा यसको प्रत्यक्ष्य प्रभाव देख्न सकिन्छ । उनले ठूला र रासायनिक उद्योग खोल्नेलाई सहयोग गर्ने नीति लिए । यो चरण कोरियाको विकास चरणको सबैभन्दा लामो अवधि रह्यो । यो चरणमा वैदेशिक पूँजीमा नियन्त्रण भए पनि सरकारको निगरानीमा यसलाई भित्र्याइयो । यो अवधिमा निर्यात वार्षिक रूपमा ३५.२५ दरले वृद्धि भयो । सन् १९९० को दशकमा दक्षिण कोरियाली अर्थतन्त्रमा उलेख्य परिवर्तनहरू देखिए । यही समयमा देशले विकासको चौथो चरणमा आइपुग्यो । यो अवधि उच्च प्रविधिको उद्योगको रह्यो । सन् १९८८ मा द. कोरियाले गर्ने निर्यातमा १५.५ प्रतिशत हिस्सा मात्र उच्च प्रविधिको सामग्री हुन्थ्यो । त्यसपछिको हरेक वर्ष यसमा लगभग शत प्रतिशतले वृद्धि भएको छ । कोरियाली सामग्रीको अन्तर्राष्ट्रिय बजारमा बढेको माग र घरेलु उपभोगमा भएको उच्च वृद्धिका कारणले कोरियाले परिपक्व र सम्पन्न राज्यका रूपमा स्थिरता प्राप्त गऱ्यो । यसले कोरियाली समाजको हरेक तप्काको जीवन स्तर बढायो । कोरियाली इतिहासमा दोस्रोदेखि चौथो चरणसम्म स्थिर रूपमा उच्च आर्थिक वृद्धि देखियो । सन् १९६२ देखि १९९५ सम्म दक्षिण कोरियाले औषतमा वार्षिक १०५ प्रतिशत आर्थिक वृद्धि दर हासिल गऱ्यो ( उप्रेती, २०७५) । यसर्थ , कोरियाली विकास मोडल विश्वकै उत्कृष्ट आर्थिक विकास मोडलको रूपमा स्थापित हुन पुग्यो ।

### (ग) सिङ्गापुर

विश्वको प्रमुख औद्योगिक देश सिङ्गापुर, चार एसियाली टाइगर्समा सबैभन्दा प्रजातान्त्रिक मुलुक हो । एक बेलायतीको कूटनीतिज्ञको शब्दमा ली क्वान युको अद्‌भूद नेतृत्वमा यो राज्यमा 'राजनीति हराएर' पूरै राज्य नै एक 'प्रशासनिक एकाई'मा बदलिएको थियो । सन् १९६५ मा मलेसियाबाट मन नलागी नलागी स्वतन्त्रता स्वीकारेपछि लीले सन् २०११ मा सन्यास नलिएसम्म सिङ्गापुरको राजनीतिलाई 'नरम निरंकुशता' सहित नियन्त्रणमा राखे । यो अवधिमा सिङ्गापुरले अभूतपूर्व आर्थिक विकास गर्नुको साथै विश्व रंगमन्चमा आफुलाई एक सम्वृद्धशाली राष्ट्रको रूपमा स्थापित गराउन सफलता हासिल गऱ्यो । सिङ्गापुरको विकासले दक्षिण कोरिया र ताइवानको भन्दा फरक बाटो लिएको छ । उसलाई युद्धबाट राज्यलाई पुनःनिर्माण गर्ने चुनौती थिएन तर यो सहरी राज्यले आफूसँग आफ्ना नागरिकलाई खुवाउन पुऱ्याउन सक्ने जमिनसमेत थिएन । राज्यका लागि आवश्यक खाद्दान्न र पानी समेत छिमेकी मुलुकवाट आयात गरेर आपुर्ती गर्ने सिङ्गापुरले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यलाई निर्यात मुखी सामानय उद्योगहरूको विकासलाई जोड दिने निति अख्तियार गऱ्यो । सिङ्गापुरले आफ्नो स्थानीय तहमा रहेको प्राविधिक र व्यवस्थापकीय ज्ञानको अभावलाई अन्तर्राष्ट्रिय संस्थाहरूलाई आकर्षित गरेर सरकारी अनुगमन सहित पूरा गयो । सन् १९७० को दशकसम्म सिङ्गापुरको अर्थतन्त्रको संरचनामा उलेख्य परिवर्तन आयो जस्ले निर्माण उद्योग र ठूला उद्योगहरूको स्थापनामा विशेष जोड दिएको थियो । कतिपय विद्वानहरूले यो परिवर्तनलाई चीनमा देङको सुधारपछि आएको परिवर्तनको विरुद्मा चिनलाई चुनौती दिन थालिएको कदमको रूपमा उल्लेख गर्दछन ।

सन् २००० मा लि क्वान युको किताब 'फ्रम थर्ड वर्ल्ड टु फष्ट र द सिंगापुर स्टोरी १९६५( २००० (From third world to first: The Singapoore Story)प्रकाशित भयो । विश्व पुस्तक बजारमा 'वेष्टसेलर' रहँदै आएको यो किताबको प्रारम्भ गर्दै लि क्वान यु लेख्छन 'घर कसरी बनाउने, इन्जिन कसरी मर्मत गर्ने,

किताब कसरी लेख्ने भनेर तपाई सिकाउने पुस्तकहरूपाइन्छन् । तर चाइना, ब्रिटिस इन्डिया र डच इस्ट इन्डिजबाट बाहिर छरिएर संकलित भएका आप्रवासीहरूले राष्ट्र कसरी निर्माण गर्ने, क्षेत्रीय व्यापारिक केन्द्रको पुरानो आर्थिक भूमिका गुमाएर मृतप्रायः बनिरहेका जनतालाई कसरी जिवन्त बनाउने भनेर सिकाउने पुस्तक मैले कतै देखिनँ ।' त्सैले यो किताबको लेख्ने आवश्यकता रहेको हो ।

यो किताबले मुलत निम्न २ वटा तथ्यहरूमा जोड दिएको छ ।

१. कुनै पनि राष्ट्र निर्माणको बनिबनाउ मोडेल हुँदैन । त्यो अरु कसैले सिकाउन सक्दैन । स्वयं त्यो देशका जनता वा नीति निर्माताले आफै पत्ता लगाउन सक्नु पर्दछ ।

२. राष्ट्र निर्माणको मोडेल तयार गर्दा मुख्य ३ वटा तत्वहरूलाइ हेर्नु पर्दछ स्‍ जनसंख्या संरचनाको ऐतिहासिकता, भूराजनीति र आर्थिक संभावना ।

पुस्तकको यो प्रारम्भीक वाक्यलाई उपसंहार खण्डको अर्को एक वाक्यसंग जोड्नु उचित हुन्छ । उनी लेख्छन 'हामी कामबाट सिक्थ्यौं, छिटट्ै सिक्थ्यौं । हाम्रो सफलताको एउटा मात्रै सुत्र थियो, कसरी चिजहरूलाई बढी कामकाजी बनाउने भनेर, तिनीहरूलाई अझ राम्रो कसरी बनाउने भनेर निरन्तर अध्ययन गर्थ्यौं । म कहिल्यै कुनै सिद्धान्तको बन्दी बनिनँ । मलाई कारण र यथार्थहरूले मात्र मार्गदर्शन गर्न सके, सिद्धान्तले हैन । कुनै पनि सिद्धान्त, योजना वा सोचले राम्रो काम गर्छ, गर्दैन भन्ने 'एसिड टेष्ट' (द्रूत जाँच ) गर्थे । यदि कुनै चिजले राम्रो काम गर्दैनथ्यो वा कमजोर परिणाम दिन्थ्यो भने त्यस्तो चिजमा म थप समय र स्रोत खर्चिन्नथें ।' (खतिवडा, २०७६)

सिङ्गापुरको आर्थिक सम्वृद्धिमा निम्न सिद्दान्तहरूको महत्वपुर्ण भूमिका रहेको पाइन्छ ।

क. **खुला वजार सिद्दान्त(Free Market Principles) :**सिङ्गापुरले पूँजिवादी आर्थिक सिद्धान्तलाई आफ्नो विकासको मुख्य सिद्धान्तको रूपमा अवलन्वन गरिरहेको छ । जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- श्रम वजारको व्यवस्थापन(Labor Market)
- उत्तरदायी कर्मचारीतन्त्र (Accountable Bureancracy)
- न्युन कर दर(Low Tax Rates)
- न्युन सरकारी खर्च(Government Expenditure)

ख. **समाजवादी सिद्दान्त(Socialistic Principles) :** सिङ्गापुरले समाजवादी आर्थिक सिद्धान्तलाई पनि त्यत्तिकै जोड दिएको छ जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- सार्वजनिक घरहरूको निर्माण(Public Housing)
- सार्वजनिक स्वास्थ्य सुविधा(Public Healthcare)

यी दुई सिद्धान्तहरूलाई अवलम्वन गर्दै सिङ्गापुरले विकासमा उच्च सफलता प्राप्त गरेको थियो । विकासको अन्तिम चरण उच्च प्रविधिको उद्योगको स्थापना सँगै अन्त्य भएको थिएन । बरु सिङ्गापुरलाई दक्षिणपूर्वी एसियाको आर्थिक र वित्तीय केन्द्रका रूपमा विकास गरेर अगाडि वढेको थियो । उच्च प्रविधिको उद्योगमा झैं व्यापार, आयात सुधार र वित्त सबैमा सीपयुक्त श्रमिकको आवश्यकता पर्छ । सिङ्गापुरको अवस्थिति र पछिल्लो समयको आर्थिक उदारीकरणले यी उच्च स्तरका उद्योगलाई निकै सहयोग गऱ्यो । यसले

सिङ्गापुरलाई अन्ततः ताइवान र दक्षिण कोरियाजस्ता उच्च प्राविधिक राष्ट्रको समकक्षमा राखिदियो। राज्यको केन्द्रीय कोषले ठूलो उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणमा गरेको सहयोग र ली क्वान युको आर्थिक र राजनीतिक दुवै क्षेत्रमा प्रभुत्वले गर्दा सिङ्गापुरको विकासमा सरकारको भूमिका सवैभन्दा महत्वपूर्ण देखिन्छ जसलाई नेपाल लगायत अन्य राष्ट्रहरूले पनि प्रेरक उदाहरणको रूपमा लिन सक्दछन्।

### (घ) ताइवान र हङ्कङ्

हाल चिनको स्वशासित क्षेत्रको रूपमा रहेको ताइवानको कथा पनि कोरियाको जस्तै छ। ताइवानको प्रारम्भ दक्षिण कोरियाको अवस्थाभन्दा दयनीय थियो। ताइवानको कथा पनि युद्धको समाप्तीबाटै सुरु हुन्छ। तर ताइवान आफै भने सो युद्धबाट त्यति प्रभावित भएको थिएन। चिनियाँ गृहयुद्ध मुख्य त मूलभूमि चीनमा लडिएको थियो। तथापि दोस्रो विश्वयुद्धसम्म यो पनि जापानको अधीनमा थियो। त्यो अवधिमा त्यहाँ कृषिमा केही सुधारका काम भएका थिए। त्यतिवेला सम्म यो टापु विशेष धान, उखु र भुइँकटर र केही कपडा उद्योगको अवस्थामा मात्र सिमित थियो। यसको साथै कृषि र माछापालनले यो भूगोलको कूल ग्राहस्थ उत्पादनको एक तिहाइ भाग ओगटने गर्दथ्यो।

प्रारम्भमा च्याङ काइ सेकको सरकारले राज्यलाई अनुदानमा चलाउने खालको नीति लिएपछि सन् १९५० को दशकमा अमेरिकाले ताइवानलाई दिइरहेको अनुदान रोक्ने चेतावनी दियो। त्यसपछि राष्ट्रपति चियाङ र उनको कोमिन्ताङ पार्टीले कोरियाले लिएको जस्तो औद्योगिकीकरणको योजनाहरू अघि सारे। औद्योगिकीकरणले कृषिको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई ७५ प्रतिशतमा मा झऱ्यो। कोरियामा जस्तै ताइवानले पनि प्रारम्भमा सामान्य खालको उद्योगमा विकास गऱ्यो। तर यहाँ भने कोरियामा भन्दा अलि लामो सयम सन् १९८० को दशकसम्म यी सामान्य खाले उद्योगहरूको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रह्यो। त्यसपछि यहाँ ठूला उद्योगहरूको स्थापनाको सुरवात भयो। सुरुमा विशेषत स्टिल, विद्युतीय र पेट्रोलियम उत्पादनसम्बन्धी उद्योग खोलिए। ताइवानले वैदेशिक लगानी आकर्षणका लागि केही सरकारी उद्योगहरू निजीकरण गरेको भए पनि अधिकांश ठूला उद्योगहरू सरकारको नियन्त्रणमै राख्यो। च्याङले यिनै उद्योगहरूको बलमा चिनियाँ मूलभूमि पुनः कब्जा गर्ने सोचेका थिए।

राज्यले अर्थतन्त्रमाथिको नियन्त्रण बलियो वनाउने निति लिएको थियो। वैदेशिक विनिमयमा नियन्त्रण, आयातमुखी उद्यमलाई सरकारी प्रोत्साहन गर्ने नीति, राज्य नियन्त्रित संस्थामार्फत नै कच्चा पदार्थको माग पुऱ्याउने जस्ता कदममार्फत सरकारले अर्थतन्त्रमा नियन्त्रण कायम गरिरहेको थियो। ताइवानले आफ्नो अर्थतन्त्रको परिपक्वता कोरियालेझैं उच्च प्राविधिक विकासमा पुगेर सम्पन्न गऱ्यो। सन् १९७० को दशकमा उच्च शिक्षित जनशक्तिको विकासको कारणले ताइवानको श्रमिकको ज्याला बढेको थियो। त्यसै अवधिमा चीनमा भएको आर्थिक विकास र त्यहाँको सस्तो श्रमको कारणले भएको उत्पादन सँग ताइवानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भयो। त्यसपछि ताइवानले उच्च मूल्यका वस्तुको उत्पादन र सेवामा ध्यान स्थानान्तरण गऱ्यो। सरकारले मुख्यतः निर्यातमुखी आर्थिक संरचना, उच्च प्रविधि र उच्च सीपका उद्योगमा स्तरोन्नति गर्ने निर्णय गऱ्यो। त्यसपछि ताइवानको पहिचान बनेको सूचना प्रविधि र सेमी कन्डक्टर जस्ता अन्य महत्वपूर्ण प्राविधिक उद्योगको विकासमा राज्यको भूमिका महत्वपूर्ण रह्यो। ताइवानले दुई विषय बाहेक लगभग कोरियाको विकास परिपथ नै पछ्याएको देखिन्छ। दक्षिण कोरियासँगको उसको पहिलो फरक सन् १९८० को दशकसम्म ताइवानको अर्थतन्त्रमा कपडा उद्योगजस्तो

हलुका उद्योगको महत्वपूर्ण भूमिका देखिन्छ जुन कोरियाली अर्थतन्त्रमा छोटो समय मात्र रहेको थियो। त्यस्तै ताइवानको सन्दर्भमा अनुदान रोक्ने धम्की नआएसम्म नेतृत्व पहिलो चरणमा रमाइरहेको थियो जबकी द. कोरियामा नेतृत्व आफैले आत्मनिर्भर हुने रणनीति लिएको थियो। (उप्रेती, २०७५)

हङ्कङको विकास धेरै अर्थमा ताइवानको जस्तै रह्यो। बेलायतको अधिनमा रहेको हङ्कङ चीनको मातहतमा गएपनि हङ्कङको अर्थतन्त्र पुँजिवादी चरित्रको नै रहेको छ। त्यसो हुनुको पछाडि हङ्कङ अगाडि देखि नै औद्योगिकीकरणको चरणमा गएको थियो। अन्य तीन राष्ट्रहरूले सन् ६० को दशकमा विकास सुरु गरेका हुन् भने हङ्कङमा सन् १९५० को दशकमै विकास प्रारम्भ भइसकेको थियो। सिङ्गापुरसँगको अन्य समानतामा हङ्कङले पनि जग्गा अभावका कारण अन्न आयात गर्नुपर्थ्यो। उसलाई यसबाट भएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउनु थियो। त्यसका साथै अन्य राष्ट्रहरू जस्तै हङ्कङ पनि औद्योगिकीकरणको चरणपछि उच्च प्राविधिक विकास भन्दा व्यवसायिक केन्द्रका रूपमा विकास भयो (उप्रेती, २०७५)। हाल सम्म पनि हङ्कङ चिनको मातहतमा रहेको एक विश्व प्रसिद्ध औद्योगिक क्षेत्र र अर्न्तराष्ट्रिय वजारको रूपमा विश्व प्रसिद्ध रहेको छ।

### (ङ) मलेसिया

उपनिवेश हुँदै स्वतन्त्रताको लडाई जितेर विकासको पथमा लम्किएको मलेसिया आजसम्म आइपुग्दा विश्वको ध्यान आकर्षित गर्ने देश बन्न सफल भएको छ। विदेशी लगानी भित्र्याएर बनेको मलेसियाले हालका दिनमा लाखौ विदेशी कामदारलाई रोजगारी दिएको छ र आर्थिक विकासमा थप शसक्त ढंगले लागिपरेको छ। व्यवस्थित सहरीकरण र सडक सञ्जाल, गगनचुम्बी भवन, स्वस्थ्य र हराभरा वातावरणका साथै राज्य सञ्चालनमा अपनाइएको 'सिस्टम'ले विश्वको ध्यान मलेसियातर्फ तानिएको छ। ४० वर्षको मेहनत र योजनाबद्ध सक्रियतामा तत्कालीन मलेसियन प्रधानमन्त्री महाथीर महम्मदले जसरी मलेसिया बनाउने काम गरे नेपालजस्ता विकासशि ल मुलुकमा पनि राजनीतिक इच्छाशक्ति हुने हो भने विकास गर्न कुनै कठीन हुने रहेनछ भन्ने बुझ्न सकिन्छ। आफ्नै विकासको मोडल, सभ्यता, इतिहास, संस्कृति, सहनसहन बोकेको मलेसियामा पर्याप्त पर्यटकीय स्थल रहेकै कारणले गर्दा बर्सेनी २५ मिलियनबढी पर्यटक मलेसिया पुग्ने गर्छन्। पर्यटकहरूको ओइरो लाग्ने मलेसियाको कूल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ। मलेसियाको विकास, तिव्रतम प्रगति र पर्यटन लोभ्याउने गन्तब्यले होटल व्यवसाय, स्थानिय उत्पादन र स्थानिय वजार निकै फस्टाएका छन्। (सिग्देल,२०१९)

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा नेपाल सरकारको सहआयोजनामा भर्खरै नेपाल बिजनेस कन्क्लेभ (Business conclave)सम्पन्न भएको छ। यस कनक्लेभको विशेषता भूतपूर्व मलेसियाली प्रधानमन्त्री महाथिरको सहभागिता एवं सम्मेलनमा उहाँले प्रस्तुत गर्नुभएको विकासको मोडेल नै रह्यो। आफ्नो प्रस्तुतिमा उहाँले दोस्रो विश्वयुद्धपछि उहाँको सरकारले सर्वप्रथम गरीब र धनीबीचको खाडल घटाउने योजना बनाएर भूमिहीनहरूको लागि भूमि वितरण कार्यक्रम अगाडि सारेको बताउँदै खेतीयोग्य जग्गाको कमीले यो कार्यक्रमले पूर्ण लक्ष्य प्राप्त गर्न नसकेकोले पुन सरकारले औद्योगीकरणको नीति अख्तियार गरेको खुलासा गर्नुभएको थियो। त्यस बेला मलेसियासँग औद्योगीकरणको लागि अनुभव नभएकोले विदेशी लगानीकर्ताहरूलाई रोजगारी सिर्जना गर्ने खालको उद्योगहरूमा लगानी गर्न निम्त्याएको स्मरण गर्दै यसबाट रोजगारीमा आमजनताको पहुँच बढ्नुको साथै शिक्षित श्रमिक उत्पादन गर्न शिक्षामा लगानी बढाउनुपरेको थियो, जसबाट शिक्षित बेरोजगारीको समस्या समेत हल हुन पुगेको थियो। उहाँले

आफ्नो सरकारले राजस्वभन्दा रोजगारी सिर्जनालाई प्रमुख लक्ष्य बनाई हिंडेकोले आज मलेसिया औद्योगिक मुलुकको पङ्तिमा उभिएको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानाशाहको नाम दिइएका उनले मलेसियामा १९८१ देखि २००३ सम्म अर्थात् २२ वर्ष शासन गरे र यस अवधिमा मलेसियाको आर्थिक वृद्धिदर औसत १० प्रतिशत रह्यो भने जीवनस्तरमा २० गुणाले सुधार भयो । यस्तो कसरी भयो भन्नेबारे आफ्नो अनुभव सुनाउँदै उहाँले भन्नुभयो- मलेसियामा पनि १४ वटा पार्टी थिए । तर विकासको लागि राजनैतिक स्थिरता र व्यापार अनुकूल नीति नियमको आवश्यकता पर्दछ । हामीले यसलाई पूरा गर्दै गयौं र अन्तत देशको राजस्व बढ्न थाल्यो जसबाट हामीले आधारभूत आवश्यकता पूरा गर्दै सबै जनताको जीवनस्तर उकास्न सक्यौं । मलेसियाका डा. महाथिर मोहम्मदको योगदानलाई उच्च मुल्याङ्कन गर्दै मलेसियाली जनताले हालै ९५ वर्षको उमेरमा विश्वकै सबैभन्दा जेष्ठ प्रधानमन्त्रीमा निर्वाचित गराएका छन् । अन्तर्राष्ट्रिय जगतमा थुप्रै युग नायक छन जसले विकास, समृद्धि र सुशासनमा कोसेढुंगाका रूपमा आफूलाई स्थापित गराएर जनताको मानसपटलमा चिरस्थायी बास बस्न सफल भए । महाथिर मोहम्मदको लोकप्रियता कुनै वाद र सिद्धान्तको उपज होइन, गरिबी कायापलट गरेर विकसित मलेसिया बनाउन उनले खेलेको योगदानको परिणाम हो (गुप्ता, २०१४) ।

मलेसियाको हाल सन्चालित ११ औ पन्चवर्षिय योजनाले (२०१६-२०२०) समावेशिकरण, जनजिवनमा व्यापक सुधारको कार्यक्रम, आय र भौतिक पुर्वाधारमा जोड दिने र धनी गरिव विचको भिन्नता कमगर्ने निति अगडि सारेको छ। मलेशियाले वैदेशिक लगानी भित्र्याउने निति, प्रविधि र सुचना प्रसार गर्ने र मानविय पुँजिको अभिवृद्धि गर्ने कार्यक्रमहरूमार्फत द्रुततर विकास गर्ने लक्ष्यलाई प्राथमिकता साथ अघि सारेको छ। नेपालको लागि पनि यो मोडेल अत्यन्त उपयोगी हुन सक्ने सन्देश दिंदै नेपालले विकासको लक्ष्य निर्धारण गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिएर उपयुक्त र स्थायी वातावरण दिन सकेमा नेपालले पनि विकास गर्ने प्रचुर सम्भावना रहेको धारणा राख्नुभएको थियो । मलेसियाको यो उदाहरणवाट एक व्यक्तिको दुरदर्शि नितिले राष्ट्रको मुहार फेरिन सक्छ भन्ने शिक्षा लिन सकिन्छ ।

### (च) स्विजरल्याण्ड

जनसंख्या र क्षेत्रफलको आधारमा स्विजरल्याण्ड नेपाल भन्दा साँढे तिन गुणाले सानो देश हो । जन घनत्वको हिसाबले नेपाल र स्विजरल्याण्ड उस्तै देश हुन् । दुवै देशमा १ बर्ग किलोमिटरमा १९८ जना बसोबास गर्दछन । स्विजरल्याण्डमा ८४० मिटर देखि ४६३४ मिटर मात्र अग्ला ४५१ साना हिमालहरूछन् । प्रत्येक साना हिमालको पनि नामकरण गरिएको छ । यी सबै हिमालमा पर्यटकलाई खुल्ला गरिएको छ । हिमालमा धुवाँ रहित रेल र केबलकार संजालले सबै प्रकारका मानिसलाई भ्रमण गर्न सम्भब बनाएको छ । स्विजरल्याण्डमा बार्षिक पर्यटकको संख्या २ करोड छ र पर्यटनबाट मात्र रु ४० खर्ब भन्दा बढी आम्दानी हुने गरेको छ । नेपालमा पनि सबै चुचुरालाई नामाकरण गर्नु, पर्यटनका लागि खुला गर्नु , हिमालका निश्चीत उचाइ सम्म पर्यटन पुर्वाधारको विकास गर्न जरुरि छ, सयौं हिमाल हामी सँग छन् तर हालसम्म सम्पूर्ण हिम चुचुराहरूको नामाकरण गरिएको छैन र पर्यटनका लागि खुल्ला समेत गरिएको छैन ।

स्विजरल्याण्डको संघीय प्रणालीमा १३ वटा क्यान्टोन वा प्रदेशहरूछन् । असंलग्न परराष्ट्र नीति , कडा कानुन, द्रुत विकास, राष्ट्रिय सुरक्षा र राष्ट्रिय अर्थतन्त्र चाही स्विसहरूको राजनीतिक प्राथमिकतामा पर्दछन । स्विजरल्यान्डको सफल संघीय प्रयोगले के देखाउँछ भने राज्य बलियो हुनको निम्ति त्यस राज्यका जनता बलियो हुनुपर्ने रहेछ । जनता बलियो हुन तीनवटा कुरामा राज्यले जनतालाई हेरेको हुनुपर्छ र

**जनताको स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा**। स्विजरल्याण्डले यी तिनै कुराहरूमा जोड दिने गरेको छ र यी तिनै कुरामा जनतालाई सुविधा दिने राष्ट्रहरूको अग्र पङ्तीमा पर्दछ। स्विसहरू आफुले गरेको काममा कर तिर्छन। आफुले बनाएको नियमलाई कडाइका साथ पालन गर्छन।

स्विजरल्याण्ड नेपाल जस्तै भू(परिवेष्ठित मुलुक हो। मुख्य आयश्रोत पर्यटन र कृषि नै हो। उन्नत कृषिबाट उत्पादित वस्तु र गाईको दुध यहाँको आम्दानीको मुख्य मेरुदण्ड हो। हुनत यहाँको बैकिङ्ग कारोबार अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो हो तर सन १८४८मा संघीय संबिधान बनेदेखिको इतिहासको अध्ययनबाट के देखिन्छ भने संघीयताको सफल प्रयोगले स्विजरल्याण्ड यत्तिको बलियो भएको हो। स्विजरल्याण्डको शासन प्रणाली विश्वमा अनौठो मानिन्छ जहा ७ वटा संघका प्रमुखहरूले आलोपालो सरकार चलाउँछन। विभिन्न देशहरूको औपचारिक प्रतिनिधित्वमा भने उनीहरू राज्यको प्रतिनिधिको रूपमा गएका हुन्छन। कुनै पनि निर्णय लिँदा जनताको मतको कदर हुन्छ। ५० हजार हस्ताक्षर लिएर कुनै नागरिकले संविधानमा भएका कुरा फेर्न चाह्यो भने चुनाब गरिन्छ। हरेक संघको आफ्नै संसद, न्यायपालिका र प्रणाली छ। सम्प्रभुत्ता सबैको सहमतिको बिन्दु हो। जर्मन, इटालीयन , फ्रेन्च र अल्पसंख्यक रोमन भाषा भाषीलाई राज्यले मान्यता दिएको छ। संघीय प्रदेशहरूमा आफ्नै भाषा चल्छन। यसर्थ, स्विजरल्याण्डलाइ सबै हिसावले अनुकरणिय राष्ट्र मानिन्छ। (इनेप्लिज,२०७३)

स्विजरल्याण्डलाइ विश्वको नमुना राष्ट्र बन्न सघाउ पुऱ्याउने केहि मुख्य कारकतत्वहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ।

१. क्षेत्रफलमा सानो आकार(Small Size)
२. वास्तविक प्रजातन्त्र(Genuine Democracy)
३. विकेन्द्रीकरणको राम्रो अभ्यास(Decentralization)
४. प्राथमिकता प्राप्त क्षेत्रमा विशेष सहुलियत दिने नितिहरू(Subsidiary Principle)
५. गैर व्यावसायिक नेताहरू(Non-Professional Politicians)
६. पुँजि र वौद्धिक क्षेत्रका लागि सुरक्षित स्थान(Safe Haven for Capital and Brainpower)
७. मध्यम वर्गिय मानसिकता(Middle-Class Mentality)
८. शिक्षामा विशेष जोड(Educational Priority)

यी विभिन्न कारकतत्वहरूले स्विजरल्याण्डको विकास प्रक्रियामा निकै सघाउ पुयाएका छन जुन नेपाल जस्तो भर्खर विकास पथमा अघि वढिरहेको राष्ट्रका लागि अनुकरणिय हुन सक्दछ।

### (छ) चीनको विकास मोडेल

सन् १९७८ मा देङ सियाओपिङ नेतृत्वमा आएपछिका चार दशकयता चीनले आफूलाई विश्व आर्थिक शक्ती (Power house)को रूपमा विकसित गरेको छ। साथै यसले विश्वव्यापी अर्थतन्त्र र भूराजनीतिमा समेत महत्वपूर्ण परिवर्तन ल्याएको छ। चीनमा आर्थिक सुधार गर्ने कामको सुरुआत कृषि क्षेत्रबाट गरियो। राज्यको नियन्त्रण केही खुकुलो बनाइयो र दोहोरो ट्र्याक मूल्य संयन्त्रको माध्यमबाट किसानहरूलाई बजार सहुलियत प्रदान गरियो। किसानहरूले आफ्नो प्रभावकारिता र उत्पादकत्व बढाएर यस सुधारप्रति सकारात्मक प्रतिक्रिया दिए। त्यसपछि अन्य क्षेत्रमा पनि थप सुधारका कार्य विस्तार हुँदै गयो। (Township and Village Enterprises)टाउनसिप एन्ड भिलेज इन्टरप्राइजेज (टिभइएस) भनिने हाइब्रिड खालको स्वामित्वको माध्यमबाट गैरकृषि क्षेत्रमा सहुलियत प्रदान गरियो। सहरतिर सुधार फैलिएसँगै राज्यका उद्योगहरूले थप एकाधिकार प्राप्त गरे र यसले उनीहरूलाई उद्यमी बन्न थप प्रेरित बनायो। लगानी गर्न र

आर्थिक वृद्धि बढाउन प्रान्त तथा स्थानीय निकायहरूका लागि विभिन्न सहुलियतहरूको व्यवस्था गरिएको थियो। सन् १९९० को दशकताका स्पेसल आर्थिक जोन (एसइजेडएस) को वृद्धिले चीनलाई विश्व अर्थतन्त्रमा समायोजन हुन निर्णायक भूमिका निर्वाह गऱ्यो। (रोड्रिक, २०७५)

देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति शुरू गरेको सन् २०१८ मा ४० वर्ष पूरा भएको छ। त्यसलाई उनले चीनको दोस्रो क्रान्ति भन्ने गर्दथे उक्त आर्थिक सुधारपछि चीन विश्व अर्थतन्त्रमा दह्रो रूपमा प्रवेश गर्यो। आजको मितिमा चीन विश्वको त्यस्तो देश भएको छ जोसँग सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति अर्थात् ३.१२ खर्ब डलर छ। चिनको हालको आर्थिक विकासको गतिलाई निम्न तथ्यहरूले पुष्टि गर्दछ।

- कुल गार्हस्थ उत्पादन (११ खर्ब डलर) को मामिलामा चीन विश्वको दोस्रो ठूलो देश हो।
- प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने चीन विश्वको तेस्रो ठूलो देश हो।
- देङ सिआओपिङले सन् १९७८ मा आर्थिक सुधारका कदम चाल्दा विश्व अर्थतन्त्रमा चीनको हिस्सा जम्मा १.८ प्रतिशत थियो जुन सन् २०१७ मा आएर त्यो हिस्सा १८.२ प्रतिशत पुगेको छ।
- चीन अब केवल एउटा उदीयमान अर्थतन्त्र मात्रै रहेन, बरू १५ औँ र १६ औँ शताब्दीताका विश्व अर्थतन्त्रमा करिब ३० प्रतिशत आफ्नो हिस्सा भएको अवस्थातर्फ उन्मुख भइरहेको राष्ट्र हो।

चीनलाई शक्तिशाली बनाउने नेताहरूमा माओत्से तुङ, देङ सिआओपिङ र वर्तमान राष्ट्रपति सी जिनपिङको नाम आउँछ। देङ सिआओपिङ नेतृत्वमा भएको आर्थिक क्रान्तिको ४० वर्षपछि चीन एक पटक फेरि एउटा दह्रो नेतृत्व पाएर अघि बढिरहेको छ। सी जिनपिङ देशको अर्थतन्त्रलाई अझ प्रभावशाली बनाउन उत्पादनको क्षेत्रमा चीनलाई 'महाशक्ति' बनाउन चाहन्छन्। सी जिनपिङले देङ सिआओपिङका उदारीकरणका नीतिहरूलाई अगाडि बढाइरहेका छन जसमा आर्थिक सुधार लगायतका कदम समेटिएका छन्। चिनियाँ सफलताको कथा दोस्रो विश्व युद्धपछिको एउटा देशको विकासको कथामा मात्रै सीमित छैन। बरू त्यो एउटा नियन्त्रित अर्थतन्त्रबाट मुक्त र उदारीकरणमा आएको परिवर्तनको पनि कथा हो। विश्वका कैयौँ देशले पनि चीनले अवलम्बन गरेको परिवर्तनलाई अपनाए। तर लोभलाग्दो सफलता चीनले मात्रै हासिल गऱ्यो। चीनले घरेलु अर्थतन्त्रमा क्रमिक सुधारको प्रक्रिया थाल्यो न कि बजारलाई आफ्नो अर्थतन्त्र सुम्पिदियो। सुधार ल्याउने क्रममा उसले कहाँ विदेशी लगानी गर्ने र कहाँ नगर्ने कुराको निक्र्योल गऱ्यो जसका लागि उसले विशेष आर्थिक क्षेत्रहरूको निर्माण गऱ्यो र त्यसका लागि उसले दक्षिणी तटीय प्रान्तहरूलाई रोज्यो। देङ सिआओपिङले कम्युनिष्ट समाजवादी राजनीतिक माहोलमा ठोस परिवर्तनको जग बसाले जसले विश्वमा समाजवादी अर्थतन्त्रको साख जोगाउन सघाउ पुयायो।

चिनियाँ लेखक युकोन ख्वाङ आफ्नो पुस्तक 'क्र्याकिङ द चाइना कनन्ड्रमः ह्वाइ कन्भेन्सनल इकोनोमिक विज्डम इज रंग' मा लेखेका छन् (देङ सिआओपिङ एक महान् सुधारक मात्रै थिएनन धैर्य नभएका व्यक्ति पनि थिए। देङ सिआओपिङले शुरू गरेको सामाजिक आर्थिक सुधारको दृष्टान्त मानव इतिहासमा अन्यत्र भेटिँदैन। यसले चिनको आर्थिक जिवनमा निम्न परिवर्तन ल्यायो।

- सन् १९७८ देखि २०१६ को बीचमा चीनको जीडीपीमा ३,२३० प्रतिशतले वृद्धि भएको छ।
- यसबीचमा ७० करोड मानिसहरू गरिबीको रेखाबाट माथि उठे भने ३८.५ करोड मानिसहरू मध्यवर्गका रूपमा उकासिए।
- चीनको वैदेशिक व्यापार साढे १७ हजार प्रतिशतले बढ्यो भने सन् २०१५ सम्म चीन विदेशी व्यापारमा अगुवाको रूपमा उदायो।

- सन् १९७८ मा चीनले वर्षभरि गर्ने व्यापार अहिले दुई दिनमै गर्छ ।
- देङ सिआओपिङले चिनियाँ कम्युनिष्ट पार्टीलाई सामूहिक नेतृत्वमा लगेर चीनमा सामाजिक ( आर्थिक परिवर्तनको प्रक्रियामा तीव्रता दिए । (बि.बि.सी. २०१८)

अर्थतन्त्रको बजार नेतृत्व स्थापित गराउनु र बाहिरी स्वतन्त्रता बढाउनु नै चीनको यस्ता सुधार पछाडिका प्रमुख कारणहरूहुन। तर, अन्तर्राष्ट्रिय व्यापार र निजी लगानीमा चीनको हिस्सा बढे पनि यसमा राज्य क्षेत्रको हिस्सा भने तुलनात्मक रूपले खुम्चियो। यसका लागि आर्थिक विविधीकरण र पुनर्गठन शृंखलाबद्ध औद्योगिक नीतिका माध्यमबाट प्रवर्द्धन गरियो। विदेशी लगानीकर्तालाई घरेलु कम्पनीसँग संयुक्त उद्यममा आबद्ध हुन लगाइयो र स्थानीय योगदान (Input) को प्रयोग बढाउन लगाइयो। यसबाट विनिमय दर र अन्तर्राष्ट्रिय वित्तीय प्रवाह केही हदसम्म नियन्त्रित रह्यो। (रोड्रिक, २०७५)

यी सबैको माध्यमबाट चिनियाँ नेतृत्वले कुनै पनि सिद्धान्तको पालना गरेन र आफ्नै विशिष्टताबाट चलाइरह्यो। चिनियाँ आर्थिक सुधार न कम्युनिस्ट शिक्षा न त कुनै स्वतन्त्र बजार विश्वासबाट निर्देशित थियो। यदि नीतिनिर्माताहरूले कुनै एक महत्वपूर्ण सिद्धान्त अपनाउँछन् भने त्यसलाई पक्कै पनि 'व्यावहारिक प्रयोगात्मकता' भन्न सकिन्छ। यो देङ.को लोकप्रिय भनाइ हो। उनले भनेका छन् **'बिरालोको रङले कुनै पनि फरक पार्दैन, फरक उसले मुसो समात्न सक्यो कि सकेन भन्ने कुराले पार्छ।'** चिनियाँ अनुभवको विलक्षणतालाई हेर्ने हो भने यस्ले विकसित र विकासोन्मुख दुबै राष्ट्रहरूलाई आर्थिक विकासका लागि महत्वपुर्ण शिक्षा प्रदान गर्दछ। अधिकांश पश्चिमा राष्ट्रमा बजारमाथिको निर्भरता र आर्थिक उदारीकरणका फाइदाहरू प्रस्तुत गर्न चीन सफल बनेको छ। सैद्धान्तिक रूपले चीनले राज्य नेतृत्ववाला आर्थिक मोडलको अर्न्तनिहित श्रेष्ठतालाई पुष्टि मात्र होइन स्थापित समेत गरेको छ र बजार केन्द्रित पश्चिमा सिद्धान्तको रडाको लाइ चुनौती दिइरहेको छ। नेपाल जस्तो समाजवाद उन्मुख राष्ट्रका लागि चिनको आर्थिक विकास अनुकरणिय मात्र होइन चिनको आर्थिक र प्राविधिक विकासको प्रभाववाट पनि नेपालले प्रसस्त फाइदा लिन सक्नु पर्दछ जुन अहिले नेपालमा चलेको वहस पनि हो ।

## (ज) विकासको भारतिय मोडेल (केरला र गुजरात)

कुनै पनि राष्ट्रलाई समृद्ध बनाउन राज्यले आर्थिक वृद्धि (Economic growth) र कल्याणकारी राज्यका अवधारणालाई आत्मसात गर्नुपर्दछ। यी दुवै मोडललाई एकीकृत र सन्तुलित ढंगले प्रयोग गरेमा सफलता हासिल गर्न सकिन्छ भन्ने दृष्टान्त भारतका केरला र गुजरात विकास मोडलबाट स्पष्ट हुन्छ। सन् १९७० को दशकमा केरला राज्यमा अभ्यास भएको विकास मोडेललाई केरला विकास मोडेल भनिन्छ। यो मोडेलले अराजक आर्थिक वृद्धि विकास मोडल विपरीत आम जनताको शिक्षा, जनस्वास्थ्य र सेवाका न्यायोचित वितरणमा जोड दिन्छ। यही विकास मोडेलको कारण केरलामा छोटो अवधिमै तीव्र रूपमा सामाजिक विकास भयो। त्यसबाट त्यहाँका अधिक निम्न र मध्यम वर्गीय जनता लाभान्वित भएको तर्क दिगो विकासका अध्येताहरूदावी गर्छन् ।

हाल प्रधानमन्त्रीका रूपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै निर्माण भएको छ। भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छ - 'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीब्र गतिको आर्थिक विकास,

गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो।' प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म गुजरातका मुख्यमन्त्री थिए। मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरूमा धेरै नै लगानी गरे। भारतको ग्रामीण विकास मन्त्रालयकाअनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा भण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरूपूरा भएको थियो ।

यसबाहेक सन् २००४ र २००५ तथा सन् २०१३ र २०१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ। गुजरातले सन् २०१२ देखि अतिरिक्त बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरूग्रिडसँग जोडिएका छन्। यस बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो। गुजरातमा मोदीले इ ( गवर्नेन्सलाई प्रभावकारी बनाए जसबाट प्रदेशमा भ्रष्टाचारमा कमी आयो। गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ विचार' का रूपमा ख्याती कमाएको छ। गुजरात सरकारले सुशासन कायम गरेकोमा धेरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भएअनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन।

लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरूपूरा गर्न कानुनी अड्चनहरूराखिँदैन। लगानीकर्ताहरूलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन्। पश्चिम बंगालमा लामो समयदेखि बिबादका बीच संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सारियो । पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको बिरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरु गरिसकेको छ । मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन् ।

हालसम्म पनि गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो । पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ । भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ । पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ। हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ। लामो तटक्षेत्रका कारण अन्तर्राष्ट्रिय ब्यापार धेरै नै सुगम छ। भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ। सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो। गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरूलाई बेच्न थालेको छ। त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिवेदनमा उल्लेख छ (Bizmandu, 2018)। भारतको गुजरात र केरला मोडलले पुँजिवादी र समाजवादी चरित्रलाई अवलम्वन गरेको छ जुन नेपाल लगायत अरु देश र राज्यका लागि पनि अनुकरणीय रहेको छ ।

## (झ) रुवान्डाली मोडेल

हरियो जंगल र पहाडले घेरिएको पूर्वी मध्यअफ्रिकी मुलुक रुवान्डा सन् १९९० तिर तत्कालीन सरकारद्वारा 'प्रायोजित' जनसंहारका कारण जातीय द्वन्द्वबाट ग्रस्थ थियो जुन विस्तारै पुनर्स्थापनातर्फ अघि बढिरहेको छ । सन् १९९० देखि उसले आर्थिक विकासमा ठुलो फड्को मारेको छ । त्यहाँ जातीय टुत्सीहरू र हुटुहरूबीच दंगा हुँदा सय दिनमै आठ लाखभन्दा बढीको हुटु समुदायको वर्चस्व रहेको सुरक्षा निकायद्वारा हत्या गरिएको विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको प्रतिवेदनमा उल्लेख छ । जातीय द्वन्द्व र तनावको प्रमुख कारण अल्पसंख्यक टुत्सी र बहुसंख्यक हुटुबीच जारी परम्परागत असमानतालाई मानिएको छ । आज त्यहाँ सबैखाले द्वन्द्वको समाधान भई विकास निर्माण र आर्थिक क्षेत्रमा ऐतिहासिक प्रगति भइरहेका छन् । त्यसैले द्वन्द्वमा फसेका र द्वन्द्वपछिका राज्य र सरकारले गर्नुपर्ने कामका लागि रुवान्डालाई उदाहरणका रूपमा लिने गरिएको छ । रुवान्डाले वर्षौंदेखिको द्वन्द्वमा मलहम लगाउन आफ्नै स्रोत र साधनको पहिचान मात्रै गरेन, त्यसको उपयोग गरी मुलुकलाई समृद्ध बनाउने उत्कट चाहनाका साथ अघि बढिरहेको छ । त्यसै क्रममा उसले कफी र चिया उत्पादन गरी आफ्नो अर्थव्यवस्थाको पुनर्निर्माणमा जुटेको छ । यी दुई उत्पादनहरू त्यहाँका प्रमुख निर्यात वस्तुमा दरिएका छन् । रुवान्डाको ऐतिहासिक विकास को सफलता यसले अख्तियार गरेको विकास र सकारात्मक आर्थिक नीति नै हो जसले त्यहाँ गरिबी र असमानता घटाउन सहयोग पुगेको छ ।

२३ वर्षअघि त्यहाँको अर्थव्यवस्था तहसनहस थियो । खासगरी, सन् १९९४ मा टुत्सीविरुद्ध मच्चाइएको नरसंहारपछि अधिकांश सेवा र सुविधाहरू ठप्प थिए । करिब १० लाख मानिसको ज्यान र हजारौंलाई विस्थापित हुने गरी भएको जनसंहार अघि र पछि रुवान्डाको वृद्धिदर ऋणात्मक अवस्थामा पुगेको थियो । तर, आज विश्वका तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको मुलुकमा रुवान्डाले आफूलाई उभ्याउन सफल भएको छ । सन् १९९४ मा मुलुकको वृद्धिदर ऋणात्मक (-११ दशमलव ४ प्रतिशत) रहेकोमा सन् २०१४ मा ७ प्रतिशत र सन् २०१५ मा ६ दशमलव ९ प्रतिशतमा पुगेको थियो । यो वृद्धिदर र आर्थिक छलाङको कारण पुनर्निर्माण, निर्यात प्रवर्द्धन, ऊर्जा विकास र समावेशी वित्त हुन् । यिनै विषयलाई आफ्नो विकासको मोडल बनाएर रुवान्डा छोटो समयमै अन्य मुलुकका लागि नमुना बनेको हो । खासगरी नरसंहारको समाप्तिसँगै मुलुकले सुरु गरेको पुनर्जागरण र रूपान्तरणको अभियानले उसलाई ऐतिहासिक सफलताको शिखरमा पुर्‍यायो । यसले सन् २०१२ को अन्त्यसम्मको एक दशकमा आफ्नो वार्षिक आर्थिक वृद्धिदर ८ प्रतिशतमा पुर्‍यायो । यो दर विश्वव्यापी र अफ्रिका महादेशभरिकै सबैभन्दा उच्च रह्यो । यसमा उसको बलियो आर्थिक आधार, नीति तथा कार्यक्रमहरूको कारणले नै हो । विशेषगरी 'ग्रासरुट' स्तरमा सवावेशी विकासको नितिले रवान्डालाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनायो । मुलुकले आर्थिक विकास र गरिबी निवारण रणनीतिका साथ अघि बढ्दै सन् २०१८ सम्ममा वार्षिक रूपमा कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने जनाएको छ । अनाज उत्पादनमा वृद्धि गर्नेलगायतका पहल उसले धेरै पहिले सुरु गरिसकेको थियो । फलस्वरूप दुई दशकमै विकासलाई उत्कर्षमा पुर्‍याउन ऊ सफल भयो । सन् २०१३ मा प्रतिव्यक्ति आय ६४४ अमेरिकी डलर रहेकोमा सन् २०१८ सम्ममा १२ सय अमेरिकी डलर पुर्‍याउने लक्ष्यरहेको छ । यसैगरी, निजी क्षेत्रको लगानी जीडीपीको १५.४ पुर्‍याउने लक्ष्य पनि उसले लिएको छ । उसले वार्षिक वृद्धिदर ११.५ हासिल गरेको छ । सेवा क्षेत्र, उद्योग र कृषिलगायत अन्य क्षेत्रमा पनि राम्रो प्रगति गरेको

छ। यसैगरी रुवान्डाले आफ्नो निर्यात प्रवर्द्धन गर्दै सन् २०१८ सम्ममा २८ प्रतिशत निर्यात बढाउने र थप ५६३ मेगावाट विद्युत् उत्पादन गरी ७० प्रतिशत घरधुरीलाई विद्युत् सेवा दिने अठोटका साथ अघि बढेको छ। वित्त विकास र वित्तीय सेवामा सुधारले वित्तीय क्षेत्रमा द्रुतगतिमा वृद्धि भइरहेको छ। फलस्वरूप जनसंख्या वृद्धिका बाबजुद मुलुकमा गरिबी न्यूनीकरण भैरहेको अवस्थामा छ। बैंकिङ क्षेत्र स्थिर र राम्ररी पूँजीकृत भएको स्थितिमा छ (यादव,२०७३)। रुवान्डाको यो तरक्कीले नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ जसलाई नेपालले शिक्षाको रूपमा लिनू पर्दछ।

## (ञ) इथियोपियाली मोडेल

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भूपरिवेष्टित मुलुक इथियोपिया अफ्रिका महादेशमा नाइजेरिया पछिको दोस्रो ठुलो जनसंख्या भएको देश हो। ८० भन्दा बढी भाषा बोलिने र संस्कृतिको धनी इथियोपियाको अवस्था रुवान्डाबाट अलि फरक भए पनि विभिन्न संकटका बाबजुद विकासमा यसले फड्को मारेको छ। पूँजीगत परियोजनामा पनि खासगरी आधारभूत संरचनामा रकम खर्चिरहेको रुवान्डाले निकै छोटो अवधिमा 'डाइभर अफ बुम' को अवस्थामा ऊ पुगेको छ। यसको मुख्य कारण त्यहाँको सरकार आफैं होइन, सरकारद्वारा सञ्चालित कम्पनी मार्फत विकास, निर्माण र संरचनामा खर्च गरिएकोले हो। सरकारले औद्योगिक पार्कदेखि चिनी कारखाना र पावर लाइन तिनै संस्थामार्फत बनाउने गरेको छ। खासगरी कमर्सियल बैंक अफ इथियोपिया, इथियो टेलिकम र इथियोपिया इलेक्ट्रिक पावरले त्यहाँको पूँजीगत लगानीमा ७० प्रतिशत योगदान पुयाएका छन। विश्व बैंकद्वारा सन् २०१६ मा प्रकासित 'इथियोपियाज ग्रेट रन र दि ग्रेट एसिलेरेसन एन्ड हाउ टु पेस इट' (Ethiopia's great runthe growth acceleration and how to pace it) ले उल्लेख गरेअनुसार, इथियोपिया सन् २००० यता विश्वको सातौं तीव्र आर्थिक वृद्धिदर भएको मुलुक हो। सन् १९८१ देखि १९९२ सम्म उसको जीडीपी जम्मा ०.५ प्रतिशत रहेकोमा सन् १९९३-२००४ सम्मको अवधिमा यो ११ प्रतिशतमा पुग्यो, जुन चीन अथवा भारतभन्दा धेरै राम्रो हो। सन् २००० मा इथियोपिया विश्वकै सबैभन्दा दोस्रो गरिब राष्ट्र थियो तर आज उसलाई विश्वकै दोस्रो अर्थतन्त्र भएको मुलुक चीनसँग तुलना गर्न थालिएको छ। यसप्रकारको उपलब्धि प्राप्त गर्नुमा आधारभूत संरचनामा उसको ठूलो लगानी प्रमुख कारण हो।

इथियोपियाको विद्युत् विकास, रेल कनेक्टिभिटी र अन्तरप्रदेशीय राजमार्ग संघीय सरकारले बनाइरहेको छ जसले कृषि र अन्य विकास निर्माणका साथै हलुका वस्तु उत्पादनतिर पनि त्यतिकै जोड दिएको छ। चीन या पूर्वी एसियाली मोडेलविपरीत इथियोपिया आफ्नो अत्यन्तै बलियो पूँजी नियन्त्रणमार्फत 'ओभरभ्यालु' मुद्रा कायम राख्न सफल छ। यसका लागि उसले प्रिमियम डलरमा ग्रहण गर्छ। जसले गर्दा कम्पनीहरूलाई स्थानीय इथियोपियाली मूल्य कम भए पनि सामान निर्यात गर्न सजिलो छ। आयातकर्ता जोसुकै भए पनि उनीहरूका लागि सजिलो वातावरण छ, त्यहाँ। उदाहरणका लागि फूल निर्यातकर्ताले पनि उपभोग्य वस्तु आयात गर्न डलरसम्म आफ्नो पहुँचको उपयोग गर्न पाउँछन्। यो उसको प्रबन्धकीय या प्रविधि क्षेत्रको पहिलो विशेषज्ञता हुन सक्छ। त्यहाँका बैंकहरूलाई मुद्रास्फीतिको दरभन्दा तल झर्दा पनि ऋण निकासा गर्न त्यहाँ निर्देशन दिने गरिन्छ। आश्चर्यको कुरा त के छ भने धनको भुक्तानी गर्न त्यहाँ

ऋणको माग बढ्दो छ। पोर्टफोलियो लगानीकर्ता (पूँजी बजारमा गर्ने लगानीकर्ता) हरू र विदेशी बैंकहरूप्रति त्यहाँको सरकारको एक खालको वैचारिक भिन्नता छ। विदेशी 'पोर्टफोलियो लगानी' भन्दा आन्तरिक स्रोत र साधनको प्रयोग रकम जुटाउनका लागि उसले गर्ने गरेको छ। त्यसैले त उसले केन्याको 'आईपीओ टेलिकम' को लगानी मुलुकमा भित्र्याउनुको साटो सरकारी स्वामित्वमा रहेको दूरसञ्चारको एकाधिकारबाटै लाभ लिन उद्यत देखिन्छ।

राज्यको स्पस्ट दिशा, एकाधिकार, विनिमय र मूल्य नियन्त्रणमा केन्द्रित इथियोपियाले जमिन, श्रम, लजिस्टिक, ऋण र विद्युतमाथि केन्द्रित भएर अघि बढ्न पाँच वर्षे योजना निमार्ण गरि विकास प्रक्रियालाई निरन्तरता दिइरहेको छ। इथियोपिया विश्व व्यापार संगठन (डब्लूटीओ) मा छैन र आईएमएफको सहयोग पनि उसले लिएको छैन। अफ्रिकाको सिंह (दी हर्न अफ अफ्रिका) भनेर समेत चिनिने इथियोपिया ५० वर्षयताकै सबैभन्दा ठूलो खडेरीको चपेटामा पर्यो तर त्यसलाइ कुशलता पुर्वक समाधान गर्न खाद्यान्न जम्मा गर्ने राष्ट्रिय नीति अघि सारियो। एक अर्ब अमेरिकी डलर सहयोगमा ७ सय ३५ मिलियन अमेरिकी डलर उसले आफ्नै लगानी गर्यो, जुन रकम उसको कुल जीडीपीको ६१.६४ अर्ब अमेरिकी डरलको १० प्रतिशत हो। इथियोपियाले गरेको यो प्रगती लाइ आत्मसात गरेको भए भूकम्प पीडितहरूको पुनस्थापना गर्न र द्रुततर आर्थिक विकास गर्न नेपाललाइ सजिलो हुने देखिन्छ (यादव,२०७३)।

माथि उल्लेखित विश्वका केहि देशहरूको विकास मोडलहरूको अलावा चिली, क्युवा, दक्षिण अफ्रीका, भुटान लगायतका अन्य देशहरूको मोडल पनि अनुकरणिय रहेका छन। यी विभिन्न विकास मोडलहरूको तुलनात्मक अध्ययनले के देखाउछ भने विश्वका विभिन्न राष्ट्रका आफ्नै मौलिक विकासका ढाँचाहरू रहेका छन जसलाई ति राष्ट्रहरूले आप्नो विशिष्ट परिवेशमा निर्माण गरेका थिए। नेपालको सन्दर्भमा विकास मोडलको निर्माण गर्दा भारत र चिनको सन्निकटता, भुपरिवेष्ठित परिवेश, प्राकृतिक साधनको दोहन निति, भौतिक पुर्वाधारको आवश्यकता, जलस्रोतको पर्याप्तता, पर्यटकीय क्षेत्रहरूको विकास आदिमा ध्यान दिन जरुरि देखिन्छ। विकासको मार्गमा अग्रसर हुदै गरेको वर्तमान अवस्थामा नेपालले यी राष्ट्रहरूबाट शिक्षा लिन जरुरि रहेको छ। केन्द्र देखि स्थानिय तह सम्मका निकायहरूले यी मोडलहरूको अध्ययन गरि आपनो लागि उपयुक्त मोडल कुन हो पहिचान गरि भावी नीति र कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## अनुसूची २- नमूना नगरपालिका प्रस्तावित मानकहरु

### भू-उपयोग

- वैज्ञानिक भू-उपयोग योजना निर्माण भई पूर्णता कार्यान्वयन भएको

### आवास

- सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूति भएको

### सडक

- प्रत्येक वडा केन्द्रबाट नगरपालिका केन्द्र जोड्ने साथै नगरपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणाली, जिल्ला सदरमुकाम र अन्य प्रमुख शहर, बजार केन्द्रसँग जोड्ने राष्ट्रिय मापदण्डअनुसारका सडकहरू भएका

### यातायात

- आवश्यक रुटहरूसहित सुरक्षित, सुलभ र सहज सार्वजनिक यातायातको व्यवस्था भएको

### खानेपानी

- सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध भएको

### सिँचाई

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको

### ऊर्जा

- प्रत्येक घरपरिवारमा विद्युत्, सोलार वा अन्य वैकल्पिक ऊर्जाको प्रबन्ध भएको

### सञ्चार

- प्रत्येक घरपरिवारमा फोन तथा इन्टरनेटको पहुँच भएको

### कृषि

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको
- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्णत कृषिमा सदुपयोग भएको
- स्थानीय कृषि उपजमा आत्मनिर्भर भएको
- रैथाने प्रजातिका बालीनालीमा नमूना क्षेत्रको रुपमा विकास भएको
- वैज्ञानिक भण्डारण प्रणालीको व्यवस्था भएको
- कृषि बिमाको सुविधा भएको
- वैज्ञानिक कृषि प्रणाली कार्यान्वयनमा आएको
- कृषि सामग्री र औजारहरुको सुलभ उपलब्धता भएको

### पर्यटन

- सम्पूर्ण पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको
- पर्यटकीय पूर्वाधार अन्तर्गत यातायात, होटल, लज, सुरक्षा, स्वास्थ्य, संचार, आतिथ्य, परिकार मेनुहरु र विशेष पर्यटकीय क्रियाकलापहरुको प्रबन्ध भएको
- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा पर्यटन क्षेत्रले कम्तिमा १० प्रतिशत योगदान पुऱ्याएको

## उद्योग

- प्रत्येक वडामा कम्तिमा एक स्थानीय कच्चा पदार्थमा आधारित मझौला उद्योगको स्थापना भएको
- नगरपालिकामा कम्तिमा एक ठूलो स्तरको उद्योगको स्थापना भएको
- स्थानीय उद्योगहरुले नगरपालिकाको कम्तिमा १५ प्रतिशत रोजगारीको हिस्सा ओगटेको
- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा उद्योग क्षेत्रले कम्तिमा १५ प्रतिशत योगदान पुऱ्याएको

## व्यापार तथा वाणिज्य

- नगरपालिकाको आयातभन्दा निर्यातको आकार ठूलो रहेको
- प्रत्येक वडामा आम नागरिकलाई आवश्यक आधारभूत किनमेल गर्न पर्याप्त स्थानीय बजारहरुको विकास भएको
- नगरपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा व्यापार तथा वाणिज्य क्षेत्रले कम्तिमा २० प्रतिशत योगदान पुऱ्याएको
- नगरपालिकास्थित मुख्य बजारकेन्द्रहरुबाट निकटका ठूला बजारहरुसम्म राष्ट्रिय मापदण्डअनुरुपका पक्की सडकहरुको पहुँच भएको

## बैङ्क वित्तीय संस्था तथा सहकारी

- प्रत्येक घरपरिवारको बढीमा एक घण्टाको पैदलयात्रामा बैंकसम्म पहुँच रहेको
- प्रत्येक घरपरिवारको घरमुली वा सदस्यको बैंक खाता रहेको
- प्रत्येक घरपरिवारको एक वा अर्को प्रकारको सहकारीमा पहुँच रहेको

## शिक्षा

- शतप्रतिशत साक्षरता रहेको
- शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएका
- विद्यालय छाड्ने दर शून्यमा झरेको
- बालअधिकार र मानव अधिकार प्रत्याभूत भएको

## स्वास्थ्य

- आधारभूत स्वास्थ्य सुविधासहितको अस्पतालमा सम्पूर्ण नागरिकको पहुँच भएको
- शतप्रतिशत गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व प्रत्याभूत गरिएको
- पूर्णखोपयुक्त नगरपालिका भएको
- बालपोषण सुनिश्चित भएको
- सम्पूर्ण नागरिकको अनिवार्य स्वास्थ्य बिमा गरिएको

## संस्कृति

- वार्षिक साँस्कृतिक पात्रो निर्माण गरी त्यसको पूर्णत : कार्यान्वयन भएको
- मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने प्रबन्ध भएको

## सामाजिक सुरक्षा

- सम्पूर्ण नागरिकको सामाजिक सुरक्षा प्रत्याभूत गरिएको
- सबै प्रकारका सामाजिक विभेदको अन्त्य भएको

- प्रत्येक वडामा कम्तीमा एक ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र रहेको
- नगरपालिकामा कम्तीमा एक बालगृह रहेको
- नगरपालिकामा कम्तीमा एक महिला सुरक्षा गृह रहेको

### शान्ति सुरक्षा

- शान्ति सुरक्षा तथा अमनचयनको पूर्ण प्रत्याभूती भएको
- के तपाई आफू बसेको स्थान वरपर पूर्णत सुरक्षित महशुस गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा कम्तीमा ९० प्रतिशत सकारात्मक जवाफ आउने गरेको

### खेलकुद

- प्रत्येक वडामा आधारभूत पूर्वाधारयुक्त एक खेलकुद मैदान तथा व्यायामशाला रहेको

### मनोरञ्जन

- एक वडा एक पार्क, बालउद्यान (Fun Park) र समग्र नगरपालिकामा एक साँस्कृतिक केन्द्र, सिनेमा घर, नाट्यशाला, संगीत विद्यालय तथा नाचघरभएको

### शवदाह स्थल तथा चिहान व्यवस्थापन

- प्रत्येक वडामा स्थानीय समुदायहरुको संस्कार अनुरुपका शवदाह स्थल तथा चिहान क्षेत्र (मरनघाट वा मरनडाँडा) को उचित प्रबन्ध भएको

### वन

- कम्तीमा ४० प्रतिशत भू-भाग वन जङ्गल तथा हरित क्षेत्रले ओगटेको

### जलाधार

- सम्पूर्ण पानीका मुहानहरूको संरक्षण भएको

### वातावरण

- सम्पूर्ण विकासका क्रियाकलापहरू दिगो विकासका अवधारणा अनुरुप सञ्चालन भएका

### जलवायू

- जल तथा वायूको न्यूनतम गुणस्तर कायम राख्न स्थानीय तहबाट लागू गर्न सकिने वायू तथा जल संरक्षणमैत्री कार्यक्रमहरु लागू भएको

### सरसफाई तथा फोहर मैला व्यवस्थापन

- प्रत्येक घरधुरीमा उर्त्सजित फोहोर व्यवस्थापन गर्न एक वा अर्को प्रकारले वैज्ञानिक फोहर व्यवस्थापन प्रणाली कार्यान्वयन भएको

### विपद् व्यवस्थापन

- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण भई पूर्णतः कार्यान्वयनमा आएको

### सुशासन तथा संस्थागत विकास

- भ्रष्ट्राचारमुक्त असल शासनको प्रत्याभूती भएको
- क्षतिपूर्तिसहितको नागरिक बडापत्र पूर्ण कार्यान्वयनमा आएको

- प्रत्येक वर्ष कम्तीमा एक पटक कर्मचारीहरुको प्रत्यक्ष वृत्ति विकाससम्बन्धी तालिमहरु संचालन हुने गरेको
- प्रत्येक वर्षमा कम्तीमा एक पटक सरकारी सेवा प्रवाहमा नागरिक सन्तुष्टि सर्वेक्षण हुने गरेको
- e-Governance लागु भएको

**राजश्व**

- नागरिक स्तरमा हुने प्रत्येक व्यक्तिगत तथा संस्थागत आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई त्यसको पूर्ण अभिलेखिकरण गरिएको

## अनुसूची ३- लुम्बिनि साँस्कृतिक नगरपालिका वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरुको विवरण

### (क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू

**नगरपालिकाका वडास्तरका निम्न सडकहरुको निर्माण तथा स्तरोन्नति गर्ने**

| कोड/ क्र.स. | राजमार्ग तथा सडककोनाम (शुरु र अन्तिम बिन्दु) | जोडिने वडाहरु वा मुख्य केन्द्रहरू | लम्वाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| वडा नं. १ | | | | |
| १ | भगवानपुर देखि नन्दनगर सम्म कृषि सडक | | १ | ६ |
| २ | भगवानपुर राममिलनको मिल देखी ककरहवा | | १ | ६ |
| ३ | खुनगाई पूर्व सर्वनासीको घर देखी आमा जाने बाटो जोड्ने | | २ | ६ |
| ४ | आबसइको खेत देखि नन्दनगर जोड्ने बाटो | | १.५ | ६ |
| ५ | ओम प्रकाश बारीको घर देखि आमा जाने बाटो जोड्ने | | ३ | ६ |
| वडा नं. २ | | | | |
| १ | मुजहाना राम प्यारे यादवको घर देखि दक्षिण भुजहिया सम्म | | १ | ६ मि. |
| २ | पप्पु मुसलमानको घर देखि प्रेम चन्द कुमारीको खेत सम्म | | २ | ६ मि. |
| ३ | राजाराम यादवको घर देखी अब्दुल धुनिया को खेत सम्म | | २ | ६मि. |
| ४ | चर्तुभुजी शुक्ला को घर देखि विश्म्भर पाण्डेको घर सम्म | | १ | १० फुट |
| ५ | लवकुशको खेत देखि भभई जाने मनिलाल को खेत सम्म | | २ | २० फुट कच्ची |
| ६ | बरखुको खेत देखि भभई जाने मनिलाल को खेत सम्ममा | | २ | २० फुट |
| ७ | परशुराम लोधको मन्दिर देखि पूर्व काशी मतलाहको खेत सम्म | | १ | १० फुट |
| ८ | मुजहना कतारु चाईको घर देखि कचरिहवा गाँउ सम्म कच्ची सडक (कृषि सडक) | | २ | ३० |
| ९ | सानो केवटलिया देखि लकापुर सम्म (कृषि सडक) | | ३ | ३० |
| वडा नं. ३ | | | | |
| १ | खुनगाई अलरखको पाउरोटी देखि सानो पडरीया जाने बाटो | | ५ | ६ |
| २ | पडरिया चोक देखि पूर्व बुद्ध आदर्श मा.वि जाने (कृ.षी) | | ४ | |

| कोड/ क्र.स. | राजमार्ग तथा सडकको नाम (शुरु र अन्तिम बिन्दु) | जोडिने वडाहरु वा मुख्य केन्द्रहरू | लम्वाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| ३ | वडा नं. १ र ३ को सिमा देखी पूर्व तेलार नदी सम्म जाने बाटो (कषि सडक) | | २ | ८ |
| ४ | सानो पडरिया देखि पश्चिमको कृषि बाटो | | २ | ६ |
| वडा नं. ४ | | | | |
| १ | मनौरा देखी मनौरी हुँदै पडरिया जोड्ने बाटो पिच कार्यक्रम | | ३ | १० |
| २ | शिवलहवा अमारी बिच नालाको कलभर्ट (पुल) | | १२ | १० |
| ३ | मनौरी चमार टोल देखि पश्चिम हुलाकी सडक जोड्ने कृषि सडक | | २ | ६ |
| ४ | हग्ने नाला (मनौरा) देखि कोठी नदी सम्म कृषि | | ३ | १० |
| वडा नं. ५ | | | | |
| १ | मनोहरपुर गाँउ दखि कोठि नदि जाने बाटो | | १ कि | ८ मि |
| २ | ढोढहवा गाऊँ देखि कोठी नदि जाने | | १.५ कि | ८ मि |
| ३ | ,, ,, पश्चिम रोड देखि मुर्देया पोखरी र भैसइया पोखरी जाने बाटो | | १ कि | ८ मि |
| ४ | मोहसड चोथिया टोल देखि पिप्रहवाँ जाने बाटो | | १.५ कि | ८ मि |
| ५ | ,, ,, गाउँ देखि पडरिया ताल हुँदै मोहम्मदपुर जाने बाटो | | ३ कि. | ८ ग्रा. कच्ची |
| ६ | पडरिया ताल देखि पिप्रहवाँ हुँदै मोहम्मदपुर जाने बाटो | | ३ कि | ८ ,, |
| ७ | महजिदिया देखि प्रिपहवाँ हुँदै मोहम्मदपुर जाने बाटो | | ३ कि | ८ ,, |
| ८ | वडा कार्यालय तेनुहवा पश्चिम हुँदै मोहम्मदपुर जाने | | ३ कि | ८ ,, |
| ९ | तेनुहवा पूर्व पोखरी देखि लुम्बिनी रिङ्गरोड जोड्ने | | ६०० मि | ८ मि ग्रा. ढलान |
| १० | तेनुहवा ,, गाउँ एका उल्लाहको घर देखी लुम्बिनी रिङ्गरोड जाने बाटो | | १ कि | ८ मि. कच्ची |
| ११ | ढोढहवाँ शुवासको घर देखि बगैंचा जाने बाटो | | २०० मि | ५ मि कच्ची |
| १२ | हन्नामपुर गाँउ देखि पश्चिम कवरीस्तान जाने बाटो | | १ कि | ८ मि कच्ची |
| १३ | वडा कार्यलय देखि स्वास्थ्य चौकी हुँदै हन्नामपुर जाने बाटो | | ३ कि | ८ मि कच्ची |

| कोड/ क्र.स. | राजमार्ग तथा सडककोनाम (शुरु र अन्तिम बिन्दु) | जोडिने वडाहरु वा मुख्य केन्द्रहरू | लम्वाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| १४ | वडा कार्यलय देखि स्वास्थ्य चौकी हुँदै हन्नामपुर जाने बाटो | | ३ कि | ८ कच्ची |
| १५ | तौलिहवा - भैरहवारोड तर्कुलैया पोखरी जाने कृषि | | १कि | ५ मि |
| १६ | लुम्बिनी रिङ्ग रोड देखि गयासुद्धिनको घर जाने बाटो | | २ | ५ कच्ची |
| १७ | भैरहवा तौलिहवा बाटो देखि सराफत अलिको घर हुँदै तेनुहवा पश्चिम गाऊँको दक्षिण सिमाना सम्म | | १.५ कि | ८मि कच्ची |
| १८ | तेनुहवा पश्चिम गाँऊ रामलालको घर देखि मोहम्मद जमा फकिर को घर सम्म जाने बाटो | | १०० मि | ६ मि कच्ची |
| १९ | तेनुहवा पूर्व गाउँ एकाउल्लाहको घर देखि काली माईको मन्दिर सम्म जोड्ने बाटो | | १५० मि | ४ मि कच्ची |
| २० | तेनुहवा पूर्व गाउँ बैदुल को घर देखि तौलिहवा कच्ची रोड जोड्ने बाटो | | ३०० मि | ४ मि कच्ची |
| वडा नं. ६ | | | | |
| १ | मदरसा देखि तेलार नाला सम्म माटो तथा ग्रेभल गर्ने | | २ कि.मी | ६ मि |
| २ | मटियरवा देखि तलार नाला हुदै धुन्तुर को घर सम्म कृषि माटो तथा ग्रेभल | | २की | ६ मि |
| ३ | तरकुजाह मस्जिद देखि कुकुर भुकुवा सम्म | | १ $1/2$क.मी | ६मि |
| ४ | तरकुजाह मस्जिद देखि धुपाधार सम्म | | १ कि.मी | ६ मि |
| ५ | कोंशर अलीको घर देखि सहिद को घर सम्म | | $1/2$की | ५ मी |
| ६ | तरकुसाहा गाउ देखि सइद मोहम्मद को घर हुदै बगैचा सम्म | | १ की | |
| ७ | हाईमोहम्मद को घर देखि मनसुर मु. को घर सम्म | | ६०० मी | ६ मी |
| ८ | मेन सडक देखि मस्जिद हुदै सफातुस्साह को घर सम्म | | ४०० मी | ६ मी |
| ९ | आबिद अलिको घर देखि जमालुद्दीनको घर सम्म | | ४०० मी | ६ मी |
| १० | परसहवा देखि पोखरीहीया | | २ की | ६मी |
| ११ | पिपरहवा देखि मोहम्दपुर समम | | ३ की | ६ मी |
| १२ | लुम्बिनी विकास देखि पिपर सम्म | | १: १/२ कि | ६मी |
| १३ | पूर्व पोखरा देखि चौदहवा सम्म | | २ किमी | ६ मी |

| कोड/ क्र.स. | राजमार्ग तथा सडकको नाम (शुरु र अन्तिम बिन्दु) | जोडिने वडाहरु वा मुख्य केन्द्रहरू | लम्वाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| १४ | स्कुस रोड देखि वैरिहवा सम्म | | १ १/२ | ६ मी |
| १५ | रिङ्ग रोड देखि बैरिहवा सम्म | | १ १/२ | ६ मी |
| १७ | रिङ्ग रोड देखि बास सम्म | | १ १/२ | ६ मी |
| १८ | उर्दु स्कुल देखि मंगल डिहवा नाला सम्म | | १ १/२ कि | ६ मी |
| १९ | बास देखि बडघरवा सम्म | | १ १/२ कि | ६ मी |
| २० | भैरहवा तौलिहवा सडक देखि स्वास्थ्य चौकि सम्म माटो तथा ग्रेभल गर्ने कार्य | | १/२ कि | ६ मी |
| २० | गुन्सी धुमियाको घर देखि रिङ्ग रोड सम्म कालो पत्रे गर्ने | | २ किमी | ६ मी |
| २२ | सृजान डिहवा देखि पिपरहवा हुदै तेनुहवा सम्म माटो तथा ग्रेभल गर्ने | | २ किमी | ६मी |
| २३ | इम्त्याणको घर देखि मटियाखा नाला हुँदै पेट्रोल पम्प सम्म उचचस्तरीय बाटो | | २किमी | ६ मी |
| २४ | निर्दली चमार को घर देखि भै.वु.मु.जा. सडक सम्म सडक मर्मत | | | |
| २५ | श्री राम को घर देखि भै.वु.मु.जा. सडक सम्म | | | |
| | | | | |
| वडा नं. ९ | | | | |
| १ | शंकर खलियान देखि गर्तहवा नाला सम्म जाने बाटो | | २ | ५ |
| २ | सोनवर्षा गणेश कुर्मीको घर देखि दक्षिण डडुवा चौक जाने बाटो | | | |
| ३ | | | | |
| वडा नं. १० | | | | |
| १ | महिलबार मेत्ता स्कुल देखि सेमहरना डी सम्म | | ३ | ९ मी |
| वडा नं. ११ | | | | |
| | महादेवा क्याम्प देखि नौखनीया हुँदै मनिका हुँदै मनिकापुर जोड्ने बाटो | | ८ कि | |
| | धुपहि देखी विचौवापुर सम्म जोड्ने | | ५ कि | |

| कोड/ क्र.स. | राजमार्ग तथा सडकको नाम (शुरु र अन्तिम बिन्दु) | जोडिने वडाहरु वा मुख्य केन्द्रहरू | लम्वाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| | महादेवा गाँउ देखी पश्चिम बालज्योति स्कुल जोड्ने बाटो | | ३ कि | |
| वडा नं. १२ | | | | |
| | आमा देखि कृषि सडक सम्म | | ३की | ७ मी |
| वडा नं. १३ | | | | |
| १ | पैसिया देखि वडवलिया जोड्ने सडक | | २ | १२ |
| | पैसिया देखि भगवानपुर बाट (तेलार) जाने बाटो | | १ | ६ मी |
| | कालिदह देखि पूर्व सिमाना सम्म जाने (पैसिया) कृषि | | १.५ | ६ मी |
| | कालिदह देखि कोठी नदी दोभान सम्म जोड्ने बाटो | | १ | ६ मी |

**नगरपालिकाका वडास्तरको निम्न पुल तथा झोलुङ्गे पुलको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. सं. | पुल तथा झोलुङ्गे पुलकोनाम | ठेगाना (जोडिने वडाहरु वा मुख्य केन्द्रहरू) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) | अवस्था (चालु/माग) |
|---|---|---|---|---|---|
| | **वडा नं १** | | | | |
| १ | ख'नगाइ प'र्व प'ल | | | | माग |
| २ | ऋामा बनबाटिका प'ल | | | | |
| ३ | क्करहवा ल'म्बिीनी बाटो प'ल | | | | |
| | **वडा नं. २** | | | | |
| १ | लम्तिहवाको झोलुङ्गे पुल लाई पक्की पुल बनाउने | | २२० | ८मि | माग |
| २ | कचरीहवा लंकापुर जोड्ने सानो पुल लाई पक्की बनाउने | | २० मि. | ८ मि. | माग |
| ३ | बलराम मा.वि देखि पूर्व अश्रिधवा जाने पक्की पुल | | | | माग |
| | **वडा नं. ३** | | | | |
| १ | आकाशे पुल | पडरिया चोक | | | माग |
| २ | ,, | जामिया फहजुल इस्लाम मदरसा निर | | | ,, |
| ३ | ,, | ठूलो पडरिया जागेश्वर महादेव मन्दिर निर | | | ,, |
| | **वडा नं.६** | | | | |
| १ | रमुवापुर र मधुवनी विच मा तेलार नदीमा पुल | | ३५ | १० | प्रस्तावित माग |
| | खडहवा नालामा पुल | | १२ | ८ | ,, |

| क्र. सं. | पुल तथा झोलुङ्गे पुलकोनाम | ठेगाना (जोडिने वडाहरु वा मुख्य केन्द्रहरू) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) | अवस्था (चालु/माग) |
|---|---|---|---|---|---|
| | **वडा नं.८** | | | | |
| १ | तेलार नदीमा पक्की पुल | वडा नं. ८ र ९ | २० | ८ | माग |
| | **वडा नं.१०** | | | | |
| १ | ओसो देखि महिलबार जोड्ने बाटोमा पुल आवस्यक छ। | | १० | ५ | |
| २ | मधुबनी देखि बुधनीपुर जानेबाटोमा पुल आवस्यक छ | | ८ | ५ | |
| | मेत्ता स्कुल देखि सेमहराना डी जाने बाटोमा पुल आवस्यक छ | | | | |

**नगरपालिकाका वडास्तरको निम्न यातायात रुटहरुको प्रस्तावित गरिएको**

| क्र. सं. | सार्वजनिक साधनको प्रकार | रुटको शुरु विन्दु र अन्तिम विन्दु | जोडिने वडा तथा बजारकेन्द्रहरु | लम्वाइ (कि.मी.) | यातायातका साधनको सङ्ख्या (दैनिक) | कैफियत |
|---|---|---|---|---|---|---|
| | **वडा नं ३** | | | | | |
| १ | बस | लुम्बिनी -पडरिया -स्वर्गद्वारी | | | | |
| २ | ,, | ,, ,, पोखरा | | | | |
| ३ | ,, | ,, ,, जनकपुर | | | | |

**नगरपालिकाका वडास्तरको निम्न बसपार्कहरुको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स. | बसपार्कको नाम | ठेगाना | क्षेत्रफल (हेक्टर/विगाह) | अनुमानित क्षमता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**नगरपालिकाका वडास्तरको निम्न यात्रु प्रतिक्षालयहरुको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स. | ठेगाना | क्षमता (यात्रु सङ्ख्या) | हालको अवस्था | कैफियत (चालु र प्रस्तावित) |
|---|---|---|---|---|
| **वडा नं १** | | | | |
| १ | रामजानकी मन्दिर | ५० | | माग |
| २ | भगवानपुर प्रा. वि. स्कुल पछाडी | ५० | | माग |
| | | | | माग |

| | | | | |
|---|---|---|---|---|
| वडा नं २ | | | | |
| १ | मुजहानामा चोक | ५० | नभएको | प्रस्तावित |
| २ | ,, वडा कार्यालयमा | ५० | ,, | ,, |
| ३ | केवटलिया चोक मा | ५० | ,, | ,, |
| ४ | लम्तिहवा घाटमा | ५० | ,, | ,, |
| ५ | भर्थापुर रामजानकी मन्दिर | ५० | ,, | ,, |
| वडा नं ३ | | | | |
| १ | लंकापुर- पडरिया | ५० | नबनेको | प्रस्तावित |
| २ | लुम्बिनी - आजमा रोड | २५ | | प्रस्तावित |
| ३ | लुम्बिनी ६ नं. गेट दक्षिण -उत्तर | २५ | नबनेको | प्रस्तावित |
| ४ | सानो र ठूलो पडरियाको कवरस्तानमा | २५ | नबनेको | प्रस्तावित |
| ५ | पडरिया बसपार्क | १५ | निर्माण सम्पन्न | चालु हुने अवस्था |
| वडा नं ४ | | | | |
| १ | वडा कार्यालय अगाडी | ४० जना | नभएको | प्रस्तावित |
| २ | नाहाना मेल (कोठी नदी) | ४० जना | नभएको | प्रस्तावित |
| ३ | महुवारी सानो | ४० जना | ,, | प्रस्तावित |
| वडा नं ५ | | | | |
| १ | महजिदिया चौक | ५० जना | छैन | प्रश्तावित |
| २ | लोखडिया चौक | ५० जना | ,, | प्रश्तावित |
| ३ | मोगलाह ,, दक्षिण | ,, | ,, | ,, |
| ४ | तेनुहवा पश्चिम गाँउ | ३० जना | ,, | ,, |
| वडा नं ६ | | | | |
| | महजिदिया ढाल | ५० | छैन | प्रस्तावित |
| | वडा कार्यालय अगाडी | ५० | ,, | प्रस्तावित |
| | लोखरिया चोक | ,, | ,, | ,, |
| | पर्सा चौक | १०० | ,, | ,, |
| | नवजीवन बो. स्कुल नजिक | ५० | ,, | ,, |
| वडा नं १२ | | | | |
| | आजमा रामजानकी मन्दिर | ५० जना | छैन | प्र |
| | बनजरही चौक | ५० जना | ,, | ,, |
| | वडा कार्यालय छेउ तिर | ५० जना | ,, | ,, |
| | सुनवल मा | ५० जना | ,, | ,, |

**नगरपालिकाका वडास्तरको निम्न सार्वजनिक शौचालयहरुको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.स. | ठेगाना (वडा नं. र नाम) | क्षमता | हालको अवस्था | कैफियत (चालु र प्रस्तावित) |
|---|---|---|---|---|
| वडा नं. १ | | | | |
| १ | वडा कार्यलय देखि पश्चिम | ५ | माग | प्रश्तावित |
| २ | भगवानपुर प्रा.वि पछाडी | ५ | माग | |
| ३ | नन्द नगर धर्मशाला नजिक | ५ | माग | |
| ४ | भगवानपुर कसफलो नजिक | ५ | माग | |
| ५ | | | | |
| ६ | | | | |
| वडा नं. २ | | | | |
| १ | मुजाहाना वडा कार्यालय नजिक | ५ | माग | प्रश्तावित |
| २ | भुजहिया मा | ५ | ,, | प्रश्तावित |
| ३ | कोवटलिया मा | ५ | ,, | प्रश्तावित |
| वडा नं. ३ | | | | |
| १ | यात्रु प्रतिक्षालय र बसपार्कमा बनाउन पर्ने | | | |
| २ | नवटोली पोखरी (हाटबजार) | | | |
| ३ | ओलारा पोखरी | | | |
| वडा नं. ४ | | | | |
| १ | मनौरा कोठी नदी घाटमा | ५ सिट | छैन | प्रश्तावित |
| २ | मनौरा गाँउको दक्षिण मा | ५ सिट | छैन | प्रस्तावित |
| ३ | बाँकी सबै ६ गाउँमा एक-एक वटा सार्वजनिक सौचालय | ,, | ,, | ,, |
| वडा नं. ५ | | | | |
| | तेनुहवा पश्चिम गाँउ | ५ | छैन | प्रश्तावित |
| | लोखडिया चौक | ५ | ,, | प्रस्तावित |
| | मोगलाहा चौक दक्षिण वडा का.नजिक | ५ | ,, | प्रस्तावित |
| | मोहसड मस्जिद अगाडी | ५ | ,, | प्रस्तावित |
| वडा नं. ६ | | | | |
| १ | लोखरिया चौक | ५ सिट | छैन | प्रा |
| | तेनुहवा चौक | ,, | ,, | ,, |
| | महजिदिया ढाला | ,, | ,, | ,, |
| | पर्सा पेट्रोल पम्प नजिक | ,, | ,, | ,, |
| वडा नं. ८ | | | | |
| १ | सानो एकला | ४ सिट | छैन | प्र. |

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्व भरवलिया | ४ सिट | ,, | प्र. |
| वडा नं ९ | | | | |
| १ | वडा नं. ८ मा | ४ | | |
| २ | रमुवापसर चौक १ | ३ | | |
| ३ | सोनवर्षा चौक १ | ३ | | |
| ४ | पिपरा १ | ३ | | |
| वडा नं. १२ | | | | |
| १ | भोगलाह चौक | ४ | बन्द | |
| वडा नं १२ | | | | |
| १ | बनजरही चौक मा | ५ सीट | छैन | प्रश्तावित |
| २ | आमा वडा कार्यालय | ५ सीट | ,, | ,, |
| ३ | आजमा मा (मेला) | १० सिट | ,, | ,, |
| वडा नं. १३ | | | | |
| १ | सानो वडवलिया बसपार्क | ५ सिट | | निर्माधिन |
| २ | सार्वजनिक सौचालय | ५ सिट | | प्रस्तावित |
| | | | | |

नगरपालिकाका वडास्तरको निम्न ट्राफिक युनिटहरुको निर्माण तथा स्तरोन्नति गर्ने

| क्र.सं. | ठेगाना | दरवन्दी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | लोखरियाहवा ट्राफिक युनिट | ३ | माग |
| २ | पर्सा चोक | | माग |
| ३ | लाखे रिहवा | | माग |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

नगरपालिकाका वडास्तरको निम्न विमानस्थल, हेलिप्याडको निर्माण तथा स्तरोन्नति गर्ने

| | | |
|---|---|---|
| | | |
| | | |

नगरपालिकाका वडास्तरको निम्न पिउने पानी आयोजनाहरु निर्माण तथा स्तरोन्नति गर्ने

| क्र. सं. | आयोजनाको नाम | ठेगाना | लाभान्वित घरधुरी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| वडा नं १ | | | | |
| १ | वडा नं. १ खानेपानी आयोजना ( खुनगाई खा.पा तथा सरसफाई आयोजना ) | भगवानपुर स्कल | ६०० | प्रस्तावित |
| २ | | | | माग |
| | | | | माग |
| वडा नं २ | | | | |
| खनेपानी आयोजना समयमै सम्पन्न गर्ने | | | | |
| वडा नं ३ | | | | |
| १ | पडरिया खानेपानी तथा सरसफाइ आयोजना | सानो पडरिया | | |
| वडा नं ४ | | | | |
| १ | अमारी खानेपानी आयोजना | अमारी | ७०० | (ओभरहेड ट्याङ्की)प्रस्तावित |
| २ | खानेपानी तथा सरसफाई आयोजना | सानो महुवारी | ७०० | ( हयाण्डपम्प) ,, |
| ३ | मनौरा मनौरी लाइ वडा नं. ३ को पडरिया खानेपानी आयोजना बाट खानेपानी उपलब्ध गराउने | | | माग तथा कार्यक्रम |
| ४ | वडामा थप खानेपानी व्यवस्था गर्नुपर्ने | | | ,, |
| ५ | ओभर हेड ट्याङ्की को पानी उपलब्ध नहुँदा सम्म थप ह्याण पाइप लगाउन पर्ने | | | ,, |
| वडा नं ५ | | | | |
| १ | मोहसड खानेपानी आयोजना | मोहसड | ६६ | प्र. |
| वडा नं ६ | | | | |
| १ | तेनुहवा खानीपानी तथा सरसफाइ तथा सरसफाइ आयोजना | तेनुहवा | ४०० | |
| वडा नं ७ | | | | |
| | १ वडा नं. ७ खानेपानी आयोजना (कर्महवा खानेपानी तथा सरसफाई आयोजना ) | करबल पोखरी | ६०० | प्र |
| | | | | |
| वडा नं ९ | | | | |
| | सोनवर्षा खानेपानी तथा सरसफाई आयोजना | | | प्रस्तावित |
| वडा नं. ११ | | | | |
| १ | मसिना खानेपानी तथा सरसफाई आयोजना | मसिना | | |
| वडा नं. १२ | | | | |

| क्र. सं. | आयोजनाको नाम | ठेगाना | लाभान्वित घरधुरी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | आमा खानेपानी तथा सरसफाइ आयोजना | आमा | | |
| | | | | |

**नगरपालिकाका वडास्तरको निम्न कुलो, नहर तथा सिंचाई आयोजनाहरु निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. सं. | कुलो, नहर तथा सिँचाई आयोजनाको नाम | ठेगाना | सिँचित क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| वडा नं. १ | | | | |
| १ | तेलारको भगवानपुर घाटमा बाँध बाधि सिँचाई संचालन गर्ने | | | |
| २ | नन्द नगर तेलार घाटमा बाँध बाधि सिाचाई गर्ने | | | |
| वडा नं. ४ | | | | |
| १ | कोठी नदिको हुलाकी सडक नजिक बाँध बाँधि सिंचाई को व्यवस्था मिलाउने | | | माग तथा कार्यक्रम |
| २ | नाला पोखरीमा पानी संचय तथा ड्याम निर्माण गर्ने | | | ,, |
| ३ | करिब करिब २०० जति थप गर्न पर्ने | | | ,, |
| ४ | कृषि विद्युतीकरण गरी विद्युत निशुल्क हुनपर्ने | | | ,, |
| वडा नं. ६ | | | | |
| १ | कन्चन नदीमा बाँध बाधि सिंचाई आयोजना संचालन गर्ने पर्ने | | | |
| २ | हडहवा र तेलार मा बाँध बाँधी ड्याम बनाउनु पर्ने | | | |
| वडा नं. ७ | | | | |
| १ | कन्चन नदी सिंचाइ कार्यक्रम | कन्चननदी | | ठूलो आयोजना |
| वडा नं. ९ | | | | |
| १ | तेलार नालामा बाँध बाँधि सिंचाइ गर्न सकिने | | | |
| २ | तेलार नालामा बाँध बाँधि सिंचाइ गर्न सकिने (पिपरा पश्चिम ) | | | |
| ३ | काइलीहवा नालामा बेलभरिया टोलमा बाँध बनाउने | | | |
| वडा नं. १२ | | | | |
| १ | तेलारको पैसिया उत्तर तर्फ बाँध बाँधि नहर, कुलो संचालन गर्नु पर्ने | | | माग तथा कार्यक्रमहरु |
| | | | | |

## ल्याण्डफिल साइटको विवरण

| वडा नं. ११ | | ठेगाना | क्षमता | प्रस्तावित घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | पकहरीहवा डम्पीङ्ग साइट | पकहरीवहा | ७ विगाहामा | पुरै न.पा प्र. |

## (ख) आर्थिक विकासका कार्यक्रमहरू

**नगरपालिकाका वडाभित्रका प्रमुख पर्यटकीय स्थलहरुको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी. /घण्टा) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | राम जानकी हन'मान मन्दिर | वार्ड नं. १ | | | |
| २ | नैा खनिया ताल | वार्ड नं. २ | | | |
| १ | लंकाप'र | वार्ड नं. ३ | | | |
| २ | सिद्देश्वर महादेव, ठलो महवारी शिव मन्दिर, शिव लहवा शिव मन्दिर | वार्ड नं. ४ | | | |
| ३ | मेहम्मद नगर पोखरि, शिव सागर ताल, ख'ख'न्डी ताल, मोहसडका शिव मन्दिर | वार्ड नं. ५ | | | |
| ४ | करवला पोखरि, बनहवा देखि उत्तर तिरको ताल | वार्ड नं. ७ | | | |
| ५ | प'न्नेहवा ताल | वार्ड नं. ९ | | | |
| ६ | थरुनिया ताल | वार्ड नं. १० | | | |
| ७ | नैा खनिया र धपही ताल | वार्ड नं. ११ | | | |
| ८ | राम जानकी मन्दिर | वार्ड नं. १२ | | | |

## (ग) सामाजिक विकास योजना

### १. शिक्षा

- नगरपालिकाका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्ने

- नगरपालिकाका विद्यालय भवनहरूलाई बालमैत्री तथा सुरक्षित बनाउने
- नगरपालिकाका विद्यालयहरूमा आर्सेनिक रहित स्वच्छ पिउने पानी तथा बालमैत्री शौचालय र खेलमैदानको व्यवस्था गर्ने
- नगरपालिकाका विद्यालयहरूलाई इन्टरनेट २१ औँ शताब्दी सुहाउँदो प्रविधियुक्त बनाउने
- विद्यालय र स्थानीय, प्रादेशिक सङ्घीय र स्थानीय सरकारबीच समन्वय मिलाउने
- विद्यालय अनुगमन नियमित गर्ने
- शिक्षकहरूलाई नियमित पुनर्ताजगी तालिमको व्यवस्था गर्ने

## २. स्वास्थ्य

- विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गर्ने
- सुरक्षित मातृत्व कार्यक्रम संचालन (PNCजाँच गरे वापत) गर्ने
- नगरपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता प्रदान गर्ने
- नगरपालिकाका सबै प्रतिक्षालय तथा बसपार्कहरूमा सार्वजनिक शौचालयको निर्माण गर्ने
- नगरपालिकाको उपयुक्त स्थानमा landfield site निर्माण गर्ने
- नगरपालिकाका व्यस्त स्थलहरूमा dust binराखी नियमित फोहर संकलन गर्ने

## ३. सँस्कृति

- मधेशी मैथली मौलिक सँस्कृति झल्किने गरी विशेष चाडपर्वमा लगाईने पोशाक (पुरुष-धोती कुर्ता, तथा महिला- साडी ब्लाउज ) को संरक्षण गर्ने
- विभिन्न स्थानीय परिकारहरू: छठमा बनाइने ठेकुवा, भुसुवा आदि र इदका सेवइ कुर्वानी गरेको मासु तथा माछाका विविध परिकारको संरक्षण गर्ने
- स्थानीय लोकभाकाहरू झिझिया, समाचकेवा, छठ गीत, शिव नचारी, विद्यापति मैथली गीत आदिको संरक्षण गर्ने
- नगरपालिकामा पुस माघमा गरिने प्रवचन तथा हिन्दू मृत्यु संस्कारमा गरिने गरुड पुराणको संरक्षण गर्ने
- नगरपालिकाको संस्कृति प्रवर्द्धन गर्न अनुसन्धान गर्ने
- हार्मोनियम , तवला, झाल, डम्फु ढोलक, मादल, मुजुरा, नगरा, खैजेडी आदि लोकबाजाको संरक्षण गर्ने
- हनुमान आराधना मण्डली तथा रामनाम संकिर्तन जस्ता साँस्कृतिक संस्थाहरूलाई संस्कृति जोगाउन प्रोत्साहनका कार्यक्रम लागु गर्ने

## ४. लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण

- स्वास्थ्य आमा समूह, महिला स्वावलम्बन तथा महिला मिलन केन्द्रका कार्यक्रमहरू प्रभावकारी बनाउने
- नगरपालिकामा किशोर किशोरी समुहहरू गठन गर्ने
- जेष्ठ नागरिक स्याहार केन्द्र निर्माण गर्ने
- आस्मा नेपालद्वारा सञ्चालित लैंगिक समानता, अपाङ्गमैत्री समाग्री वितरण, फरक क्षमता भएकालाई स्क्रिनिङ तथा बालबालिका क्षमता विकास कार्यक्रमथप नतिजामुखी बनाउने
- महिला विकासका लागि सिलाइकटाइ, मैनवत्ती तथा महिला हिंसा विरुद्धका कार्यक्रम रोजगारीसँग जोडेर प्रभावकारी बनाउने

## ५. खेलकुद तथा मनोरञ्जन

**अ. वडामा प्रस्तावित गरेका खेलकुद पूर्वाधारहरुको विवरण (रङ्गशाला, खेल मैदान, फुटसल, खुल्ला क्षेत्र, चौर समेत( विद्यालय सहितको)**

| क. सं. | नाम | ठेगाना | क्षेत्रफल | स्वामित्व | कैफियत |
|---|---|---|---|---|---|
| १ | काली दहमा रहेको खेल मैदान | वार्ड नं. १३ | | | |
| २ | आमा बनबाटिका | वार्ड नं. १२ | | | |
| ३ | मनौरि ८ नं. जग्गा, अमारि मछरिहवा नाला नजिक | वार्ड नं. ४ | | | |
| ४ | भगवानपुर गौडहर खाली जग्गा , ख'नगाइ स्क'ल अगाडी | वार्ड नं. १ | | | |

**आ. वडामा प्रस्ताव गरेका पार्क, उद्यान, पिकनिक स्थल तथा मनोरञ्जन स्थलहरूको विवरण**

| क.सं. | नाम | ठेगाना | क्षेत्रफल | स्वामित्व | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ठलो एकलाको स्कल अगाडी पोखरी | वार्ड नं. ८ | | | | |
| २ | समय स्थित पिकनिक स्थल | वार्ड नं. ९ | | | | |
| ३ | ऋामा बनबाटिका पार्क | वार्ड नं. १२ | | | | |
| ४ | | | | | | |

**इ. वडामा माग गरिएको पुस्तकालयहरुको विवरण**

| क.सं.. | नाम | ठेगाना | क्षेत्रफल | स्वामित्व | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामदायिक | आमा, वार्ड | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अध्ययन केन्द्र | नं. १२ | | | | |
| २ | ख'दानगर सा. अध्ययन केन्द्र | वार्ड नं. ९ | | | | |
| ३ | एकला सा. अध्ययन केन्द्र | कर्महवा,वार्ड नं. ७ | | | | |
| ४ | मोगलाह चोक जामा मस्जिद | वार्ड नं. ५ | | | | |

## (घ) वातावरण तथा विपद् व्यवस्थापन योजना

### १. वन तथा भू-संरक्षण

- नगरपालिकामा रहेका सामुदायिक वन संरक्षण तथा प्रोत्साहन गर्ने
- नगरपालिकाका बगैंचा तथा सीमित निजी वनमा पाइने जीवजन्तुहरूस्याल, वन सुढर, छार्गदर, सफनोड, लुखी, खटावस, वन विरालो, बँदेल, मुसा, लोखर्के घोरगदा (निलगाई), स्याल आदि संरक्षण गर्ने
- चराचुरूङ्गीहरूमैना, सुगा, निलकण्ड, बकुल्ला, गरुड, परेवा, भँगेरी, काग, खर्घोस, ढुकुर, आदिको संरक्षण गर्ने
- वनस्पतिहरू सपेता, सिमल, आँप,आघ, सिसौ, निम, कटहर, वडहर, बाँस,लताम, निम्बो, टिक, सिसम, सिकैत, बैर, खजुर, जामुन, खैर, इमिलीआदिको विविधता कायमै राख्ने
- जडीबुटीहरू तुलसी, वाकसपात, हुरहरको फुल, गमहर,गिर्लाही, पताल मिश्री, अमरलती, भमरखा भोगड आदिको संरक्षण र प्रशोधन गरी उद्यमशीलताको विकास गर्ने

### २. फोहर मैला व्यवस्थापन

- नगरपालिकाका बाटाहरूमा उपयुक्त तवरले ढल तथा नालाको प्रवन्ध गर्ने
- निजी क्षेत्रलाई पनि लगानी मैत्री वातावरण बनाई फोहरमैला व्यवस्थापन गर्ने

### ३. जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

- विभिन्न नदीद्वारा हुने बाढी, डुवान र कटान नियन्त्रण गर्न भइरहेका तटवन्ध निर्माण, वृक्षारोपरण आदि कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने
- विपद्का बेला जम्मा हुने खुला स्थानको रूपमा विद्यालयका छतहरू प्रयोग हुँदै आएकोमा उपयुक्त ठाउँहरूमा आश्रयस्थल बनाउने

## अनुसूचि ४ : आवधिक योजना तयारीको प्रस्तुतीकरण तथा वडा भेलामा उपस्थिति र तस्वीरहरु







आज मिति २०८०/११/१४ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरीको अध्यक्षतामा बैठक बसि देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

नगर प्रमुख श्री मनमोहन चौधरी
प्र.प्र.अ. श्री उपेन्द्र पाण्डेय
पूर्वाधार विभाग श्री गोविन्द रावल
" " श्री सुनिल आचार्य
लेखा अधिकृत श्री रामचन्द्र अर्याल
जनस्वास्थ्य अधिकृत श्री सुवास [illegible]
योजना शाखा प्रमुख श्री दामोदर पाण्डे
प्रशासन शाखा प्रमुख श्री रचना गौतम पाण्डेय
[illegible] श्री राजेन्द्र प्रसाद चौधरी
इन्जिनियर श्री आशिष कुमार यादव
सूचना अधिकृत श्री तुलसीराम [illegible]
कृषि शाखा संयोजक श्री राजेन्द्र चौधरी थारु
ना.प्रा.स. श्री महेन्द्र यादव
पशु विकास अधिकृत श्री डा. केशव प्रसाद यादव
राजस्व शाखा प्रमुख : श्री डब्लु [illegible]
क. अपरेटर : ज्योतिन्द्र पाल
स्टो. इ. : अभिषेक श्रीवास्तव
कार्यपालिका सदस्य : बैटरी तेलीन — बैटरी
कार्यपालिका सदस्य : श्री रबिना मुसलमान
तारामती — तारामती
शान्ती देवी — शान्ती देवी

प्रस्ताव नं १ :- लुम्बिनी सांस्कृतिक नगरपालिकाको आवधिक योजना सम्बन्धी अन्तरक्रिया सम्बन्धमा।













